
कलाकार अरनिको

THE WELL-KNOWN NEPALESE ARCHITECT

ARNIKO



北京
妙應寺白塔

The White Pagoda
Miao Ying Temple, Beijing

सत्यमोहन जोशी

कलाकार अरनिको

The well-known Nepalese architect ARNIKO (ANIKA)

लेखक

सत्यमोहन जोशी

प्रकाशक

विजय गजानन्द वैद्य

काठमाडौं

वि.सं. २०४४

लेखक–

सत्यमोहन जोशी

हाम्रो लोकसंस्कृति, नेपाली राष्ट्रिय मुद्रा,
कर्णाली लोकसंस्कृति, राजमुकुट र राज्याभिषेक
आदि ग्रन्थका लेखक, साहित्यकार ।

प्रकाशक–

विजय गजानन्द वैद्य

समाजसेवी, उद्योग व्यवसायी, साहित्य, संस्कृति
र कलाका पारखी ।

प्रथम संस्करण २००० प्रति


मूल्य–

मुद्रक–

साझा प्रकाशनको छापाखाना,
पुलचोक, ललितपुर ।

समर्पण

नेपाल-चीन सांस्कृतिक सम्बन्ध र मित्रता
फलाउन-फुलाउनमा अमूल्य योगदान दिने
नेपाली र चीनियाँ बन्धुजनहरूमा



चैत्य वन्दना

वन्देऽहं तत्त्वरूपं ततविततभवं भव्यहव्यस्वभावं
बुद्धानामादिबुद्धं कृतविविधहितं तेजसां सन्निधानं
सम्यक संबोधिमूर्तिस्त्रिगुणविलसितं ज्ञानपंचैकहेतुं
नैराकारं निरञ्जं गगनवदनिश चित्तचैतन्य चैत्यम्

—वृहत् स्वायम्भू पुराण

भावार्थ— सर्वत्र व्याप्त, कल्याण स्वरूप, भव्य एवं पवित्र स्वभावको तत्त्वरूप, बुद्धहरूका पनि आदिबुद्ध, विविध हित-सुख शान्तिका लागि तेजपुञ्ज, सम्यक् सम्बोधि ज्ञानका मूर्ति, त्रिगुणमा विलसित पञ्चज्ञानका कारण स्वरूप, विकाररहित परिशुद्ध आकाश समान सर्वत्र व्याप्त एवं शान्त गम्भीर स्वरूप चित्त चैतन्य स्वरूप चैत्यलाई नमस्कार !



नेपाल नरेश श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव

नेपाली संस्कृतिको परिचय

"हाम्रा दुई देश बीचको सम्बन्ध इतिहास जत्तिकै प्राचीन छ। मित्रराष्ट्र चीनसित नेपालको मैत्री सम्बन्ध लामो सिमानाले जोडिएको मात्र होइन चीनको स्वशासित क्षेत्र तिब्बतबाट युगौंदेखि अविरल रूपमा बगिरहेका नदीनालाहरूले बनाएका अनेक बाटाहरूले समेत मित्रताको यो गाँठोलाई बलियो तुल्याएको छ। इतिहासको यही श्रृङ्खलामा नेपालमा बेलाबखतमा चीनबाट केही विद्वान् यात्रुहरू आए भने नेपालबाट पनि केही विद्वान् र कलाकारहरूले चीन पुगी नेपाली संस्कृतिको परिचय दिए। यसरी ज्ञान, धर्म, दर्शन, कला र संस्कृतिदेखि लिएर बन्द-व्यापारका क्षेत्रमा समेत हाम्रा दुई मुलुकहरूको बीच अनादिकालदेखि आपसी सम्पर्क रहिआएको छ।"

--श्री ५ वीरेन्द्र

"जन गणतन्त्र चीनका महामहिम राष्ट्रपति श्री ली सियन नियनका सम्मानमा आयोजित राजकीय भोजमा श्री ५ महाराजाधिराज सरकारबाट बक्सेको सम्बोधन भाषण"बाट
२०४० चैत ७ (तदनुसार मार्च २०, १९८४)



जन गणतन्त्र चीनका महामहिम राष्ट्रपति श्री ली सियन नियन

चीन-नेपाल मित्रताका अग्रदूतहरू

"१५०० वर्ष अघिदेखि नै दुवै देशका पुर्खाहरूले ज्ञान र मित्रता पहिल्याउन कुनै किसिमका बाधा, अवरोध र खतराहरूको वास्ता नगरी विशाल डाँडाकाँडा नाघेर मैत्रीपूर्ण इतिहास शुरू गरेका थिए। चीन-नेपाल मित्रताका अग्रदूतहरू फाहियान, स्वायनच्वाङ, बुद्धभद्र र अरनिकोका नाम र श्रेय दुवै देशमा व्यापक रूपमा प्रचलित भएको कुरा उल्लेखनीय छ।"

--श्री ली सियन नियन

"काठमाडौं नगर पञ्चायतद्वारा आयोजित नागरिक अभिनन्दन समारोहमा जन गणतन्त्र चीनका महामहिम राष्ट्रपति श्री ली सियन नियनले दिनुभएको भाषण" बाट अनूदित
२०४० चैत ८ (तदनुसार मार्च २१, १९८४)

नेपालका राष्ट्रिय विभूतिहरू

"देशको गौरवमय इतिहास र पुर्खाहरूका महान् चरित्रहरूप्रति जनताको हृदयमा श्रद्धा र कृतज्ञता जगाउने प्रसङ्गमा जनक, सीता, बुद्ध, अंशुवर्मा, अरनिको, रामशाह, पृथ्वीनारायण शाह, वीर बलभद्र, अमरसिंह, भीमसेन थापा, भानुभक्त, मोतीराम, श्री ५ त्रिभुवन जस्ता विभूतिहरूको गाथा प्रकाशित गरिने......"

"स्व. श्री ५ महेन्द्रको सन्देश"बाट
उद्धृत। गाउँ फर्क।
हेर्नुहोस् चित्र नं. ३

अरनिको

"सुप्रसिद्ध ऐतिहासिक नेपाली कलाकार अरनिकोको जन्म सन् १२४४ मा भएको थियो । आफू नवयुवकै छँदा ८० जना कलाकारहरूको नेतृत्व गरेर उनी ल्हासा पुगेका थिए, जहाँ उनले सफलतापूर्वक एउटा स्वर्णस्तूपको निर्माण गरे । चीनमा पनि उनले एक्लै मूर्तिकार, चित्रकार र वास्तुकारमा हुने विशिष्ट गुणहरूको प्रदर्शन गरेका थिए। त्यसैले त्यहाँ राजकीय निर्माण कला विभागका नियन्त्रकको रूपमा उनको नियुक्ति बादशाह कुबलाइ खाँद्वारा भएको थियो। उनको मृत्यु ११ मार्च १३०६ मा चीनमा भयो । उनलाई मरणोपरान्त 'मिङ होइ' र 'ड्यूक अफ लियाङ' भन्ने मान-पदवीद्वारा विभूषित गरिएको थियो ।

अरनिकोद्वारा डिजाइन गरिएको सेतो ड्यागोबा (चैत्याकार स्तूप) नेपाली कलाकृतिको योगदानको स्मारकको रूपमा अझसम्म पेकिंगमा अवस्थित छ ।"

प्रकाशनको पहिलो दिन
२०२९–१–१ (13–4–'72)
"अरनिकोको नाममा निस्केको हुलाक टिकटको फोल्डर"बाट।
हेर्नुहोस् चित्र नं. १३

श्री ५ को सरकार
हुलाक सेवा विभाग
नेपाल फिलाटेलिक ब्यूरो
काठमाडौं

कलाकार अरनिको
विषय-सूची

Appendix



जनक



सीता



बुद्ध



अंशुवर्मा



अरनिको



रामशाह



पृथ्वीनारायण शाह

राष्ट्रिय विभूतिहरु



वीर बलभद्र



अमरसिंह थापा



भीमसेनथापा




भानुभक्त



मोतीराम भट्ट




श्री ५ त्रिभुवन



श्वेत चैत्यको पाद स्थापना, भूपुरयन्त्र शैलीमा

४



श्वेत चैत्यको अर्थ विशुद्धि

५



ऊँ मणिपद्मे हुँ (षड्क्षरीमन्त्र) रञ्जना लिपिमा
श्वेत चैत्य महाविहारमा ठाउँठाउँमा अङ्कित
६

कलाकार अरनिको

चित्र-सूची

प्रकाशकीय दुई शब्द

विश्वको सर्वोच्च हिमालको काखमा अवस्थित हाम्रो प्यारो मातृभूमि नेपाल विश्वमा एक सानो देश नै भए तापनि छिमेकी देशहरूसँगको यसको सम्वन्ध सधैं सुमधुर र स्मरणीय भएर आएको छ। चाहे हामी उत्तरतिरका छिमेकी देश चीनको अथवा दक्षिणतिरका छिमेकी देश भारतको प्रसङ्ग जोडौं, नेपालले ती दुई विशाल देशलाई सांस्कृतिक सूत्रमा जोडिदिएको छ भन्नुमा अत्युक्ति हुने छैन । यस परिप्रेक्ष्यमा हामी आजभन्दा छब्बीस सय वर्षअघि पश्चिमाञ्चल नेपालको लुम्बिनी उद्यानमा जन्मेका सिद्धार्थ गौतम बुद्धबाट प्रतिपादित 'बौद्ध धर्म' ले ओगटेको भूमिका र प्रभाव क्षेत्रलाई उल्लेख गर्न सक्छौं तथा बौद्ध संस्कृतिले दर्शाइराखेका महत्ता र विशेषतालाई औंल्याउन सक्छौं।

अतः हाम्रो देशको गौरवमय इतिहासमा विभिन्न समयमा विभिन्न क्षेत्रमा अद्वितीय प्रतिभा र अमूल्य देनहरू प्रदर्शन गरेर जाने हाम्रा ती पुर्खाहरूको आदर्श चरित्रप्रति हाम्रो श्रद्धाभाव जाग्रत हुनु स्वाभाविक नै छ । हामीले आफ्ना ती पुर्खाहरूबाट निर्दिष्ट भएका मार्ग र सिद्ध गरिएका कार्य-बाट सतत प्रेरणा पाइरहनुपर्दछ । हामीले आफ्ना नयाँ पीढीका सन्ततिका लागि पनि हाम्रा ती महान् पुर्खाहरूको गौरवमय गाथाको महिमा र गरिमालाई प्रज्ज्वलित पारिराख्नुपर्छ ।

यसै परिप्रेक्ष्यमा हाम्रा राष्ट्रिय विभूतिहरूमध्येका एक जना बहुमुखी प्रतिभा भएका वास्तुकलाविद् अरनिकोको जीवनी र कृतिलाई लिएर लेखिएको यो पुस्तक प्रकाशमा ल्याउन पाउनु हाम्रो लागि ठूलो सौभाग्य भएको छ ।

सन् १९८३ डिसेम्बर (मंसीर–पुष) महीनातिरको कुरा हो। चाइना पैचिंग कर्पोरेशन फर इन्टरनेसनल इकोनोमिक कर्पोरेशन (China Beijing Corporation For International Economic Corporation)को मैत्रीपूर्ण निमन्त्रणामा म पेकिंग पुगेको थिएँ। त्यस बेला त्यहाँ पेकिंगमा बस्दा नेपालका लागि सम्भावित उद्योगहरूको विकासबारे अनेक प्रसङ्गहरू चले। त्यसमा तेन्हौं शताब्दीमा नेपालबाट पेकिंग आई नेपाली वास्तुकला र नेपाली कलाकृतिहरूको परम्परा बसालेर जाने नेपालका राष्ट्रिय विभूति कलाकार अरनिकोको पनि प्रसङ्ग जोडिन आयो । चीनियाँ मित्रहरूले मलाई

कलाकार अरनिकोद्वारा निर्मित श्वेतचैत्य पनि देखाउन लैजानुभो । पेकिंगको पश्चिमतिर फूच्छमनमा म्याउयिङ श बौद्ध महाविहारको हाताभित्र अर्थात् श्वेतचैत्य महाविहारको हाताभित्र अवस्थित विशालकाय गगनचुम्बी श्वेतचैत्यको अनुपम सौन्दर्य आत्मसात् गर्ने ठूलो सौभाग्य मलाई मिल्यो । फलतः नेपाली कलाकार अरनिकोका अमर कृति र कीर्तिको बारेमा केही कुरा लेखी प्रकाश गर्ने मेरो मनको धोको मनको मनैमा मात्र रहिरहेको थियो ।

आज सुयोग्य लेखक श्री सत्यमोहन जोशीद्वारा उनै कलाकार अरनिकोकृत श्वेतचैत्यको विषयमा लेखिएको यो खोजपूर्ण पुस्तक प्रकाशमा ल्याउन पाउँदा मलाई ठूलो हर्ष अनुभव भएको छ । यसबाट नेपाली कला र यसको इतिहासको गौरव बढाउनुका अतिरिक्त नेपाल र चीनका बीचमा परम्परागत रूपमा विकसित भएर आइरहेको सांस्कृतिक र मैत्री सम्बन्धमा पनि नौलो प्रकाश थपिने छ भन्ने आशा मैले गरेको छु ।

– **विजय गजानन्द वैद्य**

सूरज निवास,
सल्लाघारी, बाँसबारी
काठमाडौं
२०४४ भाद्र

कलाकार अरनिको : एक सन्दर्भ, एक परिचय

एउटा देशको लागि त्यसको मानचित्र नै पर्याप्त हुँदोरहेनछ, त्यसले त आफ्नो स्वतन्त्रता पनि जोगाएको हुनुपर्छ। एउटा राष्ट्रको निम्ति त्यसको स्वतन्त्रता नै मनग्ये हुँदोरहेनछ, त्यसले त राष्ट्रिय स्वाभिमानलाई पनि उठाएको हुनुपर्छ। एउटा व्यक्तिको लागि उसको नागरिकता नै यथेष्ट हुँदोरहेनछ, त्यसले त आफ्नो माटो र खुल्ला आकाशलाई सीप दिने स्वतन्त्रता पनि पाएको हुनुपर्छ।

देशलाई भूगोलमा हेर्ने हो भने त्यो एउटा मानचित्रवाहेक के हो र– मात्र सीमांकित आयतन, जसले अरूबाट छुट्याएर बेग्लै पहिचान दिन्छ। राष्ट्रियताको यस भौगोलिक परिसीमा र आकार-प्रकारलाई नमानी धर नहुने वाध्यता व्यवहार पनि हो, सर्वमान्य सत्य पनि। यसैलाई स्वीकारेर आ-आफ्नो परिधि र सीमारेखाभित्रको आकाशलाई देशको संज्ञा दिंदै आएका छौं। नेपाल पनि त्यस्तै सीमाङ्कित भूभागको नाम हो– त्यसले हामीलाई राष्ट्रियता दिएको छ, जातीयता दिएको छ र अलग अस्तित्व दिएको छ। हामीले त्यसलाई छुट्टै पहिचान दिएका छौं, सीप दिएका छौं, स्वतन्त्रता दिएका छौं, सम्मान दिएका छौं।

ती सीप र पृथक् अस्तित्व के हुन् जसलाई मानचित्रमा देखन सक्तैनौं ? अथवा सार्वभौमिकता आफैं नै जसको दृष्टान्त भई प्रस्तुत हुन सक्तैन? ती त लाग्छ संस्कृतिमा फक्रेर चिनाइरहेका हुन्छन्; ती त साहित्यमा मौलाएर बोलिरहेका हुन्छन्; ती त कलामा कुँदिएर छर्लङ्गिरहेका हुन्छन्। यी र यस्तैमा आ-आफ्नो चिन्तन तथा जीवनधारा समेटिएर सिंगै देश र स्वतन्त्र पहिचान तथा निजी अस्तित्वले स्वीकृति प्राप्त गर्छन्।

नेपालको पनि आफ्नै सांस्कृतिक इतिहास छ। धार्मिक सहिष्णुतामा अवलम्बित उदात्तता हाम्रो संस्कार रहेको छ। लौकिक आदर्शहरूको सहयात्रा र सहजीवनद्वारा उत्कर्षित सामाजिकता छ। राष्ट्रियता परिवेश रहेको परम्परा छ। यी सबैलाई आत्मसात् गर्ने आध्यात्मिक चिन्तनको आलोक र अन्तरसमन्वयात्मक आस्थाले हामी र हाम्रो जीवन प्रवाहित छ। यिनै समष्टिभित्र हाम्रो समाज, हाम्रो सांस्कृतिक जीवन र हाम्रो कलाचिन्तनले गति पाएको छ। प्रेरणाको यस अन्तरसम्बन्धकै अभिव्यक्तिको एक प्रकार हो नेपाली वास्तुकला। हाम्रो वास्तुकला केवल मन्दिर, पौवापाटी, घर होइन। हाम्रा कलाकृति केवल

मूर्ति होइनन्– ढुङ्गा-ढलौटहरूका । केवल चित्र होइनन् भित्तामा कोरिएका र पौभाहरू । त्यहाँ हाम्रो चिन्तनको आध्यात्मिक विराटता छ भने हाम्रो सामाजिक, लौकिक जीवनलाई समवेत स्वर प्रदान गर्ने आस्था र विश्वासको धरातल पनि छ । त्यहाँ हामीमा अन्तर्निहित सिर्जनशीलताको गहन र दिव्य छटा छ भने कलाकारिताको अद्भुत र सूक्ष्म सीप पनि छ ।

संस्कृतिका यस दिव्य र महानतम कला-कृतिहरूमध्ये कति त समयको अन्तरालमा दबिएर अथवा प्राकृतिक प्रहारमा परेर बिलाए, पुरिए । इतिहास लेख्ने परम्परा नरहेको परिप्रेक्ष्यमा ती अमूल्य सांस्कृतिक सम्पदाबाट हामीलाई वञ्चितमात्रै हुनुपरेको होइन त्यससम्बन्धी यथार्थ तथ्य र जानकारीबाट पनि अनभिज्ञ हुनुपऱ्यो । अरनिको यस्तै दृष्टान्त हो जसको सम्बन्धमा हाम्रो इतिहास क्यै बोल्दैन, हाम्रोमा त्यसको वृत्तान्त कतै पाइँदैन ।

स्वयंभूपुराणमा उल्लिखित मञ्जुश्री महापुरुषको नेपाल आगमनले चीन-नेपालको प्राचीनतम सम्बन्धलाई पौराणिक आधार दिन्छ । यसलाई दुई देशको धार्मिक आस्था प्रतिबिम्बित गर्ने बौद्ध-सेतु भन्नुपर्छ । नेपाली राजकुमारी भृकुटीको भोट प्रवेशपछि बौद्धधर्मको व्यापक प्रचार-प्रसार भयो । यसबाट त्यहाँको जीवनमै आमूल परिवर्तन आयो । तर यसअघि नै चीन-नेपालबीच विद्वान् भिक्षुहरूको यात्राले एउटा यस्तो सद्भावनापूर्ण वातावरणको संरचना भइसकेको हुन्छ जसले मित्रता, सांस्कृतिक सम्बन्ध र पारस्परिक आदान-प्रदानको ढोका खोलिदिन्छ ।

ईसाको चौथो शताब्दीको उत्तरार्धतिर चिनियाँ बौद्ध भिक्षु फाहियान र च मंगको लुम्बिनी भ्रमण तथा पाँचौं शताब्दीको शुरूतिर चिनियाँ भिक्षुको निमन्त्रणामा नेपाली विद्वान् भिक्षु बुद्धभद्रको चीन यात्रा र 'महापरिनिर्वाणसूत्र'को अनुवाद कार्य पारस्परिक सम्बन्ध जोर्ने सूत्रपात थियो । यसपछि सातौं शताब्दीमा बौद्धदर्शनको अध्ययन गर्न आउने ह्वेनसाङ्ग र नेपाल भई भारत जाने चिनियाँ सम्राट्का दूत वाङ चूको नेपाल आगमन उल्लेखनीय छ । उनीहरूले लेखेका यात्रा-वृत्तान्त तत्कालीन सामाजिक, सांस्कृतिक स्थिति दिग्दर्शित गर्ने साक्ष्यको रूपमा हाम्रो इतिहास र मूल्यवान् तथ्य बोध गराउने प्रमाण हुन् । यस्तै राजा नरेन्द्रदेवको दूत भई चीन जाने प्रियजीवले चीनमा कुटिल लिपिमा अभिलेख अंकित गर्न योगदान गरेको ऐतिहासिक निकटताको परिचायक भन्ठान्छु ।

उपर्युक्त धार्मिक यात्राहरू र राजकीय दूतहरूको आउनु-जानु तथा बौद्ध भिक्षु विद्वान्हरूद्वारा भएका अध्ययन-भ्रमण आफैंमा ऐतिहासिक महत्त्वका हुन् । यसबाट हाम्रा दुई देश नजिकिए,सांस्कृतिक सौहार्द कायम भयो र बौद्धिक सामीप्यको साथै पारस्परिक मित्रता, सहयोगको उदाहरणीय पृष्ठभूमि रचिए । यस सन्दर्भमा कलाकार अरनिको ती ऐतिहासिक सम्बन्धलाई नयाँ आयाम दिने एउटा यस्तो प्रतिभा सिद्ध हुन्छ जसले दुई देशको भावनालाई कलामा अंकित गरेर एउटै स्पन्दन दिए । नेपाल र चीनलाई जोड्ने हिमाल अनि त्यसका सर्वोच्च शिखर कहिल्यै नटुट्ने शृङ्खलामा उठेका दुई देशका जोडा हात भइदिएजस्तै दुवैको मित्रता र अवदानलाई सांस्कृतिक स्थायित्व दिने निश्छलता, शालीनताको विराट् अनुभूतिमा सदैव अन्तर्भूत हुन प्रेरित गरिरहने अर्को उचाइ र अमर सम्बन्धका प्रतीत हुन् कलाकार

अरनिको र उनको श्वेतचैत्य। हाम्रो वर्तमान मित्रता तिनै प्राचीन जगमा निर्मित सौहार्दपूर्ण सम्बन्ध र लामो कालदेखिको भ्रातृत्वपूर्ण योगदानको अभिमुखीकरण हो। यसलाई स्वर्गीय श्री ५ महेन्द्र तथा चिनियाँ नेता स्व. माओत्से तुङ्ग– चाउएनलाईबाट आधुनिकता प्रदान गरियो भने श्री ५ वीरेन्द्र तथा दंग सियाओ पिंग र अन्य चिनियाँ नेताहरूबाट एउटा सुदृढ र समझदारीपूर्ण धरातल दिइएको छ। त्यसैले उत्तरोत्तर गहिरो, व्यापक र समृद्ध हुँदैछ।

राष्ट्रिय विभूतिद्वारा सम्मानित अरनिको महान् वास्तुकलाविद् वास्तुकलाकार हुन्। विदेशमा आफ्नो विलक्षण प्रतिभाद्वारा अद्भुत सीपको दृष्टान्त उपस्थित गरी राष्ट्रलाई नै सम्मान दिलाउने संरचनाकार अरनिको नेपालको पहिलो र हालसम्मका अन्तिम कलाकार भने हुन्छ। चीन-नेपालमा सम्बन्ध स्थापित गर्ने विभिन्न विद्वान्‌हरूको यात्रा र सहयोग, आदान-प्रदानहरू निश्चय नै महत्त्वपूर्ण हुन्। यिनीहरूले परापूर्वकालदेखि रहिआएको आत्मीयता, घनिष्ठतालाई इङ्गित गर्दछन्। तर अरनिको दुई देशलाई जोर्ने सूत्रमात्र हैनन्। उनी स्रष्टा कलाकार थिए र निर्माणको दायित्व सँगालेर स्थापत्यकलामा योगदान गर्ने आमन्त्रित दलका नेता थिए। उनको सिर्जनशील बहुआयामिक प्रतिभाद्वारा निर्मित कला, स्थापत्य भोट-चीनकै लागि उपलब्धि ठहरिए। यस पृष्ठभूमिमा जति पनि कलाकृतिहरू दिए ती नेपालका अद्वितीय र स्थायी उपहार हुन्। रचनाकारको योगदान जोसुकैबाट हुने काम होइन। एउटा केटौली वयका नेपाली कलाकार सात सय वर्षभन्दा अझ धेरै अघि चीनजस्तो कला र संस्कृतिको धनी देशमा गएर नेपाली शैलीका मौलिक कृतिद्वारा गौरवान्वित गर्ने विलक्षण स्रष्टा भएकैले कलाको क्षेत्रमा उनले हाम्रो इतिहासमा कसैबाट हुन नसकेको योगदान गरे; अन्तर्राष्ट्रिय जगत्‌मा ख्याति कमाए, नेपाल र नेपालीहरूको नाम राखे, कीर्ति राख्न सके।

अरनिकोको शिल्पद्वारा अभिपोषित, कलात्मक अनुष्ठानद्वारा अभिषिक्त श्वेतचैत्य नेपाल-चीनको मैत्रेय भावको सुकुमार तथा विराट् प्रतीक हो। यसलाई चीनप्रति सिंगै देशको सद्भावनापूर्ण सांस्कृतिक सुसम्बद्धतालाई अक्षय रूप दिने नेपालको विशिष्ट कला र शान्तिप्रियताको अक्षोभ्य अभिव्यक्ति भन्ठान्छु।

प्रस्तुत ग्रन्थ यिनै लामो समयदेखिको दुई देशको सांस्कृतिक र मैत्री सम्बन्धलाई दिग्दर्शित गर्ने प्रयास हो। यस परिप्रेक्ष्यमा विशेष गरी अरनिको र उनले भोट-चीनमा कला, वास्तुकलाको क्षेत्रमा गरेका अनेकौं विशिष्ट योगदान तथा कलासिर्जनालाई अध्ययन-अनुसन्धानको मुख्य विषय बनाई केन्द्रीभूत गरिएको छ।

सत्यमोहन जोशी विविध विषय वा विधामा निरन्तर लेख्दै आइरहेका सुपरिचित लेखक-साहित्यकार हुन्। तर प्रसिद्धि र पहिचानको दृष्टिले अनुसन्धानकर्ताको रूपमा देखिने विशिष्ट व्यक्तित्व अझ बढी प्रखर, अझ बढी सशक्त र अझ बढी आधिकारिक विश्वसनीयता राखेर सर्वपरिचित छन्। उनको यही शोधखोज, अनुसन्धान र अध्यवसायको परिणाम भन्नुपर्छ **कलाकार अरनिको** ग्रन्थलाई।

कलाकार अरनिको भोट भई चीन जाने र त्यहीं बसेर श्वेतचैत्य निर्माण गर्ने वास्तुकलाकार थिए भन्ने केही धुमिला जानकारीसम्म विदेशीहरूले लेखेका इतिहास तथा चर्चाबाट हामीलाई थाहा भएको थियो। तर त्यससम्बन्धी इतिहास हाम्रो नभएको र उनको विषयमा नेपालभित्र खोजीनिती गरेर उल्लेखनीय जानकारी प्राप्त हुने पनि संभव नरहेकोले केवल कलाकार हुन् भन्नेबाहेक विस्तृत इतिहास र उनका सम्पूर्ण कृतित्व तथा व्यक्तित्वबाट अपरिचित नै रह्यौं। एउटा सामान्य नेपाली कलाकारले विदेशमा गई देशको कीर्ति फैलाउने, नाम राख्ने र राष्ट्रिय प्रतिष्ठा बढाउने काम आफैंमा कति महान् छ र गौरवपूर्ण छ। तर यति ठूलो प्रतिभावान्का सम्बन्धमा अहिलेसम्म पनि कतैबाट उल्लेखनीय शोधखोज हुन सकेको थिएन। कारण, हाम्रो विवशता पनि हो– यसका निम्ति भोट-चीन जाने सुविधा सहजै प्राप्य नभएको स्थितिबाट कोही अनभिज्ञ छैनन्। त्यसैले कलाकार अरनिकोलाई ऐतिहासिक विभूतिका रूपमा स्वीकार्‍यौं र उनका योगदान, कलाकारिता वा प्रतिभापूर्ण व्यक्तित्वबारे आशंकारहित भई सम्मान प्रदान गर्नु उनीप्रति कृतज्ञताकै अभिव्यक्ति थियो।

सत्यमोहन जोशीले कतैबाट हुन नसकेको यो कष्टसाध्य काम पूरा गरी राष्ट्रिय विभूतिलाई नेपाली जनमानसमा विस्तृत रूपले परिचित गराइदिनु अत्यन्त प्रशंसनीय र अभूतपूर्व ठहरिन्छ। आफ्नो केही वर्षको चीन बसाइमा अरनिकोसम्बन्धी अध्ययन-अनुसन्धान गर्ने सुअवसर प्राप्त नभएको भए उनका लागि पनि यो काम दुःसाध्य नै ठहरिन्थ्यो।

यस ग्रन्थमा चीनसँग नेपालको प्राचीनकालदेखिको सांस्कृतिक सम्बन्ध, श्वेतचैत्य महाविहारको विस्तृत चिनारी, त्यसको निर्माणकालबारेका विवाद र निर्क्योल, श्वेतचैत्यबारे चिनियाँ जनताको धारणा र अरनिकोप्रति आस्था, उनले चीनमा निर्माण गरेका कलाकृतिहरूको विशद खोज र जानकारी, अरनिकोले चिनियाँ बादशाहबाट पाएका मान-सम्मान-पदवीहरू, तत्कालीन चीनमा बौद्धधर्मको स्थिति, श्वेतचैत्यमा लाग्ने मेला, निर्माण विधि र त्यसमा गणितीय आधार, अरनिकोको नेपाली कला शैली, कुल-वंश तथा कसरी कुन बाटो भई भोट र चीन पुगे त्यसको अनुमानित नक्शा समेत दिएर व्यापक अनुशीलन गरी यो अनुसन्धानात्मक ग्रन्थ तयार गरिएको छ। यस्तै अरनिकोको सम्बन्धमा चिनियाँ विद्वान्हरूले लेखेका इतिहास, उनीप्रति व्यक्त गरिएका त्यहाँका कविहरूका उद्गारलाईसमेत परिप्रेक्ष्यमा राखी तिनीहरूको चर्चा गरिएको छ। यसमा दिइएका ती दुर्लभ शिलापत्र, अभिलेख, चित्रहरू लाग्छ स्वयं साक्ष्य हुन्। यस्तै तिथि-मिति, सन्दर्भ-विवरण आदिले यसको प्रामाणिकतालाई निकै बल दिन्छन्। मलाई लाग्छ यस विषयको यो ग्रन्थ नेपालीमा एकमात्र हो। यसबाट नेपाली कलाकार अरनिकोलाई चिन्न, उनको यथार्थ इतिहास बुझ्न तथा व्यक्तित्व र कृतित्वपूर्ण योगदानबाट परिचित हुन ठूलो सघाउ पुग्नेछ।

कलाकार अरनिको केवल अरनिकोको वृत्तान्त नभई नेपाली वास्तुकलाविद्को विलक्षण प्रतिभाको आद्योपान्त इतिहासभित्र हाम्रो वास्तुकलाको शिखरीय उपलब्धि र अन्तर्राष्ट्रिय गौरव-सम्मानलाई दिग्दर्शित गर्ने राष्ट्रिय स्वाभिमानको दृष्टान्त पनि हो। अझ अरनिको नेपाल-चीनको मित्रतापूर्ण सम्बन्ध तथा त्यसको अविच्छिन्नताको प्रतीक हुनाले प्रस्तुत ग्रन्थले दुई देशको सांस्कृतिक र भ्रातृत्वपूर्ण सद्भावना-

लाई वृद्धि गर्नुमा उल्लेखनीय भूमिका राख्ने विश्वास गर्छु। यसका लागि प्रस्तुत ग्रन्थका लेखक **सत्यमोहन जोशी**लाई जति धन्यवाद दिए पनि पुग्दैन।

अन्त्यमा, श्रमपूर्ण खोज र विश्लेषणवाट सिर्जित यस अनुसन्धान कार्यको नेपाली विद्वद्वर्गबाट कदर हुने नै छ भन्ने आशा गर्छु। आजसम्म हुन नसकेको काम जति र जुन किसिमले भइदिएको छ यो हाम्रो निम्ति एउटा प्राप्ति हो र अत्यन्त खुशी व्यक्त गर्दै हृदयदेखि यसको सराहना गर्दछु।

१७ भाद्र ०४४

कृष्णचन्द्रसिंह प्रधान

भूमिका

सन् १९५६ नोभेम्बर (वि. सं. २०१३ कार्तिक ३०– मार्ग ५) मा काठमाडौंमा धर्मोदय सभाको तत्त्वावधानमा विश्व बौद्ध संघको 'चतुर्थ विश्व बौद्ध सम्मेलन' सम्पन्न भएको थियो। त्यस सम्मेलनमा जनगणतन्त्र चीनका चिनियाँ बौद्ध प्रतिनिधिमण्डलले पनि भाग लिएको थियो। सम्मेलन-को समाप्तिमा चिनियाँ बौद्ध प्रतिनिधिमण्डलले धर्मोदय सभालाई चीनका बौद्ध स्थलहरू निरीक्षण गर्न निम्तो दिएर गएको थियो। त्यस बेला धर्मोदय सभाको कार्यकारिणी समितिमा म पनि एक जना सदस्य थिएँ।

पछि, २०१६ साल श्रावणमा धर्मोदय सभाका अध्यक्ष भिक्षु अमृतानन्दको नेतृत्वमा चीनको सद्भावना भ्रमणमा जाने ६ सदस्यीय बौद्ध प्रतिनिधिमण्डलमा म पनि सम्मिलित भएँ। पेकिंगमा केही दिन बस्दा, तेन्हौं शताब्दीमा नेपालका एक जना सपूत कलाकार अरनिकोले बनाएको 'श्वेत-चैत्य' र त्यसको हाताभित्रको बौद्ध महाविहार निरीक्षण गर्ने सौभाग्य मैले पाएको थिएँ। त्यस बेला नेपाली बौद्ध प्रतिनिधिमण्डललाई अरनिकोकृत श्वेतचैत्यले निकै प्रभावित पारेको थियो। अनि नेपाल फर्केपछि, मैले 'नेपाली कलाकार अरनिको र उनका कलाकृति' शीर्षकमा एउटा लामो लेख लेखेको थिएँ र त्यो 'पुरातत्त्व एक रोचक कथा' नामक पुस्तकमा प्रकाशित पनि भयो।

त्यही बेलादेखिन् अरनिकोसम्बन्धी अझ बढी अध्ययन र अन्वेषण गर्ने मेरो प्रबल जिज्ञासा रहिरहेको थियो। पछि संयोगवश सम्माननीय कविवर केदारमान 'व्यथित'ज्यूको असीम अनुकम्पा पाई उहाँकै निर्देशनमा मलाई फेरि पेकिंग जाने सौभाग्य मिल्यो। यसका लागि 'व्यथित'ज्यूमा म सश्रद्धा आभार व्यक्त गर्दछु। अनि यस पटकचाहिं क्वाम्पोसुयेन (पेकिंग ब्रोड्कास्टिङ इन्स्टीच्यूट) मा चिनियाँ विद्यार्थीहरूलाई 'नेपाली भाषा' सिकाउने काममा म फेरि पेकिंग पुगें। तर केही महीना-पछि त्यहाँ महान् सर्वहारा सांस्कृतिक क्रान्तिले भयङ्कर रूपमा धरपकड गर्दा, श्वेतचैत्य अवस्थित 'म्याउयिङ श' बौद्ध महाविहारको प्रवेशद्वार नै बन्द भयो। त्यसैले त्यो बेला चार वर्ष (सन् १९६५ –१९६९) पेकिंगमा बस्दा पनि, श्वेतचैत्यसम्बन्धी अध्ययन, अन्वेषण गर्ने प्रसङ्गमा चासोसम्म लिने काम पनि सम्भव हुन सकेन। केवल पेकिंगको फूच्छमन मार्ग ओहर-दोहर गर्दा, काठमाडौं उपत्यकाका

स्वयम्भूनाथ र बौद्धनाथ सादृश्यका 'श्वेतचैत्य' को विशाल गर्भगृह, गगनचुम्बी छत्रयुक्त त्रयोदश भुवनसहितको सुनको गजूर परैबाट कैथ्यन्‌पल्ट हेरेर मात्र नै अतृप्त सन्तोष बोकेर पछि म नेपाल फर्कें।

२०३७ सालको शुरूतिर रेडियो पेकिंगको नेपाली प्रसारण सेवामा सघाउ पुऱ्याउन मलाई फेरि पेकिंग जाने सौभाग्य मिल्यो। मैले नेपाली पढाएका चिनियाँ विद्यार्थीहरू सबै जना आ-आफ्ना काममा लागिसकेका थिए, कोही रेडियो पेकिंगमा, कोही दक्षिण एशिया अध्ययन संस्थानमा, कोही विदेशी भाषा अध्ययन संस्थानमा, कोही परराष्ट्र सेवामा, कोही काठमाडौं स्थित चिनियाँ राजदूतावासमा, कोही नेपालमा संचालन भैराखेका चिनियाँ सहयोग प्राप्त परियोजनाहरूमा। त्यस बेला दश वर्षसम्म मच्चिएको महान् सर्वहारा सांस्कृतिक क्रान्ति (सन् १९६६–१९७६) पनि टुङ्गिएर पेकिंगमा नयाँ उमङ्गको लहर चलिसकेको थियो।

सौभाग्यवश एक दिन जुलाई २, १९८० तारीखको सिन्ह्वा समाचार बुलेटिनमा नेपाली कलाकार अरनिकोले बनाएको 'श्वेतचैत्य' निरीक्षण गर्न पर्यटकहरूका लागि समेत खुला गरिएको समाचार प्रकाशमा आयो। त्यसपछि, चिनियाँ उपासक-उपासिकाहरूकै पंक्तिमा हामीहरू –मेरी श्रीमती राधादेवी सहित– पनि 'श्वेतचैत्य' महाविहारमा नियमित रूपले जान लाग्यौं। अष्टमी र पूर्णिमामा बुद्ध पूजा गर्ने क्रमहरू पनि चालू भए। अनि यतैबाट फुर्सतको समयमा अरनिकोकृत श्वेतचैत्य-सम्बन्धी अध्ययन-अन्वेषण गर्ने मेरो लामो समयदेखिको जिज्ञासालाई साकार रूप दिन एउटा निजी परियोजना शुरू भएको थियो। यसमा धेरै जना सहयोगी मित्रहरूले सघाउ पुऱ्याइदिएकोमा उहाँहरू सबैप्रति म आभार व्यक्त गर्न चाहन्छु।

विशेषतः अरनिकोसम्बन्धी अध्ययन-अन्वेषणका सामग्रीहरूको मूल स्रोत मानिएको ग्रन्थ 'स्वएलौची'को चिनियाँ मूलको प्रतिलिपि पेकिंग विश्वविद्यालयको पुस्तकालयबाट उपलब्ध गराइदिने चाङ्ह्वई लान् (नेपाली नाम सुशीला) ले तथा त्यस ग्रन्थको व्याख्या गरिदिने काममा सघाउ पुऱ्याइदिने लू चन ह्वा (नेपाली नाम राममान) ले मप्रति बिर्सन नसक्नुका गुन लगाइदिएका छन्। यी दुवै जना मेरा विद्यार्थी साथीहरू हाल पेकिंग विश्वविद्यालय र सामाजिक विज्ञान प्रतिष्ठानअन्तर्गत दक्षिण एशिया अध्ययन संस्थानमा नेपालसम्बन्धी अध्ययन-अन्वेषणमा कार्यरत छन्। यसै अध्ययन संस्थानका एक जना अर्का मित्र सह-प्राध्यापक वाङ होङ वैले पनि मेरो अन्वेषण कार्यमा सघाउ पुऱ्याइदिनुभएको छ। रेडियो पेकिंगका सहकर्मी विद्यार्थी साथीहरू (ली, छन् मिन यी, सुइ, वै, सुहाउ, चाउ, सुन, वाङ, च्या, यूफुङ, ल्यू होङ स्याङ) ले पनि मेरो अन्वेषण कार्यमा समय-समयमा सघाउ पुऱ्याइदिएका छन्।

'श्वेतचैत्य' अवस्थित म्याउयिङ श बौद्धमहाविहारका इन-चार्ज श्रीमती याङ यी र सुश्री चेन् स्याउ-सूले पनि मेरो अन्वेषण कार्यमा ठूलो सघाउ पुऱ्याइदिनुभएको छ। अझ म उहाँहरू-

मार्फत 'पेकिंग महानगर श्वेतचैत्य सांस्कृतिक वस्तु संरक्षण केन्द्र' प्रति पनि अन्वेषण कार्यमा सुविधाहरू पाएकोमा आभार व्यक्त गर्दछु ।

चिनियाँ बौद्ध संघका माननीय अध्यक्ष चाउ पू चू र सोही संस्थाका अन्तरराष्ट्रिय विभागका उप-प्रमुख चङ ली सिनले पनि बेलावखतमा सल्लाह, सुझाव दिनुभई मेरो अन्वेषण कार्यमा सघाउ पुऱ्याइदिनुभएको छ । कलाकार अरनिकोको जीवनी र कृति समेत भएको मूर्ति बनाउने विधिको ग्रन्थ "चाउ स्याङ तू ल्याङचिङ" एक प्रति उपहारस्वरूप प्राप्त भएकोमा, चिनियाँ बौद्ध संघप्रति पनि कृतज्ञता ज्ञापन गर्दछु।

यसै प्रसङ्गमा टोकियोस्थित शाही नेपाली राजदूतावासका तत्कालीन महामहिम शाही नेपाली राजदूत डा. बद्रीप्रसाद श्रेष्ठज्यूले पनि मेरो अन्वेषण कार्यमा सघाउ पुऱ्याउन नेपाली कलाकार अरनिकोसम्वन्धी जापानी विद्वान् एम्. इसिदाको खोजपूर्ण लेखको प्रतिलिपि पठाइदिनुभएकोमा उहाँप्रति पनि म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

नेपाल-चीन सांस्कृतिक परिषद्का अध्यक्ष मणिहर्ष ज्योतिज्यूले पनि मेरो अन्वेषण कार्यमा नेपाल-चीन दुई देशबीचको परम्परागत सांस्कृतिक सम्बन्धमा श्वेतचैत्यसम्बन्धी अन्वेषण कार्यबाट हुने अमूल्य उपलब्धि औंल्याइदिनुभएको थियो । उहाँले दिनुभएको प्रेरणाबाट पनि मेरो यो अन्वेषण कार्य विस्तृत हुन सम्भव तुल्याइदियो। अतः म उहाँप्रति पनि उत्तिकै आभार व्यक्त गर्दछु।

अरनिकोसम्बन्धी मेरा खोजपूर्ण लेखहरूको सँगालोलाई सचित्र पुस्तकको रूप दिनका निमित्त मलाई निरन्तर प्रोत्साहित गर्नुहुने तथा पुस्तकलाई प्रकाशनमा ल्याउनका लागि अथक परिश्रम गरी सबै चाँजोपाँचो मिलाइदिनुहुने साझा प्रकाशनका महाप्रबन्धक कृष्णचन्द्रसिंह प्रधानज्यूमा विशेष आभार व्यक्त गर्दछु। उहाँले मलाई यो पुस्तक तयार गर्नमा यसरी नकुत्कुत्याइदिनुभएको भए यो पुस्तकले यो रूप लिन पाउने थिएन । साथै, उहाँले यस पुस्तकका लागि जुन परिचय लेखिदिनुभयो त्यसलाई मैले एउटा ठूलै उपलब्धिको रूपमा लिएको छु ।

नेपाली कला र संस्कृतिका अनन्य प्रेमी एवं पारखी विजय गजानन्द वैद्यज्यूप्रति त म अति नै आभारी भएको छु। श्वेतचैत्यको विशेष महत्ता र अनुपम श्रीशोभालाई स्वयं आत्मसात् गर्नुहुने तथा नेपाल र चीनबीचको परम्परागत मैत्री र संस्कृतिका सम्बन्धमा अरनिकोले बनाएको श्वेतचैत्यको अद्वितीय भूमिकालाई यथार्थ रूपमा बुझ्नुहुने वैद्यज्यूले यो मेरो पुस्तकको प्रकाशनमा ठूलो दिलचस्पी लिनुका साथै आवश्यक सबै अर्थभारको व्यवस्था मिलाइदिनुभयो ।

मित्रवर कलाकार टेकवीर मुखियाज्यूले पनि यस पुस्तकलाई सचित्र पार्ने काममा ठूलो सघाउ पुऱ्याइदिनुभएको छ। यसमा युवा कलाकार समूहका अध्यक्ष वैकुण्ठ श्रेष्ठज्यूबाट पनि सह-

योग पाएको छु । अर्का मित्रवर पं. हेमराज शाक्यज्यूले पनि मलाई सहयोग गर्नुभएको छ । उहाँ-हरूप्रति म हार्दिक आभार व्यक्त गर्दछु । अनि थोरै समयभित्र मुद्रण व्यवस्थाको सम्पूर्ण काम सफल पारिदिएकोमा साझा प्रकाशनको छापाखाना प्रति सन्तोष व्यक्त गर्दछु ।

अन्त्यमा, मेरा लेखहरू (यस पुस्तकमा संकलित) प्रकाशमा ल्याइदिनुहुने नेपाली (त्रैमा-सिक), गरिमा (मासिक), रोलम्बा पत्रिकाका सम्पादकज्यूहरू तथा विभिन्न 'स्मारिका' (नेपाल-चीन मैत्री संघ र नेपाल-चीन सांस्कृतिक परिषद्‌बाट प्रकाशित) का सम्पादकज्यूहरूप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस पुस्तकमा संकलित लेखहरू विभिन्न समयमा लेखिएका हुनाले कतै कतै एक दुई शब्दहरूमा (विशेषत: चिनियाँ र तिब्बती नामहरूमा उच्चारणको विभेदले गर्दा) एकरूपता कायम गर्न सकिएन । यसका लागि तथा यसमा पर्न गएका अन्य त्रुटिहरूका लागि पाठकवर्गसँग लेखक क्षमा प्रार्थी छ ।

बखुंबाहाल ललितपुर, नेपाल । — **सत्यमोहन जोशी**

वि. सं. २०४४ श्रावण ७

कलाकार अरनिको

[illegible] [illegible]

चीनसँग नेपालको सांस्कृतिक सम्बन्ध
प्राचीन समयदेखिन् अरनिकोको समयसम्म

नेपाल र चीनको परम्परागत मित्रता र सांस्कृतिक सम्बन्धको सम्वर्द्धनमा समय-समयमा अनेकन् वीर पुरुष तथा महिलाहरूले अमूल्य योगदानहरू प्रदान गरेर गएका छन् । हुनत नेपाल र चीनका बीचमा विश्वका सर्वोच्च हिमालका शृङ्खलाहरू आवद्ध भैरहेका छन्, हिमाच्छादित भंज्यांगहरू अलंघ्य रूपमा अवस्थित छन्, यसबाट दुइ देशका बीचमा आवागमनका अनेकन् कठिनाइहरू पनि छन्, तर यी दुइ देशका जनताले आदिकालदेखि नै जुन संकल्प लिएर दुइ देशको मित्रता र सांस्कृतिक सम्बन्धको विकासका लागि उल्लेखनीय त्याग र सेवाहरू गरे त्यसमा हिमालका शृङ्खलाहरू तगारो बन्न सकेनन् । यसैले नेपाल र चीन बीचको मित्रता र सांस्कृतिक सम्बन्ध विश्वको तिहासमा नै एउटा नमूना भैरहेको छ ।

नेपाल र चीन बीचको सांस्कृतिक सम्बन्धको थालनीबारे एउटा रोचक अनुश्रुति पाइन्छ ।'त्यस-अनुसार महामञ्जुश्रीको निर्माणकाय अनुरूपका मञ्जु देवाचार्य नामका एकजना महापुरुष महाचीनको पञ्चशीर्ष पर्वतबाट नेपाल उपत्यका (वर्तमान काठमाडौं उपत्यका) मा स्वयम्भू ज्योतिको दर्शनार्थ आएका थिए। अनि उनैले उपत्यकाभित्र विशाल तालको रूपमा थुनिएको पानीको निष्कासन गरिदिएका थिए। काठमाडौं उपत्यका ठूलो ताल बनेको थियो भन्ने प्रमाण उपत्यकाभित्र कृषकहरूले मलका लागि गहिरो गरी जमीन खन्दा पाइने कालीमाटी र त्यसमा यदाकदा पाइने पात-पतिङ्गर, माछा, सर्प आदिका अवशेषहरूबाट सत्य साबित हुन्छ । हजारौं वर्षदेखि चलिआएको यस बौद्ध अनुश्रुतिको परिप्रेक्ष्यमा मञ्जुदेवाचार्यले स्वयम्भूज्योतिको दर्शन गरेको वर्णन उल्लेखनीय भएको छ, अनि यतैबाट नेपाल र चीन बीचको सांस्कृतिक सम्पर्कको पृष्ठभूमि प्राप्त हुन आउँछ।

अनुश्रुतिकालबाट ऐतिहासिक कालमा आउँदा नेपालकै भूमिमा लुम्बिनी उद्यानमा ईसा पूर्व छैटौं शताब्दीमा शाक्यमुनि गौतमको जन्म भएको प्रसङ्ग जोडिन आउँछ। शाक्यमुनिले भारतको बोधिगयामा

बुद्धत्व प्राप्त गरेपछि शाक्यमुनि गौतम सिद्धार्थबाट प्रतिपादित भएको बौद्ध धर्म एशिया महाद्वीपको भूभागमा चारैतिर फैलिंदै गयो । ईसाको प्रथम शताब्दीमा यो बौद्ध धर्मले चीनमा पनि प्रवेश पायो[२]। नेपाल उपत्यकाभित्र पनि यसै वखततिर बौद्ध धर्मले प्रवेश पाइसकेको विदित हुन्छ । तेस्रो शताब्दीतिर त राजा वृषदेव बौद्ध धर्मकै अनुयायी थिए भन्ने अभिलेख नै पाइन्छ ।[३] त्यसपछि गुँविहार, मानविहार आदि बौद्ध विहारहरू निर्माण भएका विवरणहरू पनि प्राप्त हुन्छन् ।

चौथो शताब्दीतिर चिनिया भिक्षु थाउ आनले चीनमा बौद्ध संघको नवीन पद्धति चलाएर नेपालका एकथरी बौद्धमार्गीहरूले आफ्ना नामका पछिल्तिर "शाक्य" लेख्ने गरेझैं चिनिया बौद्ध मार्गीहरूले पनि "शाक्य" कै पर्याय स्वरूप "शी" (Shih) लेख्नुपर्ने परम्परा पनि बसाले ।[४] यसबाट नेपाली र चिनिया बौद्ध मार्गीहरूका उपनाममा सामञ्जस्य पनि देखापर्‍यो । तदुपरान्त बौद्ध धर्मकै माध्यमबाट हाम्रा दुइ देश बीचको प्राचीन सांस्कृतिक सम्बन्ध कायम हुँदै गएको ज्वलन्त उदाहरण हाम्रो सामु देखापर्न आउँछ ।

ईसाको चौथो शताब्दीको अन्तिम कालमा चीनका शान्सी प्रान्तका निवासी बौद्ध विद्वान् फाहियान (चिनियाँ उच्चारण फासियन) ले आफ्नो बुढेसकालमा बौद्ध धर्म दर्शनको बढी ज्ञान आर्जन गर्न तथा बौद्ध तीर्थहरूको दर्शन गर्न छांगआन (वर्तमान सिग्रान) बाट मध्य एशियाका दुष्कर मार्गहरू हुँदै भारतवर्षमा आई धर्मयात्रा गर्दा, उनी आफ्नो यात्राकै क्रममा पाँचौं शताब्दीको प्रारम्भमा नेपालका कपिलवस्तु र लुम्बिनीमा पनि आइपुगे । नेपालको भूमिमा धर्मयात्रा गर्ने ऐतिहासिक कालका पहिलो चिनिया बौद्ध विद्वान् यिनी नै थिए । यिनको धर्म यात्राको विवरण "बौद्ध अधिराज्यहरूको विवरण" नामक ग्रन्थमा लेखिएको छ ।[५] यिनीपछि अर्थात् १० वर्षपछि, कपिलवस्तुमा आइपुग्ने अर्को चिनिया बौद्ध भिक्षुचाहिं च मंग थिए ।

त्यतिवेला नेपालमा पनि अनेकन् विशिष्ट बौद्ध विद्वान्‌हरू बौद्ध धर्मको प्रचारमा लागिसकेका थिए । कपिलवस्तुका एकजना बौद्ध धर्म दर्शनका प्रकाण्ड विद्वान् भिक्षु बुद्धभद्र (चिनियाँ नाम च्वेस्यान) पनि ईसाको पाँचौं शताब्दीको शुरूमा मध्य एशियाकै बाटो हुँदै अनेकन् दुष्कर यात्रा गर्दै चीनको त्यसवेलाको राजधानी छाङआनमा पुगे । यिनलाई चीनमा निम्त्याउने भिक्षुको नाम च यान थियो । यसरी हाम्रा दुइ देशका बौद्ध आचार्यहरू एक देशबाट अर्को देशमा आवागमन गर्दा बौद्ध धर्म दर्शनको साथसाथै, यसले समेटेको बौद्ध संस्कृति पनि एकअर्काको बीचमा परिचित हुन थाल्यो, आदान-प्रदान हुन थाल्यो तथा सांस्कृतिक सम्बन्ध पनि झन् झन् निकटतम भई विकसित हुन थाल्यो ।

पछि नेपाली बौद्ध विद्वान् बुद्धभद्र र चिनिया बौद्ध विद्वान् फाहियानको चीनमै अर्को केन्द्र स्थल नानचिङमा भेटघाट हुँदा, ती दुइले एउटा परियोजना बनाए । फलतः बुद्धभद्रले फाहियानसँग मिलेर संस्कृतबाट चिनियामा अनेकन् बौद्ध धर्म दर्शनका सूत्रहरू अनुवाद गरे, त्यसमध्ये सबभन्दा प्रसिद्धि

पाएको ग्रन्थ "महापरिनिर्वाण सूत्र" थियो। वुद्धभद्रले चीनमा बौद्ध धर्म दर्शनअन्तर्गत "चान" सम्प्रदाय (ध्यान सम्प्रदाय) चिनाउन र विकसित गर्नमा २१ वर्ष अथक परिश्रम गरी चिनिया सहयोगी बौद्ध विद्वान्हरूसँग मिलेर १५ किसिमका बौद्ध धर्म सूत्रहरूको ११७ खण्ड ग्रन्थहरू अनुवाद गरेर अद्वितीय योगदान प्रदान गरे र चीनमै सन् ४२९ मा उनी दिवंगत भए।

चीनमा अद्यापि बौद्ध धर्मावलम्वीहरूमा त्यसैवेलादेखि परम्परागत रूपमा आइरहेको बौद्ध धर्मका ध्यान सम्प्रदाय निकै प्रचलित भैरहेकै छ। नेपाल र चीन यी दुइ देशको बीचमा यसरी बौद्ध धर्म दर्शन-अन्तर्गत सांस्कृतिक आदान-प्रदान र घनिष्ठ सम्वन्धहरू कायम भैरहेकोले आजतक पनि चिनिया बौद्ध धर्मावलम्वीहरू नेपाली बौद्ध विद्वान् वुद्धभद्रको नामलाई जीवित रूपमा श्रद्धाभावले उच्चारण गर्दछन्। अत: केवल वुद्धभद्रको प्रसङ्ग मात्र जोड्दा पनि, नेपाल र चीन बीचको सांस्कृतिक सम्बन्धको पन्ध्र सय वर्ष पुरानो इतिहास क्रमबद्ध रूपमा देखा पर्न आउँछ। ह्राम्रा दुइ देशका जनताका लागि यो ऐतिहासिक गौरवको कुरो हो।

सातौं शताब्दीको पूर्वार्द्धमा थाङ वंशकालीन त्रिपिटकाचार्य बौद्ध भिक्षु हुयनसाङ(चिनियामा सुयेन च्वाङ)ले पनि बौद्ध धर्म दर्शनका ग्रन्थहरूका वृहत्तर खोजीमा बौद्धतीर्थ यात्रा गर्दा, उनले पनि बौद्ध भिक्षु फाहियानले झैं नै आफ्नो यात्राको क्रममा नेपालभित्र कपिलवस्तु र लुम्बिनीको पनि धर्मयात्रा गरे। हुनत उनी नेपाल उपत्यका (आजको काठमाडौं उपत्यका)भित्र पसेनन् तर उनले 'ता थाङ सी यू ची' (पश्चिमतिरको यात्रा विवरण)नामक आफ्नो प्रसिद्ध ग्रन्थमा नेपाल विषयक अनेकन् महत्त्वपूर्ण विवरणहरू पनि लेखेर गए।[६] उनको यो ग्रन्थ नेपालसम्वन्धी विदेशी विद्वान्हरूबाट लेखिएको सबभन्दा जेठो ग्रन्थ मानिएको छ। त्यसमा नेपाल र चीन बीचको सांस्कृतिक सम्बन्धमा सघाउ हुने गरी उनले जे जति भरपर्दो कुरा लेखेर गए त्योचाहिं हाम्रो निम्ति ज्यादै महत्त्वपूर्ण भएको छ।

नेपाल र चीनको मित्रता र सांस्कृतिक सम्बन्धको सम्वर्द्धनमा सातौं शताब्दीकै पूर्वार्द्धको अर्को एक विशेष उल्लेखनीय घटना छ त्यो हो तिब्बतको राजधानी ह्लासाको राजप्रासादमा नेपाली राजकुमारी भृकुटी (चिनियामा च्छ चून्) र चिनिया राजकुमारी वेन् चन् (कोङ्जो पनि भन्दछन्) को भेंटघाट र पारिवारिक सम्बन्ध। यी दुवै राजकुमारीसित तिब्बती राजा स्रंचनगाम्पोले पाणिग्रहण गरेका थिए। (हेर्नुहोस् चित्र नं.१५)। त्यस वेलासम्म तिब्बतमा भूतप्रेतले प्रचुर मात्रामा मान्यता पाएको बोनपा धर्मकै बोलबाला थियो। तर यी दुइ राजकुमारीले बुद्धका प्रज्ञा, करुणा र शान्तिका सन्देशहरू बोकेर दाइजोका रूपमा बौद्ध कला र संस्कृतिका कृतिहरू पनि तिब्बती भूमिमा भित्र्याएपछि, तिब्बतले धार्मिक विचारमा काँचुली फेर्‍यो। नेपाली राजकुमारीले महायानी बौद्ध ग्रन्थहरूको साथै अक्षोभ्य बुद्ध, मैत्रेय बुद्धका धातु मूर्तिहरू, श्रीखण्डबाट निर्मित ताराको मूर्ति, वैदूर्य मणिबाट निर्मित पिण्डपात्र साथमा ल्याएकी थिइन्। त्यस्तै चिनिया राजकुमारीले पनि शाक्यमुनि बुद्धको मूर्ति र अनेकन् बौद्ध ग्रन्थहरू साथमा ल्याएकी थिइन्। त्यसबेला बौद्ध धर्मको केन्द्रस्थल बनेका दुइ देश नेपाल र चीनका यी दुइ राजकुमारीले तिब्बतमा बौद्ध धर्म प्रचार र प्रसार गरी तिब्बती नरेश स्रंचनगाम्पोलाई बौद्ध

धर्ममा दीक्षित तुल्याई दिए ।[७] फलतः तिब्बतमा महायानी बौद्ध धर्म, दर्शन, संस्कृति र कलाको ठूलो विकास हुन गयो । नेपाल र चीनका राजकुमारीहरू हरित तारा र श्वेत ताराका रूपमा पुजिन थाले ।

यस वैवाहिक घटना र सम्बन्धबाट नेपाल र चीन बीचको मित्रता र सांस्कृतिक सम्बन्धको गाँठो पनि कसिन गयो । फेरि यसबाट अर्को एक महत्त्वपूर्ण कुराको उपलब्धि पनि भयो– त्यो हो नेपाली राजकुमारी र चिनिया राजकुमारीका पद-चिह्नहरूबाट सिर्जिएको नेपाल-तिब्बत-चीन एक सूत्रमा उनिएको नयाँ मार्गको उद्घाटन । (हेर्नुहोस् चित्र नं २३)

पछि, नेपाली बौद्ध आचार्य शीलमञ्जु, जसले तिब्बतमा बौद्ध धर्म दर्शनसम्बन्धी अनेकन् उल्लेखनीय कार्यहरू सम्पादन गरे, उनी पनि यही नयाँ खुलेको बाटो गरी तिब्बतमा पुगेका थिए । फेरि नयाँ खुलेको यही बाटोले चीनको छाङ्आन (वर्तमान सियान) देखि ल्हासा–काठमाडौं भई भारत पस्ने मूल बाटोको रूप पनि लियो । यो नयाँ बाटो खोलिएपछि, चीनबाट उत्तर पश्चिमतिर मध्य एशियाको बाटो गरी पामिर शृङ्खला भएर भारत जाने पुरानो परम्परागत बाटो निकै घुमाउरो, अप्ठ्यारो र डरलाग्दो हुन थाल्यो । यसैले थांग वंशकालीन ली प्याउ, वाङ स्वान च्छ आदि चिनिया दूतहरू तथा श्वान, चाउ, ताउ सी, श्वान थाइ, श्वान लाउ, ताउ फङ, श्वन हुइ आदि चिनिया बौद्ध भिक्षुहरूले भारत जाँदा र त्यहाँबाट फर्कंदा चिनिया राजकुमारी वेन्चन् र नेपाली राजकुमारी भृकुटीकै पद-चिह्नहरूको अनुसरण गरी यही नयाँ बाटो रोजेका थिए । यसबाट समयको बचत र आर्थिक भारको किफायत हुनुको साथै आवागमनमा सुगमता हुन आयो । राजनैतिक र व्यापारिक महत्त्वको साथै, हाम्रा दुइ देशको मित्रता र सांस्कृतिक सम्बन्धको विकासमा यो नयाँ बाटोले नयाँ आयाम नै थपिदियो । यसको श्रेय तिब्बती नरेश स्रंचनगाम्पोको मन्त्री थोनमी सांभोटालाई पनि छ । किनभने किरोङ र भेन्नमको बाटो गरी त्रिशूली-पट्टिका घाटीबाट बाटो पहिल्याउँदै नेपाली राजकुमारी भृकुटीलाई लिन आउने लमी काजी यिनै थिए । यसै बेलादेखि काठमाडौं उपत्यकाबाट पश्चिमपट्टि त्रिशूली (किरोङतिरको बाटो) र पूर्वपट्टि सुनकोशीको सिरान (कुतीतिरको बाटो) मा रहेका हिमाच्छादित भंज्याङहरूमा नयाँ बाटो खुले ।[८] अनि तिब्बतबाट नेपाल उत्रने पहिलो व्यक्ति थोनमी नै भए । पछि यिनै थोनमीले नेपालमा प्रचलित कुटिल लिपिको पनि अध्ययन अन्वेषण गरेर तिब्बतका लागि अति आवश्यक भैरहेको तिब्बती अक्षरको आविष्कार पनि गरिदिए ।

तदुपरान्त सातौं शताब्दीको मध्यतिर नेपालका राजा नरेन्द्र देवले चीनको थांग वंशकालीन राजधानी छाङआन (वर्तमान सियान) मा दूतहरू पठाउँदा हाम्रो दुइ देश बीचको मित्रता र सांस्कृतिक सम्बन्धको विकासमा माथि उल्लेख भैसकेका नयाँ बाटोहरूले पनि नयाँ अध्याय जोड्दै गए।[९] आजसम्म पनि चिनिया जनता राजा नरेन्द्र देवका दूतहरूले उपहारस्वरूप चीनमा ल्याएका नेपाली पालुंगोका वीउहरूको मुक्तकण्ठले प्रशंसा गर्दछन् र उनीहरू आज पनि पालुंगोको साग (यसको नाम नेवारीमा पलःचा, चिनियामा पः छा) अति मनपराउँछन् । चिनियाहरूको जनकथनमा चीनबाट उपहारस्वरूप नेपाल पठाएका खाद्य वस्तुहरूमा आलु, बदाम, लिच्ची (चिनियामा लीच) र कागज बनाउने प्रविधिहरू छन् ।[१०] नेपालीहरूको

जनकथनमा पनि चीनवाट उपहारस्वरूप नेपाल ल्याइएका थापाचिनिया धान, चिनिया चम्पा फूल, चिनिया गुराँसका नामहरू उल्लेखनीय भएका छन्। वास्तवमा नेपाल र चीन वीचको मित्रता र सांस्कृतिक सम्वन्धमा यस किसिमका उपहारहरूको पनि उल्लेखनीय भूमिका रहेको छ भन्नुमा अत्युक्ति नहोला।

यसै प्रसङ्गमा भारततर्फ राजा हर्षको दरवारमा जान निमित्त नेपालको वाटो गरी यात्रा गर्ने थाङ वंशका सम्राट्का दूत वाङ चुन्चे (Wang Xuance) ले नेपालका राजा नरेन्द्रदेववाट पनि स्वागत पाएका थिए। उनले नेपालको जम्मा तीनपल्ट यात्रा गरेको उल्लेख पाइन्छ। उनले आफ्नो यात्रा वृत्तान्तमा नेपालको राजनैतिक, सामाजिक, आर्थिक, तथा सांस्कृतिक जनजीवनको जानकारी प्रस्तुत गर्ने ऐतिहासिक यात्रा-वृत्तान्त पनि छोडेर गएका छन्। विशेषतः नेपाल र चीनको मैत्री र सांस्कृतिक सम्वन्धमा उनको त्यो योगदान ज्यादै वहुमूल्य सिद्ध भएको छ।

राजा नरेन्द्रदेवकै प्रसङ्गमा चीनको प्राचीन महानगरी "सियान" को संग्रहालयमा सुरक्षित कुटिललिपिमा संस्कृत भाषामा 'उष्णीश विजय धारिणी सूत्र' कुँदिएका प्रस्तर स्तम्भ पनि नेपाल र चीन वीचको प्राचीन मैत्री र सांस्कृतिक सम्वन्धको अध्ययन र अन्वेषणमा उल्लेखनीय हुन आउँछ। सातौं-आठौं शताब्दीतिरको यस स्तम्भमा कुटिल लिपिमा संस्कृत भाषाका अभिलेख अंकित गराउनमा राजा नरेन्द्र देवका पालामा चीनमा दूत भएर जाने प्रियजीवको पनि योगदान हुन सक्छ भन्ने विचार व्यक्त गरिएको पनि पाइन्छ।[११] हुनत यसमा सत्यताको नजीक पुग्न अन्वेषण कार्य वाँकी नै छ। तर त्यसवेला चीनको प्रस्तर स्तम्भमा चिनिया भाषाकै लिपिको साथमा नेपालमा त्यस समयमा प्रचलित कुटिल लिपिको जुन प्रयोग भएको पाइयो त्यो चाहिं वौद्ध धर्मअन्तर्गत नेपालमा प्रचलित लिपिहरूले चीनको माटोमा पाएको लोकप्रियता सिद्ध हुन आउँछ। कुटिल लिपिको अतिरिक्त, धार्मिक ग्रन्थ र सूत्रहरूको लेखनमा अत्यधिक मात्रामा प्रचलित नेपाली रञ्जना लिपि पनि चीनमा यथेष्ट मात्रामा प्रयोग गरिएको पाइन्छ। (हेर्नुहोस् चित्र नं. ६)। महायानी वौद्ध धारिणी सूत्रहरू अद्यापि चीनमा नेपालकै रञ्जना लिपिमा अंकित गर्ने प्रथा परम्परागत रूपमा कायम गरिएकै पाइन्छ। सन् १९६० मा पेकिङ्गको पाताच्यूमा पुर्ननिर्मित मन्दिरमा वुद्धको दन्त-धातु राखिएको एउटा नयाँ सुवर्ण चैत्य पनि स्थापना गरियो। त्यसमा रञ्जना लिपिमै वौद्ध धारणी सूत्रका पंक्तिहरू सुन्दर रूपमा कुँदिएका पाइन्छन्। नेपाली कलाकार अरनिकोद्वारा निर्मित पेकिङ्गको फुच्छमन टोलको श्वेत चैत्यको हाताभित्रका देवालय र भवनहरूमा पनि नेपाली रञ्जना लिपिमा लेखिएका तथा वनाइएका वौद्ध धर्म सूत्रका मन्त्रहरू तथा सप्ताक्षरी कूटाक्षर (वौद्धतन्त्र-अन्तर्गतको कालचक्रको मन्त्र ह, क्ष, म, ल, व, र यं) प्राप्त भएका छन्। (हेर्नुहोस् चित्र नं. ५८)। पेकिङ्गको थ्यिदन आन मियनको पछिल्तिर पेहाइ पार्कको थुंकोमा रहेको श्वेत चैत्य (अरनिकोद्वारा निर्मित श्वेत चैत्यकै प्रतिकृति स्वरूप वनिएको चैत्य) को अग्रभागको गर्भगृहको खोपामा सवै दर्शकहरूको ध्यान आकर्षित हुने गरी नेपाली रञ्जना लिपिमा धातुवाट निर्मित "सप्ताक्षरी कूटाक्षर" त नेपाल र चीनको निकटतम सांस्कृतिक सम्वन्धको परिचायक नै भैरहेको पाइन्छ।[१२]

पछि, नेपालको इतिहासमा लिच्छविकालीन द्वितीय जयदेवको शासनपछि तथा स्थिति मल्लको शासनको थालनी हुनुअघि एक लामो समयसम्म रिक्तता देखा पर्दछ।[१३] यसले गर्दा नेपालको मध्यकालीन इतिहासको त्यस अवधि नै अधूरो र अपूरो हुन आउँछ। यसबाट नेपाल र चीनको मित्रता र सांस्कृतिक सम्वन्धको क्रमवद्धतामा पनि असर पर्दछ। यस किसिमको स्थितिमा तिब्वतका बौद्ध गुम्बा र ती गुम्बाका पुस्तकालयहरूमा संकलित र सुरक्षित भइरहेका नेपालका हस्तलिखित ग्रन्थहरू नेपालको त्यस अवधिको ऐतिहासिक रिक्ततामा ज्यादै सहायक सिद्ध हुन आउँछन् । यसबाट नेपाल र चीन बीचको परम्परागत मित्रता र सांस्कृतिक सम्वन्धको विकासक्रममा पनि नयाँ प्रकाश ल्याइदिएको छ । यस परिप्रेक्ष्यमा तिब्बतको प्रसिद्ध साक्या (स्याक्या) गुम्बाको ऐतिहासिक महत्त्व र सांस्कृतिक विशेषताको प्रसङ्ग जोड्नु युक्तिसंगत जँच्ने छ (हेर्नुहोस् चित्र नं. २४)।

यो साक्या गुम्बा तिब्बतको तल्लो भागमा ब्रह्मपुत्र नदीको दक्षिणतिर त्रोम (Trom) नदीको किनारामा गुल्जार बस्ती भएको साक्याको फेदीमा अवस्थित छ । काठमाडौं उपत्यकाबाट यो गुम्बा पूर्वोत्तरतिर ल्हासा जाने मार्गमा तिंग्री र ल्हासाको बीचमा तथा सिगाचे (झिखाछें) देखि दक्षिण-पश्चिममा ५० कोसजति मुनि पर्दछ।

काठमाडौं उपत्यकावाट सबभन्दा नजीक पर्ने प्रमुख गुम्बा भएकोले नेपालका बौद्ध विहार र यस साक्या गुम्वा (बौद्ध विहार) को बीचमा निकटतम सम्बन्ध रहेको थियो । अनि यो गुम्बा तिब्बतको "चङ" जिल्लामा रहेको हुनाले काठमाडौं उपत्यकाका नेवारहरूले "चङ" लाई "सङ" भनेर उच्चारण गर्न लागे, पछि यही "सङ" शब्द नेवारहरूले तिब्बतवासीहरूलाई सम्वोधन गर्ने "सँय्" शब्द बन्न पुग्यो र आज पनि नेवारीमा 'सँय्" को अर्थ भोटे र "सँदे" को अर्थ भोट अथवा तिब्बत हुन्छ ।

तिब्बतमा प्रचलित भैरहेको बौद्ध धर्म दर्शनअन्तर्गत एघारौं शताब्दीको उत्तरार्द्धमा साक्या बस्तीमा "साक्यापा सम्प्रदाय" प्रादुर्भाव भएपछि, यो साक्या गुम्बाको निर्माण भएको थियो[१४] र तेह्रौं शताब्दीमा यो सम्प्रदाय निकै लोकप्रिय भयो र यसको प्रभावक्षेत्र पनि निकै बढ्यो। हुँदा-हुँदै यसको प्रभाव नेपालमा उत्तरी भेकमा बस्ने स्यार्पा, गुरुङ, मुर्मी आदि जातिका मानिसहरूको धार्मिक र सांस्कृतिक जीवनमा समेत पर्न थाल्यो ।

यो साक्यापा सम्प्रदाय त्यसबेला तिब्बतमा प्रचलित भैरहेको काग्यूपा सम्प्रदाय (सिद्ध मार्पाले दीपङ्कर श्रीज्ञानद्वारा तिब्बतमा स्थापित कादम्पा सम्प्रदायका धार्मिक शिक्षाहरू पनि अपनाउने सम्प्रदाय) कै एक सुधारिएको शाखा थियो । यस सम्प्रदायले मान्यता दिएका देवदेवताहरूमा हेवज्र, वज्रपाणि, आदि उल्लेखनीय छन् (हेर्नुहोस् चित्र नं. १०७)। जनकथनानुसार साक्यापा सम्प्रदायमा तन्त्रको निकै ठूलो चमत्कार हुन्छ तथा साक्या गुम्बाका भित्ताहरूमा रातो, सेतो र कालो रंग चित्रमय गरी पोतिएको हुन्छ । ती तीन रंगहरूलाई मञ्जुश्री, अवलोकितेश्वर र वज्रपाणिका प्रतीक मानिन्छन् ।[१५] (हेर्नुहोस् चित्र नं. १०१, १०४, १०७)

तेह्रौं शताब्दीमा चारैतिर दिग्विजय गर्दै तिब्वतलाई अधीनस्थ गर्न आउने मंगोल सरदार चंगेज खानसमेत यस साक्या सम्प्रदायबाट निकै प्रभावित हुन पुगेको थियो । स्वदेश फर्केपछि, उनले साक्या गुम्बाका संघनायक लामा कुन गाइ निम्पो (Kungah Nimpo) लाई मंगोलियामा बोलाई आध्यात्मिक गुरु थापे । चंगेज खानको मृत्युपछि, उनका नाति मंगोल नरेश गोतानले साक्या गुम्बाका संघनायक साक्या पण्डित (यिनको धार्मिक नाम कुन गाइ ग्याल शान (Kungah Gyal Tshan) संस्कृतमा यसको अर्थ हुन्छ आनन्दध्वज) लाई ल्याङ चाउ (उत्तर-पश्चिम चीनको कान्सु प्रान्तको राजधानी) मा बोलाए । त्यसबेला मंगोल नरेश गोतान कुष्ठरोगबाट पीडित भैरहेका थिए । साक्या पण्डितले 'सिंहनाद धारिणी' पाठ गरी गरी उनको रोग शान्त पारिदिए । मंगोल नरेश गोतान अति खुशी भए ।

पछि मंगोल सरदार चंगेज खानकै अर्का नाति कुबलाइ खान (जसलाई शचु र होबिले पनि भन्दछन्) को भाग्य जाग्यो र उनी शक्तिशाली भएर निस्के (हेर्नुहोस् चित्र नं. १९)। उनले तिब्वत, चीन र काश्मिरका सीमानासम्म पनि दिग्विजय गरे । यसबेला उनले पनि साक्या गुम्बाका संघनायक पाहसपा (यिनी साक्या गुम्बाका संघनायक साक्या पण्डितकै भतिजा थिए, काकाको मृत्युपछि यिनी साक्या गुम्बाका संघनायक भएका थिए। यिनको धार्मिक नाम पागपा लोद्वाइ ग्याल्शान् थियो। यसको संस्कृतमा अर्थ हुन्छ मतिध्वज) लाई होर (मंगोलिया) मा बोलाए (हेर्नुहोस् चित्र नं. १८)। पाहसपा होरमा पुगे । यिनले आफ्नो बौद्ध धर्मका अनेकन् विद्वत्ता र तन्त्रका चमत्कारिता देखाएर चीनमा नयाँ युआन वंशको स्थापना गर्ने सम्राट् कुबलाइ खानलाई खूब रिझाए । उनले मंगोलियालीहरूका लागि नयाँ व्यावहारिक अक्षर पनि सृजना गरिदिए । चीनमा नयाँ युआन वंशको स्थापना गर्ने सम्राट् कुबलाइ खानले साक्या गुम्बाका संघनायक यिनै पाहसपालाई आफ्ना राज गुरु बनाई बौद्ध धर्म दर्शनको दीक्षा ग्रहण गरे । सम्राट्ले पाहसपालाई रिझबापत तिब्बती क्षेत्रमा धर्मानुशासक बनाए तथा त्यहाँ अधिकार भोग गर्न पाउने गरी सुवर्ण पत्रको सनद, छाप र रत्नजडित शिरपोश इत्यादि प्रदान गरे ।[१६]

पाहसपा सम्राट् कुबलाइ खानको दरबारबाट तिब्वत फर्केपछि, उनले आफ्नो साक्या गुम्बाको चौतर्फी विकास परियोजना बनाए । उनले सम्राट् कुबलाइ खानको आदेशानुसार छिमेकी देश नेपालबाट त्यहाँका नाम चलेका विभिन्न सीपमा पोख्त भएका १०० जना वास्तुकलाकार, शिल्पकलाकारहरूको सेवा उपलब्ध गर्नका लागि नेपाल-नरेशसँग अनुरोध गरी पठाए । अनि चीनको युआन वंशको इतिहासमा नेपालका कलाकार अरनिकोले (हेर्नुहोस् चित्र नं. २०) तिब्बतमा सुवर्ण चैत्य बनाएको जुन प्रासङ्गिक उल्लेख पाइन्छ,[१७] वास्तवमा त्यो यही साक्या गुम्बाको चैत्य मण्डपमा निर्मित सुवर्ण चैत्य देखिन आउँछ र आजतक पनि साक्या गुम्बाका चैत्य मण्डपमा साक्या गुम्बाका दिवंगत भैसकेका संघनायक तथा दाताहरूका नाममा बनिएका यस किसिमका चैत्यहरूको संकलन सुरक्षित नै भैरहेको पाइन्छ । पाहसपाले साक्या गुम्बाको आफ्नो वृहत् आयोजनामा सुनका मसीले कंग्यूर र तंग्यूर जस्ता बौद्ध ग्रन्थका कृतिहरू लेखाउन लाएको, साक्या गुम्बामा एउटा अग्लो मन्दिर बनाउन लगाएको तथा त्यहाँ शाक्यमुनि बुद्धको एउटा विशालकाय भएको सुवर्ण मूर्ति, एउटा सुवर्ण चैत्य (हेर्नुहोस् चित्र नं. २४, २५) र अनेकन् बौद्ध मूर्तिहरू बनाउन लगाएको उल्लेख प्राप्त भएको छ ।

यस परिप्रेक्ष्यमा विचार गर्दा, साक्या गुम्बाका संघनायक पाहसपाले केवल एउटा सुवर्ण चैत्य बनाउनका लागि मात्र नेपालबाट १०० जना कलाकारहरूको सेवाका लागि अनुरोध गरी पठाएका थिएनन् होला भन्ने तर्क गर्न सकिन्छ । यसैले २ वर्षमा सुवर्ण चैत्य बनाउने कार्य समाप्त भएपछि, जब उनी कलाकार अरनिकोलाई साथमा लिई सम्राट् कुबलाइ खानका दरबारमा आए, त्यसबेला नेपालबाट आएका बाँकी ७९ जना वास्तुकला र शिल्पकलाका प्रवीण नेपाली कलाकारहरू साक्या गुम्बाकै विस्तृत परियोजनाअन्तर्गतका अन्य निर्माण कार्यमा लागेका थिए भन्ने कुरो स्पष्ट हुन आउँछ ।

बौद्ध धर्मअन्तर्गत साक्यापा सम्प्रदायको केन्द्र स्थलको रूपमा रहेको यो साक्या गुम्बाको हातामा उत्तर लङ्का गुम्बा र दक्षिण लङ्का गुम्बा गरी दुइ खण्ड छन् । संघनायक पाहसपाका समयमा नेपाली कलाकारहरूले काम गरेको ठाउँ चाहिं दक्षिण लङ्का साक्या गुम्बामा हो । यहाँ बौद्ध ग्रन्थ सुवर्ण चैत्य र बौद्ध मूर्तिहरू सुरक्षित गरी प्रदर्शन गर्ने ठूलठूला मण्डप भवनहरू बनेका छन् । नेपाली कलाकार र तिब्बती कलाकारहरूका सीपबाट निर्मित यो विशाल साक्या गुम्बाबाट हाम्रा दुइ देश बीचको मित्रता र सांस्कृतिक सम्बन्ध बारेका अन्य अनेक महत्त्वपूर्ण कुराहरू पनि हामी थाहा पाउन सक्छौं ।

उदाहरणका लागि साक्या गुम्बाको पुस्तकालय (Hall of Sutras) मा संकलित एवं सुरक्षित नेपालसम्बन्धी जानकारी दिने केही ग्रन्थहरूको नाम यस प्रकार छ–[१८]

१) नरेन्द्र देव (शासनकाल सन् ९९७–९९९) र उदयदेव (सन् ९९८–१००४) का शासनकालमा नेपाल संवत् ११९ मा तालपत्रमा लेखिएको अष्टसाहस्रिका प्रज्ञापारमिता ।

२) भास्करदेवका उत्तराधिकारी बलदेवका शासनकाल (सन् १०५०–१०६२) मा लेखिएको सद्धर्मपुण्डरीक सूत्र ।

३) शंकरदेवका शासनकाल (सन् १०६५–१०८२) मा लेखिएको सद्धर्मपुण्डरीक सूत्र ।

४) हर्षदेवका शासनकाल (सन् १०८२ अथवा १०८५–१०९८) मा लेखिएको अष्टसाहस्रिका प्रज्ञापारमिता पञ्जिका।

५) मानदेव (यो चाहिं अर्कै मानदेव) का शासनकाल (सन् ११३६–११४०) मा लेखिएको पञ्चरक्षा ।

६) नरेन्द्रदेव (अर्कै नरेन्द्रदेव) का शासनकाल (सन् ११४०–११४७) मा लेखिएको नामसंगीति।

७) अनन्तमल्लका शासनकाल (सन् १२७४–१३१०) मा लेखिएको गण्डव्यूह सूत्र, शतसाहस्रिका प्रज्ञापारमिता (भाग २, ३ र ४) ।

तिब्बतका अन्य बौद्ध गुम्बाका पुस्तकालयहरूमा पनि नेपालका विभिन्न शासकहरूका पालामा नेपालमै लेखिएका ऐतिहासिक महत्त्व राख्ने हस्तलिखित ग्रन्थहरू उपलब्ध भएका छन् । तर यहाँ हाम्रा दुइ देश बीचको मध्यकालीन समयको मित्रता र सांस्कृतिक सम्बन्धको प्रसङ्गमा मुख्यतया साक्या गुम्बा नै सबभन्दा बढी उल्लेखनीय हुन आउँछ ।

अतः साक्या गुम्बाको प्रसङ्गमा अर्को यो नौलो प्रसङ्ग यहाँ जोड्नु समयोचित हुन आउँछ । वि.सं. २०४० चैत्र तदनुसार सन् १९८४ मार्चमा नेपाल नरेश **श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकार**को मैत्रीपूर्ण निमन्त्रणामा हाम्रा छिमेकी मित्र देश जनगणतन्त्र चीनका महामहिम राष्ट्रपति ली सियन नियनले नेपालको सद्भावनापूर्ण भ्रमण गर्नुभएको थियो । त्यस सुखद अवसरमा नारायणहिटी राजदरबारमा आयोजित एक भव्य समारोहमा महामहिम राष्ट्रपति लीले नेपाल नरेश **श्री ५ महाराजाधिराज सरकार**का जुनाफमा एउटा अद्वितीय एवं बहुमूल्य उपहार चढाउनुभएको थियो । त्यों उपहार हो ११ औं शताब्दीमा अर्थात् नेपाल संवत् २०२ मा राजा शंकरदेवको शासनकालमा नेपालबाट तिब्बतको साक्या गुम्बामा आइपुगेको महायानी बौद्धहरूको नव ग्रन्थमध्येका प्राचीन नेवारी भुजिमोल लिपिमा संस्कृत भाषामा प्रतिलिपिकार श्री गुणाकरजीव भल्लोकद्वारा लेखिएको एउटा महत्त्वपूर्ण ग्रन्थ "सद्धर्मपुण्डरीक सूत्र"को अति भव्य प्रतिलिपि (हेर्नुहोस् चित्र नं. ८)। नेपाल र चीन यी दुइ देशको मित्रता र सांस्कृतिक सम्बन्धको विकासमा सद्धर्मपुण्डरीक सूत्रको ऐतिहासिक पृष्ठभूमि ज्यादै उल्लेखनीय हुन आएको छ । महायानी बौद्ध दर्शनमा सद्धर्मपुण्डरीक सूत्र मान्नेहरूको एउटा अति लोकप्रिय सम्प्रदाय (Lotus Cult) नै छ । यस सद्धर्मपुण्डरीक सूत्रले नेपाल तिब्बत र चीनलाई मात्र होइन जापानलाई समेत धार्मिक एवं सांस्कृतिक सूत्रमा आवद्ध गरेको छ ।

अब फेरि कलाकार अरनिकोकै प्रसङ्ग जोडौं । चीनका पुरातात्त्विक र ऐतिहासिक अभिलेखहरूमा नेपाली कलाकार अरनिकोले महत्त्वपूर्ण स्थान ओगटेका छन् । ती मध्ये सबभन्दा आधिकारिक सामग्री अरनिकोकै समाधिस्थलमा स्थापना गरिएको स्मारक स्तम्भमा अंकित शिलाभिलेख ठहरिएको छ ।[१९]

अरनिको तिब्बतमा आइपुगेका समयलाई १२६० ईसवी सन् मानिएको छ । २ वर्षमा सुवर्ण चैत्यको निर्माण कार्य समाप्त भएपछि,कलाकार अरनिकोको अनुपम कलाकारिताबाट अत्यन्त प्रभावित भएका साक्या गुम्बाका संघनायक पाहसपाले उनलाई युआन् वंशी सम्राट् कुबलाइ खानको दरबारमा लिएर आए । सम्राट्ले नेपाली कलाकार अरनिकोको अद्वितीय हातको सीप र प्रतिभाको बयान सुनेपछि, उनलाई बिग्रिराखेको ढलौटको एउटा पुरानो मूर्ति मर्मत गराएर कार्य परीक्षण गरे । अरनिकोले सम्राट्लाई सब कुरामा सन्तुष्ट पारिदिए । त्यसपछि सम्राट्ले नव निर्मित राजधानी "तातू" (वर्तमान पेकिंग) मा नेपाली कलाकार अरनिकोलाई फूच्छमन् (न्यायको प्रवेशद्वार) मा एउटा विशाल श्वेत चैत्य (हेर्नुहोस् चित्र नं. २७) र 'ता' शन् सौ वान् आन् श' (सम्राट्को दीर्घायु र सुस्वास्थ्यको कामना स्वरूप)। नामक बौद्ध महाविहार निर्माण गर्ने आदेश दिए। यस बखत नेपालमा राजा अनन्त मल्लको शासन थियो । अरनिकोले तातूमा चिनिया कलाकार र ज्यामीहरूसँग मिली सन् १२७१ मा[२०] श्वेत चैत्यको निर्माण कार्य शुरू गरी आठ वर्ष लगाएर यसको निर्माण कार्य पूरा गरे, त्यसपछि लगत्तै उनले श्वेत चैत्यकै हाताभित्र 'ता शन् सौ वान् आन् श' (हालको नाम म्याउयिङ श) बौद्ध महाविहार पनि साढे आठ वर्ष जति लगाएर पूर्ण गरे (हेर्नुहोस् चित्र नं. ७२, ७३)। यो श्वेत चैत्यको वास्तुकला र शैलीले चीनको बौद्ध धर्म र सांस्कृतिक क्षेत्रमा एउटा नौलो अध्याय थपिदियो ।

नेपाली कलाकार अरनिकोको हातको सीप र बहुमुखी प्रतिभाबाट प्रभावित भएका सम्राट् कुबलाइ खानले उनलाई वास्तुकला विभागको प्रमुख पदमा नियुक्त गरे, "क्वाङलू ता फू ताश थू" (मन्त्री सरहको पदका लागि प्रदान गरिने) उपाधि प्रदान गरे। अरनिकोले पनि नवनिर्मित राजधानी तातू (वर्तमान पेकिंग)मा नेपाली वास्तुकला शैलीको परम्परालाई दिगो राखेर आफ्नो बाँकी सम्पूर्ण जीवन चीनमै व्यतीत गरेर बासट्ठी वर्ष (कसैको भनाइमा त्रिसट्ठी)[२९]को उमेरमा सन् १३०६ मा उनको देहान्त भयो। उनले त्यसबेला एकसेएक चिनिया कलाकारहरूलाई नेपाली परम्परा र शैलीका वास्तुकला र मूर्तिकलाको ढलान कार्यमा तालीम गरिसकेका थिए। उनका सबभन्दा नाम चलेका शिष्यको नाम थियो "ल्यू युग्रान"। उनका आफू तुल्यका एकसेकम कलाकुशल छोराहरू पनि भइसकेका थिए (हेर्नुहोस् चित्र नं. १०८) उनको मृत्युपछि, उनका ती छोराहरूले नै वास्तुकला विभागको बिंडो थामे।

पेकिंगको कछाड क्षेत्रमा रहेको वांगफिंग जिल्लाको स्याङ शान स्याङ काङ च थुग्रानमा रहेको कलाकार अरनिकोको समाधिस्थलमा सन् १३११ मा उनको जीवनी र कृतिको विस्तृत वर्णन गरिएको प्रशस्ति कुँदिएको एउटा कलात्मक कीर्ति-स्तम्भ खडा गरिएको थियो (हेर्नुहोस् चित्र नं. ६५)। त्यसमा रहेको सम्पूर्ण विवरण अरनिकोकै समकालिक विद्वान् लेखक चन चू-फूले "स्यूए लौची" नामक आफ्नो ग्रन्थमा संकलन गरेर प्रकाशमा ल्याएका थिए (हेर्नुहोस् चित्र नं. ६७)।

उक्त ग्रन्थमा दिइएको विवरण अनुसार "संसारमा नै अद्वितीय भएका ज्यादै सिपालु र बुद्धिमान् ल्याङकोङ (अरनिकोलाई मानार्थ सम्बोधन गरिएको शब्द, ल्याङ प्रान्तका काजी) जस्ता कालिगड कलाकार पनि भएकोले, उनले जुन-जुन काम गर्नको निमित्त आदेश पाउँथे, ती सब कामचाहिं आदेश बमोजिम उनी यथासमयमै सिध्याइदिन्थे। त्यसैले त्यस वेलाको समय सुनौलो समय थियो र त्यसले आकाशदेखि भूइँसम्म समेटेको थियो।"

त्यसमा दिइएको अर्को विवरणअनुसार सम्राट् तथा मन्त्रिहरूको मृत्यु भएमा उनीहरूको जीविता-वस्थामा भएका उपलब्धिहरूको सही मूल्यांकन गरी मरणोपरान्त प्रदान गरिने विशेष सम्मान सूचक 'मिङ हुई' उपाधि (कुशाग्र बुद्धिको प्रतीक) पनि नेपाली कलाकार अरनिकोको दिवंगत आत्मा प्रति समर्पण गरिएको थियो।

आज सात सय बर्षपछि पनि नेपाली वास्तुकलाविद् अरनिको चीनको इतिहासमा र अपार चिनिया जनताका हृदयमा त्यतिकै सम्मानित हुन पाएका छन्। यो चाहिं नेपाल र चीनको परम्परागत मित्रता र सांस्कृतिक सम्बन्धको क्रम र विकासमा अत्यन्त गौरवमय कुरा भएको छ। वास्तवमा भन्ने हो भने कलाकार अरनिको चीनमा पुग्ने नेपालका पहिलो सांस्कृतिक दूत नै थिए।

नेपालीहरूका लागि त कलाकार अरनिको आफ्ना राष्ट्रिय विभूति नै भैसकेका छन् (हेर्नुहोस् चित्र नं. ३)। वि. सं. २०२९ को नववर्ष (१३ अप्रिल १९७२) को उपलक्ष्यमा श्री ५ को सरकार, हुलाक

सेवा विभाग, फिलाटेलिक ब्यूरोले श्वेत चैत्यको पृष्ठभूमिमा अरनिकोको चित्र अंकित हुलाक टिकट नै प्रकाशनमा ल्याइसकेको छ (हेर्नुहोस् चित्र नं. १३)। अरनिकोको नामोच्चारणले मात्र पनि नेपाल र चीन बीच सुमधुर मैत्री र सांस्कृतिक सम्बन्ध रहिआएको ज्वलन्त उदाहरण प्रस्तुत हुन्छ।

नेपाली कलाकार अरनिकोद्वारा डिजाइन गरी बनाएको श्वेत चैत्यमा चिनिया कलाकार र श्रमिक वर्गको श्रम र सीप पनि नङ र मासु झैं नै टाँसिएको छ। पेकिंग महानगरीको फूच्छमन्मा अवस्थित यो श्वेत चैत्य आजभन्दा सातसय वर्ष अधिको युआन वंशको जिउँदो इतिहासको रूपमा पनि जस्ताको तस्तै उभिएकै छ। सन् १९६१ मा जनगणतन्त्र चीन सरकारले नेपाली कलाकार अरनिकोले बनाएको यस श्वेत चैत्यलाई राष्ट्रिय अमूल्य सांस्कृतिक वस्तुहरूको सम्पतिको रूपमा तथा नेपाल र चीन बीच परम्परागत रूपमा रहिआएको सुमधुर मैत्री र सांस्कृतिक सम्बन्धको प्रतीकको रूपमा पूर्ण संरक्षण प्रदान गरेको छ।

त्यसबेला चीनमा नयाँ युआन वंश स्थापना गर्ने सम्राट् कुवलाइ खानको शासनमा वरिपरिका छिमेकी मुलुकहरूमा र टाढाका मुलुकहरूमा समेत सम्राट्को युद्ध पिपासी दृष्टि र युद्धको मार नपरेको ठाउँ कमै होला। तर युआन वंशको नवनिर्मित राजधानी "तातू" (वर्तमान पेकिंग) मा नेपाली कलाकार अरनिकोद्वारा निर्मित "श्वेत चैत्य" को प्रभाव र विशेषताले गर्दा, सम्राट् कुवलाइ खानको हृदयमा नेपाल र चीन बीचको मैत्री र सांस्कृतिक सम्बन्धमा कुनै किसिमको अप्रिय घटना घट्न पाएन। सम्राट् कुवलाइ खानको दरबारमा नेपाली कलाकार अरनिकोको उपस्थिति र निजले कमाएको प्रतिष्ठाले गर्दा चीनका निकटतम छिमेकी देश नेपालप्रतिको मैत्री र सांस्कृतिक सम्बन्ध निरन्तर सुदृढ हुन पायो। जापानमा समेत समुद्री आक्रमण गर्न पठाउने महत्त्वाकांक्षी सम्राट् कुवलाइ खानले त नेपालको बाटो गरी भारतमा समेत आक्रमण गर्न परियोजना बनाएका थिए तर साक्या गुम्बाका संघ नायकले आफ्नो प्रभावद्वारा सम्राट्बाट सो परियोजना परित्याग गर्न लगाए।[२२] नेपालको शान्ति खलबलिन पाएन।

आजको यो प्रासङ्गिक सन्दर्भमा एउटा उल्लेखनीय कुरा चाहिं हाम्रा दुइ देशको सिमाना जोडिने गरी कलाकार अरनिकोकै पद चिह्नहरू अनुसरण गरी बनिएको काठमाडौंदेखि कोदारीसम्मको बाटोको नाम नै "अरनिको राजमार्ग" रहेको छ[२३] मध्य युगीन कलाकार अरनिकोले टेकेको त्यसबेलाको त्यो साँगुरो गोरेटो आज विशाल राजमार्ग (एशियाली राजमार्गको रूट नं. ५ को एक खण्डको रूपमा पनि मान्यता प्राप्त भैसकेको) मा परिणत हुनु नै नेपाल र चीन बीचको मित्रता र सांस्कृतिक सम्बन्धको विकासको अर्को एउटा ज्वलन्त उदाहरण हो तथा त्यहाँ नेपाल र चीनको स्वायत्त प्रदेश तिब्बतको सिमाना जोड्ने मितेरी साँघु (Friendship Bridge) जुन बनेको छ त्योचाहिं नेपाली र चिनिया जनताको मैत्री र सांस्कृतिक सम्बन्धलाई युगौंयुगसम्म जीवित राख्ने प्रतीक हो (हेर्नुहोस् चित्र नं. २३)।

कलाकार अरनिकोको कला परम्परा र कला शैलीद्वारा विकसित नेपाल र चीनको मैत्री र सांस्कृतिक सम्बन्धको सम्वर्द्धनमा अर्को एउटा जीवित उदाहरण पनि छ—त्यो हो पेकिंगबाट विश्वप्रसिद्ध विशाल

पर्खाल (ग्रेटवाल) हेर्न जाने बाटोमा पातालिङ डाँडोको फेदीमा ग्रेटवालनेर पुग्न लाग्दा चूयुङक्वानमा (Chuyung Kuan) देखा पर्ने 'यूनथाइ' (Cloud Terrace) को प्रवेशद्वार (हेर्नुहोस् चित्र नं ६३)। प्रस्तरद्वारा निर्मित यो विशाल प्रवेशद्वारमा चार पाँच जना घोडचढीहरू मजासँग ओहर दोहर गर्न सक्छन् । यस प्रवेशद्वारको उपल्लो मण्डपमा तीन ओटा श्वेत चैत्यहरू पनि थिए भन्ने कथन छ र उहिले यस ठाउँको नाम नै 'चौबाटोको श्वेत चैत्य' रहेको थियो।

यस प्रस्तरद्वारको निर्माणकाल सन् १३४५ मानिएको छ ।[२४] साल मिति अनुसार यसको निर्माण अरनिकोको मृत्यु (सन् १३०६) पश्चात् भएको देखिन्छ । तर यसको नक्सा र ढाँचा अरनिकोबाटै भएको हुनसक्छ अथवा उनले आफ्नो कालमा यसको निर्माण कार्य पूरा गर्न नभ्याएको पनि हुन सक्छ । यसलाई उनका नाम चलेका चेला ल्यूयूग्रान अथवा उनका एकसेएक कला प्रवीण छोराहरूले चाहिं अवश्यमेव डिजाइन गरी बनाएको हुनुपर्छ ।

किनभने यो प्रस्तरद्वारको अग्र भागको तोरण हुबहू नेपाली परम्परा र नेपाली शैलीमा बनिएको छ । यसलाई जुनसुकै नेपाली आँखाले पनि देख्ने बित्तिकै नै नेपाली शैलीमा निर्मित भनेर पहिल्याउन सक्छ ।

यस प्रस्तरद्वारको गुमौज आकारको तोरणमा सिरानको मध्य भागमा पखेटा भएको गरूडको मूर्ति छ, यसका दायाँ बायाँ नाग कन्या र मकरका मूर्तिहरू छन्। तोरणसँगै जोडिएका तल्ला भागमा दायाँ बायाँ हात्ती र विश्व वज्र मण्डलहरू छन्।

भित्री भागका भित्तामा रञ्जना लिपिमा संस्कृतमा कुँदिएका "सिताती पत्रोष्णीष धारणी" (बौद्ध सूत्र) हरू छन् (हेर्नुहोस् चित्र नं ६४)। यिनीहरूको रूपान्तर चिनिया, मंगोलियाली, तिब्बती, उइगूर, सिस्या भाषाका लिपिमा पनि कुँदिएको छ । फेरि भित्री भागका सिलिङ र भित्तामा कुँदिएका नेपाली र चिनिया शैलीका पञ्चबुद्ध र चतुर महाराजका प्रस्तर मूर्तिहरू पनि छन् ।

सातसय वर्षअघिको यस प्रस्तरद्वारमा कुँदिएका जीवजन्तुका मूर्तिहरूको नाम प्रायः अपरिचित नै भैसकेको छ । यसैले यस प्रस्तरद्वार सम्बन्धी एउटा लेखमा तोरणमा कुँदिएका जीवजन्तुका मूर्तिहरूलाई "अति अनौठो खालका जीव मूर्ति" भनिएको छ ।[२५] यस प्रसङ्गमा हाम्रो दुइ देश बीचमा मौजूद रहेको संस्कृति र कला सम्बन्धी अध्ययन र अन्वेषणका लागि यो प्रस्तरद्वार अरनिकोकालीन परम्परा र शैली बोकेर आज पनि उभिएकै छ ।

अन्त्यमा यो लेख टुंग्याउनुअघि तेह्रौं शताब्दीमा चीनको युग्रान वंशकालमा "चीन र नेपाल बीचको मैत्री सम्बन्ध" उपशीर्षकमा चिनिया शैलीको यो उल्लेख प्रस्तुत गर्नु युक्तिसंगत नै हुनेछ ।[२६]

"युआन वंशमा चीन र नेपालको बीचमा (नेपाललाई निपोलो भन्दछन्) साह्रै घनिष्ठ मैत्री सम्बन्ध थियो। मंगोलियाको शचु (शचु आफ्नो देशको पहिलो सम्राट्लाई भनिने शब्द हो। यहाँ शचु भन्नाले कुबलाइ खानको चुङ थुङ युआन नियन–पहिलो साल सन् १२६० मा निपारका (नेपालका) कलाकार-हरूले तिब्बत आई बौद्ध चैत्य बनाउने काममा मद्दत गरे त्यस मध्येमा आनिक पनि थिए। (युआनको इतिहासमा उनलाई आनकमू भन्दछन्) युआन वंशका राजगुरु पाहसपासँगै पेकिंगमा आइपुगे (युआनको इतिहासमा फकसपा भन्दछन्) युआन वंशमा ३० भन्दा बढी वर्ष काम गरे। च्याङ चोयु येको नेतृत्वको काम पनि गरे (कार्यालयको) खास गरी कलाकौशलको विषयमा हेरचाह गर्दथे। आनिक निर्माण कार्य, चित्रकला र मूर्तिकलाको विषयमा सिपालु थिए। उनका मातहतमा चैत्य ३, ठूलो मन्दिर ६, पुर्खाको पूजा गर्ने भवन २, सत्तल १ बने। त्यसबेलाका तातू (आजको पेचिङ) र शान्तू (आजको खाइफिङ) मा धेरैजसो विहारमा भएका मूर्तिहरू उनैका कृति थिए, पेचिङ म्याउयिङ श पाइथा (श्वेत चैत्य) डिजाइन गरी निर्माण कार्यमा उनले भाग लिएका थिए। उनका २ जना छोरा पनि युआन वंशका प्रसिद्ध मूर्ति कलाकार थिए। अझ उनले केही मंगोलियाली, तिब्बती र हान (चिनिया) जातिका चेलाहरूलाई पनि तालीम दिए त्यस मध्येमा ल्यू युआन भन्ने एकजना चेला त्यसबेलाका नामी मूर्ति कलाकार थिए।"

आज हाम्रा पुर्खाहरूले हाम्रा दुइ देशको बीचमा रहिआएको मैत्री र सांस्कृतिक क्षेत्रमा प्राचीनकाल र मध्यकालमा मजबूत किसिमले जुन जग हालेर गए त्यसमा हाम्रा दुइ देशका जनता बीचको मैत्री र सांस्कृतिक सम्बन्ध हिमालय झैं नै उच्च भैरहेको छ। अनि त्यही बेलादेखि नै नेपाली जनता र चिनिया जनता दुइ देशका असल छिमेकीको रूपमा मैत्री र संस्कृतिको परम्परामा हातेमालो गरेर एकले अर्का-लाई सहयोग र मद्दत गर्दै अघि बढ्न पाइरहेका छन्।

प्रसङ्ग–निर्देश

१. श्री स्वयम्भू महापुराण, तृतीय अध्याय
२. Tsui Chi, A Short History of Chinese Civilization, Buddhism in China, Chap. XI
३. धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख, पृ. २०
४. Report of the Fourth World Buddhist Conference Kathmandu, 1956 A message from the Chinese Buddhists P. 93
५. Zhau Puchu, Buddhism in China, P. 33, China Reconstructs, July. 1980
६. Ibid
७. Ngapo Ngawong Jigmei, Tibet Past and Present, An Introduction, p. 21 Tibet, with a preface by H. Salisbury
८. इ. शि, बाबुराम आचार्य, चीन र तिब्बतसित नेपालको सम्बन्ध, श्री चाउ एनलाई स्वागत समिति

९. ज्ञानमणि नेपाल, लिच्छविकालमा नेपालको चीनसँग सम्बन्ध, नेपाल-चीन सांस्कृतिक परिषद्, स्मारिका १९८० (Nepal-China Cultural Council, Souvenir 1980)

१०. Wang Hongwei, China-Nepal Friendship, Retrospects and Prospects Nanya Yanjiu, No. 13 (South Asian Studies)

११. Keshar Bahadur K. C., Universal Value of Nepalese Aesthetics

१२. Tsao-hsiang-tu-ling-ching (Iconometric treatise), अरनिकोको जीवनी र कृतिसहित नेपाली शैलीका बौद्ध मूर्तिहरू बनाउने विधि भएको सचित्र ग्रन्थ। यसमा नेपालका रञ्जना लिपिका वर्णमाला र रञ्जना लिपिमै लेखिएको बौद्ध धारणी सूत्रहरू पनि छन्। चीनका बौद्ध संघ, पेकिंग।

१३. Mahesh Raj Pant, On the Contribution of the Tibetan Monasteries to the Reconstruction of Nepalese History, Seminar Issue, 1980, Nepal-China Cultural Council

१४. Manshih Yonfan, Tibet– A distant horizon, P. 103

१५. Jampei Chlmlei, Tibetan Buddhism, P. 166, Tibet, with a preface by H. Salisbury

१६. Sarat Chandra Das, Contribution on the Religion and History of Tibet, P. 54

१७. युआन श चिवान् अर्र पाइ सन् (History of Yuan Dynasty, Pt. 203, P. 4545–4546)

१८. Luciano Petech, Mediaeval History of Nepal

१९. यसको प्रतिलिपि अरनिकोकै समकालीन ग्रन्थकार चन् चू–फूद्वारा संकलित "श्वये लौं ची" (Snow building writings) मा दिइएको छ। पेकिंग विश्वविद्यालय पुस्तकालय।

२०. Huang Sheng-Chang, The date of the building of the White Pagoda in the White Pagoda Monastery of Peking and the Cultural relationship between China and Nepal (a summary), आधुनिक बौद्ध धर्मशास्त्र, १९६१, नं. ४

२१. M. Ishida, Gendai no Kogeika Neparu no Ozoku Anika no den ni tsuite (on the biography of Aniko) Studies in Cultural History of Eastern Asia, Tokyo, 1973

२२. Prem Raman Uprety, Nepal-China Relations– A Historical Perspective, P. 4 Papers presented at a Seminar on four different aspects of the Chinese national life, CNAS, T.U.

२३. श्री ५ को सरकार, निर्माण तथा यातायात मन्त्रालय, सडक विभाग, नेपाल अधिराज्यका सडकहरूको संक्षिप्त विवरण।

२४. Archaeology and Cultural Relics, Marvelous artistry at Cloud Terrace, China Daily, Jun. 19, 1982

२५. Ibid.

२६. चुङ वाइ यू हाउ क्वानशी श हाङ ख च ल्याउ (चीन र विदेशहरू बीचको मैत्री सम्बन्धको इतिहास बारेको परिशिष्ट)

यसमा नेपाल सम्बन्धी तीन परिच्छेद छन्--

१) चीन र नेपाल बीचको मैत्रीपूर्ण आवत-जावत

२) हुयान साङ्ले लेखेको नेपालको लुम्बिनीको वृत्तान्त

३) युआन वंशमा नेपालसँगको मैत्री सम्बन्ध

(यो लेख मित्रराष्ट्र चीनको ३५ औं राष्ट्रिय दिवसको उपलक्ष्यमा नेपाल–चीन सांस्कृतिक परिषद्द्वारा आयोजित नेपाल-चीन सांस्कृतिक सम्बन्ध विषयक गोष्ठी (२०४१ भाद्र २५) मा लेखकद्वारा प्रस्तुत भएको थियो।

अरनिकोले बनाएको श्वेत चैत्य
श्वेत चैत्य महाविहार : एक चिनारी

चीन र नेपालबीचको सांस्कृतिक सम्बन्ध युगौंदेखिको पुरानो सम्बन्ध हो । यसको पृष्ठभूमिमा, अन्य कुराको अतिरिक्त, बौद्ध धर्म र संस्कृतिले ओगटिराखेको एउटा अद्वितीय भूमिका पनि छ । यस प्रसङ्गमा एउटा ज्वलन्त उदाहरणस्वरूप जनगणतन्त्र चीनको राजधानी पेकिङ्गको (पैचिगको) मध्यभागमा अवस्थित 'श्वेत चैत्य' लाई औंल्यायन सकिन्छ ।

यो श्वेत चैत्यको निर्माण नेपाली वास्तुकलाविद् अरनिकोले आजभन्दा सात सय वर्षअघि अर्थात् सन् १२७१ मा युआन वंशका सम्राट्द्वारा त्यसवेला कार्यान्वित गर्नलाइएका प्रमुख योजनाहरू अन्तर्गत शुरू गरी जम्मा ८ वर्ष लगाएर सन् १२७९ मा पूर्ण गरेका थिए ।

युआन वंश कालमा जुनवेला यो श्वेत चैत्य निर्माण हुनलागको थियो, त्यो वेला वर्तमान पेकिङ्ग (चीनियाँ उच्चारण पैचिङ्ग) को नाम 'ता तू' थियो । यही ता तू को पश्चिमपट्टि 'फू छङ मन' नामक एउटा प्रवेशद्वार छ, हाल त्यो प्राचीनकालको विशाल प्रवेशद्वार र त्यससँग जोडिएका अग्ला पर्खालहरू सबै भत्किसकेका छन् । तैपनि पेकिङ्ग निवासीहरू अद्यापि यस ठाउँको मूलसडकलाई 'फू छङ मन' ताचे भन्दछन् । नेपाली कलाकार अरनिकोले बनाएको श्वेत चैत्य यसै फू छङ मन सडकनेर उत्तरतिर पर्दछ । यस चैत्यको वर्ण सेतो भएकोले पेकिङ्ग निवासीहरू यसलाई 'पाइ था' भन्दछन् । पाइ था को अर्थ हो सेतो चैत्य अर्थात् 'श्वेत चैत्य' । अनि पाइ थाकै नामबाट श्वेत चैत्यसँग जोडिएको अर्को मूलसडकको नाम 'पाइ था लू' रहेको छ (हेर्नुहोस् चित्र नं. ७३) ।

तिब्बतमा सुवर्ण चैत्य निर्माण गरी प्रशस्त अनुभव हासिल गर्नुका साथै, अनेक नाम र यश कमाई चीनियाँ सम्राट्को विशेष अनुरोधमा धर्मगुरु पागसपाका साथमा पेकिङ्ग आइपुगेका नेपाली वास्तुकलाविद् अरनिकोले नेपाली परम्परा र शैलीमा श्वेत चैत्यको ढाँचा र लगत तयार गर्दा चीनियाँ परम्परा र शैलीलाई पनि आत्मसात् गरी एउटा विशाल बौद्ध महाविहारको पनि नक्सा उतारी निर्माणकार्य शुरू



नेपाल नरेश श्री ५ वीरेन्द्रबाट बक्सेको स्वागत भाषण, नारायणहिटी राजदरबारमा
जन गणतन्त्र चीनका महामहिम राष्ट्रपति ली सियन नियन र श्रीमती लिन च्या मैका
सम्मानमा आयोजित राजकीय भोजमा



नेपाल नरेश श्री ५ वीरेन्द्र र श्री ५ बडामहारानी ऐश्वर्यका जुनाफमा
जन गणतन्त्र चीनका महामहिम राष्ट्रपति ली सियन नियनले चढाउनुभएको "सद्धर्मपुण्डरीक सूत्र"

जन गणतन्त्र चीनका महामहिम राष्ट्रपति ली सियन नियनका सम्मानमा
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका कलाकारहरूद्वारा प्रदर्शित "अरनिको नृत्य-नाटिका"



अरनिको
नेपालबाट प्रस्थान : परिवारसंग बिदाबारी
९



अरनिको
तातू (पैचिंग)मा श्वेत चैत्य निर्माण : चैत्य-वन्दना
१०




नेपाल नरेश श्री ५ वीरेन्द्र र श्री ५ बडामहारानी ऐश्वर्य तथा जनगणन्त्र चीनका महामहिम राष्ट्रपति श्री ली सियन नियन र श्रीमती लिन च्या मै 'अरनिको नृत्य-नाटिका' का कलाकारहरूका माझमा

११




परम्परागत शैलीमा श्वेत चैत्यको पौभाचित्र

१२




श्वेत चैत्य र अरनिकोको प्रतिमा अङ्कित हुलाक टिकट

१३




* "पाइ था" अर्थात् सेतो स्तूप पैंचिग शहरको पश्चिम क्षेत्रको म्याओ इडग मन्दिर क्षेत्रभित्र पर्दछ। यस स्तूपको कुल अग्लाई 51 मिटर छ। बाहिर देख्दा पूर्णतः सेतो भएकोले, चिनियां भाषामा त्यसलाई "पाइ था" भनिन्छ। यो सेतो स्तूप 1271 मा नेपालका वास्तुकर्मी अर्निकोको तत्वावधानमा शुरु भएर, 1279 मा तयार भएको हो। यो स्तूप चीन-नेपाल मित्रताको द्योतक पनि हो।


— रेडियो पैंचिग नेपाली विभाग



तिब्बती नरेश श्रंचन गाम्पो आफ्ना दुई रानीका साथमा
१५



नेपाली राजकुमारी भृकुटी (थ्रिचुन)
१६



चीनकी राजकुमारी वेन्‌चन्‌ (कोङजो)
१७




तिब्बतका साक्या गुम्बाका फापा
(पागसपा) लोद्रो ग्याल्छन्
(आर्य मतिध्वज)
१८

चीनमा युआन वंशका संस्थापक
कुबलाइ खान
(शचू र हुपिले नामले पनि प्रसिद्ध)
१९


नेपालका वास्तुकलाविद् कलाकार
अरनिको
२०

काठमाडौं उपत्यकाका दुई प्रसिद्ध चैत्यहरू




स्वयम्भूनाथ

२१




बौद्धनाथ

२२




काठमाडौं उपत्यका - साक्यागुम्बा - तातू (पेकिंग) मार्ग रेखा


२३



साक्या गुम्बाको विहङ्गम दृश्य
२४
अरनिकोले सुवर्ण चैत्य बनाएको गुम्बा



साक्या गुम्बामा सुरक्षित एक सुवर्ण चैत्य
२५




साक्या गुम्बाकोचैत्य मण्डपमा सुरक्षित अर्को एक चैत्य
२६




श्वेत चैत्यको विशालकाय दृश्य

२७



सम्राट् छियन लङ्ले श्वेत चैत्यमा चढाएको स्वहस्तलिखित प्रज्ञापारमिता हृदय सूत्र
२८



श्वेत चैत्य महाविहारको पुरानो प्रवेशद्वार 'सान् मन्'
२९




श्वेत चैत्य महाविहारको वर्तमान प्रवेशद्वार
३०



श्वेत चैत्य महाविहारको
'थेन वाङ् तेन्' देवालय
हाल स्वागतकक्षको रूपमा
३१



श्वेत चैत्य महाविहारको
'सान् फो तेन्'देवालय
हाल प्रदर्शनी कक्षको रूपमा
३२



श्वेत चैत्य महाविहारको 'छि फो तेन्' देवालय
अगिल्तिर एउटा अजङ्गको फलामे धुपौरो
३३

गरेको विदित हुन्छ। यसैले यो श्वेतचैत्यकै गिर्दामा सन् १२७९ मा "ता सङ सौ वान् आन् श" (सम्राट्को दीर्घायु कामनास्वरूप)नामक श्वेतचैत्य महाविहार पनि बन्यो । पछि दैवात् यो महा-विहारमा ठूलो आगलागी भयो र यो नराम्रोसँग बिग्रिनगयो। अनि मिङ्गवंश कालमा श्वेतचैत्यमा अनेक जीर्णोद्धार कार्य हुँदा, आगलागीवाट नष्ट भैराखको यस विहारको पनि पुनर्निर्माण गरियो र यसको नाउँ 'मियाउंयिङ श' (दैवी प्रतिकारको प्रतीक) राखियो।

उहिले यो श्वेतचैत्यको मियाउयिङ श महाविहारमा प्राचीन शैलीमा निर्मित तीनवटा ठूलठूला ढोका भएको 'सान् मन्' नाम गरेको प्रवेशद्वार अनि त्यसका दायाँ वायाँ 'कूलो' र 'चूइलो' नाम गरेका अग्ला भवनहरू तथा भिक्षु र भिक्षुणीहरू वस्ने 'लाङ ऊ फैतेन्' नामका ध्यानकुटीहरू पनि बनेका थिए (हेर्नुहोस् चित्र नं. ७२)। आजभोलि चाहिं भत्की विग्रिसकेकाले देख्न पाइँदैनन्। अहिले त त्यहाँ बाक्लो बस्ती नै बसेको पाइन्छ। तर मियाउयिङ श महाविहारको भित्री आँगनको सम्पूर्ण भागचाहिं यथावत् रूपमा कायम नै छ र अहिलेचाहिं यहाँ पस्नलाई मूलसडकवाट सय पाइला उत्तर एउटा सानो गल्ली पार गर्नुपर्दछ (हेर्नुहोस् चित्र नं. ३०)।

मियाउशिङ श महाविहारमा पस्नेवित्तिकै वायाँतिर स्वागतकक्षको रूपमा रहेको "फु उ पू" नामक प्राचीन शैलीको भवन (हेर्नुहोस् चित्र नं. ३१) देखापर्दछ (यस भवनको पुरानो नाम थन वाङ तन् रहेछ उहिले यहाँ विहार रक्षा गर्ने चारजना शक्तिशाली महापुरुषहरूका मूर्ति थिए रे भनिन्छ)दायाँतिर चाहिं "पाइ था श वन् ऊ चाङ लान" (श्वेतचैत्य विषयक पुरातात्विक सामग्रीहरूको प्रदर्शनीकक्षको रूपमा रहेको) नामक अर्को ठूलो प्राचीन शैलीको भवन छ(हेर्नुहोस् चित्र नं. ३२)। यस भवनको पुरानो नाम सान्फो तन् रहेछ (उहिले यहाँ तीनवटा विशालकाय बुद्ध मूर्तिहरू थिए रे भनिन्छ)। यस प्रदर्शनीकक्षमा पस्दा सामुन्ने नै एउटा ठूलो विवरण पाटी देखापर्दछ। अनि यसैमा नेपाली वास्तु-कलाविद् अरनिको (चीनियाँ नाम आनिक) को नाम र उनको अमरकृति श्वेतचैत्यको संक्षिप्त परिचय प्रस्तुत गरिएको पाइन्छ। अनि यहाँको प्रदर्शनीकक्षमा सरसरी घुमी निरीक्षण गर्दा श्वेत चैत्यका विषयमा जनगणतन्त्र चीन सरकारले लाखौं रुपियाँ खर्च गरी जीर्णोद्धार सुधार र संरक्षणका लागि उठाएका विभिन्न प्रशंसनीय कार्यहरूको जानकारी गर्न पाइन्छ। यहाँ श्वेतचैत्यको जीर्णोद्धार गरिंदा (चीनमा १९७६ मा गएको महाभूकम्पले श्वेत चैत्यको उपल्लो भागमा निकै नराम्रोसँग बिगारेको थियो)त्यसको विशालकाय गजूरको कलशाकार गर्भकाय र मण्डपाकारको आसनभित्र प्राप्त भएका अमूल्य बौद्धकला कृतिहरू, अभिलेखहरू, धर्मग्रन्थहरू पनि प्रदर्शनका लागि राखिएका छन् (हेर्नुहोस् चित्र नं. ८५-९१)। प्रायः धेरैजसो सामग्रीहरू छिङवंशका सम्राट्ले १७५३ मा श्वेत चैत्यको जीर्णोद्धार गरी गजूरको भित्री भागमा अमूल्य सामग्रीहरू सञ्चित गरी चढाएको विवरण पाइन्छ।

अनि मूख्यतया यहाँ नेपाली वास्तुकलाविद् अरनिकोको जीवनी र उनका अमरकृतिहरूको विवरण युक्त दुइवटा अति महत्त्वपूर्ण पुस्तकहरू पनि हेर्न पाइन्छन्, तीमध्ये एउटा पुस्तकको नाम हो 'युआन श'

ले च्वाश च्याउ 'कुङ यी' (अर्थात् युग्रान वंशको इतिहास, १९ औं परिच्छेद हस्तकला) (हेर्नुहोस् चित्र नं. ५४) । कलाकारहरूको विषय भएको यस पुस्तकमा सबभन्दा पहिले नेपालका कलाकार अरनिकोको बारेमा प्रामाणिक विवरण दिइएको पाइन्छ। अनि अर्कोचाहिं पुस्तकको नाम हो 'श्वे लौ ची' चुग्रान् छि (हेर्नुहोस् चित्र नं. ६७)। यस पुस्तकको सातौं परिच्छेदमा पनि युग्रान वंशका एकजना नामी लेखक चेंन चू फूले नेपाली कलाकार अरनिकोको बारेमा लेखेका ऐतिहासिक विवरणहरू पाइन्छन् । अनि यी सबका अतिरिक्त, यहाँ सन् १३४३ देखि वर्तमान कालसम्म समय-समयमा श्वेत चैत्य विषयक भएका जीर्णोद्धार र सुधार कार्यका विवरण तालिका पनि प्राप्त हुन्छन् (हेर्नुहोस् चित्र नं. ५९,६०) ।

यस प्रदर्शनीकक्षको पछिल्तिर एउटा खुला आँगन छ र यहाँ बुट्टासहितको एउटा ठूलो ढुंगे आसनमा एउटा अजङ्गको फलामे धूपदानी छ । यसैको अघिल्तिर एउटा ठूलो गजूर भएको 'छि फो तेन' नाम गरेको देवालय छ (हेर्नुहोस् चित्र नं. ३३)। उहिले यहाँ सप्तबुद्धका मूर्तिहरू थिए भनिन्छ । अहिलेचाहिं यहाँ विशालकाय तीन बुद्ध (अमिताभ, शाक्यमुनि, भैषज्य तथागत)का भव्य मूर्तिहरू छन् (हेर्नुहोस् चित्र नं. ३४,३५,३६) । मध्यभागमा स्थित शाक्यमुनि बुद्धका दायाँबायाँ आनन्द र काश्यपका विनीत मुद्राका दुई भव्य मूर्तिहरू पनि छन्। अनि छेउका भित्ताका दायाँबायाँ गरी सुनले मोलम्बा गरिएका अढाई हात जति अग्ला विभिन्न अर्हतहरूका १८ वटा मूर्ति छन् (हेर्नुहोस् चित्र नं. ४३)।

छि फो तेन् देवालयको पृष्ठद्वारबाट बाहिर निस्कँदा फेरि अर्को आँगन देखापर्दछ र यहाँबाट ११ सिंढीमाथि उक्लेपछि श्वेतचैत्यको आँगनमा 'च्यू लिऊ शङ थोङ तेन्'नामको अर्को भव्य देवालय आउँछ (हेर्नुहोस् चित्र नं.४१)। यहाँ पनि बुद्धका तीनवटा विशालकाय मूर्तिहरू छन्। अनि यहाँ दायाँबायाँ भित्तामा तारा, अवलोकितेश्वर, महिषसम्वर आदिका ठूलाठूला पौभा चित्रहरू सजाइराखेका छन् (हेर्नुहोस् चित्र नं. ४६,४९,९३)। यहाँ अनेक प्रकारका ढलौटे धूपदानीहरू तथा अन्य कलाकृतिहरू पनि सजाइराखिएका छन् । प्रत्येक बुद्ध मूर्तिको सामुन्ने उपासक उपासिकाहरूकालागि प्रार्थना गर्ने आसनहरू बिछ्याइराखिएका छन् (हेर्नुहोस् चित्र नं. ८०–८२)।

अनि यही च्यू लिऊ शङ थोङ तेन्को पृष्ठभागको खुला आँगनमा मियाउयिङ श महाविहारको शिरस्थानस्वरूप विशाल श्वेतचैत्य उभिएको छ (हेर्नुहोस् चित्र नं. ७६) ।

यो श्वेतचैत्य यन्त्राकार त्रिकोणहरू भएको मण्डपमा बनेको छ। यसको जगबाट उठेको आसन तीन खण्डमा विभाजित छ, दोस्रो र तेस्रो खण्डमा कमलका आकृतिहरू छन् । यसको आधार भूमिको परिधि ३० मिटरको छ, अनि यसको उचाइ चाहिं ५०.९ मिटर।

यसको मध्यभागको गर्भगृहको आकृति घोप्टिएको पिण्डपात्रको समान छ र यसको माथिल्लो भागमा त्रिकोण परेको आसनहरू उठाएर त्यसमा आनुपातिक आकृतिमा त्रयोदश भूमिको प्रतीकस्वरूप तेह्रवटा चक्रावली उठाएर माथि लगिएका छन्। चक्रावलीको माथिल्लो भागमा ९.७ मिटर व्यास भएको

ताँवाको पातायुक्त अजङ्गको गोलाकार छत्र छ, यसका वरिपरि ताँवाका बुट्टे झल्लर र ३६ वटा ताँवाकै ठूलाठूला घण्टाहरू छन् । अनि यसदेखि माथिल्लो भागमा उष्णीप चूडामणिस्वरूप कलशाकार सुनको मोलम्वा भएको गजूर छ (हेर्नुहोस् चित्र नं. ८३) ।

यो श्वेतचैत्यको जीर्णोद्धार कार्यमा खटिएका एकजना पुरातत्वविद् ऊ मेङलिनको कथनअनुसार नेपाली वास्तुकलाविद् अरनिकोले चीनमा जम्मा तीनवटा चैत्य निर्माण गरेकोमा, यो मियाउयिङ श महाविहारमा रहेको श्वेत चैत्यचाहिं सबभन्दा पुरानो, सबभन्दा ठूलो र सबभन्दा राम्रो गनिएको छ ।

अनि यही 'श्वेतचैत्य' चीनियाँ र नेपाली जनतावीचको युगौं पुरानो सांस्कृतिक सम्बन्धको प्रतीक पनि हो ।

पेकिङ विश्वविद्यालय र चीनियाँ सामाजिक विज्ञान प्रतिष्ठानअन्तर्गत नेपाली संस्कृति र इतिहास-सम्बन्धी अन्वेषण कार्यमा लागिरहनुभएका प्रा. वाङ होङ वैंको शोधकार्यानुसार नेपाली कलाकार अरनिकोले सञ्चालन गरेका परियोजनाहरूमा तीनवटा बौद्ध चैत्य, नौवटा बौद्ध महाविहार, दुई वटा मन्दिर र तावोमतको एउटा राजप्रासादलाई उल्लेख गर्न सकिन्छ । उहाँकै कथनानुसार, उक्त तीनवटा बौद्ध चैत्य भनिएकोमा चीनको शान्सी प्रान्त स्थित ऊ थाई सान् (पञ्चशीर्ष पर्वत)मा श्वेत चैत्यकै ढाँचाको जुन अर्को विशाल चैत्य छ, त्यो पनि कलाकार अरनिकोले नै बनाएका हुन् । अर्को चीनियाँ विद्वान् हाइ लानले पनि कलाकार अरनिकोले चीनको शान्सी प्रान्तमा उथाइ पहाडमा अर्को झन् ठूलो चैत्य बनाएका थिए भनेका छन् (दि राइजिङ नेपाल, पैचिङ्गस् ह्वाइट डागोबा, अगष्ट १०,१९८०) । यस चैत्यको फोटो सहित उथाइसानको संक्षिप्त सचित्र विवरण रेनमिन रिपाउ (जन दैनिक) पत्रिकाको अगष्ट २७ अङ्कमा प्रकाशित भएको छ (हेर्नुहोस् चित्र नं. ६९) ।

अनि ऊ थाइसान भन्नु नै महामञ्जुश्री बोधिसत्वको पवित्र थलो हो । यहाँ मञ्जुश्रीको विशाल एवं भव्य देवालय नै छ । महायानी बौद्धपरम्परामा मञ्जुश्रीको ठूलो महिमा छ (हेर्नुहोस् चित्र नं.१०१) । नेपालको इतिहासको थालनीमा देखापर्ने महामञ्जुश्री वास्तवमा यिनै हुन् । अनि चीन र नेपालको सांस्कृतिक सम्बन्धको सूत्रपात यसै बेलादेखि नै भएको मानिन्छ । एकथरी विद्वान्हरूले मञ्जुश्रीको समयलाई शाक्यमुनि बुद्धको महापरिनिर्वाण भएको २५० वर्षपछि अनुमान गरिएको छ (हायन्ड बूक अफ् चाइनीज बुद्धीजम् पृ. ९/९५) ।

अत: चीन र नेपाल यी दुई देशबीचको सांस्कृतिक सम्बन्धको ऐतिहासिक क्रमबद्धताको खोजी गर्नमा, चीनको बौद्ध धर्म दर्शन कला र संस्कृतिको अध्ययन अन्वेषण गर्नमा तथा वौद्ध धर्म दर्शनले एकताका सारा एशियामा सिर्जना गरेको सांस्कृतिक एकता र प्रभावका मूलतत्त्वहरूलाई पुनर्जीवित पार्नमा पनि यो श्वेतचैत्यले आफ्नो अस्तित्व प्रदर्शन गरिरहेको छ । जनगणतन्त्र चीन सरकारले यसको

सम्पूर्ण जीर्णोद्धार कार्य समाप्त गरी सन् १९८० जुलाई १ तारीखदेखि विश्वका सारा पर्यटकहरूका लागि समेत यसको प्रवेशद्वार खुला गरिदिएको छ। यो ज्यादै प्रशंसनीय र दूरदर्शी कार्य भएको छ।

अन्तमा यो श्वेतचैत्यको परिकल्पना गरी यसलाई मूर्तरूप दिने वास्तुकलाविद् अरनिको आज हाम्रो सामुन्ने छैनन्। सन् १३०६ मा ६३ वर्षको उमेरमा उनको निधन भैसकेको छ। र, त्यसवेलाका सरकारले उनलाई जीवित कालमा "क्वाङ लू ताइ फु" (मन्त्रीसरहको दर्जा) जस्तो उच्च ओहदामा सन्मान गर्नुको अतरिक्त, मरणोपरान्त पनि उनलाई "ल्याङ को कोङ" (काजीसरहको सम्माननीय मानार्थ पदवी) प्रदान गरेको तथ्य उल्लेखनीय छ र आज उनले आत्मसात् गरेर गएको दर्शन र कलाको प्रतीकात्मक भावनामा यो श्वेतचैत्य उनकै अमर कीर्तिस्वरूप विद्यमान भैरहेको छ। वास्तवमा चैतन्य स्वरूप चित्तकै प्रतीक हो "चैत्य"। अनि श्वेत वर्णचाहिं चैत्यकै पञ्चाक्षर बीजबाट सिर्जित पञ्चरेश्मिको एक तत्त्व। अतः यो श्वेतचैत्यमा स्वयम्भू अर्थात् प्रभाश्वर सदाकाल 'सुप्रभातम्, सुप्रभातम्' भैरहेको छ, बहुजन हिताय तथा बहुजन सुखायका लागि भन्नुमा अत्युक्ति हुनेछैन, अस्तु।

श्वेत चैत्य प्रतिका लोक आस्था र लोककथनहरू

तेह्रौं शताब्दीमा चीनको राजधानी तातू (वर्तमान पेकिङ्ग)मा नेपालका राष्ट्रिय विभूति कलाकार अरनिकोले त्यसबेलाका युआन वंशका सम्राट् कुबलाइ खानको आदेशमा एउटा विशालकाय श्वेत चैत्य बनाएका थिए। आठ वर्ष लगाएर तयार पारिएको नेपाली शैलीको त्यो श्वेतचैत्य पेकिङ्गको मध्यभागमा फूच्छमन मार्गमा गगनचुम्बी भएर अद्यापि उभिएकै छ (हेर्नुहोस् आवरण चित्र)।

कलाकार अरनिकोको अमर कीर्ति तथा वास्तुकलाको अद्वितीय कृति भएको त्यो श्वेत चैत्य सम्बन्धी अनेकन् चीनियाँ लोककथनहरू पाइन्छन्। हुन त आजभन्दा सात सय वर्षअघि चीनमा पुग्ने अरनिकोको समयदेखि आजसम्ममा त्यहाँको व्यवस्था, त्यहाँका मानिसहरूको रहनसहन र आचार-विचारमा आकाश पातालको फरक भैसकेको हुनसक्छ। तर त्यहाँ जतिसुकै परिवर्तनहरू भए पनि, श्वेत चैत्य सम्बन्धी त्यहाँका मानिसहरूमा पाइने लोकआस्था र लोककथनहरू समयको प्रवाहमा परम्परागत रूपमा आजतक पनि जीवित नै छन्।

कलाकार अरनिकोले श्वेतचैत्यको निर्माण कार्य समाप्त भएपछि, त्यसको लगत्तै श्वेत चैत्यकै हाताभित्र 'ता सन् सौ वान् आन श' (सम्राट्को दीर्घायु र सुरक्षाको प्रतीक स्वरूप) नामक बौद्ध महाविहार पनि बनाएका थिए, पछि यो बौद्ध महाविहारमा आगलागी भयो अनि यसलाई जीर्णोद्धार गरी 'म्याउ-यिंग श' (दैवी प्रतिकारको रूपमा) नाम राखियो र आजतक पनि यही नाम प्रचलित छ।

उहिले श्वेत चैत्य र म्याउयिंग श बौद्ध महाविहारले चर्चेको क्षेत्रफल निकै विस्तृत थियो रे। आजभोलि चाहिं त्यो ठाउँ निकै साँगुरिएर कसिएको देखिन्छ। बौद्ध महाविहारको तीन मुखे प्राचीन प्रवेशद्वार (उपल्लो भागमा बुर्जाहरू समेत भएको) अहिले त्यहाँ छैन (हेर्नुहोस् चित्र नं. २९)। त्यसको ठाउँमा ठूलो सहकारी बिक्री भण्डार बनिसकेको छ। विहारका दायाँ बायाँ बनिराखेका भिक्षु-

भिक्षुणीहरू बस्ने ध्यानकुटीहरू पनि आज त्यहाँ छैनन् (हेर्नुहोस् चित्र नं. ७२)। अहिले त त्यहाँ चारै तिर घना बस्ती छ, सानातिना कारखाना (जस्तो भटमासको तोफू बनाउने कारखाना) र पसलहरू छन्, अगिल्तिर र पछिल्तिर अलि पर पर एकाध अग्ला नयाँ आधुनिक भवनहरू पनि ठडिसकेका छन्, अन्य धेरै घरहरू भने एकतले प्राचीन शैलीकै छन्। उहिले त्यहाँ "चिन स्वै" नाम गरेको खोलो पनि श्वेत चैत्यकै आसपासमा नागबेली खेल्दै बग्दथ्यो रे, अहिले चाहिं त्यो खोलो निकै पर नहरको रूपमा परिणत भई बग्न पुगेको छ। फेरि त्यसबेला त्यहाँ फूच्छमन (इन्साफको ढोका) नामक विशाल प्रवेशद्वार पेकिंग शहरलाई घेरिएको अग्ला पर्खालको घेरामा नगरभित्र पस्ने पश्चिमपट्टि सुरक्षाद्वारको रूपमा बनिराखेको थियो, अहिले चाहिं त्यहाँ न त त्यो फूच्छमन प्रवेशद्वार नै छ न त त्यो अग्लो पर्खालको घेरा नै। अहिले त त्यहाँ यत्रतत्र गगनचुम्बी भवनहरू, ८।१० मोटर, बस र ट्रलीहरू एकैसाथ दगुर्ने राजमार्गहरू, ठाउँठाउँमा राजमार्गमाथि मोटर, बस र ट्रलीहरू एकै साथ दगुर्ने उपल्ला राजमार्गहरू, ठाउँठाउँमा राजमार्गमाथि मोटर, बस, ट्रली चल्ने पुलहरू बनेका छन्।

यी सब नयाँ परिवर्तनहरूको माझमा पनि त्यहाँ नेपाली कलाकार अरनिकोले बनाएर गएको श्वेत-चैत्यको अनुपम श्रीशोभा चाहिं उसबेलादेखि आजतक पनि जस्ताको तस्तै नै रहिआएको छ। श्वेतचैत्यलाई टाढाबाट र नजीकबाट जुनसुकै कोणबाट पनि राम्ररी छर्लङ्ग देख्न सकिन्छ (हेर्नुहोस् चित्र नं. ८४)।

कलाकार अरनिकोले बनाएको श्वेतचैत्यसम्बन्धी अद्यापि मूर्त रूपमा रहेका केही लोककथनहरू चाहिं यस प्रकार छन्–

पाँच लाख वर्षअघि पेकिंगमा जब आदिम जातिका पेकिंग मानवहरूको पुरातन युग थियो त्यसबेला पेकिंगले चर्चेको भूभाग जलमग्न थियो रे, एक किसिमले समुद्री खण्ड नै थियो रे। पछिसम्म पनि, त्यो ठाउँ समुद्रको पानीको मुहान नै थियो रे। त्यहाँको पानी बढेर आएको बेलामा पेकिङ्ग शहरलाई नै डुबाइदिन्छ कि भन्ने सम्भावना हुन्थ्यो रे। स्थानीय बासिन्दाहरूको धारणाअनुसार त्यो ठाउँ (जहाँ आज नेपाली कलाकार अरनिकोले बनाएको श्वेतचैत्य उभिएको छ) मा एउटा अजङ्गको प्वाल छ रे, यसैले मानिसहरूले त्यसलाई "हाइ येन्" भन्न लागे। यसको अर्थ हो समुद्रको प्वालअथवा समुद्रको आँखा। धेरै समय बितेपछि जान्ने बुझ्ने मानिसहरूको सहमति लिई सम्राट् कुबलाइखानले पेकिंगको सुरक्षार्थ अनेक शान्ति स्वस्ति गराई त्यसै ठाउँमा समुद्रको प्वाल टालिने र छोपिने गरी अजङ्गको श्वेत चैत्य बनाउन लगाए। नेपाली कलाकार अरनिकोले पनि आठ वर्ष लगाई त्यो श्वेतचैत्यको निर्माण कार्य समाप्त गरे। त्यसबेलादेखि त्यहाँबाट निस्किने पानीको मुहान बन्द भयो र पेकिंग जलमग्न हुने सम्भावनाबाट बच्यो।

पेकिंगमा चलेको अर्को लोककथनअनुसार नेपाली कलाकार अरनिकोले बनाएको त्यो गगनचुम्बी विशालकाय श्वेतचैत्य (यसको उच्चाइ ५०.९ मिटर) को छाँया हुँदैन रे। यसैले श्वेतचैत्य वरिपरिका बस्तीमा बसोबास गर्ने बूढाबूढीहरू एक मुखले भन्ने गर्दछन्–"पाइथा मे यउ इयन्" (यसको भावार्थ

हो— श्वेत चैत्यको छाँया हुँदैन)। यसैले पेकिंग निवासीहरू दैवी शक्तिको रूपमा अथवा रहस्यमय शक्तिको रूपमा श्वेतचैत्यको महानता र विशेषतामा गर्व गर्छन् ।

सम्भवत: श्वेतचैत्यको बनौट नै विचित्र रूपबाट भएको हुनुपर्छ । यसैले मानिसहरूले यसको छायाँ भेट्टाउन सकेनन् ।

अर्को एक लोककथनानुसार, जुन ठाउँमा अहिले श्वेतचैत्य अवस्थित छ, त्यस ठाउँमा एकताका साँझको बेलामा दिव्य प्रकाशपुञ्ज देदीप्यमान भएर निस्किरहेको थियो रे । यो दृश्य हेर्न मानिसहरूको घुइँचो लाग्न थाल्यो । पछि यो कुरा एक कान दुई कान भएर सम्राट्को कानमा समेत पुग्यो । अनि त्यो दिव्य प्रकाशपुञ्ज हेर्न भनी सम्राट् र सम्राज्ञी त्यस ठाउँमा पुगे । सबै लक्षण विचार गरी, त्यो प्रकाशपुञ्ज चानचुने आगोको ज्वाला होइन, त्यो त देश र जनताकै कल्याण हुने सम्राट्को शासन दरिलो हुने प्रकाशपुञ्ज हो भन्ने कुरो ठहर भयो। अनि राजाले त्यसै ठाउँमा तिब्बतमा सुवर्ण चैत्य बनाई पेकिंग आइपुगेका नेपाली कलाकार अरनिकोद्वारा एउटा विशाल गगनचुम्बी श्वेतचैत्य बनाउन लगाए ।

नेपाली कलाकार अरनिकोद्वारा निर्मित श्वेतचैत्यसम्बन्धी अन्य विविध प्रकारका लोककथनहरू पनि पाइन्छन्। यसबाट अनेक ऐतिहासिक तथ्य र लोकआस्थाका जीवित प्रमाणहरू देखापर्दछन्।

यसै प्रसङ्गमा यी लोककथनहरू यसरी जोडिन आउँछन् । युआन वंशका चतुर्थ राजकुमार (मंगोल सर्दार चेंगीजखानका नाति कुबलाइ खान । कुनै कुनै इतिहासकारहरूले मंगोलियाका मंगोल सरदार-हरूद्वारा चीनमा स्थापना भएको युआन वंशलाई इसवी सन् १२०६ देखि १३६८ सम्म पनि मानेका छन् । यस अनुसार कुबलाइ खान युआन वंशका चतुर्थ राजकुमारको रूपमा देखापर्न आउँछन्। चेंगीज खानपछि यिनका छोरा ओगथाइ र दुई भाइ नाति खुयाक र मंकुले 'खान' पदवी लिए। मंकुको मृत्युपछि उनका भाइ कुबलाइले 'खान' पदवी लिए । यिनै कुबलाइ खान,चीनमा सोङवंशलाई परास्त गरीयुआन वंशको स्थापना गर्ने)ले एकताका एउटा सानो पहाडी थुंकोबाट हाल श्वैचचैत्य रहेको ठाउँमा एक रात एउटा अनौठो र चहकिलो प्रकाशपुञ्ज देखे। त्यो के वस्तु होला भनी उनले त्यहाँ खनाउँदा एउटा सानो चैत्य र एउटा बट्टा पाए । त्यस बट्टाभित्र देववाणी लेखिएको एउटा कागजपत्र फेलापऱ्यो । त्यसमा लेखिएको थियो 'उक्त चैत्यलाई एकहजार गुना ठूलो गरी बनाउनू ।'अनि त्यसबेला पेकिंग पुगेका नेपाली कलाकार अरनिकोले सम्राट् कुबलाइ खानको आदेशमा त्यसै ठाउँमा नेपाली शैलीको श्वेतचैत्य निर्माण गरे।

फेरि अर्को एक लोककथनानुसार, समय बित्दै गएपछि एकचोटि आकाशै छुने गरी माथि उठेको श्वेतचैत्यको गर्भगृह (बीचको मध्यभाग, तलबाट गोल परेर माथि फुक्दै गएको भाग)चर्किएर फुट्न थालेको संकेत देखापऱ्यो (हेर्नुहोस् चित्र नं. ८३)। यसलाई सबभन्दा पहिले श्वेतचैत्य रहेकै बौद्ध

महाविहारका एकजना हेरचाह गर्ने पालेले देख्यो । ऊ ज्यादै हड्बडायो र उसले यो कुरा तुरुन्त आफ्नो हाकिमलाई सुनायो र स्थलमै लगेर निरीक्षण पनि गरायो। वास्तवमा कुरो सत्य ठहरियो। श्वेतचैत्यको गर्भगृह नराम्रोसँग नै चर्क दै फुट्न लागेको रहेछ। त्यसपछि ठूलो खलबली भयो। हेर्न आउने मानिसहरूको ओइरो लाग्न थाल्यो । सबै जना एकै मुखले भन्न थाले "अहो, यस्तो पवित्र स्थलमा बनेको यस्तो अद्वितीय चैत्यको पेट नै फुटचो भने त ठूलो अनर्थ पो हुनेभयो, यो श्वेतचैत्य त हाम्रो राजधानीको सुरक्षार्थ वनिएको हो। यो बिग्रियो भने त हाम्रो राजधानीको हावापानी समेत नराम्रोसँग खलबलिन सक्छ, देशको भाग्य नै डुब्न सक्छ। यसको त्यत्रो ठूलो पेट छितरबितर भयो भने त वरिपरिका घरहरू पनि कति पुरिने हुन्, मानिसहरू कति मरिने हुन् । फेरि यस्तो श्वेतचैत्य बनाउने नेपाली कालिगड हामी कहाँ यहाँ आउने हुन् कि होइनन् ? लौ ठूलै फसाद पऱ्यो। यसलाई कसरी बचाउने ?"

पछि यो कुरा चीनियाँ बादशाहका हजूरमा जाहेर भयो। बादशाह झन् बढी चिन्तित हुन थाले । उनले स्वयं श्वेतचैत्यको पेट चर्केर फुट्न थालेको निरीक्षण गरे, अनि सम्बन्धित व्यक्तिहरूलाई आदेश दिए–"लौ, यो हाम्रो श्वेतचैत्यलाई कसरी बचाउने ? कसरी मर्मत गर्ने, उपाय पत्ता लगाऊ। अन्यथा, हाम्रो लागि ठूलो अनर्थ पो हुने भयो ।"

बादशाहको आदेश पाएपछि,सारा पेकिंग निवासीहरूले श्वेतचैत्यलाई बचाउने उपाय सोच्न थाले। एक थरी मानिसले भने–"श्वेतचैत्य ज्यादै पुरानो भैसक्यो, यसलाई जगसम्मै भत्काएर फेरि नयाँ गरेर बनाउन लाउनुपर्छ।"अर्को थरी मानिसले भने–"पुरानो वस्तुलाई निर्मूल पार्नु हुँदैन। यो श्वेतचैत्य त उहिले उहिले नेपालबाट आएका कलाकार अरनिकोले बनाएको हो। यस्तो लक्षणको ऐतिहासिक वस्तुलाई त हामीले जुनसुकै तरीकाबाट पनि अनेकन् जतन गरेर बचाउन सक्नुपर्छ।"

श्वेतचैत्यको पेट भने झन् झन्चर्कंदै फुट्न थालेको जस्तो प्रतीत हुन थाल्यो। यसले गर्दा पेकिंग-वासीहरूमा झन् ठूलो चिन्ता हुन थाल्यो। आखिर घरघरमा मात्र होइन, चिया, चाउचाउ र जाँडरक्सी खाने भट्टी पसलहरूमा समेत श्वेतचैत्यकै चर्चा हुन थाल्यो।

एक दिन श्वेतचैत्यकै सामुन्ने फूच्छमन टोलमा खुलिराखेको "सेङ यू स्यूग्रान"नाम गरेको सेल रोटी र चाउचाउ बेच्ने चमेना पसलमा मानिसहरू टन्न भरिएका थिए। तिनीहरूमध्ये चार-पाँच जनाले चाहि चमेना पसलका झ्यालबाट गगनचुम्बी श्वेतचैत्यलाई औंल्याउँदै "साँच्चै, यो श्वेतचैत्यको पेट फुटचो भने देशमा के के पो उपद्रव हुने होला क्यारे" भनेर मनको कुरा पोख्न लागेका थिए, ठीक त्यसैबेला त्यहाँ सबैको ध्यान आकर्षित गरी एक जना बूढो मान्छे देखापऱ्यो। त्यसको अनुहार र पहिरनबाट त्यो बूढो मान्छे पक्कै पनि एक जना कुशल कालिगड हो भन्ने कुरा झल्कन्थ्यो। अनि एक जनाले त्यो बूढासँग प्रश्न गरिहाल्यो–"ए बूढाबा, तपाईं के बनाउनुहुन्छ हँ ?" बूढाले नरम स्वरमा जवाफ दिए–"म घ्याम्पा बनाउँछु, मर्मत पनि गर्छु।"ठीक त्यसैबेला त्यहाँ रक्सीको एउटा प्याला भुईंमा खसेको थियो र

त्यो फुट्यो पनि। अनि रक्सी खान लागेको एकजना अर्को मान्छेले त्यो बूढासँग प्रश्न गऱ्यो–"ए बूढा बा, तपाईंले यो फुटेको प्याला मर्मत गरिदिनुहुन्छ कि ?" बूढाले जवाफ दिए–"म सानातिना वस्तुहरूको मर्मत त गर्दिनँ, ठूलठूला वस्तुहरूको मात्र मर्मत गर्छु।"अनि बूढाको कुरा सुन्ने जति सब छक्क परेर बसे। कोही कोही चाहिं बूढाको कुरा अनौठो मानेर पेट मिचीमिची चमेनाघर नै थर्कने गरी हाँस्न पनि थाले। त्यो बूढा भने आफूले अर्डर दिएको एक चीङ (आधा किलो जति) चाउचाउ खाइपिइसकेपछि त्यहाँबाट कसैसित नबोलीकन निस्कन लागे। त्यसैबेला जान्नेबुझ्ने खालका एक जना मान्छेले त्यो बूढालाई रोकेर यसरी प्रश्न गरे-"बूढाबा, ऊ परतिर हेर्नुहोस् त त्यो श्वेतचैत्यको पेट चर्केर फुट्न लागेको। तपाईं त्यसको मर्मत गर्न सक्नुहुन्छ त ? तपाईंले त्यसको मर्मत मात्र गरिदिनुभयो भने हामी सबै जना मिलेर तपाईंलाई मनग्गे रक्सी ख्वाउँछौं। कसो ?" यस प्रस्तावमा त्यहाँ भेला भएका सबै जनाले हाँस्दै ताली बजाउँदै सहर्ष स्वीकृति जनाए। तर, त्यो बूढा मान्छे भने कुनै किसिमको जवाफ नदिईकनै त्यहाँबाट लुरुलुरु निस्के।

दिन बित्दै गए। घ्याम्पा मर्मत गर्ने त्यो बूढा मान्छे भने त्यो चमेना पसलमा फेरि कहिल्यै देखा परेनन्। उता सौभाग्यको कुरो, श्वेतचैत्यको हेरचाह गर्ने मानिसहरूले श्वेतचैत्यको गर्भगृह (पेट) मा सात फन्को फलामे पटुका बाँधिराखेको देखे। श्वेतचैत्यको चर्कन लागेको, फुट्न खोजेको पेट त पहिलेकै साबिक बमोजिम स्वाट्टै कसिएर मिलिराखेको, चर्कन र फुट्न लागेको लक्षण त सब हराइसकेको।

अनि त सारा पेकिंगनिवासीहरू त्यहाँ श्वेतचैत्य हेर्न भनेर ओइरो लाग्न थाले। चीनियाँ बादशाह पनि दलबलसहित त्यहाँ निरीक्षण गर्न आइपुगे। सारा मानिसहरूले अचम्म मानेर एक मुखले भन्न लागे– "अहो, कस्तो आश्चर्य भएको यो। जादू गर्न जानेको कसको हातले मर्मत गरिदिएको हो।"

त्यसैबेला त्यहाँको चमेना पसलमा घ्याम्पा मर्मत गर्ने बूढालाई देख्ने एकजना अर्का बूढाले बादशाहलाई बिन्ती चढाए–"कोवाङ (महामना सम्राट्), यो हाम्रो लूफान (चीनमा पुराना समयमा ज्यादै नाम चलेका विश्वकर्मा) बाजेको चमत्कारपूर्ण करामत हो। केही दिनअघि उनी गुप्त भेषमा यहाँ चाउचाउ खान आएका थिए। हामीले उनीसँग श्वेतचैत्यको पेट चर्कन लागेकोमा मर्मत गरिदिने कुरा उठाएका थियौं। अब यो उनैको अदृश्य काम हो। अरू कसैको पनि होइन।"

यो कुरा सुनेपछि, सारा मानिसहरू दङ्ग भएर आफ्नो आफ्नो घर फर्के।

तदुपरान्त आजसम्म चीनमा अनेक परिवर्तनहरू भए। सन् १९४९ अक्टोबर १ देखि त्यहाँ साम्यवादी नयाँ व्यवस्थाको पनि स्थापना भयो। त्यस वेलादेखि चीन 'जनगणतन्त्र चीन' कहलियो।

केही वर्ष अघिमात्र (सन् १९६६–१९७६) चीनमा ठूलो सांस्कृतिक क्रान्ति पनि भयो। त्यसवेला त्यहाँ राजनैतिक उथलपुथल हुनुको साथै, सांस्कृतिक क्रान्तिको नाममा 'लालरक्षक' नामधारी उग्रवादी

क्रान्तिकारी युवावर्गले भरदेशमा नै अनेकन् पुराना अमूल्य सांस्कृतिक निधिहरू ध्वस्त नष्ट पारे। यस अन्तर्गत अनेकन मन्दिर,चैत्य र विहारहरू र त्यहाँका अद्वितीय कलाकृतिहरू पनि सखाप भए। राजधानी पेकिंगमै पनि यस्ता सांस्कृतिक ह्रासका अनेकन् दुःखद घटनाहरू भए। पेकिंग महानगरको केन्द्रविन्दु स्वरूप रहेको 'थियानमिन' चोकपछिल्तिर पेहाई पार्क नामको थुंकोमा रहेको चैत्य(यो चैत्य चाहिं सन् १२७१ मा नेपाली कलाकार अरनिकोले माथि उल्लेख भैसकेको फूच्छमन टोलमा बनाएको गगन-चुम्बी विशालकाय श्वेतचैत्यकै शैलीमा छिंग वंशमा सन् १६५१ मा बनिएको चैत्य हो (हेर्नुहोस् चित्र नं. ७०)। यस चैत्यको गर्भगृहको खोपामा कालचक्र तन्त्रको महामन्त्र "ह, क्ष, म, ल, व, र, यं" लाई एउटै अक्षरमा 'सप्ताक्षरी कूटाक्षर' बनाएर राखिएको छ)को सप्ताक्षरी कूटाक्षरको ठूलो खोपालाई नै बेरूप पारेर ध्वस्त पारियो। (हाल यसको जीर्णोद्धार गरिसकेको छ)।

तर सौभाग्यको कुरो, नेपाली कलाकार अरनिकोले बनाएको श्वेतचैत्यलाई भने ती उग्रवादी क्रान्तिकारी लालरक्षकहरूले पनि केही गर्न सकेनन्,हुनसक्छ केही गर्न चाहेनन्। यसो हुनुको एक मुख्य कारण चाहिं श्वेतचैत्यसम्वन्धी अपरिहार्य लोकआस्था र परम्परागत लोककथनहरू चीनियाँ शैलीमा भन्ने हो भने पेकिंग निवासीहरूको जिभ्रोमा अद्यापि झुण्डिएरं रहेकोले हुनसक्छ।

र,आज यो श्वेतचैत्य नेपाल र चीनको परम्परागत सांस्कृतिक सम्वन्ध र मित्रताको चोखो प्रतीक भैरहेको छ। अस्तु।

श्वेतचैत्य : जन-चिन्तन

नेपाल र चीनको परम्परागत मित्रता र सांस्कृतिक सम्वन्धको सम्वर्द्धनमा समय समयमा अनेकन् वीर पुरुषहरूले तथा महिलाहरूले अमूल्य योगदानहरू प्रदान गरेर गएका छन्। हुन त नेपाल र चीनका बीचमा विश्वका सर्वोच्च हिमशिखरका शृङ्खलाहरू आवद्ध भैरहेका छन्, यसबाट दुई देशका बीचमा आवागमनका अनेकन् कठिनाइहरू पनि छन्। तर, यी दुई देशका जनताले आदिकालदेखि नै जुन संकल्प लिएर दुई देशको मित्रता र सांस्कृतिक सम्वन्धको विकासका लागि अनेक उल्लेखनीय सेवाहरू गरे त्यसमा हिमालका शृङ्खलाहरू तगारो वन्न सकेनन्। यसैले नेपाल-चीनबीचको मित्रता विश्वको इतिहास-मा नै एक आदर्शको रूपमा रहिआएको छ। यो चाहिं नेपाल र चीन, दुवै देशका जनताका लागि अतीव गौरवको कुरा भएको छ।

उदाहरणका लागि चीनवाट नेपाल आउने महामञ्जुश्री, फासियान, सुयानच्वाङ आदि बौद्ध तीर्थयात्री विद्वान्हरू तथा नेपालवाट चीनको भूमिमा जाने बुद्धभद्र, भृकुटी, शीलमञ्जु आदि बौद्धधर्मका प्रचारक विद्वान् र विदुषीहरूकै क्रममा, तेह्रौं शताब्दीमा नेपालवाट ८० जना कलाकारहरूको नेतृत्व गरी तिब्बत (चीनको वर्तमान स्वायत्त प्रदेश) मा सुवर्ण चैत्य बनाउन जाने नेपाली वास्तुकलाविद् अरनिकोको नाम पनि उल्लेखनीय हुन आउँछ। तिब्बतमा सुवर्ण चैत्यको काम समाप्त भएपछि यिनै कलाकार अरनिकोले चीनको राजधानी तातू (वर्तमान पेकिङ्ग) मा विशालकाय श्वेतचैत्यको निर्माण गरे र आजसम्म पनि पेकिङ्गको मध्य-भागमा स्थित फूच्छमन मार्गमा म्याउयिङश बौद्ध महाविहार (यसको पुरानो नाम-ता सेङ सौ वाङ आन श) को हाताभित्र सिरानमा बुद्ध धर्म सङ्घको प्रतिनिधित्व गर्ने गगनचुम्वी त्यो श्वेतचैत्य कलाकार अरनिकोको अमर कृति र कीर्तिको रूपमा उभिनुको अतिरिक्त नेपाली र चिनियाँ जनताको बीचमा विकसित भैरहेको परम्परागत मित्रता र सांस्कृतिक सम्बन्धको प्रतीकस्वरूप पनि उभिएकै छ।

अरनिकोलाई तिब्बतमा बोलाएको मिति सन् १२६० मानिएको छ। तिब्बतमा आइपुगेको दोस्रो वर्षमा नै, अरनिकोले सुवर्ण चैत्यको निर्माणकार्य समाप्त गरे। त्यसपछि उनी चीनको युआन वंशका

संस्थापक सम्राट् शचु (यिनलाई हुपिले तथा कुबलाइ खान पनि भन्दछन्)को राजदरबारमा पुगे। यिनले सम्राट्को आदेशानुसार पेकिङ्गमा सन् १२७१ मा श्वेतचैत्यको निर्माणकार्यको थालनी गरी जम्मा आठ वर्ष लगाई सन् १२७९ मा निर्माणकार्य सम्पूर्ण गरेको विवरण पाइन्छ।

जुनबेला नेपाली कलाकार अरनिको श्वेतचैत्यको निर्माणकार्यमा व्यस्त भैरहेका थिए त्यसैबेलाताक सन् १२७५ मा इटाली देशका प्रसिद्ध यात्री मार्कोपोलोले पनि आफ्ना पिताजीका साथमा चीनमा युआन वंशका संस्थापक सम्राट् शचुको राजदरबारमा प्रवेश गरेका थिए। पछि,मार्कोपोलो पनि सम्राट् शचुका प्रियपात्र बने, उनी यान्चाउका राज्यपाल समेत भए। अनि १७ वर्षसम्म युआन राजवंशको शासनमा सेवा गरी उनी स्वदेश फर्के र पछि कारणवश स्वदेशमै युद्धबन्दी बने। त्यसबेला जेलभित्र उनले आफ्ना एकजना बन्दी साथीलाई "मार्कोपोलोको यात्रासंस्मरण" नामले एउटा पुस्तक लेखाए। सो पुस्तक चिनियाँ भाषामा उल्था भएपछि चिनियाँ जनताले नेपाली कलाकार अरनिकोलाई झैं नै मार्कोपोलोलाई पनि आफ्नो देशको परम मित्रको रूपमा मान्यता दिन थाले।

तर, चीनका पुरातात्त्विक र ऐतिहासिक अभिलेखहरूमा नेपाली कलाकार अरनिकोले जुन महत्त्वपूर्ण स्थान पाए, त्यसको तुलनामा चीनको इतिहासमा मार्कोपोलोको नामसम्म पनि कहीं कतै उल्लेख भएको चाहिं पाउन सकिएको छैन। जे-जति मार्कोपोलोका विषयमा जानकारीहरू प्राप्त हुन आए, ती सबै उनैले लेखाएका 'मार्कोपोलोको यात्रासंस्मरण" का स्रोतहरूबाट मात्र उपलब्ध भएका हुन्।

नेपाली कलाकार अरनिकोको चाहिं चीनमा यथेष्ट पुरातात्त्विक र ऐतिहासिक सामग्रीहरू प्राप्त भएका छन्। तीमध्ये सबभन्दा आधिकारिक सामग्री अरनिकोकै समाधिस्थलमा स्थापना गरिएको स्मारक-स्तम्भ (ल्याङको मिन हुइकोङ सन् ताउ पैल्याङको मिन हुइकोङको प्रस्तरको स्मारक-स्तम्भ। "ल्याङको मिन हुइ"भनेको चाहिं नेपाली कलाकार अरनिकोलाई प्रदान गरिएको मानार्थ पदवी हो)मा अङ्कित शिलाभिलेख ठहरिएको छ।

यो स्मारक-स्तम्भ सन् १३०६ मा अरनिकोको मृत्यु भएपछि, पेकिङ्गको उत्तर-पश्चिमतिरको कछाड क्षेत्रमा वाङफिङ जिल्लाको स्याङशान स्याङकाङ्च थुआनमा उनैको समाधिस्थलमा रहेको थियो र त्यहाँ एउटा सानो चैत्य पनि बनाइएको थियो। पछि,सन् १३११ मा अरनिकोको समाधिस्थलमा उनको जीवनी र कृतिको विस्तृत वर्णन गरिएको प्रशस्ति कुँदिएको एउटा कलात्मक प्रस्तर स्मारक-स्तम्भ खडा गरिएको थियो। उक्त स्तम्भमा रहेको शिलाभिलेखका लेखक थिए अरनिकोकै समकालीन विद्वान् लेखक चेन चू-फू (उपनाम चाहिं वन् हाई, यिनको समय सन् १२४९–१३१८)।

पछि, चेन चू-फू द्वारा लेखिएको अरनिकोको जीवनी र कृतिविषयक उक्त शिलाभिलेखको सम्पूर्ण विवरण "चिङ खान् होङ ऊ पन् चेन् स्यूए लौ ची ती सान् च्छ"नामक ग्रन्थमा संकलनको रूपमा रह्यो र यो ग्रन्थ संक्षिप्तमा "स्यूए लौ ची" (हिम-भवनसम्बन्धी रचनाहरू)नामले प्रसिद्ध भैरहेको छ (चित्र नं. ६७)।

तदुपरान्त उक्त शिलालेखकै आधारमा त्यसमा भएको विवरणको संक्षिप्तीकरण गरी, चीनको युआन राज्यवंशको इतिहासको २०३ औं खण्डमा पनि प्रविधि र प्रविधिज्ञहरूको वर्णनमा नेपाली कलाकार अरनिकोलाई सर्वोपरि स्थान दिई यिनको जीवनी र कृति संमिलित गरियो (चित्र नं. ५४)। चाउ स्याङ तू ल्याङ चिङ (मूर्तिलक्षणको सचित्र ग्रन्थ) मा पनि अरनिकोद्वारा उपलब्ध हुन आएका योगदानहरूको विवरण संकलित भयो (चित्र नं. ६४) । "च्छ शू" (चिनियाँ विश्वकोश; शब्दसागर) भाग ३ मा पनि नेपाली कलाकार अरनिकोको परिचय समाविष्ट गरियो । त्यसपछि 'चुङको फो चियाऊ' (चीनको बौद्धधर्म, चीन र नेपालबीचको धार्मिक सम्बन्धको परिच्छेद) मा, "चुङको कूताई श" (प्राचीन चीनको इतिहास) मा; "चुङको कू ताई चेन तू श" (प्राचीन चीनको वास्तुकला निर्माणको इतिहास) मा पनि नेपाली कलाकार अरनिकोले चीनमा त्यहाँका बौद्ध धर्म, कला र संस्कृतिका क्षेत्रमा अभूतपूर्वरूपले प्रदान गरेका अनेकन् योगदानहरूको उल्लेख र चर्चाहरू सम्मिलित भए । पछि पछि नेपाली कलाकार अरनिकोसम्बन्धी चिनियाँ र विदेशी विद्वान् अन्वेषकहरूले जति पनि उल्लेखहरू प्रकाशमा ल्याए, ती सबको मूलस्रोत चाहिं 'स्यूए लौ ची' नै कायम भएको देखिन्छ ।

'स्यूए लौची' मा अरनिकोले चीनमा आफ्नो बसाइमा निर्माण गरेका वस्तुहरूको सालमिति अङ्कित विवरणहरू एक एक उल्लेख गरिनुको साथै त्यसको तेरिज पनि दिइएको छ । त्यसमा अरनिकोले बनाएका चैत्यहरूको संख्या ३, ठूलो देवालय (बौद्धविहार इ.) को संख्या ९, देवपूजनस्थल एवं स्मृतिमन्दिर २ र सत्तल १ का उल्लेखहरू पाइन्छन् । यी सबका अतिरिक्त त्यसमा उनले राजदरबारका भित्री र बाहिरी भागमा रहेका सांस्कृतिक कृतिहरू, पूजा गर्ने मण्डपभवनका देवस्थलहरू, कार्यालयमा राखिने सामानहरू, धातुका ढलान कार्यहरू (मूर्ति आदि), माटोसम्बन्धी काम, रंगसम्बन्धी काम र यस्तै अन्य फुटकर कार्यहरू सम्पादन गरेका उल्लेखहरू पनि पाइन्छन् ।

चीनको इतिहासमा नेपाली कलाकार अरनिकोलाई ज्यादै परिश्रमी, ज्यादै लगनशील र ज्यादै प्रतिभाशाली कुशल कलाकारको रूपमा उल्लेख गरिएको पाइन्छ । युआन वंशको राज्यकालमा नयाँ राजधानी 'तातू' (वर्तमान पेकिङ्ग) को स्थापना भई, मुलुकभित्र एकीकरण हुनुको साथै विभिन्न जातिहरूमा धार्मिक र सांस्कृतिक एकता कायम हुन जानुमा पनि नेपाली कलाकार अरनिकोका विशेष उल्लेखनीय कृतिहरूको भूमिका रहेको देखिन्छ । नेपाल र चीन, यी दुई देशबीचको मित्रतापूर्ण सांस्कृतिक आदान-प्रदानको क्षेत्रमा त नेपाली कलाकार अरनिकोलाई एक ज्यादै नामी व्यक्ति नै मानिएको छ । "स्यूए लौ ची" मा एक ठाउँमा उल्लेख गरिएको छ–"यसका साथै, संसारमा नै अद्वितीय भएका ज्यादै सिपालु र बुद्धिमान् ल्याङ कोङ (अरनिकोलाई मानार्थ सम्बोधन गरिएको शब्द) जस्ता कालिगड पनि भएकोले, उनले जुन जुन काम गर्नको निमित्त आदेश पाउँथे, ती सब काम चाहिं आदेशबमोजिम उनी यथासमयमै सिध्याइदिन्थे । त्यसैले त्यस बेलाको समय सुनौलो समय थियो र त्यसले आकाशदेखि भुइँसम्म समेटेको थियो ।"

उक्त कुरा अरनिकोलाई उनका जीवितकालमा र मृत्यूपरान्त सम्मान गरिएका तथ्यहरूबाट पनि स्पष्ट हुन आउँछ । सन् १२७८ मा (श्वेतचैत्यको निर्माणकार्य समाप्ति हुने वेलाताक) चीनमा युग्रान वशका संस्थापक सम्राट् शचु (मंगोलजातिको सरदार चेंगगीज खानका नाति कुबलाइ खान, यिनको अर्को नाम हुपिले) ले नेपाली कलाकार अरनिको (चिनियाँ उच्चारण आनिक) लाई उनका हातका अनुपम सीपबाट अत्यन्त प्रभावित भई "क्वाङ लू ता फू ताश थू" (प्राचीन चीनमा प्रधानमन्त्री सरहको पदका लागि प्रदान गरिने) उपाधि प्रदान गरेका थिए तथा पछि उनलाई "चू से रङ च्याङ चुङ क्वाङ फु" (विभिन्न कलाकौशलका कार्यकर्ताहरूलाई रेखदेख गर्ने विभाग) का प्रमुख पदमा नियुक्त गरेका थिए । उनका लागि प्रयोग गरिने मानबोधक शब्द नै "ल्याङ को कोङ" (भारादारहरूका लागि प्रयोग गरिने दोस्रोश्रेणीको दर्जा) थियो । मृत्यपरान्त पनि सम्राट् उ चूङ (सम्राट् शचुका नाति) ले दिवंगत भैसकेका नेपाली कलाकार अरनिकोलाई उनले चीनका धार्मिक र सांस्कृतिक सम्पदाहरूको सम्वर्द्धनमा तथा चीनमा नेपाली वास्तुकला र शिल्पकलाको परम्परा स्थापना गर्नमा उल्लेखनीय सेवा गरेर गएबापत "कोङ खाई फू यी शान श थाई श" (प्रथमश्रेणीका भारादारलाई प्रदान गरिने) उपाधि थपिदिएका थिए । कलाकार अरनिकोले तालीम गरेका मुख्य चेलाको नाम लेउ यान थियो । यिनैले नेपाली कलाकार अरनिकोको बिंडो थामेर अनेक कलाकृतिहरू बनाएका थिए ।

सम्राट् तथा मन्त्रीहरूको मृत्यु भएमा, उनीहरूको जीवितावस्थामा भएका उपलब्धिहरूको सही मूल्याङ्कन गरी प्रदान गरिने विशेष सम्मानसूचक, 'कुशाग्रवुद्धि' प्रतीक भएको उपाधि "मिङ्ग हुई" बाट पनि नेपाली कलाकार अरनिकोको दिवंगत आत्मालाई विभूषित गरिएको थियो ।

र, आज सात सय वर्षपछि पनि नेपाली वास्तुकलाविद् अरनिको चीनको इतिहासमा र अपार चिनियाँ जनताका हृदयमा त्यत्तिकै सम्मानित हुन पाएका छन् । यो चाहिं नेपाल र चीनको परम्परागत मित्रता र सांस्कृतिक सम्बन्धको क्रम र विकासमा अत्यन्त गौरवमय कुरा भएको छ ।

यस प्रसङ्गमा नेपाली जनता र चिनियाँ जनताका बीचमा परम्परागत रूपमा रहिआएको मित्रता र सांस्कृतिक सम्बन्धको प्रतीकस्वरूप खडा भैरहेको 'श्वेत–चैत्य'–लाई सन् १९६१ मार्च ४ तारीखमा जनवादी गणतन्त्र चीन सरकारको राज्य परिषदले राष्ट्रिय अमूल्य ऐतिहासिक एवं सांस्कृतिक वस्तुहरूको सम्पत्तिको रूपमा पूर्णरूपेण संरक्षण प्रदान गर्ने जुन घोषणा गरेको थियो, त्यो विशेष उल्लेखनीय भएको छ । त्यसपछि, चीन सरकारले सन् १९७८ देखि सन् १९८० सम्ममा श्वेतचैत्य र त्योसँगै जोडिएको म्याउयिङश बौद्धमहाविहारको पूर्णरूपले जीर्णोद्धार गरी श्वेतचैत्यसम्बन्धी अध्ययन र अन्वेषण हुनेखालको एउटा प्रदर्शनी–कक्ष पनि त्यस बौद्धमहाविहारकै हाताभित्र खोलिदिएको छ । नेपाली कलाकार अरनिकोले तयार पारेको नेपाली शैली र ढाँचामा तथा उनकै निर्देशनमा बनिएको त्यस श्वेतचैत्यमा चिनियाँ जनताको श्रम र सीप पनि नङ र मासु झैं अभिन्न भएर रहेकै छन् ।

आज पेकिंग महानगरको मध्यभागमा म्याउयिङश बौद्धमहाविहारको (श्वेतचैत्य महाविहारको) हाताभित्र भूपुरयन्त्रको मण्डपबाट उठेको वेदीमा स्थित कमलासनमा श्वेतचैत्यको विशालकाय गर्भगृह,

अनि त्यसको माथिल्लो भागमा उच्चिएर गएको त्रयोदश भुवनका चक्रावली, अनि त्यसमाथिको ताँबाका झल्लर र ताँबाका घण्टाहरूयुक्त विशाल छत्र (यसको सतहमा एकैसाथ तीनवटा मोटर दौडाउन सकिन्छ भन्ने कथन छ) र त्यसमाथिको गगनचुम्बी सुनको गजूर देदीप्यमान भएर रहेको छ । यो श्वेतचैत्यको अनुपम सौन्दर्यको संरक्षणका लागि चिनियाँ जनता ज्यादै सजग र सतर्क भैरहेका छन् । उदाहरणका लागि श्वेतचैत्यको पश्चिम बगलमा भटमासबाट तोफु (खाद्यपदार्थ) बनाउने एउटा कारखाना छ । त्यस कारखानाको ज्यासलमा जडिराखेको एउटा चिमनीबाट कालो धूवाँ निस्किरहन्छ । त्यस कालो धूवाँले श्वेतचैत्यको ज्योत्स्नारुपी सौन्दर्यलाई कहीं कतै ध्वांसे पार्न नपाओस् भनेर पेकिंगका लोकप्रिय पत्रपत्रिकाहरूले समयोचित आवाज जुन उठाएका छन् प्रसङ्गवश त्यो यहाँ उल्लेखनीय हुन आउँछ, यथा–

सन् १९८० को सेप्टेम्बर १० तारीखमा प्रकाशित "पैचिग रिपाऊ" (पेकिंग जनदैनिक) मा पत्रकार वाङ चङ स्याङद्वारा लिखित श्वेतचैत्यसम्बन्धी एउटा लेख प्रकाशित भएको थियो, त्यसको एकटुक्रा उतार यसप्रकार छ–

"श्वेतचैत्य चीन र नेपाल यी दुई देशका जनताका बीचमा रहिआएको मित्रताको द्योतक हो । यस चैत्यको शैली र ढाँचा नेपालबाट आएको हो । त्यो नेपाली कलाकार अरनिकोद्वारा युआन राज्यवंशका प्रथम सम्राट्को शासनको प्रथम वर्ष अर्थात् सन् १२६० मा चीनमा भित्र्याइएको थियो । बाहिर जनाइएअनुसार, त्यस नेपाली कलाकारले चीनमा आएपछि, तीनवटा चैत्यहरूको निर्माण गरेका थिए, एउटा चाहिं सीचांग (तिब्बत) मा; अर्कोचाहिं उथाइशानमा र तेस्रोचाहिं यो श्वेतचैत्य नै हो । चीनमा आएपछि, कलाकार अरनिकोले धेरै योगदानहरू दिएकाले, उनी मरेपछि पनि युआन राज्यवंशले उनलाई 'ल्याङको कुङ' को पदवी प्रदान गरे ।

यस्तो महत्त्वपूर्ण सांस्कृतिक वस्तु सरकार र जनताको ख्याल, विचार र संरक्षणको पात्र बन्नु आवश्यक कुरा हो । सन् १९६२ मा पेकिंग शहरका सांस्कृतिक कार्यदलले श्वेतचैत्यमा चट्याङबाट सुरक्षित हुने उपकरण जडान गरिसकेको छ । सन् १९७६ मा थाङशाङमा गएको महाभूकम्पले पेकिंग शहरसमेत छोएकोले, श्वेतचैत्य पनि अपेक्षाकृत रूपमा विग्रिन पुगेको थियो । सन् १९७८ को सेप्टेम्बर महीनामा श्वेतचैत्य र त्यस हाताभित्रको बौद्धमहाविहारलाई बलियो पार्ने गरी जीर्णोद्धारकार्य थालेको थियो (चित्र नं. ७५–७६)। यसबाट श्वेतचैत्य र बौद्धविहारमा नयाँ रूप थपिन गएको छ । तर अर्को समस्या आइपरेको छ, यस श्वेतचैत्यको केही मीटर टाढा "सी छङ छिउ तौफ" (पेकिंग शहरको पश्चिम टोलमा रहेको तोफु बनाउने कारखाना) को एउटा ज्यासलमा उभ्याइएको एउटा चिम्नीबाट निरन्तर रूपमा कालो धूवाँ निस्किरहेको छ । त्यो धूवाँबाट श्वेतचैत्यका लागि ठूलो त्रास सिर्जना गरेको छ । बाहिर जनाइएअनुसार, केही उचित कदम नचालिएको खण्डमा श्वेतचैत्य छिटै नै कालोचैत्य बन्न बेर लाउँदैन । जुनसुकै पक्षबाट विचार गरिए तापनि यसो गर्नदिनु चाहिं राम्रो हुँदैन । यसउसले केही समाचारपत्रहरूले अपील गरिसकेका छन्, तर अपील गरिए तापनि तोफु बनाउने कारखानाको ज्यासलबाट कालो धूवाँचाहिं निस्किरहेकै छ । हामीले तोफु बनाउने कारखानासित प्रश्न गर्दा, तिनीहरूको भनाइअनुसार सीछङ टोल क्षेत्रका ८ लाख मानिसहरूका लागि तोफु बनाई वितरण गरिनुपर्दछ,

कारखानाले सो उत्पादन नगरेको खण्डमा सो टोल क्षेत्रका मानिसहरूले तोफु कहाँबाट पाउने ? आखिर श्वेतचैत्य र तोफुका बीचमा प्रतिद्वन्द्विता भैसकेको देखिन्छ ।

अहिले यसो हेर्ने हो भने, श्वेतचैत्यजस्तो प्राचीन सांस्कृतिक वस्तुवरिपरि अग्ला अग्ला भवनहरू निर्माण गर्ने र चिम्नीहरू उभ्याउने जस्तो कुराचाहिं भूलको कुरा हो, ज्यादै नराम्रो कुरा हो । व्यवसायी कार्यालय होस् अथवा योजना संचालक विभाग होस्, सबैले नै यस कुराबाट अनुभव सिक्नुपर्दछ । अहिले श्वेतचैत्य र तोफुका बीचमा रहिरहेको प्रतिद्वन्द्विताको समाधान गरिनुपर्दछ, श्वेतचैत्यलाई कालो धूवाँबाट अवश्य नै मुक्त पारिनुपर्दछ ।"

उक्त समाचार जनसमक्ष आएपछि, सारा पेकिंगनिवासीहरूको ध्यान श्वेतचैत्यमा झन् केन्द्रित हुन थाल्यो । पछि, पत्रकार ल्यौ वन तुङले सोही वर्षको "पैचिंग रिपाऊ"–को अक्टोबर ३० तारीखको अङ्कमा एउटा लेख प्रस्तुत गरी स्थितिलाई यसरी स्पष्ट पारे, त्यसको एक अंश उतार यसप्रकार छ–


"सेप्टेम्बर १० तारीखमा यस समाचारपत्र (पैचिङ्ग रिपाऊ) ले "श्वेतचैत्य र तोफु" भन्ने शीर्षकमा एउटा टिप्पणी लेख प्रकाशित गरेपछि विभिन्न अङ्ग र एकाइको दृष्टिलाई आकर्षित गरेको छ । यस शहर (पेकिङ्ग) को योजना आयोग, निर्माण आयोग, वित्तीय कार्यालय, दोस्रो वाणिज्य व्यूरो, वातावरण संरक्षण व्यूरो, योजना व्यूरो, सांस्कृतिक वस्तु संरक्षण व्यूरो जस्ता एकाइहरूले तत्कालै सभा बोलाएर त्यस समस्या (श्वेतचैत्यमा कालोधूवाँ लाग्ने सम्भावना) को विषयमा ध्यानपूर्वक विचार-विमर्श गरेका थिए । ती सबै एकाइहरूले श्वेतचैत्यको सुरक्षा गर्नुका साथै, जनताका लागि तोफुको वितरण गर्ने वास्तविक अवस्थामा दृष्टि पुऱ्याउँदा, त्यस समस्याको समाधान गर्ने दुई चरणका कदमहरू प्रस्तुत गरेका थिए ।

पहिलो कदम त्यस कारखाना (तोफु बनाउने) को ज्यासलमा सुधार ल्याएर कालो धूवाँबाट श्वेतचैत्यलाई दूषित पार्ने तत्त्वलाई घटाउने । त्यसको उद्देश्य के हो भने त्यस कारखानाको ज्यासलमा रहेको ठूलो अगेनु भएको भट्टीलाई त्यस कारखानाको उत्तर-पूर्व कुनाबाट दक्षिण-पश्चिम कुनामा अर्थात् श्वेतचैत्यदेखि १० मिटर टाढा पर्ने ठाउँबाट मोटामोटी ३५ मिटर टाढा पर्ने ठाउँमा सार्नुको साथै ज्यासलमा धूवाँ र धूलो घटाउने उपकरण जडान गर्ने । यसबाट श्वेत चैत्यलाई दूषित पार्ने कालो धूवाँ घटाउनुको साथै जनताको जीवनमा गोलमाल ल्याउने समस्याको समाधान पनि गर्न सकिन्छ । यो कदम चलिरहेकै छ । अडकल गरिएअनुसार यस वर्षको अन्तसम्ममा पूरा हुनेछ ।


दोस्रो कदमचाहिं त्यस कारखानालाई अर्कै ठाउँमा सारेर पूर्णरूपमा श्वेतचैत्य र वरिपरिका वातावरणलाई दूषित पार्ने त्यस चिम्नीको समाधान गर्ने । अहिले यस कार्यसम्बन्धी योजनापत्रको लेखाजोखा हुनुको साथै, शहर (पेकिङ्ग) को योजना आयोगबाट पनि अनुमोदन भैसकेको छ । हाल,



अमिताभ बुद्ध ध्यान मुद्रामा
३४



शाक्यमुनि बुद्ध भूमिस्पर्श मुद्रामा
दायाँतर्फ भिक्षु आनन्द,
बायाँतर्फ भिक्षु काश्यप
३५




भैषज्य तथागत वरद मुद्रामा
३६

श्वेत चैत्य महाविहारको छि फो तेन् देवालयभित्रका मूर्तिहरू



श्वेत चैत्यको गर्भगृह मण्डपको अग्रभागमा धर्मचक्र

३७




श्वेत चैत्यको प्राङ्गणमा रोपिएका प्राचीन 'छचूसु' नामका रूखहरू

३८



श्वेत चैत्य महाविहारको 'च्यू लिउ सड् थोड् तेन्' देवालयमा चार प्राचीन सुवर्णाक्षर

३९



श्वेत चैत्य महाविहारको
'छि फो तेन्' देवालयको प्राङ्गणमा
ढलौटे सिंह मूर्ति
४०




श्वेत चैत महाविहारको
'च्यू लिउ सङ् थोङ तेन्' देवालयमा
ढुंगे सिंढी भएको प्रवेशद्वार
४१




श्वेत चैत्य महाविहारको 'छिफोतेन्' देवालयभित्रको बुट्टे सिलिङ्गमा अजिङ्गरका मूर्तिहरू
४२



श्वेत चैत्य महाविहारको 'छि फो तेन' देवालयभित्र अरहत्का धातु मूर्तिहरू
४३



श्वेत चैत्य महाविहारको प्राङ्गणबाट
श्वेत चैत्यको दृश्य
४४



श्वेत चैत्यका चार कुनामा रहेका
मन्दिरहरूमध्ये एकको दृश्य
४५



हरित तारा
४६



एकादश लोकेश्वर
४७



सिंहमुखी डाकिनी
४८




महिषसम्वर
४९


श्वेतचैत्य महाविहारको "च्यू लिऊ सङ्थोङ् तेन्" देवालयभित्र सजाइराखेका पौभाचित्रहरू



श्वेत चैत्यको वेदीमाथि उठाइएका भूपुरयन्त्र शैलीका कोणहरू
५०



श्वेत चैत्यका वेदी र सिंढीका प्रस्तर स्तम्भ र ईंटहरू
५१



'श्वेत चैत्य महाविहारको 'च्यू लिउ सङ् थोङ् तेन्' देवालयभित्र
पेकिंगस्थित नेपालीहरूबाट बुद्ध पूजा
'५२



'श्वेत चैत्य महाविहारको 'छि फो तेन्' देवालयको दृश्य
पेकिंगस्थित नेपालीहरू चिनिया मित्रहरूका साथमा
५३

ठाउँ खोज्ने, योजना बनाउने, डिजाइन गर्ने जस्ता कामकाजहरू चलिरहेकै देखिन्छन् । पूर्वशर्तहरू मिलाइसकेपछि त्यसको निर्माणकार्य सकिनेछ ।"

अन्ततोगत्वा नेपाल र चीन, यी दुई देशबीचको परम्परागत मित्रता र सांस्कृतिक सम्वन्धको विकासमा नेपाली कलाकार अरनिको र श्वेतचैत्यको भूमिका ज्यादै उल्लेखनीय भएको छ, साथै श्वेतचैत्यको चोखो सौन्दर्यको संरक्षणखातिर चिनियाँ जनताको सजगता र चिन्तन पनि उत्तिकै समयोचित भैरहेको देखिन्छ ।

'श्वेतचैत्य'को निर्माण-मितिमा देखापरेका ऐतिहासिक भ्रमहरूको निवारण

नेपालका राष्ट्रिय विभूति कलाकार अरनिकोले तेह्रौं शताब्दीमा छिमेकी देश चीनको राजधानी तातू (आजको पेकिंग) मा बनाएको 'श्वेतचैत्य' नेपाल र चीनको परम्परागत सांस्कृतिक सम्बन्ध र मित्रताको प्रतीकको रूपमा अद्यापि त्यहाँ फूच्छमन टोलमा म्याउयिंग श महाविहारको हाताभित्र (श्वेतचैत्य महाविहारमा) गगनचुम्बी भएर उभिएकै छ ।

म्याउयिंग श महाविहारको संग्रहालयमा र थियन् आन् मन् स्क्वायरमा रहेको ऐतिहासिक एवं सांस्कृतिक संग्रहालयमा प्रदर्शित ऐतिहासिक सालमितिअनुसार अरनिकोले बनाएको 'श्वेतचैत्य'को निर्माणकाललाई ईसवी सन् १२७१ कायम गरिएको छ। चीनको युआन वंशको इतिहास खण्ड २०३ मा, अरनिकोकै समकालिक लेखक चङ चू फूको "स्वय लौ ची" नामक ग्रन्थमा भएको अरनिकोको जीवनी र कृतिहरूको विवरण (अरनिकोको समाधिस्थलमा रहेको कीर्तिस्तम्भमा कुँदिएको अभिलेखको प्रतिलिपि) मा, चिनियाँ "च्छ सू" (विश्वकोश) मा, चीनको "चुङको फो चियाउ" (चीनको बौद्धधर्मको इतिहास) मा, चीनको 'चुङको कू ताई चेन तू श' (प्राचीन चीनको वास्तुनिर्माण विधिको इतिहास) आदि आदि अभिलेख र ग्रन्थहरूमा पनि नेपाली कलाकार अरनिकोले युआनवंशमा सम्राट् कुबलाइ खान (यिनलाई शचु र हुपिले पनि भन्दछन्) को आदेशबमोजिम, श्वेतचैत्य निर्माण गरेको मिति १२७१ नै कायम गरिएको र यसको निर्माणकार्य आठ वर्ष लगाएर पूर्ण गरिएको तथ्य पाइन्छ।

दुःखको कुरो, यस किसिमका प्रामाणिक तथ्यहरू हुँदाहुँदै पनि एकथरी चीनियाँ तत्त्वान्वेषकहरूले चाहिं नेपाली कलाकार अरनिकोद्वारा निर्मित श्वेतचैत्यको चर्चा गर्दा, यो श्वेतचैत्य लियाऊ वंशमा सन् १०९७ मा निर्माण गरिएको हो र पछि युआनवंशमा आएर सन् १२७१ मा यसको जीर्णोद्धार मात्र गरिएको हो भनेर भ्रमपूर्ण कुराहरू उल्लेख गरेका छन्। फेरि अर्काथरी चीनिया तत्त्वान्वेषकहरूले चाहिं नेपाली कलाकार अरनिकोले श्वेतचैत्यको निर्माणकार्य २ वर्षमा समाप्त गरे भनेर सालमितिमा समेत

तलमाथि पारेका छन्। नेपाल र चीनको परम्परागत मित्रताको इतिहासमा यस किसिमका भ्रमपूर्ण कुराहरूको निवारण गर्नु अति आवश्यक भएको छ। अन्यथा, एक दुईजना तत्त्वान्वेषकहरूबाट गरिएका गलत धारणा र त्रुटिहरूबाट अनेकन् विवादास्पद कुराहरू पछिसम्म पनि कलङ्कको रूपमा देखा परिरहने हुन्छन्।

अतः यसका लागि हामी सर्वप्रथम चीनकै ऐतिहासिक पृष्ठभूमि जोडौं। चीनको इतिहासमा युआन वंशको स्थापनाकाललाई पनि सन् १२७१ नै मानिएको छ। कुनै-कुनै उल्लेखहरूमा भने 'युआन' (मंगोल) भनेर १२०६ लेखिएको पनि पाइन्छ, फेरि कुनै-कुनैमा चाहिं १२६७। यसरी एकरूपता नहुनुका कारणमा चाहिं एकथरी इतिहासकारले मंगोलहरूका सर्दार चेंगीजले चारैतिर दिग्विजय गरी 'खान' पदवी लिएर राजगद्दीमा बसेको मितिलाई नै युआन वंशको शुरूआत (१२०६) माने। अर्काथरीले चाहिं चेङ्गीज खानका नाति कुबलाइ खानले त्यसबेलाका चीनमा सोङ वंशी शासकहरूलाई आंशिक रूपमा अधीनस्थ गरेको तथ्यलाई मानेर युआन वंशको स्थापनाकाल १२६७ माने। आधुनिक इतिहासकारहरूले चाहिं कुबलाइ खानले तातू (वर्तमान पेकिंग) मा नयाँ राजधानी बनाई युआन वंश स्थापना गरेको मिति १२७१ लाई मान्यता दिए।

तर, युआन वंशको उदय हुनुभन्दा अघि तथा युआन वंशको स्थापनापछि पनि चीनको भू-भागमा उत्तरी सोङ वंश (९६०–११२७ सम्म) र दक्षिण सोङ वंश (११२७–१२७९ सम्म) कायम नै थिए। फेरि युआन वंशअघि चाहिं लियाऊ वंश (९१६–११२५ सम्म), शी श्या वंश (१०३८–१२२७ सम्म) र छिन वंश (१११५–१२३४ सम्म) पनि कायम नै थिए।

युआन वंशको अन्त्यलाई भने सबै इतिहासकारहरूले एकै मिति अर्थात् १३६८ लाई नै मानेका छन्। युआन वंशपछि मिङवंश (१३६८–१६४४) र छिङ वंश (१६४४–१९११) देखापर्दछन्। त्यसपछि १९११ देखि १९४९ सेप्टेम्बरसम्म पनि प्रजातान्त्रिक आन्दोलन आदिकै क्रम देखापर्दछ र १९४९ अक्टोबर १ मा जनगणतन्त्र चीनको स्थापना हुन्छ।

मिङ वंशकालीन एकजना विद्वान् लेखक च्याङ यी खुईले "छाङ आन ख ह्वा" (छाङ आनका कुराकानी) नामक आफ्नो पुस्तकको दोस्रो भागमा श्वेतचैत्य निर्माणको विषयमा यसरी लेख्न पुगेका छन्–"राजधानी पेकिंगको उत्तर–पश्चिम कुनामा रहेको फूच्छ मनको हाताभित्र दाहिनेपट्टि एउटा श्वेतचैत्य छ। त्यसलाई सबैले पैथा श (श्वेतचैत्य बौद्ध महाविहार) भन्दछन्। यो श्वेतचैत्य लिआऊ राज्यवंशको सौ छाङ नामको साल २ (सन् १०९६) मा निर्माण भएको हो भन्ने कथन छ।

...पछि यो चैत्य लडाइँको मारमा परेर ध्वस्त हुँदा, सम्राट् शचु (कुबलाइ खान)ले यसको सिंगार गर्न लगाए।"

पछि यही गलत कुरालाई अनुकरण गरेर एक दुई जना आधुनिक लेखकहरूले पनि आफ्ना ग्रन्थहरूमा यसरी लेख्न पुगे –

सन् १९८१ अप्रिलमा तत्त्वान्वेषक चिङ सउ सन्‌द्वारा लिखित तथा 'पैचिङ छ पान श' (पेकिंग छापाखाना) द्वारा प्रकाशित "पैचिन त ह्वान सो" (पेकिंगका लोककथनहरू) नामक पुस्तकमा नेपाली कलाकार अरनिकोले बनाएको श्वेतचैत्यसम्बन्धी 'श्वेतचैत्यको मर्मत' शीर्षकको एउटा लेख छ त्यसको पादटिप्पणीमा पनि यस प्रकार लेखिएको छ–

"श्वेतचैत्य विहारभित्रको श्वेतचैत्य लियाऊ वंशको सौ छाङको ३ साल (सन् १०९७) मा बनाएको हो । युग्रान वंशमा त्यस (श्वेतचैत्य) लाई 'ता सेन् सौ वान आन श' भनिन्थ्यो । मिङ वंशको थियन सुनको पहिलो साल (१४५७) मा हालको नाम म्याउयिंग श राखियो । ता सङ सौ वान आन श र म्याउयिंग श श्वेतचैत्य अवस्थित बौद्ध महाविहारका नाम हुन् ।"

सन् १९८२ मा पेकिंगको विदेशी भाषा प्रेस (Foreign Languages Press) बाट "पैचिङ; चीनको प्राचीन तथा अर्वाचीन राजधानी" भन्ने पुस्तक प्रकाशित भएको छ । यसका लेखक ल्यू चूनवेन (Liu Junwen) ले पनि उक्त पुस्तकको पृष्ठ ८ मा यसरी लेख्न पुगेका छन्–

"तातू (पैचिंग) को वैभवपूर्ण नगरले अनेक विदेशी ब्रेपारी र भिक्षुहरूलाई आकर्षण गरे, फलतः युआनकालीन चीन र विदेशी मुलुकहरूको बीचमा बराबर सम्पर्क हुन थालेपछि त्यसबाट सांस्कृतिक आदान प्रदानको सम्वर्द्धन हुन थाल्यो । पैता श (श्वेतचैत्यको मन्दिर) जुन अद्यापि फुच्छमतभित्र उभिएकै छ, अरनिको नाम गरेका एकजना नेपालीको मदतबाट पुनर्निर्माण भयो ।"

एक दुईजना चीनियाँ तत्त्वान्वेषक महोदयहरूले नेपाली कलाकार अरनिकोद्वारा निर्मित श्वेतचैत्य-सम्बन्धी अज्ञानवश एउटा ठूलै गल्ती गरिदिंदा, चीन र नेपालबीचको युगौं पुरानो परम्परागत सांस्कृतिक सम्बन्धमा समेत नराम्रोसँग आँच आउने सम्भावना देखिएपछि, यसबारेमा वास्तविक तथ्य कुरा प्रकाशमा ल्याउन अनेक चीनियाँ विद्वान्‌हरू नै अन्वेषणकार्यमा लाग्न थाले ।

यसमा विशेष चासो लिएर अन्वेषण गर्ने एक जना ख्यातिप्राप्त तत्त्वान्वेषक चाहिं ह्वाङ सन् चाङ हुन् । श्वेतचैत्यसम्बन्धी यिनको एउटा खोजपूर्ण लेख "आधुनिक बौद्ध धर्म शास्त्र" नामक पत्रिकाको चौथो अङ्क (सन् १९६१ मा प्रकाशित) मा निस्केको छ । यस लेखको शीर्षक हो "पेकिङ्गको श्वेतचैत्य बौद्ध महाविहारभित्रको श्वेतचैत्यको निर्माण काल तथा चीन र नेपालबीचको सांस्कृतिक आदान-प्रदान ।" यसमा ह्वाङ सन् चाङले यसरी तर्क गरी आफ्नो विचार व्यक्त गरेका छन्–

यो श्वेतचैत्यको शैलीको मौलिकता कहाँबाट आएको हो त ? तिब्बतबाट अथवा नेपालबाट ? यसबारेमा गहिरिएर विचार गर्ने हो भने त्यस बेलाको राजनैतिक परिस्थितिमा विशेष ध्यान दिनुपर्दछ । त्यस बखतमा चीनको विशाल भूमि अनेकन् स्वाधीन राज्यहरूमा विभक्त थियो । त्यसबेला लियाऊ राज्यवंशले तिब्बत र नेपालसँग संबन्ध जोड्न सम्भव थियो त ? यसबारेमा कुनै पनि ऐतिहासिक

उल्लेखहरू देखापरेनन् ; । यसैले श्वेतचैत्य लियाऊ राज्यवंशमा निर्माण भएको तथा पछि युआन राज्यवंशमा मात्र जीर्णोद्धार भएको भन्ने उल्लेख बिलकुल गलत छ । हामीले युआन राज्यवंशको इतिहास तथा अरनिकोको समाधिमा रहेको शिलालेखमा अङ्कित गरिएका तथ्यपूर्ण कुरालाई प्रामाणिक मान्नुपर्दछ (चित्र नं. ५४,६७) ।

हो, श्वेतचैत्य रहेको त्यो शुरूको "ता सङ सौ वान् आन्" नामक बौद्ध महाविहार चयुआनको अठ्ठाइसौं वर्ष (१२९१) मा आगलागी भएर विध्वंस पुग्यो । वर्तमान म्याउयिंग श बौद्ध महाविहारले अरनिकोका कलाकृतिलाई केही मात्रामा प्रतिनिधित्व नगर्ला, तर यो ठूलो सौभाग्य हो कि नेपाली कलाकार अरनिकोले बनाएको 'श्वेतचैत्य' चाहिं त्यसवेलादेखि आजसम्म पनि जस्ताको तस्तै गगनचुम्बी भएर उभिएकै छ (चित्र नं. २७) ।

विद्वान् ह्वाङको निचोडअनुसार तिब्बतको यद्वा पेकिंगको श्वेतचैत्यको शैली नेपाली चैत्यशैलीबाट सिर्जना भएको हो । चैत्यनिर्माण गर्ने वास्तुकलाको यो शैली सन् १२६० तिर नेपालबाट तिब्बत आइपुग्यो, अनि त्यताबाट सन् १२७९ मा पेकिंग र सन् १३०१ मा उथाइसान (चीनकै शान्सी प्रान्तमा महा-मञ्जुश्रीको महाविहार भएको पञ्चशीर्ष पर्वत) सम्म पनि पुग्यो । यसको सम्पूर्ण श्रेय नेपाली कलाकार अरनिकोलाई नै दिनुपर्छ ।

वास्तवमा युआन वंशका संस्थापक शचु (कुबलाइ खान) को अनुरोधमा नेपालका राजाले अरनिको-को नेतृत्वमा ८० जना कलाकारहरू तिब्बतमा पठाएका हुन् । तिनीहरूले पहिले तिब्बतमा एउटा सुवर्णचैत्य बनाए । यस किसिमको चैत्यमा पृथ्वी, जल, अग्नि र हावालाई प्रतिनिधित्व गर्ने चार तह हुन्छन्, अनि अग्निको प्रतीकस्वरूप बनिने तेस्रो तहमा चाहिं विशेषत: जलप लगाएको हुन्छ । त्यसपछि, अरनिको सम्राट् शचुका धर्मगुरु पागसपाका साथमा पेकिंग आइपुगे । उनलाई युआन वंशको राजदरबारमा सेवा गर्ने र चीनमा नै बस्ने अनुरोध गरियो । फलत: उनले ललितकला र वास्तुकलाका क्षेत्रमा आफ्नो बहुमुखी प्रतिभाको पूर्ण चमत्कार देखाएर चीन र नेपालको सांस्कृतिक आदान-प्रदानमा अद्वितीय देनहरू प्रदान गरे ।

आज नेपाली कलाकार अरनिकोले पेकिंगमा बनाएको त्यो श्वेतचैत्यलाई जनगणतन्त्र चीन सरकारबाट "हाम्रो राष्ट्रिय सांस्कृतिक वस्तुहरू संरक्षण गर्ने पहिलो समूहभित्र सुरक्षित" भनेर घोषित गरिसकेको छ । चीनियाँ जनताले श्वेतचैत्यका लागि सक्दो हेरविचार पुऱ्याइआएका छन् ।

यो श्वेतचैत्य लियाऊ वंशमा बनाएको तथा युआन वंशमा जीर्णोद्धार भएको हो भन्ने परम्परागत सिद्धान्तचाहिं छिङ वंश (१६४४–१९११) का प्रारम्भिक समयका विद्वान्हरूले अपनाउन पुगेका हुन् । अनि यस परम्परालाई छिङ वंशका सम्राट् खांगसी र सम्राट् छियनलङले समेत आफ्ना शिलालेख-हरूमा एक किसिमले स्वीकार्न पुगे । पछि, पुरातत्त्वान्वेषक र इतिहासकारहरूले अनेकन्

महत्त्वपूर्ण अन्वेषण र अनुसन्धान गर्दा, यस किसिमको परम्परागत सिद्धान्तलाई प्रतिपादित गर्ने खोज्ने तत्त्वान्वेषक चाहिं मिङ वंशकालीन सन् पाङ रहेछन् । तिनले यस्तो भ्रमपूर्ण कुरा "वान् सु सा ची" (पेकिंगका वाङ फिङ जिल्लाका वडाहाकिमका विविध लेखोटहरू) मा उल्लेख गर्न पुगेका रहेछन् । त्यसमा मियाउयिङ बौद्ध महाविहार (श्वेतचैत्य रहेको विहार) सम्बन्धी केही कुरा उल्लेख गर्दा तिनले त्यो श्वेतचैत्य सौ छाङको दोस्रो वर्ष (१०९६, लियाऊ राज्यवंशकाल) मा बनाएको तथा च युआनको आठौं वर्ष (१२७१, युआन राज्यवंशकाल) मा जीर्णोद्धार भएको भनेर लेखेका छन् । पछि, यस किसिमको भ्रमपूर्ण गलत उल्लेख कसो-कसो परम्परा नै वन्न पुगेछ । वास्तवमा युआनको आठौं वर्ष (१२७१) मा श्वेतचैत्यको जीर्णोद्धार गरिएको तथ्य अन्यत्र कहीं कतै उल्लेख गरिएको पाइँदैन । श्वेतचैत्यलाई राष्ट्रिय सांस्कृतिक सम्पदाको रूपमा संरक्षणखातिर वर्तमान सरकारले आफ्नो हातमा लिएपछि, तथाकथित गलत तथ्यबारे अनेकन् अन्वेषण र अनुसन्धान गरिंदा पनि लियाऊ राज्यवंशकालमा श्वेतचैत्य निर्माण गरिएको कुनै प्रामाणिक तथ्य कतैबाट प्राप्त हुन सकेन ।

तत्त्वान्वेषक ह्वाङ सन चाङले श्वेतचैत्यको विषयमा यसरी निकै गहिरो अध्ययन गरेकै भएता पनि उनले स्वयं आफूले चाहिं श्वेतचैत्यको निर्माण मितिलाई सन् १२७९ मानेका छन् । यसमा माथि एक ठाउँमा श्वेतचैत्य निर्माणको शैली सन् १२७९ मा मात्र पेकिंग आइपुगेको उल्लेख पनि भैसकेको छ । यिनवाट भएको यस किसिमको त्रुटिलाई पनि अन्य तत्त्वान्वेषकहरूले खण्डन गरेका छन् । यसको विवरण तल कतै (दोस्रो कथनमा) परेको छ ।

श्वेतचैत्यसम्बन्धी उत्तिकै चासो राख्ने अर्का एकजना तत्त्वान्वेषक यू खले पनि "पेचिङ मिआओ मिङ श" नामक पुस्तकमा "पेकिंगको श्वेतचैत्य निर्माण भएको साल" शीर्षक अन्तर्गत आफ्ना तर्क र निर्णयहरू यसरी प्रकट गरेका छन्–

सन् १९६१ मा जनगणतन्त्र चीन सरकारको राज्यपरिषद्ले भरमुलुकका मुख्य-मुख्य सांस्कृतिक वस्तुहरू संरक्षण गर्ने प्रथम समूहमा नेपाली कलाकार अरनिकोद्वारा डिजाइन गरी बनाएको पेकिंगको म्याउ यिंग श बौद्ध महाविहारको श्वेतचैत्यलाई पनि सम्मिलित गऱ्यो ।

तर, यो श्वेतचैत्य निर्माण भएको साल मितिको बारेमा भने तीन प्रकारका पृथक् राय छन्, त्यसलाई हामीले कुन चाहिं सत्य हो सप्रमाण छुट्ट्याउनुपरेको छ ।

१. यो श्वेतचैत्य लियाऊ राज्य वंशको सौ छाङ नामको साल २ (११०६) मा निर्माण भएको र युआन राज्य वंशको च युआनको ८ साल (१२७१) मा फेरि मर्मत गरी बनाएको हो, भन्ने उल्लेख मिङ वंशकालीन लेखक च्याङ यी खुईद्वारा लिखित 'छाङ आन ख ह्वा' भन्ने पुस्तकको दोस्रो भागमा पाइन्छ । पछि, यो श्वेतचैत्य लडाइँको मारमा परेर ध्वस्त हुँदा र त्यसबाट अनौठो प्रकाशपुञ्ज निस्कँदा सम्राट् कुवलाइ खानले त्यसको सिंगार गर्न लगाए भन्ने कथन छ ।

उक्त कथनलाई इतिहासकार छेन हान् सेङले पनि "इतिहास अनुसन्धान" १९६१ संख्या २ को शोधपत्रिकामा "पुरानो समयमा चीन र नेपाल बीचको सांस्कृतिक आदान-प्रदान" भन्ने शीर्षकमा उल्लेख गरेका छन् ।

२. यो श्वेतचैत्य युग्रान वंशको चयुआनको साल १६ (सन् १२७९) मा निर्माण कार्य शुरू गरी त्यसको दोस्रो वर्षमा यसको निर्माण कार्य पूरा गरियो ।

उक्त कथन विद्वान् लेखक ह्वाङ सन् चाङले "आधुनिक बौद्ध शास्त्र" १९६१ अङ्क ४ मा "पेकिंगको श्वेतचैत्य विहारको श्वेतचैत्यको निर्माण मिति तथा चीन र नेपालबीचको सांस्कृतिक आदान-प्रदान" भन्ने शोधपूर्ण लेखमा उल्लेख गरेका छन् ।

३. यो श्वेतचैत्य युग्रान वंशको चयुग्रानको साल ८ (सन् १२७१) मा निर्माण भएको हो ।

उक्त कथन सांस्कृतिक वस्तुहरूको संग्रहालयसम्बन्धी अध्ययन र अन्वेषण गर्ने विभागको तथ्याङ्क फाँट (भरमुलुकमा मुख्य-मुख्य सांस्कृतिक वस्तुहरूको संरक्षण गर्ने पहिलो समूह मध्येको पुरानो निर्माण) "सांस्कृतिक वस्तु" १९६१, अंक ४ र ५ मा उल्लेख गरिएको छ ।

तत्त्वान्वेषक यू खको तर्क अनुसार श्वेतचैत्यसम्बन्धी उक्त पहिलो कथन श्वेतचैत्य निर्माण (१२७१) भएको तीनसय वर्षपछि मात्र, मिङ राज्य वंशको आखिरी समयमा प्रचारमा ल्याइएको असंगत एवं काल्पनिक कुरो हो र यो बिलकुल गलत छ । एक त लडाइँको मारबाट श्वेतचैत्य ध्वस्त भएकै होइन । ध्वस्त नै भएको खण्डमा पनि, ध्वस्त नै भैसकेको श्वेतचत्यमा सम्राट्‌बाट सिंगार गर्न लगाइयो भन्ने कुरो युक्तिसंगत हुन आउँदैन । ध्वस्त नै भैसकेको चैत्यलाई सिंगार गर्ने नै कसरी र ? विचार गर्न पनि सकिंदैन ।

फेरि मिङ वंशकालीन लेखक च्याङ यी खुइकै समकालीन अर्का एक जना लेखक सन् पाङले पनि "बाङ सू चाची" भन्ने आफ्नो ग्रन्थको खण्ड १९ मा श्वेतचैत्यसम्बन्धी यस्तै गलत परम्परा उल्लेख गरेको पाइन्छ, जस्तो–

"म्याउयिंग श विहारको पुरानो नाम "ता सेन सौ वान आन श" हो । त्यहाँभित्र एउटा श्वेतचैत्य भएकोले त्यसलाई श्वेतचैत्य विहार पनि भनिन्छ । त्यहाँ युग्रान वंशको चयुआनको साल ८ (सन् १२७१) मा निर्माण भएको भन्ने एउटा अभिलेख स्तम्भ थियो । फेरि त्यहाँ स्यू आन तेको साल ८ (सन् १४३३) मा सम्राट्‌को आदेशबाट श्वेतचैत्य बनियो, चिङ थाइको साल ८ (सन् १४५७) मा एकजना स्थानीय बासिन्दा को फूले सम्राट्‌को आदेश प्राप्त गरी विहारको निर्माण गरी हालको नाम दिइयो भनी सिङ बू श लाङ तोङ जुइले स्तम्भमा लेखेको हो भन्ने उल्लेख पनि छ ।"

यू खको तर्कअनुसार सन् पाङले उल्लेख गरेको उक्त विवरण पनि बिलकुल भरपर्दो छैन । हुन त उनले म्याउयिंग श विहारमा श्वेतचैत्यसम्बन्धी दुईओटा अभिलेख देखेछन्–(१) एउटा चाहिं युआन वंशको च युआनको साल ८ (१२७१) मा श्वेतचैत्य बनाएको स्तम्भ अभिलेख, (२) अर्को चाहिं मिङ वंशको चिङ थाइको साल ८ (१४५७) मा तोङ जुईले लेखेको विहार निर्माणसम्बन्धी स्तम्भ अभिलेख । तर ती दुवै स्तम्भ छिङ वंशको आरम्भ कालमा नै हराइसके । यसैले त्यसमा लेखिएका विषयवस्तुहरू के कस्ता थिए भन्ने कुरा थाहा हुन सकेन । फेरि त्यसमा युआन वंशको च युआनको ८ साल (१२७१) मा श्वेतचैत्यको निर्माण भएको थियो भन्ने साल मिति पनि स्पष्ट चाहिं छैन । तर सन् पाङको लेखाइको क्रमअनुसार त्यसको साल चाहिं मिङ वंशकालीन चिङ थाइको साल ८ (१४५७) भन्दा पहिले परेको थियो । त्यसैले त्यो स्तम्भ युआन वंशकालीन नै हो कि ? पेकिंगमा रहेका अभिलेख-हरूमा श्वेतचैत्यसम्बन्धी कुरा लेखिएको स्तम्भ चाहिं सबभन्दा अघिको थियो । त्यसमा च युआनको साल ८ (१२७१) मा श्वेतचैत्यको निर्माण भएको कुरा लेखिएको थियो तर त्यसमा श्वेतचैत्य मर्मत गराएको अथवा श्वेतचैत्यलाई सिंगार गर्न लगाएको उल्लेख भने छैन।

वास्तवमा म्याउयिंग श महाविहारमा हाल विद्यमान भैरहेको श्वेतचैत्यको आकार-प्रकारको अध्ययन र निरीक्षण गर्दा पनि त्यो श्वेतचैत्य लियाऊ राज्यवंशमा बनाएको हो भन्ने कुनै आधार प्रमाण दिन सकिंदैन । एक त यस्तो आकार-प्रकारको श्वेतचैत्यको मौलिक शैली नेपालबाट भित्र्याइएको हो । अनि युआन वंशको आरम्भकालमा पेकिंगमा यस्तो शैलीको चैत्य देखापरेको हो । यसभन्दा अघिका लियाऊ वंश, चिङ वंशका समयमा उत्तरी चीनमा भएका बौद्ध चैत्यको बनावट प्राय: ज्यादा भद्दा आकार-प्रकारका मात्र हुन्थे । फेरि लियाऊ वंशकै समयमा हालको श्वेतचैत्य विहार (म्याऊयिंग श विहार)मा श्वेतचैत्य बनाएको भए त्यसको आकार-प्रकार र शैली चाहिं निश्चय पनि अर्कै हुने थियो ।

अत: नेपाली कलाकार अरनिकोले बनाएको श्वेतचैत्य युआन वंशमै मौलिक स्तरमा बनाएको हो, लियाऊ वंशमा बनाएको चाहिं ठहर्रिंदैन ।

अब माथि उल्लेख भैसकेको दोस्रो कथनको बारेमा तत्त्वान्वेषक यू खको तर्क र निर्णय यस प्रकार छ: तत्त्वान्वेषक ह्वाङ सन् चाङले "आधुनिक बौद्ध शास्त्र" १९६१ अङ्क ४ मा प्रकाशित गरेको "पेकिंगको श्वेतचैत्य विहारको श्वेतचैत्यको निर्माण मिति तथा चीन र नेपालबीचको सांस्कृतिक आदान-प्रदान" नामक शोधपूर्ण लेखमा युआन वंशको च युआनको साल १६ (सन् १२७९) मा श्वेतचैत्य बनाउने काम शुरू गरी त्यसको दोस्रो वर्ष (सन् १२८०)मा निर्माण कार्य पूर्ण रूपले समाप्त भयो भन्ने उल्लेख प्रस्तुत भएको छ । तर यो उल्लेख पनि बिलकुल गलत छ । किनभने युआन वंशको इतिहास खण्ड १० (श चु पं ची) अनुसार, च युआनको साल १६ महीना १२ (सन् १२७९)मा राजधानी पेकिंगमा "सेन सौ वान आन श" (श्वेतचैत्यको निर्माण कार्य समाप्त भएपछि त्यसैको हातामा पछिबाट बनाएको बौद्ध महाविहार) को निर्माण भएको थियो । अनि च युआनको साल २५ (सन् १२८८)मा त्यस (विहार)को निर्माणकार्य पूर्ण भएको थियो भन्ने विवरण प्राप्त भएको छ । यसैले, सन् १२७९ मा श्वेतचैत्य

निर्माण गरेको र सन् १२८० मा त्यसको निर्माण कार्य समाप्त भएको भन्ने उल्लेख ह्वाङ सन् चाङले जुन गरे त्यो विलकुल गलत छ।

नेपाली कलाकार अरनिकोको समाधि स्तम्भको प्रशस्ति लेख्ने कवि चङ चू फूको (स्यूए लौ-ची ल्याङको हुइ मिन् कोङ सङ ताउ पैमा भएको) उल्लेखअनुसार च युग्रानको साल १६ (सन् १२७९) मा "सेन सौ वाङआन श" (श्वेतचैत्य अवस्थित विहारको नाम) को निर्माण कार्य थालिएको हो। त्यसवेला श्वेतचैत्यको निर्माण कार्य सिद्धिएको मात्र थियो र त्यसवाट अनौठो प्रकाशपुञ्ज निस्केको थियो। यसबाट पनि श्वेतचैत्यको निर्माण १२७९ मा भएको होइन भन्ने कुरो स्पष्ट छ।

वास्तवमा म्याउयिंग श (पुरानो नाम सेन् सौ वाङ आन् श अथवा ता सेन् सौ वाङ आन् श) बौद्ध महाविहारको हाताभित्र ७०० वर्ष अघिदेखि आजसम्म पनि ग्रोजस्वीरूपले गगनचुम्बी भएर उभिएको श्वेतचैत्यको त्यसवेलाको साधन र निर्माण प्रविधिलाई खूब गहिरिएर विचार गरेको खण्डमा, त्यत्रो ठूलो श्वेतचैत्य दुई वर्षभित्र (१२७९–१२८०) सम्पूर्ण गरेर बनाउन सकिने चाहिं होइन। त्यो श्वेतचैत्य बनाउनलाई आठ वर्ष (१२७१–१२७९) लगाएको कुनै आश्चर्य मान्नुपर्ने खण्ड छैन।

निचोडमा तत्त्वान्वेषक यू खले सांस्कृतिक वस्तुहरूको संग्रहालयसम्वन्धी अध्ययन र अन्वेषण गर्ने विभागको तथ्याङ्क फाँटवाट प्रकाशित आधिकारिक साल-मितिलाई नै आधार मानी, नेपाली कलाकार अरनिकोले बनाएको श्वेतचैत्य निर्माण भएको मिति च युग्रानको साल ८ (सन् १२७१) लाई नै मान्यता दिएका छन्, उनले श्वेतचैत्यको निर्माण कार्य पूर्ण गर्न जम्मा ८ वर्ष लागेको कुरालाई पनि स्वीकारेका छन्।

यसै प्रसङ्गमा श्वेतचैत्यको निर्माण मिति १२७१ हो भन्ने तथ्य अन्तर्राष्ट्रिय क्षेत्रमा प्रकाशमा आइसकेपछि पनि, सन् १९५६ मा पेकिंगस्थित चीनियाँ बौद्ध संघले प्रकाशमा ल्याएको "नयाँ चीनमा बौद्धहरू" नामक सचित्र पुस्तकको पृष्ठ १८ मा नेपाली कलाकार अरनिकोले डिजाइन गरी बनाएको पेकिंगको श्वेतचैत्य निर्माण भएको मिति चाहिं १३४८ कायम गऱ्यो। यसबाट श्वेतचैत्यको निर्माण मितिमा ७७ वर्षको फरक पर्न गयो। अन्तर्राष्ट्रिय क्षेत्रमा देखापरिसकेको साल-मितिमा यसरी तलमाथि पर्न जाँदा, वि. सं. २०१६ मा श्री ५ को सरकार, पुरातत्त्व र संस्कृति विभाग (त्यसवेला यी पंक्तिका लेखक विभागीय प्रमुख थिए) ले जनगणतन्त्र चीन सरकारको सम्बन्धित निकायसँग तथ्य कुरो पत्ता लगाउन सप्रमाण लेखापढी गर्दा, उक्त पुस्तकमा श्वेतचैत्यको निर्माण भएको मितिमा भूल हुन गएको कुरो स्वीकार गरी, चीनियाँ बौद्ध संघले नेपाली कलाकार अरनिको चीन आएको समय (तिब्बतमा प्रवेश गरेको समय) लाई १२६० इसवी सन् र उनले श्वेतचैत्य बनाएको मिति १२७१ इसवी सन् कायम गरी पत्र पठायो।

अतः यी सब कुराबाट निश्चित हुन्छ कि नेपाली कलाकार अरनिकोले छिमेकी देश चीनको राजधानी

पेकिंगको फूच्छमन टोलमा बनाएको श्वेतचैत्य युआन राज्यवंशको प्रारम्भमा सन् १२७१ मा नै बनाएको हो। यसमा कुनै सन्देह छैन ।

अन्त्यमा, नेपाली कलाकार अरनिकोले बनाएको श्वेतचैत्यले नेपाल र चीनको परम्परागत सांस्कृतिक सम्बन्ध र मित्रतालाई युगयुगसम्म फलाउँदै, फुलाउँदै आफ्नो श्री शोभा बढाइरहने छ भन्नुमा अत्युक्ति हुने छैन।

अरनिको र उनका कलाकृतिहरू

नेपाली कला-क्षेत्रमा केही वर्ष यतादेखि 'अरनिको'को नाम खूब सुनिन लागेको छ। हुन त अरनिको तुल्यका अरू कलाकारहरू पनि नेपालले धेरै जन्माएको थियो होला, तर यस विषयमा हामीलाई केही थाहा हुन सकेको छैन। अरनिकोकै बारेमा पनि हामीलाई पूर्णरूपले सबै तथ्य प्राप्त हुन सकेको छैन। केवल चीनियाँ इतिहासमा उनको नाम छरिएर यताउति देखा पर्दछ। तर, एक नेपाली कलाविद् कलाकार अरनिको जसको चीनमा भएको ख्याति र सन्मानमा हामीलाई स्वयमेव गौरव हुन्छ उनको बारेमा पाए जति कुरा एकत्रित गरी खोजी गर्नु नेपाली कला-इतिहासको पृष्ठभूमि सिर्जना गर्दै जानु हुनेछ। यसैले अरनिकोको बारेमा दुइचार शब्द लेखी टोपल्ने प्रयास हुनु हाम्रो निमित्त उचित नै जँचिने छ।

सर्वप्रथम अरनिको नेपालबाट भोट भई कुन बेला चीन पुगे भन्ने बारेमा मिति निश्चय गर्नु आवश्यक छ। हुन त, आजसम्मको ऐतिहासिक धारणामा उनी सन् १२६० मा भोट पुगी, त्यहाँ २ वर्ष काम गरी (सुवर्ण चैत्य बनाई) चीनमा पुगे र सन् १२७१ मा, उनले त्यहाँ श्वेतचैत्यको निर्माण कार्य थाले भन्ने थियो। तर चाइनिज बुद्धिष्ट एसोसिएशनले सन् १९५६ मा प्रकाश गरेको 'नयाँ चीनमा बौद्धहरू' नामक सचित्र पुस्तकको १८ पेजमा १३४८ ई० मा मियोथाङ मोनाष्ट्रिमा बनेको श्वेतचैत्य (ह्वाइट पगोडा) नेपाली कलाकार अरनिकोले डिजाइन गरेको हो भन्ने उल्लेख गरिएबाट मितिमा झण्डै एक शताब्दी फरक देखिएको छ। एक अन्तरराष्ट्रिय ख्यातिप्राप्त अद्वितीय कलाशक्ति भएका नेपाली कलाकारको जीवनीकालमा यसरी एक शताब्दी जति तलमाथि पर्नु उचित नदेखिनाले यस विषयमा श्री ५ को सरकार, पुरातत्त्व र संस्कृति विभागले लेखापढी गर्दा अन्त्यमा 'नयाँ चीनमा बौद्धहरू' भन्ने पुस्तकमा अरनिकोको मितिमा भूल हुन गएको स्वीकार गरी चाईनिज बुद्धिष्ट एसोसिएशनले अरनिको चीन आएको समयलाई १२६० ई. र उनले ह्वाइट पगोडा बनाएको साल १२७१ ई. लाई मान्यता दिई पठायो। अब यस तथ्यलाई सत्य मानेमा कलाकार अरनिकोलाई निम्तो आएको १२६० ई. भन्दा अगाडि नै हुनुपर्छ र यस अनुसार त्यस बखत नेपालमा राजा अभयमल्लको शासन देखिन आउँछ। यस कुरालाई अभयमल्लका पालामा लेखिएको विष्णुधर्म (१२२० ई०) पञ्चरक्षा (१२५३ ई.) आदि पुस्तकहरूमा भएको मितिले प्रमाणित गर्दछ। वंशावलीमा अभयमल्लको शासन अवधिलाई १६ वर्ष, ४२ वर्ष ६

महीना, ४८ वर्ष गरी भिन्न-भिन्न लेखिएको पाइन्छ। वास्तवमा अभयमल्लको शासन-अवधि लामो नै देखिन्छ र कलाकार अरनिको १२६० ई. मा चीन पुगेको भए पनि १२६० ई० भन्दा अगाडि उनी नेपालमै थिए। हुन सक्छ, जब उनी चीनमा थिए त्यसबेला नेपालमा अभयमल्लका वंशजहरू जयदेव (१२५५–१२५८ ई.), जयभीमदेव (१२६० ई.) र अनन्तमल्लहरू (१२७६–१३०७ ई.) राज्य गर्दथे होलान्। तर जेहोस्, अरनिको तेह्रौं शताब्दीका नेपाली कलाकार थिए भन्ने कुरामा केही शंका छैन।

कलाकार अरनिकोको खास नेपाली नाम के हो, यसको आजसम्म कुनै पत्तो लगाउन सकिएको छैन। अरनिको भन्ने त चीनियाँ नाम हो। एक त चीनियाँ भाषामा विदेशीलाई अरनिको भन्ने भाव आउँछ। दोस्रो, नेपालीमा अरनिको भनी नामोच्चारण गर्दा ज्यादै खट्कन्छ, अनौठो सुनिन आउँछ। सन् १९५७ मा चीनियाँ सांस्कृतिक प्रतिनिधिमण्डलमा सदस्य भै नेपाल आउने चीनियाँ विद्वान् च्वाङ चेन सीया जो कि पेकिंगको सेण्ट्रल एकाडेमी अफ् फाइन आर्टमा ओरियण्टल आर्टका इतिहासका प्राध्यापक हुनुहुन्छ, उहाँको कथनानुसार अरनिकोको खास नाम 'पराबाबु' हो। कोही उनलाई 'पलपाउ' पनि भन्दछन्। यही पलपाउ शब्दको आधारमा चीनका भित्री मंगोलियाका निवासीहरूले आफ्नो अद्वितीय कलाकारलाई 'प्रालुवा' भन्ने चलन गरेको पनि देखिन्छ। जहाँसम्म नामको सवाल छ, यसलाई यकीन गर्न ज्यादै मुश्किल देखिन्छ। किनभने, चीनियाँ भाषामा त्यो विशेषता छ–चीनियाँहरू जुनसुकै बिरानो नाम वा शब्दलाई आफ्नो भाषामा भावार्थ गरी नामकरण गरी हाल्छन्,–उदाहरणार्थ अमृतानन्दलाई अमृत खाँदा हुने आनन्दको अर्थमा कानूसि, ब्रिटेनलाई इन्ग्वा, स्वीजरल्याण्डलाई रुईसि, संयुक्त राष्ट्र अमेरिकालाई मैइको, त्रैलोक्य बुद्धलाई फिलु, अवलोकितेश्वरलाई क्वाइङी अथवा नामोच्चारण बिगार्ने पनि गर्दछन्, जस्तो नेपाललाई निपर, इण्डियालाई इन्दु, शाक्यलाई सच्चा, जोशीलाई योसी। यति मात्र होइन, चीनियाँहरू जस्तोसुकै वैज्ञानिक प्राविधिक शब्दलाई पनि आफ्नो भाषामा नाम राख्ने गर्दछन्, जस्तो स्पुटनिकलाई होर्चें इ:। यसबाट यही सिद्ध हुन्छ कि अरनिकोको खास नाम पराबाबु पनि होवोइन होला। हुनसक्छ–बरु–पराबाबुको ठाउँमा बलबाहु नै अथवा यलेबाबु। तैपनि यो तर्क अनुसन्धानको विषय बनेको छ। एक त चीनियाँहरू बोलाइ र लेखाइमा पनि फरक-फरक व्यवहार गर्दछन्। जस्तो लेखाइमा बेञ्जिङ्ग (Beijing) भए उच्चारणमा पैचिङ्ग (Peking)। तर आज यी नेपाली कलाकारको नाम अरनिकोको नामले नै हाम्रो निमित्त प्रसिद्ध भैरहेको छ, यद्यपि चीनियाँहरूले अनिको (Aniko) भनी लेख्ने गरे तापनि।

नेपालकी छोरीबेटी भृकुटीको बिहे भोटका राजा संस्राङगम्पोसँग भएदेखि नै नेपाल र भोटको सम्बन्ध घनिष्ठ भैसकेको थियो। भृकुटी र आचार्य शीलमञ्जुको सतत प्रयत्नमा बुद्धधर्मले पनि भोटमा राज्याश्रय पाइसकेको थियो। यसैको फलस्वरूप भोटमा नेपालबाट गएको धर्म, कला र संस्कृतिले पूर्ण अधिकार जमाइसकेको थियो। अनि राजा अभयमल्लकै पालामा भोटले एक विशाल स्तूप बनाउनको खातिर १०० जना नेपाली कलाकारहरू मागी पठायो। यसमा ७० जना नेपाली भोटमा जान मञ्जूर भए। तर यसमा सवाल उठ्यो–'नाइके कसलाई बनाएर पठाउने?' त्यस बखत नाइके पदको निमित्त

सबैले कलाकार अरनिकोलाई नै रोजे। अरनिको १७ वर्षीय युवक थिए। तर उनमा अद्वितीय कला प्रवीणता, कार्यकुशलता र विद्वत्ता थियो। उनमा भएको बहुमुखी प्रतिभालाई कोही पनि तारीफ नगरी बस्न सक्तैनथ्यो। चाहे चित्रकलामा भनौं अथवा स्थापत्यकलामा अथवा शिल्पकलामा अथवा संगीतमा अथवा बौद्ध ग्रन्थमा उनको राम्रो दख्खल थियो।

कलाकार अरनिको आफ्नो दलबलका साथ भोटमा पुगे। उहाँ उनले आफ्ना सहयोगीहरूका साथ काम गरे। उनले शाक्या विहारमा बनाएको सुवर्ण चैत्यको सौन्दर्य अनुपम सिद्ध भयो। सबले एक मुखले अरनिकोको कलागुण र दक्षताको प्रशंसा गरे। नेपाली कलाकारका नाइके अरनिकोको नाम चारैतिर फैलियो। भोटमा बस्दा कलाकार अरनिकोले भोटलाई नेपाली शैलीको कलाकृतिले भरिदिए। युआन वंशी सम्राट् कुवलैखानका भोटमा बस्ने गुरु वास्पाका तर्फबाट चीनमा पनि अरनिकोको नाम चल्न थाल्यो। आखिर वास्पाका साथमा अरनिको चीनमा बादशाहका दरबारमा पुगे।

बादशाह कुबलैखानले अरनिकोलाई एक पुरानो तामाको बिग्रेको मूर्ति मर्मत गर्न लगाए। उनले त्यो मूर्ति पहिलेको भन्दा दश गुणा बढी कलापूर्ण गरी तयार गरिदिए। यो देखेर बादशाह खूब दंग भए। त्यसपछि अरनिकोले राजकीय दुर्गका गुम्बामा धेरै बुद्ध मूर्तिहरू बनाए, सप्तरत्न जडित एक अति कलापूर्ण लौहचक्र पनि तयार गरे। यी सबको अतिरिक्त उनले सम्राट् कुवलैखान र उनका रानीहरूका चित्रहरू पनि रेशमी कपडामा तयार पारे। नेपाली कलाविद् कलाकारको यो बहुमुखी प्रतिभा देखेपछि सम्राट्‌ले यिनलाई राजकीय कलागुरुको पदले विभूषित गरी व्याघ्र मुद्रित पदकले सम्मान गरे।

तदुपरान्त चीनियाँ कला र संस्कृतिका क्षेत्रमा अरनिकोको बहुमुखी प्रतिभाले नेपाली कलाशैलीको देन पोख्दै गयो। चीनियाँहरूले अरनिकोलाई यति रुचाए त्यसको बयानै भएन। अन्त्यमा सरकारले उनलाई राजकीय शिल्प विभागका अध्यक्ष बनाएपछि उनले चीनमा बसोवास गर्न करै लाग्यो। चीनमा बस्दाबस्दै उनका ६ वटा आफूतुल्य छोराहरू पनि भए। चीनमै उनका कतिपय होनहार शिष्यहरू भए। चीनमै उनले नेपाली कलाशैलीका स्कूलको परम्परा बसाले। साङ्तु र पेकिङ्गका बौद्ध विहारहरूमा उनले बनाएका एकसेएक सुन्दर कलापूर्ण बुद्ध मूर्तिहरूले नेपाली मस्तिष्क-प्रसूत कलाशैलीको प्रदर्शनी गरे।

युग युग बिते। चीनियाँ इतिहासले नेपाली कलाकार अरनिकोको जीवनी र अमर कलाकृतिलाई सुनको अक्षरले लेख्यो। फेरि उनका कृतिहरू राजनैतिक उथलपुथलले र प्राकृतिक परिवर्तनले नष्ट भ्रष्ट भए, लोप भए। तर ७०० वर्षपछि आजसम्म पनि सारा चीनियाँहरूले एकमुखले प्रशंसा गरी आएका नेपाली कलाकार अरनिकोको अमर स्मृति 'श्वेतचैत्य' पेकिङ्गको मिडयाङ विहारमा जस्ताकोतस्तै विद्यमान नै छ। चीनियाँहरू यस श्वेतचैत्यलाई 'पैथा' भन्दछन् र यसैको नामबाट त्यसतर्फको सडकको पुरानो नाम पनि पैथालू नै रहेको छ, यद्यपि आजभोलि 'फूच्छमान ताचे' भन्ने गरेको भए तापनि।

यस श्वेतचैत्य बारेमा एउटा यस्तो कथा पनि छ। [युआन वंशका चतुर्थ राजकुमारले एकताका पहाडी थुंकोबाट हाल यो चैत्य स्थापना भैरहेको ठाउँमा एक रात एउटा अनौठो चहकिलो तेजपुन्ज देखे।

त्यो के वस्तु होला भनी उनले त्यहाँ खनाउँदा एउटा नौ इन्चको सानो चैत्य र एउटा वट्टा पाए र त्यस वट्टाभित्र देववाणी लेखिएको कागजपत्र फेलापर्‍यो । त्यसमा लेखिएको थियो–'नौ इन्चको चैत्यलाई १००० गुना ठूलो गरी श्वेतचैत्य बनाउनू' । आखिर यो श्वेतचैत्यको डिजाइन, इष्टिमेट गर्ने कलाकार इंजिनियर पनि अरनिको नै भए ।

श्वेतचैत्यको विहारमा नेपाली शैलीको एक बुट्टे काठको प्रवेशद्वार छ र एक ढुंगे सिंढी यसमा जोडिएको छ जुन नेपाली मन्दिरको परम्परा हो । त्यसपछि नेपाली कलामूर्तिले भरिएको विहारको ढोका खुल्ला कोठा सामुन्ने देखापर्दछ । यहीं हामी देख्न सक्छौं– मध्य भागमा तीन सुन्दर नेपाली शैलीका वुद्ध मूर्तिहरू (१) दीपङ्कर (२) शाक्यमुनि (३) मैत्रेय । यसै विहारमा हामी देख्न सक्छौं महिषसम्बर, महाकाल, हरित तारा, श्वेत तारा, अवलोकितेश्वर, चन्द्रमहारोषण आदिका कलापूर्ण पौभा चित्रहरू । यहीं हामी अझ देख्न सक्छौं वज्रघंटा, तिकिझ्याल, छकुने आर्सी इत्यादि नेपाली कला वस्तुहरू ठाउँ ठाउँमा सजाइराखेका, साथै नेपाली रञ्जना लिपिमा 'ओम्मणिपद्मेहूँ' मन्त्र पनि ।

अनि यही विहारको पछिल्तिर नेपाली मण्डप शैलीमा चारतला उठेको र त्यसमा मध्य भागमा कस्सिएर फेरि माथि फुकेर गएको गोलाकार वृत्तशैली र फेरि त्यसमा चारकुने सतह वनी त्यसमा त्रयोदश भुवनको उच्चिएर गएको छत्रसहितको पूर्ण गोल वृत्तहरू र कलश आकारका सुनका गजूर मानो स्वयम्भू चैत्यको झैं । अनि छत्रमा साना-साना घण्टाहरू ।

यस श्वेतचैत्यभित्र घुम्ने जुनसुकै व्यक्तिलाई अरनिकोको सजीव कला-कृतिसँग उँभो लाग्दै सगरमाथाको यादगारी गराउँछ ।

पेकिङ्गको उही शहरमा प्राचीन राजदरवार इम्पेरियल पालेस चहार्दै हामी घुम्दै घुम्दै विभिन्न पगोडाहरू हेर्दै हेर्दै एउटा भित्री चोकको कोठातिर आइपुग्छौं त त्यहाँ एक ठाउँमा उहिलेका सम्राट् सम्राज्ञीहरूको सुकला हुने कोठासँग जोडिएको एक छेउको पूजा कोठामा हामी देख्छौं-विभिन्न नेपाली शैलीका बुद्ध मूर्तिहरू, शक्तिसहितका आगम देव देवीहरू, सम्बरका मूर्तिहरू, दीक्षाका पूजा सामग्रीहरू, पौभा चित्रहरू, नेपाली शैलीका बादलका गुल्था निकालेर सजाइएका चित्रहरू । अनि यहीं हामी नेपाली कलाकार अरनिकोको आत्माले अथवा उनका चीनियाँ छोराहरूका आत्माले, आफ्ना लुप्त प्राय: कलाकृतिका अवशेषहरू प्रदर्शन गर्न लागिरहेको चाल पाउँछौं ।

पेकिङ्गकै पश्चिम भागमा स्थित प्रसिद्ध ग्रीष्मराजप्रासादका सबभन्दा माथिल्लो भागको पगोडा मन्दिरको लाम्चो छानाको धुरीमा शोभायमान भैरहेको अरनिको शैलीका तीन वटा श्वेत चैत्यका गजूरहरूले पनि श्वेतचैत्यको लोकप्रियता र स्थान दर्शाउँछन् । पेकिङ्गको श्वेत चैत्यको अनुपम कला-सौन्दर्य देखेपछि यसको नक्कल गरेको जहाँतहीं देखिन्छ । शायद यस ग्रीष्म राजप्रासादका उच्च छानामा श्वेतचैत्य बान्की परेका गजूरहरू पछि हाल्न लगाइए होलान् । पेकिङ्गकै राजकीय भवन (इम्पेरियल

पालेस) पछिल्तिरको हरियाली डाँडा बीचैमा पनि श्वेतचैत्य-शैली अनुरूपको अर्को भव्य श्वेतचैत्य पनि देखिएकै छ। यसमा रहेको नेपाली सप्ताक्षरी कूटाक्षरले पनि टाढैबाट अक्षर चिनाउन खोज्दछ।

विश्वको सप्त आश्चर्यमध्ये एक गनिएको 'चीनको ठूलो पर्खाल'को फेदीमा रहेको यूनताई (Cloud Terrace)को भग्नावशेषले पनि नेपाली कलाकार अरनिकोको नेपाली कलाशैलीलाई छर्लङ्ग प्रदर्शन गरिरहेको छ। यस ठाउँमा बनेका प्राचीन मन्दिर युग्रान वंशमै बनेको सत्य सावित हुन्छ। यस हिसावले यहाँ पनि अरनिकोकै परियोजनामा वा शैलीमा काम गरेको वा गराएको हुनुपर्दछ। यस स्थलमा अब चीनियाँ पर्खाललाई सुहाउने गरी बनाएको त्यो प्राचीन मन्दिर वा विहार छैन। केवल यहाँ हामी देख्छौं– एउटा ठूलो अजङ्गको हात्ती छिर्ने ढुंगे गुम्वजको प्रवेशद्वार। अनि यस द्वारमा नेपाली शैलीका गरुड (मध्य भागमा), दायाँ बायाँ नागकन्या, हिटीमंग (मकर), हात्ती, र विश्ववज्रका ढुंगे मूर्तिहरू। भित्र ढोकाको छतमा पाँचवटा ठूल ठूला वज्रमण्डल, रत्नमण्डल, पञ्चबुद्धका मूर्तिहरू। भित्तामा ठूल ठूला चतुर दिक्पालहरू (चतुर महाराजहरू) र नेपाली रञ्जना लिपिमा कुँदिएका बौद्ध ग्रन्थका सूत्रहरू। यसै ढोकाको अलिक माथि नेपाली बुट्टे ढुंगे धारा पनि। यस गुमज प्रवेशद्वारबाट हामी यो कल्पना गर्न सक्छौं–निश्चय पनि अरनिको चीनियाँ यात्रीहरूवाट मुक्तकंठले प्रशंसा गरेका नेपाली कैलाशकूट भवनको कुनै नमूना अवश्य पनि प्रस्तुत गरेको हुनसक्छ।

पेकिङ्गबाट नानकिङ्गतिर हामी लागौं। अद्यापि गोलमा काम गर्ने कालिगढहरूको बस्ती प्रधान भएको गल्ली भै जब हामी बौद्ध प्रकाशन गृहमा (Publishing House) आउँछौं–भवनको पछिल्तिर १०० वर्ष यतैको इतिहासलाई काखी च्यापी मर्ने याङ लिङ सान्को स्मृति स्वरूप खडा गरी राखेको अरनिको शैलीका उही सुन्दर श्वेतचैत्य देखा पर्दछ। अनि चैत्यको मध्यभागको खोपामा उही नेपाली रञ्जना अक्षरको कूटाक्षर छ। नेपाली रञ्जना लिपिमै ठूला-ठूला आकर्षक अक्षरले 'ओम् नमोरत्न-त्रयाय' कुँदिएको छ। यसरी विशाल नानकिङ शहरको एक गल्लीभित्र अरनिको वंशज तथा चेलो अथवा त्यो शैलीप्रेमी कुनै सज्जनको अमर स्मृति श्वेतचैत्यमा फक्रिरहेको हामी देख्छौं।

अझ यस गल्लीको विशेषता यो छ कि यहाँको बौद्ध प्रकाशन गृहको पुस्तक भंडारमा पाँचौं शताब्दीको प्रारम्भमा नेपालबाट आएका बौद्ध आचार्य बुद्धभद्रले हान (चीनियाँ) भाषामा अनुवाद गरेका अवतंसक सूत्र, समाधि सूत्र, वैपुल्य तथागत गर्भ सूत्र, धर्मज्ञान सूत्र आदिका पुस्तकहरू छाप्दै प्रकाशन गर्दै गर्ने गरेको रहेछ। यही प्रकाशन गृहबाट नेपाली कलाकार अरनिकोको जीवनी भएको, उनको नेपाँली कला सिद्धान्त र कलाशैलीको व्याख्या गरिएको बुद्ध, तारा, भैरव आदि रेखाङ्कित नेपाली शैलीका चित्रहरूले भरिएको 'छाउस्यांङ–त्याङतोचीन' नामक पुस्तक पनि प्रकाश गरिएको रहेछ। एक शब्दमा भनौं भने–आजको नयाँ चीनमा पनि नेपाली कलाकार अरनिकोसँग जताततै हाम्रो भेट भए झैं हुन्छ।

यो पनि धेरै सम्भव छ–कलाकारका नाइके अरनिकोको साथमा भोट गएका ८० जना कलाकारहरू मध्येका अरू कलाकारहरू पनि चीनमा छरिएका थिए होलान्। कारण, चीनका अन्यत्र दूर प्रदेशका बौद्ध विहारहरूमा पनि नेपाली कलाशैलीका छाप या नमूना पाइन्छन्। यो पनि हुन सक्छ– अरनिको, अरनिकोका सन्तान वा शिष्यहरूले पछि पछि यी ठाउँहरूमा काम गरेका थिए होलान्। यसमा रञ्जना

लिपिमा कुँदेका बौद्ध सूत्रका आडमा हामीलाई नेपाली कलाशैली पहिल्याउन सबभन्दा सजिलो पर्दछ। हानचाउको लिनयाङ विहार (Linyen Temple) को मूल ढोकामा जब हामी उकालो लाग्छौं–वायाँतिरको खोल्सो माथिको वेन्सरेज केभका ढुङ्गे पाखामा ठूला ठूला रन्जनाक्षरमा बौद्ध मन्त्रहरू कुँदी राखेका देख्छौं, अनि पन्च बुद्धका मुद्राजनित मूर्तिहरू पनि। एवंरीतले रन्जना लिपिमै बौद्धसूत्र कुँदिएका ठूलठूला घंटाहरू पनि पहिल्याउँदै जाने हो भने नानकिङ्गकै फिलु विहार पनि दृष्टि-गोचर हुनआउँछ। सीसाङ विहारको गगनचुम्बी छानाका धुरीमा त ठूल-ठूला रन्जना लिपिमा "ॐ अा हुँ ह्री' आदि मन्त्र पनि देखा पर्दछ। शंका उठ्न सक्छ चीनियाँहरूले रन्जना लिपिमा अक्षर बाँच्न जानेका होलान्? तर नेपाली वास्तुकला, मूर्तिकला र चित्रकलामा चीनियाँहरूले जसरी प्रेम गरे त्यस्तै प्रकारले अगम्य र अवोध भए तापनि रन्जना लिपिलाई पनि उनीहरूले उत्तिकै रुचाएका देखिन्छन्। र, यिनीहरू खुशीसाथ उदार दिलले रन्जनालाई 'लन्जा' उच्चारण गरी यस क्षेत्रमा नेपाली कलाकारको देनलाई सन्हानी गर्दछन्। यस्तै प्रकारले नेपाल कला शैली खोज्दै जाने हो भने जताततै हामी अरनिकोको छाप पाउने हुन्छौं।

हुन त कलाकार अरनिको चीन पुग्नुभन्दा पहिले नै चीनियाँहरूले उत्कृष्ट नेपाली कलाको परिचय पाइसकेका थिए होलान्। सातौं शताब्दीमा नेपाली छोरीबेटी भृकुटीले अक्षोभ्य, मैत्रेय, तारा आदिका अनुपम मूर्तिहरू र अरू अनेक नेपाली कला वस्तुहरू दाइजो स्वरूप भोट लगेकी थिइन्। दुइ वर्षपछि चीनियाँ राजकुमारी कोङ्जो पनि भृकुटीकै सौता बन्न आएकी थिइन् र यिनका साथमा आएका चीनियाँ-हरूले भोटका विहार, गुम्बा, राजप्रासादमा भृकुटीका दाइजो स्वरूप नेपालबाट ल्याइएका अनेक बौद्ध मूर्तिहरू र कला वस्तुहरूको परिचय पाइसकेका थिए। हुन सक्छ, अरनिको चीन पुग्नुभन्दा पहिले अरू नेपाली कलाकारहरू पनि चीन पुगेका थिए होलान्। किनभने सातौं शताब्दीमा भारतका हर्षवर्धनका दरवारमा पठाइएका चीनियां दूतमण्डल नेपालको बाटो भै आवत-जावत गर्दा त्यसवेलाका नेपाली राजा नरेन्द्रदेवद्वारा पेकिङ्गमा पठाइएका एक टोली नेपाली दूतमण्डलले आफ्ना साथमा अवश्यमेव अनेक नेपाली कला वस्तुहरू उपहार लिएर गएका थिए होलान्। नेपाली दूतमण्डल पेकिङ्गमा छँदा रोमबाट पेकिङ्ग आएको दूतमण्डल पनि उहीं थियो। अनि उपहार स्वरूप पेकिङ्गमा प्रदर्शित नेपाली वास्तुकला-हरूको परिचय रोमनहरूलाई पनि अवश्य हुन गयो होला, त्यस्तै आदान-प्रदानमा नेपालीलाई पनि चीनियाँ र रोमन कलावस्तुको परिचय।

६३७ ई. तिर यु–आन–च्याङ, ६५७ ई. तिर वाङ–यु–आन र ६५०–५५ ई. तिर ताग्रो–फाङ आदि चीनियाँ यात्रीहरू पनि आफ्नो भ्रमणको सिलसिलामा नेपाल पसेका थिए। यिनीहरूले पनि उसै वखत नेपाली कलाकौशलको खूब प्रशंसा चीनियाँहरूलाई सुनाइसकेको कुरा चीनियाँ इतिहासले दर्शाउँछ। यी सब कारणले गर्दा पनि नेपाली कलाकार अरनिकोलाई नेपाली कलाशैलीको प्रचार र प्रसारमा पृष्ठभूमि अघिबाट तयार भैसकेको थियो। यसैले चीनमा नेपाली कलाशैलीको लोकप्रियता खूब बढ्यो।

यसबाट थाहा हुन्छ-कलाकार अरनिकोले चीनमा धेरै क्षेत्रमा आफ्नो खूबी र सीप देखाए। तर प्रश्न

उठ्न सक्तछ–के एउटै कलाकार कलाका सबै शाखामा काम गर्न समर्थ हुन्छ र ? अर्को अर्थमा–अरनिको एक वास्तुकलाका मात्र नभै, मूर्तिकला र चित्रकलाका पनि कसरी कलाकार भए ? हो, कलाको इतिहासमा कलाका सबै अङ्गमा दीक्षित भएको व्यक्ति कम पाइन्छ तर नेपालको निम्ति गौरवको कुरो छ कि यसले अरनिकोलाई पायो जसरी पछि पन्ध्रौं शताब्दीमा इटालीले लियोनार्दो द भिन्सीलाई पायो । अरनिकोको जीवनीमा चीनियाँहरूबाट संगीत र वाद्यवादन विषयमा चर्चा गरिएको पाइँदैन । तर निश्चित रूपले भन्न सकिन्छ कि कलाकार अरनिको वाद्यकार र संगीतकार पनि अवश्य हुँदा हुन् । साहित्यकार र लिपिकार हुन् भन्ने कुराको प्रमाण त उनीद्वारा ढुङ्गामा कुँदिएका कूटाक्षर र रञ्जना लिपिमा लेखिएका बौद्ध धर्म दर्शनका सूत्रहरूले नै दिन्छन् । एक त, नेपाली कलाका गुरुघराना खलकमा परम्परागत रूपमा आजसम्म पनि एक दुई यस्ता बहुमुखी प्रतिभा भएका कलाकार भेटिंदै आएका छन् ।

ललितपुर महाबौद्ध थैनाका जोगमानशाक्यवंश पनि एक बहुमुखी प्रतिभा भएका कलाविद् कलाकार थिए । वास्तुकला, मूर्तिकला, चित्रकला, संगीतकला, लिपिकला र बौद्ध महायानी वज्रयान तन्त्रयान साहित्यमा यिनको पूर्ण दखल थियो । वि. सं. १९९० सालको महाभूकम्पले ललितपुर महाबौद्धको विशाल सुन्दर मन्दिरपतन भएको थियो, तर यिनै कलाकार जोगमानले त्यस क्षेत्रका सारा कलाकारका गुरु नाइकेको रूपमा काम उत्थान गरी सुप्रसिद्ध महाबौद्धको वर्तमान अनुपम मन्दिर जस्ताको तस्तै खडा गरिदिए । यिनका अरू अमर कलाकृतिहरू कता कहाँ छरिएका छन्, ती सबको खोजी गर्नु बाँकी नै छ । आज यी कलाकारको मृत्यु भैसकेको छ, तर नेपाल म्यूजियमले यिनका ती कलाकृतिहरू मध्ये धातुमा ढालिएका अनुपम महाबौद्ध मन्दिर, काष्ठकला र धातुका मसीना कलाले भरिएका मत्स्येन्द्रनाथ र मीननाथका रथहरू प्रदर्शन गरिरहेकै छ । यसर्थ, कलाकार अरनिकोको बारमा जे जति कलागुणको बहुमुखी विशेषता चीनियाँ इतिहासमा उल्लेख भएका छन् ती सब सत्य नै जँच्तछन् । यसमा शंका गर्ने ठाउँ कुनै छैन । बरु हुन सक्छ, कलाकार अरनिकोका पुर्खौली घर ललितपुर नै । एक त कोही अन्वेषकहरू कलाकार अरनिको नेपालका 'पालेपु' भन्ने ठाउँका वासिन्दा थिए भनी कथन गर्दछन् । सम्भव छ 'पालेपु' वास्तवमा ललितपुर नै होला । एक त ललितपुरमा सयौं पिढीदेखि कलाको काम गरी आएका परम्परागत रूपमा कलाकारहरूका वंशजहरू अद्यापि पाइन्छन् ।

अरनिकोको मृत्यु चीनको कुन भागमा कुन बेला भयो, थाहा हुन सकेको छैन । तर उनको समाधि रहेकै ठाउँको आसपास मृत्यु भएको हुनु पर्दछ ।* हामी अनुमान गर्न सक्छौं यिनको बुढेसकालमा ठूलै

---

* अरनिकोको जीवनसित सम्बन्धित केही कुराहरू लुसिनो पेटाचले नेपालको मध्यकालीन इतिहासमा लेखेका छन्, ती कुराहरू उल्लेखनीय भएकोले केही सारांश यहाँ उद्धृत गरिएको छ–

(१) जुनबेला अरनिको तिबेत पठाइएका थिए, त्यसबेला नेपालमा जय भीमदेव राजा थिए । (समकालीन अनन्त मल्ल पनि)

(२) अरनिकोको जीवनसम्बन्धी कुराको मूल स्रोत पेकिङ्गको पश्चिम Yuan–p'ing भन्ने जिल्लामा Hsiang–shan भन्ने गाउँ नजीकै रहेको उनैको समाधितिर जाने बाटोमा रहेको अभिलेखमा छ ।

(३) अरनिकोको पिताको नाम (चीनियाँ लेखाइअनुसार) La–k'o–na, बाजेका नाम Mi–ti–erh

(४) अरनिकोकी नेपाली दुलहीको नाम Tsai–yeh–ta–la–ch'i–mei (Jayadalaksmi ?)

परिवार भैसकेको थियो। यिनका ६ वटा छोराहरू थिए भन्ने त माथि नै उल्लेख भैसकेको छ, ६ वटी नै बुहारीहरू र नातिनातिनाहरू पनि त बगालै थिए होलान्। यिनका जेठा छोराले त यिनैको काम र पद सह्मालेका थिए। यिनका अर्को एक जना छोरा ललित कला विभागका अध्यक्ष हुन पुगेका थिए। यिनले तालीम गरेको ल्यूयुआन (Liu Yuan) त मूर्तिकला बनाउने र ढाल्ने काममा अद्वितीय कलाकार कहलाईसकेका थिए। यसबाट थाहा हुन्छ अरनिकोले आफ्नो अन्तिम जीवनी कालमा पारिवारिक सुख, राजकीय सन्मानको सुख र आफूले बोकेर ल्याएको नेपाली कलाकृतिको शैलीले चीनियाँ माटोमा जरा हालेको दृश्य हेर्न पाउने सुख भोग गरेका थिए।

कथनानुसार यो पनि थाहा हुन्छ–यिनको मृत्युपछि पनि सरकारले "मिङ्हाई" नामक खिताव यिनको नाममा प्रदान गरी यिनको दिवंगत आत्मालाई शान्ति प्रदान गरेको थियो।

अन्त्यमा हामी चीनका युआन वंशका इतिहासकारप्रति ज्यादै ऋणी हुन्छौं। कारण, यदि अरनिकोको बारेमा उनीहरूले पनि केही उल्लेख नगरी दिएको भए उनको बारेमा हामी अनभिज्ञ नै हुने थियौं। नेपाली वंशावलीमा चीन गएको कलाकार अरनिकोको बारेमा कहीं केही उल्लेख भएको भेटिंदैन, न उनले बनाएको कलाकृति भनेर चिन्ने कुनै वस्तु नै छ। त्यसो त नेपाली वास्तुकला, मूर्तिकला क्षेत्रमा जे जति नेपाली कलाकारहरूले ती व्यतीत भएका युगहरूमा काम गरे तिनीहरूको उल्लेख विरलै पाइन्छ। यसैले विशाल काय स्वयम्भूको चैत्य हाम्रो सामुन्ने देखा पर्दा पौराणिक अनुश्रुतिकालसम्म पुगेर हामीले अन्वेषण गर्न थाले पनि कहीं कुनै कलाकारसँग परिचय गर्ने सौभाग्य मिल्दैन। पशुपति मृगस्थलीको विरूपाक्षको सौम्य मूर्तिले किरातकालीन कला सभ्यताको संकेत गर्नखोजे पनि त्यस युगका कुनै कलाकारसँग हामी परिचित हुन पाउन्नौं। लिच्छविकालमा नेपाली कला क्षेत्रको स्वर्ण प्रभात झुल्केको अनुमान प्रमाण हुन्छ। हाम्रो सामुन्ने ज्वलन्त उदाहरणको निमित्त धूमवराहको त्यो विशाल उत्कृष्ट मूर्ति, त्रिविक्रमको त्यो अनुपम भाव प्रधान मूर्ति खडा नै छन्। तैपनि, हामी त्यस १५०० पन्ध्रसय वर्ष अगाडिका कलाप्रेमी राजा मानदेवसँग मात्र परिचित हुन्छौं, कलाकारसँग होइन। यस अवस्थामा कलाकार अरनिको सँग चीनियाँ इतिहासको सहारा लिएर परिचय गर्न पाउँदा नेपाली कलाको इतिहास-क्षेत्रमा पृष्ठभूमि खोज्ने र बनाउने अमूल्य साधन हुन आएको छ।

अरनिकोसम्बन्धी चीनियाँ सालमिति अंकित विवरणहरू

नेपालको उत्तरपट्टिको छिमेकी देश चीनको इतिहास पनि ज्यादै पुरानो किसिमको छ। चिनियाँ राज्यवंशहरूको इतिहास पल्टाउँदा ईसा पूर्वका घटना क्रमहरू क्रमवद्ध रूपले देखा पर्दछन्, जस्तो पाँच राज्यकालका पीत सम्राट् ह्वाङ्गतीको राज्यारोहण काल ईसा पूर्व २६९७ तोकिएको छ, एवंप्रकारले सम्राट् शाउहाउको ईसा पूर्व २५९७, सम्राट् छ्वान सुको ईसा पूर्व २५१३, सम्राट् थीकूको ईसा पूर्व २४३५ इ.। त्यसपछि यी सालमितिहरू क्रमवद्ध रूपले देखा पर्दैजान्छन् र ती सालमितिहरूसँगै आजसम्मको चीनियाँ इतिहासको क्रम जोडिन्छ।

तर, चीनमा प्रचलित भएको संवत्को गणना नेपालमा प्रचलित भएका लिच्छवि संवत्, शक संवत्, नेपाल संवत् तथा विक्रम संवत्को गणना झैं भएको देखिँदैन।* चीनमा त प्रत्येक वंशको राज्यकालमा प्रत्येक शासकको आफ्नै नामको विशेषता भएको संवत् यद्वा सालको नाम हुन्छ र यसैलाई पहिलेको राज्यवंशको सालसँग क्रमबद्ध हुने गरी गणना गर्ने चलन छ। अनि सन् १९११ को चीनियाँ क्रान्तिपछि, छिङवंशको राज्यकाललाई उन्मूलन गरी गणतन्त्रको जग स्थापना भएको कालसम्म पनि शुरूमा यस किसिमको परम्परा र क्रम नै कायम थियो। पछि चीनमा पहिलेको परम्परा तोडेर ईसवी सन्लाई आत्मसात् गरी प्रचलनमा ल्याइयो।

उदाहरणका लागि तेह्रौं शताब्दीमा नेपालबाट तिब्बत भई चीनमा जाने नेपाली कलाकार अरनिको (यिनको नाम चीनियाँमा आनिक, पालुपु र मंगोलियालीमा आनिक मु उल्लेख गरिएको पाइन्छ। यिनलाई नेपाल र चीन बीचको सांस्कृतिक आदान-प्रदान गर्ने चीनको इतिहासमा ज्यादै नामी व्यक्ति

---

*चीनमा आफ्नै परम्पराको चान्द्रमास पद्धतिअनुसार गणना हुने प्राचीनतम सालको क्रम पनि भेटिन्छ। यस अनुसार सन् १९८३ को फेब्रुअरी महीनाको १३ तारीखको दिन मनाइएको नव संवत्सर (तथा वसन्तोत्सव) चीनको पुरानो संवत् अनुसार ४६८१ साल पुगेको थियो।

मानिएको छ)को समयको चीनको युग्रान वंशकै कुरालाई पुरानो चीनियाँ साल लेख्ने परम्परा र क्रममा हेर्न सकिन्छ ।

चीनमा युग्रान वंशको स्थापना गर्ने मंगोल जातिका सरदार सम्राट् शचु (यिनलाई हुपिले र कुबलाइ खान पनि भनिन्छ) ले शासन चलाएपछि, उनको शासनको शीर्षक अर्थात् सालको नाम 'चुङथु' कायम गरियो र त्यसवेला चुङ थु वर्ष १ को नामले साल मितिको गणना शुरू भयो । अनि यो चुङ थु वर्ष १ लाई अघिल्ला शासकहरूको क्रममा जोडेर सालको गणना गर्दा यसको गणना (चीनको इतिहासको परम्परा, वंश र सालको तालिका अनुसार) ईसवी सन् १२६० हुनआउँछ । यो चुङ थु नामको साल चार वर्षसम्म चलेपछि, सम्राट् शचुकै शासनको पाँचौं वर्षमा पहिलेको चालू गरिएको चुङ थु सालको सट्टामा "चयुग्रान" नामको अर्को साल प्रचलनमा ल्याइएको पाइन्छ र यो चयुग्रान साल ईसवी सन् १२९४ सम्म चलेको देखिन्छ ।

चीनमा युग्रान वंशका संस्थापक सम्राट् शचुदेखि सम्राट् चन सुङसम्मका सालका नाम र त्यसको बराबरीको ईसवी सन् यस प्रकार पाइन्छ । यसबाट अरनिकोको समयको चीनमा प्रचलित सालको नाम थाहा हुन आउँछ, जस्तो–

युग्रान वंश

वंशको पदवी सम्राट्का नाम	राज्यारोहण ईसवी सन्मा	शासनको सालको नाम र गणना	ईसवी सन्मा परिणत गर्दा
शचु (हुपिले, कुवलाइ खान)	१२६०	चुङ थु चार वर्षसम्म चलाएको	१२६० १२६०–१२६३
		च युग्रान ३१ वर्षसम्म चलाएको	१२६४ १२६४–१२९४
चङ सुङ	१२९४	युग्रान चन २ वर्षसम्म चलाएको	१२९५ १२९५–१२९६
		ता त ११ वर्षसम्म चलाएको	१२९७ १२९७–१३०७

ऊ सुङ	१३०७	च ता ४ वर्षसम्म चलाएको	१३.०८ १३०८–१३११
रेन चुङ	१३११	ह्वाङ छिङ २ वर्षसम्म चलाएको	१३१२ १३१२–१३१३
		यान यौ ७ वर्षसम्म चलाएको	१३१४–१३२०

नेपाली कलाकार अरनिकोको तिब्वत यात्रा र चीनको वसाइँको पृष्ठभूमिमा युआन वंशको साल भितिको विश्लेषण गर्दा निम्नलिखित तालिका पनि तुलनात्मक अध्ययनका लागि सहायक सिद्ध हुन आउँछ ।

ईसवी सन्मा

अरनिकोको समय	नेपालका शासकहरू	चीनका चुआन वंशी शासकहरू
अरनिकोको जन्म १२४३	अभय मल्ल १२१६–१२५५	ली चुङ (सोङ वंश) १२२४–१२६०
अरनिको तिब्वत आउनु १२६०	जयभीम देव १२५८–१२७१	शचु अर्थात् कुवलाइ खान (युआन वंश) १२६०–१२६४
अरनिकोले "ता सन् सौ वान आन् श" बौद्ध महाविहार निर्माण गरेको १२७९ मा । पेकिङ्गको विश्व प्रसिद्ध श्वेतचैत्य (निर्माणकाल १२७१–१२७९) यसै बौद्ध महाविहारभित्र अवस्थित छ।	जयसिंह मल्ल १२७१–१२७४ अनन्त मल्ल १२७४–१३१०	"

अरनिकोको मृत्यु १३०६	अनन्त मल्ल १२७४–१३१०	चङ सुङ (युआन वंश) १२९५–१३०७
अरनिकोलाई मरणोपरान्त दिइएको मानार्थ पदवी "कोङ खाईफु शानश थाइस" १३११ मा	जयानन्ददेव १३१०–१३३०	ऊसुङ (युआन वंश) १३०८–१३११
अरनिकोको समाधिमा अभिलेख अंकित प्रस्तरस्तम्भको स्थापना १३१६ मा	"	रेनचुङ (युआन वंश) १३१२–१३२०

उक्त विवरणबाट चीनमा बस्दा आफ्नो जीवन कालमा नेपाली कलाकार अरनिकोले दुईजना सम्राट्को सेवा गरेको देखिन आउँछ– (१) सम्राट् शचु (हुपिले, कुवलाइ खान) र (२) सम्राट् चङ सुङ्को । फेरि अरनिकोको मरणोपरान्त, दुईजना अरू सम्राट् ऊ सुङ र रेन चुङहरूले पनि उनको सेवाको ठूलो कदर गरी उनलाई मानार्थ पदवी प्रदान गरेको देखिन आउँछ ।

चीनको ऐतिहासिक सामग्रीहरूमा नेपाली वास्तुकलाविद् अरनिकोको जीवनी र कृतिसम्बन्धी सबभन्दा बढी सालमिति सहितका विवरणहरू तातू (वर्तमान पेकिङ्ग)को उत्तर पश्चिमतिर वाङपिङ जिल्लाको समथल जग्गामा रहेको उनैको समाधि स्थलमा स्थापित स्मारक स्तम्भमा अङ्कित शिलाभिलेखमा प्राप्त भएका छन् : उक्त शिलाभिलेखको उतार सम्मिलित भएको ग्रन्थ "स्यूए लौ ची" नामले प्रसिद्ध छ । यसका लेखक अरनिकोकै समकालिक लेखक चेन् चू फू (१२४९–१३१८) थिए ।

स्यूए लौ चीमा उल्लिखित सालमितिको विवरणअनुसार नेपाली कलाकार अरनिकोसम्बन्धी यी तथ्यहरू देखा पर्दछन् –

सम्राट् शचु (हुपिले, कुवलाइ खान) ले चलाएको चुङ थुको पहिलो साल (=सन् १२६०) मा सम्राट्ले पश्चिमतिर थुफान (तिब्बत) मा बस्ने आफ्ना गुरु पाहसपा बोलाई कदर स्वरूप उनलाई 'शाङ श' को उपाधि प्रदान गरे, साथै तिब्बतमा एउटा सुवर्ण चैत्य स्थापना गर्ने आदेश दिए । अनि यस्तो कामचाहिं निपोलो (नेपाल) का असल कालिगड कलाकारद्वारा गराउनु उत्तम सम्झिएको थियो । त्यसपछि राजगुरु पाहसपाले यस कामका लागि नेपालका असल कलाकारहरूको सेवाका लागि नेपालका राजासँग अनुरोध गरी पठाए ।

चुङ्थुको दोस्रो साल (=सन् १२६१) मा तिब्वतमा आइपुगेको दोस्रो वर्षमा नै कलाकार अरनिकोले सुवर्ण चैत्य बनाउने काम सिध्याए ।

सम्राट् शचुले नै चलाएको चयुग्रानको दोस्रो साल(=सन् १२६५)मा नेपाली कलाकार अरनिकोले सम्राट्को आदेशानुसार बिग्रिराखेको एउटा पुरानो ताँबाको मूर्ति सफलतापूर्वक मर्मत गरी पहिलेकै झैं दुरुस्त पारी मर्मत गरिदिए ।

चयुग्रानको नवौं साल (=सन् १२७२)मा अरनिको अचानकसँग बिरामी भए। यो खबर थाहा पाउने बित्तिकै उनलाई के कसो भो भनेर सम्राट्कहाँबाट सोध्न पठाइएको थियो ।

चयुग्रानको दशौं साल (=सन् १२७३) मा अरनिकोलाई चुसेरे च्याङ फु (कालिगडहरूको कार्यालय) का प्रमुखको पदमा नियुक्त गरियो । उनलाई अधिकारसम्बन्धी प्रतीक भएको चाँदीको छाप पनि प्रदान गरियो ।

चयुग्रानको एघारौं साल (=सन् १२७४) मा शाङ्तु (पहिलेको पुरानो राजधानी, हालको खाइयुग्रान भन्ने ठाउँ)मा अरनिकोले 'छि आन युग्रान श' नामक बौद्ध मन्दिर बनाए फेरि त्यहाँ उनले 'रेवाङ श' नामक बौद्ध मन्दिर पनि बनाए ।

चयुग्रानको तेह्रौं साल (=सन् १२७६) मा चोचाउ भन्ने ठाउँमा शाङ्तुमा बनाएकै 'छिग्रान युग्रान श' सादृश्यको अर्को एउटा बौद्ध मन्दिर पनि अरनिकोकै निर्देशनमा बन्यो।

चयुग्रानको तेह्रौं अथवा चौधौं साल (=सन् १२७६ अथवा १२७७) मा अरनिकोकी श्रीमतीलाई बोलाउन दूतहरू पठाइए ।

चयुग्रानको पन्ध्रौं साल (=सन् १२७८)मा सम्राट्को आदेश बमोजिम अरनिकोलाई "क्वाङलु ता फू ताशथू" को उपाधि प्रदान गरियो ।

चयुग्रानको सोह्रौं साल (=सन् १२७९) मा अरनिकोले "ता सन् सौ वान् आन श" नामक बौद्ध महाविहार बनाए। अरनिकोको अमर कृतिको रूपमा विद्यमान भैरहेको विश्व प्रसिद्ध "श्वेत-चैत्य" यसै बौद्ध महाविहारभित्र पर्दछ ।

चयुग्रानको सत्रौं साल (=सन् १२८०)मा अरनिकोले 'चे नान श' नामक बौद्ध मन्दिर बनाए।

चयुग्रानको अट्ठाइसौं साल (=सन् १२९१)मा अरनिकोले खगोल विषयक निरीक्षणका उपकरणहरू बनाए ।

सम्राट् चङ सुङले चलाएको युग्रान चनको पहिलो साल (=सन् १२९५) मा अरनिकोले राजधानीमा 'शान् ह्वाङ मिग्राग्रो' नामक देवालय पनि बनाए । फेरि उनैले शान्सी प्रान्तको उथाइ शानमा पनि "वाङ सेङ यू को श" नामक चैत्य बनाए ।

सम्राट् चङ सुङले चलाएको 'तात'को पाँचौं साल (=सन् १३०१)मा अरनिकोलाई शान्सी प्रान्तको उथाइसान्मा एउटा अर्को मन्दिर पनि बनाउन दिइयो ।

तातको छैठौं साल (=सन् १३०२)मा पुरानो समयमा खुनफुंच (कनफिउसियस)को पूजा गर्नका लागि बनाइराखेको 'स्यूएवेन मिग्रायो' नामक मन्दिरमा योजनानुसार अरनिकोलाई मूर्ति बनाउने आदेश दिइयो ।

तातको आठौं साल (=सन् १३०४)मा "तुङ ह्व युग्रान श" नामक देवालय स्थापना भएपछि अरनिकोले त्यस मन्दिरका लागि ५ मिटर अग्लो बौद्ध मूर्ति बनाएर ढलान गरे ।

तातको नवौं साल (=सन् १३०५)मा अरनिकोले 'सेङ सो वाङ नामक मन्दिर बनाए । उनले हजार हात र हजार आँखा भएका बौद्ध मूर्ति (लोकेश्वर) तथा पाँच दिशामा रहने पाँचवटा तथागतका ढलौटे मूर्तिहरू पनि बनाए ।

तातको दशौं साल (=सन् १३०६)मा पहिलो महीनामा परेको अधिक मासमा (चीनियाँ पात्रो-अनुसार माघतिर) एकदिन अरनिकोले आफ्ना सेवकहरूलाई खटनपटन गरेर भने "मेरो मरणको आखिरी समय आउँदा पर्दाले घेरेर खाट बनाई मलाई त्यसमाथि सुताउनू र शान्तसँग प्राण त्याग्न दिनू"। नभन्दै भोलिपल्ट स्नानकर्म गरी सम्राट्सँग भेटघाट गरी घरमा फर्केपछि उनले आफूलाई व्यथा लागेको कुरा सेवकहरूलाई बताए। "अरनिको बिरामी भए" भन्ने खबर पाउने बित्तिकै नै, सम्राट्ले आफ्नो राजवैद्यलाई खटाइपठाए । तर, अन्तिम अवस्थामा कुनै प्रयासले पनि छोएन । साँझको समयमा अरनिकोको देहान्त भयो ।

पछि, पाँचौं महीनाको एक दिन वाङ पिङ जिल्लाको स्याङशान स्याङकाङ च थुग्रानमा (अरनिकोको समाधि रहेको ठाउँमा) एउटा चैत्य बनाइयो ।

सम्राट् ऊ सुङले चलाएको चता श निग्रान (=सन् १३११) मा सम्राट्ले अरनिकोलाई मरणोपरान्त "कोङ खाई फु या शान श थाई श" को उपाधि थपिदिए । यसको अतिरिक्त सम्राट्ले अरनिकोलाई "मिङ हुई" को दर्जा पनि कदरस्वरूप प्रदान गरे । कलाकार अरनिको सम्राट् ऊ सुङका पनि निकै प्रियपात्र बनिसकेका थिए । यसैले सम्राट्को अनुग्रहबाट अरनिकोको समाधिमा एउटा स्मारक-स्तम्भ पनि स्थापना गरियो ।

चीनको युग्रान वंशको इतिहास खण्ड २०३ मा पनि कलाकार अरनिकोको जीवनी र कृति विषयक सालमिति सहितको विवरण पाइन्छ, जुन यस प्रकार छ–

सम्राट् हुपिले (शचु,कुवलाइ खान) ले राज्यारोहण गरेको पहिलो साल (=सन् १२६०) मा सम्राट्ले आफ्ना धर्मगुरु पाहसपालाई तिब्वतमा एउटा सुवर्ण चैत्य बनाउन आदेश दिएको । निपोलो (नेपाल) देशले त्यो सुवर्ण चैत्य बनाउनका लागि १०० जना कालिगढ छान्ने काम गरेको थियो तर ८० जना मात्र पठाउन सक्यो । ती ८० जना कालिगडहरूलाई नेतृत्व गर्ने नाइके रोज्दा पनि पाइएन । आनिक (अरनिको) १७ वर्षका थिए । उनले 'म जान्छु' भनेर अनुरोध गरे ।

सम्राट् हुपिलेले राज्यारोहण गरेको दोस्रो साल (=सन् १२६१) मा तिब्वतमा नेपाली कलाकार अरनिकोद्वारा सुवर्ण चैत्य बनाए ।

चयुग्रानको दोस्रो वर्ष (=सन् १२६५) मा कलाकार अरनिकोले पुरानो मूर्ति मर्मत गरी नयाँ मूर्ति जस्तो गरी बनाए । त्यस मूर्तिका जोर्नी र नसा समेत सबै स्पष्ट देखिए । धातुमा काम गर्ने अरू कालिगड-हरूले यो देवताको सिपालु हातले बनाएको हो भनेर अचम्म मान्दै लाज मानेर शिर निहुराए ।

च युग्रानको दशौं वर्ष (=सन् १२७३) मा अरनिको कालिगडहरूको प्रमुखको पदमा नियुक्त भए ।

च युग्रानको पन्ध्रौं वर्ष (=सन् १२७८) मा आदेश पाएर अरनिको पहिलेकै काममा फर्के ।

नेपाली कलाकार अरनिकोले बनाएका श्वेतचैत्य र सो श्वेतचैत्य रहेको "ता सन् सौ वान ग्रान श" (सम्राट्को दीर्घायु र संरक्षणको प्रतीक) बौद्ध महाविहारमा समय समयमा अनेक सुधार कार्य र जीर्णोद्धार कार्य भएका साल मिति अंकित लेखोट शिलालेख र ताम्र अभिलेखहरू पनि प्राप्त भएका छन् । पछि, मिङ्ग वंश कालमा "ता सन् सौ वान आन श" बौद्ध महाविहारमा दैवात् ठूलो आगलागी भयो र यसलाई सन् १४५७ मा जीर्णोद्धार गरी 'म्याउयिङईश' (दैवी प्रतिकारको प्रतीक) नाम राखियो र आज पनि यही नाम प्रचलित भैरहेको छ। यससम्बन्धी प्राप्त भएका साल मिति अंकित विवरणहरू यस प्रकार छन् ।

युग्रानवंशका आखिरी सम्राट् सुन तीले चलाएको च चङ नामक सालको चौथो वर्ष (=सन् १३४३) मा ग्रीष्म ऋतुमा जीर्णोद्धार गरी श्वेतचैत्यको उष्णीश चूडामणिमा रहेको ताँबाको सानो चैत्यमा अभिलेख कुँदेको ।

ठूलो मिङवंशको 'सेन त' सालको आठौं वर्ष (=सन् १४३३) को आठौं महीनामा श्वेतचैत्यको जीर्णोद्धार गरी शिलालेख स्थापना गरेको ।

मिङ्वंशको चिङ द सालको आठौं वर्ष (=सन् १४५७) मा श्वेतचैत्यको जीर्णोद्धार गरी अभिलेख स्तम्भ राखेको ।

मिङ थङ सालको पहिलो वर्ष (=सन् १४६५) मा श्वेतचैत्यमा वेदीको माथिल्लो खुलेको भागमा चारैतिर लहरै बत्ती बाल्ने फलामका दियाहरू राखेको ।

मिङ वान ली सालको चौधौं पन्ध्रौं वर्ष (=सन् १५८६–१५८७) मा श्वेतचैत्यमा ठूलो परिमाणमा जीर्णोद्धार गरी गजूर खण्डमा रहेको छत्रावलीमा 'चिरायु' अभिलेख अंकित झल्लरहरूको पुनः निर्माण गरिएको ।

वान् लीको सालको रेन छन् (=सन् १५९२) मा धर्म मान्ने सम्राज्ञीको आदेशानुसार श्वेतचैत्यको उपल्लो भागमा गर्भगृहको सिरानमा दक्षिण मोहडामा श्वेतचैत्यको छत्रको जीर्णोद्धार गरी १ मिटर जति अग्लो अभिलेख युक्त शिलास्तम्भ हालेको ।

छिङ वंशका सम्राट् खाङ्सीको सताइस वर्ष (=सन् १६८६) मा सम्राट्बाट म्याउ यिङ्श विहार-मा पुरानो अनुहारलाई नयाँ पारेर अभिलेख स्तम्भ राखेको ।

छिङ वंशका सम्राट् छियनलुङ्को अठार वर्ष (=सन् १७५३) मा सम्राट्ले श्वेतचैत्यमा पुनः जीर्णोद्धार गरी, श्वेतचैत्यको उष्णीश चूडामणि खण्डमा रहेको तांबाको चैत्यभित्र बौद्ध सूत्र ग्रन्थहरू, स्वयं आफैंले सारेको "प्रज्ञापारमिता हृदय सूत्र" र अनेकन् बौद्ध कलाकृतिहरू चढाई सुरक्षित गरेको तथा सम्राट्ले अभिलेख स्तम्भ राखेको ।

छिङ्वंश, च्याछिङ साल २१ वर्ष (=सन् १८१६) मा म्याउयिङ्श बौद्ध महाविहारमा जीर्णोद्धार गरी श्वेतचैत्यको छत्रावलीमा अभिलेख युक्त एउटा ताँबाको घण्टा झुण्डचाइएको ।

चुङ ह्वा मिङ्को चौध वर्ष (=सन् १९२५) मा श्वेतचैत्यमा छत्रावलीमा झुन्ड्याइएका घण्टाहरू मध्येमा दुइओटा श्वेतचैत्यको जीर्णोद्धार गरिएको अभिलेख अंकित गरिएको ।

चुङ ह्वामिङ्को छब्बीस वर्ष (=सन् १९३७) मा श्वेतचैत्यको वेदीको दक्षिण पश्चिम कुनामा एउटा अभिलेख स्तम्भ राखी, त्यसमा पुरानो राजधानीको सांस्कृतिक सामग्रीहरू पुनः मिलाउने र संरक्षण गर्ने कार्यालयले जुलाई महीनादेखि डिसेम्बर महीनासम्म श्वेतचैत्यको जीर्णोद्धार गरेको ।

सन् १९६२ मा (पुरानो किसिमको सालमिति तोडेर ईसवी सन्को प्रयोग भएको) श्वेतचैत्यलाई चटचाङबाट जोगाउनका लागि श्वेतचैत्यको अंगमा वज्र नपर्ने उपकरणहरू जडान गरेको तथा श्वेतचैत्यको अंगमा उम्रेका स-साना रूखका बोटहरू उखेलेको ।

सन् १९६५ मा श्वेतचैत्यको माथिल्लो भागका ताँवाका जालीलाई सुरक्षा गरेको ।

सन् १९७८ अगष्टदेखि शुरू गरी सन् १९८० अप्रीलसम्ममा पेकिङ शहरको "सांस्कृतिक वस्तु सुरक्षा गर्ने विभाग" बाट श्वेतचैत्यको जीर्णोद्धार गरी, श्वेतचैत्यको दक्षिण मोहडाको वेदीको अगमा सुवर्णाक्षरमा अभिलेख राखेको ।

सन् १९८० जुलाई १ तारीखदेखि श्वेतचैत्य अवस्थित म्याउमिङ बौद्ध महाविहार सर्वसाधारणका लागि अवलोकनार्थ खुला गरिएको। श्वेतचैत्यलाई राष्ट्रिय एकताको प्रतीक मानेर चिनियाँ र नेपाली जनता बीचको मित्रताको प्रतीकको रूपमा पूर्ण संरक्षण प्रदान गरिएको।

चीनको इतिहासमा तथा ऐतिहासिक अभिलेख र लेखोटहरूमा नेपाली कलाकार अरनिकोको जीवनी र कृति तथा उनीसम्वन्धी अनेकन् महत्त्वपूर्ण कुराहरू उल्लेख हुनु नेपाली जनता र चिनियाँ जनताका लागि अति ठूलो गौरवको कुरा भएको छ। अतः नेपाल र चीन यी दुई देश बीचको परम्परागत सम्वन्ध र मित्रताको ऐतिहासिक क्रमवद्धताको खोजी गर्नमा,चीनको बौद्ध धर्म,दर्शन, कला र संस्कृतिको अध्ययन-अन्वेषण गर्नमा तथा बौद्धधर्म दर्शनले एकताका सारा एशिया खण्डमा सिर्जना गरेको सांस्कृतिक एकता र प्रभावका मूलतत्त्वहरूको अध्ययन-अन्वेषण गर्नमा पनि बहुमुखी प्रतिभा भएका नेपाली कलाकार अरनिकोको जीवनी र कृति विषयक तथ्य र विवरणहरूको भूमिका अद्वितीय भएको छ।

श्वेतचैत्यप्रति
प्राचीन चिनियाँ कविहरूको उद्गार

तेह्रौं शताब्दीको उत्तरार्द्ध कालमा नेपालका एकजना प्रतिभाशाली कलाकार अरनिको हाम्रो छिमेकी देश चीनमा पुगेका थिए। उनलाई त्यहाँ लिएर जाने व्यक्ति साक्या (तिब्बतको तल्लो भेकमा ब्रह्मपुत्र नदीदेखि दक्षिणमा रहेको 'चङ' जिल्लामा रहेको) का संघनायक लामा पाहसपा थिए। यिनी पाहसपा चीनमा नयाँ युआन वंश स्थापना गर्ने सम्राट् कुबलाइ खान (यिनलाई शचु र हुपिले पनि भन्दछन्) का धर्म गुरु थिए। सम्राट् कुबलाइ खानले तातू (वर्तमान पेकिंग) लाई नयाँ राजधानी बनाएका थिए।

साक्या गुम्बामा सुवर्ण चैत्यको निर्माण कार्य समाप्त गरी तातूमा आइपुग्ने नेपाली कलाकार अरनिकोलाई सम्राट् कुबलाइ खानले फूच्छमन (न्याय इन्साफको प्रवेश द्वार) को हातामा एउटा विशालकाय श्वेतचैत्य बनाउने आदेश दिएपछि नेपाली कलाकार अरनिकोले सन् १२७१ मा नेपाली शैलीमा श्वेतचैत्यको निर्माणकार्य थाली सन् १२७९ मा त्यसको सम्पूर्ण निर्माणकार्य पूरा गरे। त्यसको लगत्तै उनले फेरि श्वेत चैत्यकै हाताभित्र एउटा भव्य बौद्ध महाविहार पनि निर्माण गरे।

यो श्वेतचैत्यलाई चिनियाँ जनताले नेपाल र चीनको परम्परागत मित्रताको प्रतीक मानेका छन्। सन् १९६१ देखि जनवादी गणतन्त्र चीन सरकारले यस श्वेतचैत्यलाई राष्ट्रिय अमूल्य सांस्कृतिक वस्तुहरूको सम्पदाको रूपमा 'क' समूहमा सम्मिलित गरी यसको पूर्ण संरक्षण गर्दै आएको छ।

नेपाली कलाकार अरनिकोद्वारा नेपाली पद्धति र शैलीमा भूपुर यन्त्रमा वेदिका उठाई, विशाल गर्भगृह, त्रयोदश भुवन, छत्रावलि र गजूरले संयुक्त गरी ५०.९ (झण्डै एकाउन्न) मिटर अग्लो गरी बनाएर गएको यो श्वेतचैत्य आज पनि जस्ताको तस्तै ७०० वर्षको पुरानो इतिहास बोकेर पेकिंगको फूच्छमन टोलमा ओजस्वी रूप धारण गरी उभिएकै छ।

यो श्वेतचैत्यसम्बन्धी अनेकन् ऐतिहासिक अभिलेखहरू तथा लोककथनहरू प्राप्त भएका छन्।

यसकै प्रासङ्गिक क्रममा अब यहाँ प्रस्तुत छ श्वेतचैत्यप्रति प्राचीन चिनियाँ कविहरूद्वारा रचित कविता-हरूका केही नमूना ।

श्वेतचैत्यको विशाल छत्रमा चारैतिर झुण्डयाइराखेका घण्टाहरूको संगीतमय ध्वनि श्रवण गरेपछि तथा छत्रको माथिल्लो भागमा जडिएको सुनको गजूर अवलोकन गरेपछि एकजना प्राचीन कवि च्याङ यी-ख्वैले व्यक्त गरेर गएका उद्‌गारको एक अंश यस प्रकार छः–

"बतास चल्दा घण्टाबाट मधुरो ध्वनि निस्किरहन्छ,
घाम लाग्दा, सुनको गजूरमा प्रकाशपुञ्ज प्रस्फुटित भैरहन्छ !"

यो श्वेतचैत्यको छत्रको व्यासको नाप ९.७ (झण्डै दश) मिटर छ । स्थानीय जनकथनानुसार त्यस छत्रमा तीनओटा आधुनिक मोटर एकसाथ दगुराउन सकिन्छ । यसबाट श्वेतचैत्यको छत्रको बनौटको विशालता र त्यसमाथिको कलशाकार सुनको गजूरको श्री शोभा छर्लङ्ग हुन्छ ।

अर्का एकजना प्राचीन समयका कवि याङ श चशुले पनि श्वेतचैत्यको अद्वितीय वास्तुकला शैली र त्यसको अनुपम सौन्दर्यबाट मनमुग्ध भई यसरी आफ्नो अभिव्यक्ति पोखेर गएका छन् (नमूनाका लागि केही अंश मात्र)

"विश्वमा एउटा प्रतापी सम्राट्को
राजधानीका लागि द्वार खुल्यो !
नीलो आकाश मुन्तिर एउटा चैत्य स्फटिकको
गगनचुम्बी भएर देखापर्‍यो !"

यहाँ प्रतापी सम्राट् भन्नाले चीनमा युआन वंश स्थापना गर्ने महान् प्रतापी सम्राट् कुबलाइ खान (मंगोल सरदार चंगेज खानका नाति) लाई औंल्याइएको हो । यिनै सम्राट्को आदेशमा नेपाली कलाकार अरनिकोले तातू (वर्तमान पेकिंग) मा श्वेतचैत्य डिजाइन गरी बनाएका थिए । 'राजधानीका लागि द्वार खुल्यो' भन्नाले सम्राट्ले योजनाबद्ध तरीकाले बनाउन लगाएको राजधानी तातूको पश्चिमपट्टि रहेको फूच्छमन (न्याय इन्साफको प्रवेश द्वार) को महत्त्व र श्री शोभालाई औंल्याइएको हो । 'तातू' को अर्थ हो महानताले भरिएको राजधानी । अनि 'एउटा चैत्य स्फटिकको' भनेर जुन अभिव्यक्ति पोखिएको छ त्यो चाहिं जुनसुकै ठाउँको कुनाबाट हेरिए पनि गगनचुम्बी श्वेतचैत्य मानो स्फटिक झैं नै स्वच्छ र सुन्दर देखिने रहेछ !

पेकिंग निवासी एकथरी सोखिन चिनियाँ जनता विभिन्न जातका परेवाहरू पाल्न र उडाउन खूब मन पराउँदछन् । पेकिंगका शहरी भागका छेउछाउका चउरहरूमा आज पनि ठाउँ-ठाउँमा "चरा-चुरुङ्गीहरूको खुला बजार" लागिरहेको देख्न पाइन्छ । (महान् सांस्कृतिक क्रान्तिताक चाहिं यस

किसिमको वजार खोल्नमा प्रतिवन्ध नै थियो ।)श्वेतचैत्यकै हाराहारीमा पनि फूच्छमन मार्गमा चराचुरुङ्गीको एउटा ठूलै खुला वजार लाग्ने गर्दछ । यस किसिमका वजारमा अन्य चराचुरुङ्गीहरूको अतिरिक्त, अत्यधिक रूपमा विभिन्न जातका परेवाहरूको खरीद-विक्री भैरहेको देख्न पाइन्छ ।

चिनियाँ परेवावाजहरूले परेवा उडाउँदा परेवाका पुच्छरमा चिनियाँ बाजाका पाँचओटा स्वर निस्कने गरी बाँसका सानासाना हलुका ध्वनि-यन्त्रहरू बाँधिदिएका हुन्छन् । अनि जसै परेवाहरू उडेर आकाशमा कावा खान्छन्, हावाको तरङ्गमा ती ध्वनियन्त्रबाट निस्कने पाँच स्वर संगीतमय भएर गुन्जिन्छन् । यतिबेला परेवाले कावा खाएको र पल्टनवाजी खेलेको दृश्य हेर्न तथा परेवाका पुच्छरमा जडित ती वाद्ययन्त्रबाट निस्किरहने संगीतमय मधुर शब्द सुन्न सबजना मन पराउँदछन् । चिनियाँ बूढापाका परेवावाजहरूको कथनानुसार यस किसिमको शब्द बादलभित्रसम्म पनि गुन्जिरहन्छ । यस्तै तथ्यलाई हृदयंगम गरी एकजना अर्का प्राचीन कवि को चाङ–वईले पेकिंगको क्षितिजको पृष्ठभूमिमा चित्रमय आकृति लिएर उभिएको श्वेतचैत्यको वरिपरि उडिरहेका परेवाहरू देखेपछि यस किसिमको अभिव्यक्ति पोखेका छन्, (नमूनाका लागि एक अंश मात्र) –

"सयौं चाङ अग्लो स्फटिकतुल्य चैत्य
ठिङ्ग उभिएको छ !
कावा खान्छन परेवाहरू यसका चारैतिर
कसैले कसैलाई बोलाउन पनि सक्दिन !"

यहाँ 'चाङ' शब्दको अर्थ हो चिनियाँ नापको एकाइ । एक चाङ बराबर अन्दाजी साढे तीन मिटर हुन आउँछ । यसैले सयौं चाङ अग्लो भन्नाले श्वेतचैत्यको गगनचुम्बी उचाइलाई औंल्याउँछ । अनि श्वेतचैत्यको चारैतिर कावा खाइरहने परेवाहरूका पुच्छरमा जडिएका बाँसका ध्वनियन्त्रबाट अत्यन्त आकर्षक र संगीतमय आवाज गुन्जिरहने हुनाले यसबाट दर्शकवर्ग र श्रोतावर्ग लट्ठ परिसकेका हुन्छन् । त्यस बेला एकले अर्कालाई बोलाए तापनि सुनिने चाहिं होइन ।

प्राचीन चिनियाँ कविता चिनियाँ छन्दशास्त्रकै परम्परामा लेखिएको पाइन्छ । आधुनिक चिनियाँ कवितामा भने छन्दशास्त्रको यस किसिमको परम्परा जटिल भएकोले यसको प्रयोग सीमित हुँदै गएको देखिन्छ । प्राचीन शैलीका चिनियाँ कविताहरूमा दायाँबाट शुरू गर्ने तथा माथिबाट तल झार्दै लेख्ने र बायाँतिर बढाउँदै लैजानुपर्ने पद्धति छ ।

यसै पृष्ठभूमिमा प्रस्तुत छ प्राचीन कवि सिये चेद्वारा रचित श्वेतचैत्य प्रतिको एउटा सिङ्गो चिनियाँ कविता– (हेर्नुहोस् चित्र नं. ६८)

謝老題白塔詩：

誰建浮圖禮大千，
靈光遥與白雲連
孤峰淡掃峨眉雪，
十丈高標太乙蓮，
飛錫僧歸銀漢來，
夢瓊人隱玉山前。
化城知近華清路，
一柱長擎兜率天。

नेपालीमा यसको नजीकको उच्चारणको अंकन यस प्रकार हुन आउँछ :–

९	८	७	६	५	४	३	२	१
यि	ह्वा	मङ	क्फई	श	कू	लिङ	स्वी	सिये
चू	छङ	छुङ	शी	चां	क्फङ	क्कांग	च्यें	चे
छाङ	चर्	रन्	चन्	काउ	तान्	याउ	पो	यी
छिंग्	चिन्	त्व	क्वी	प्याउ	साउ	य्बू	थू	पाइ
तौ	ह्वा	य्वी	यिन्	थाइ	ग्र्	पाइ	ली	था
स्वय्	छिंग	सान्	हान्	यी	मैं	यून	ता	शर्र
थियें	लू	छियें	प्याउ	लियें	सुये	लयें	छें	

यसको भावार्थः–

गर्योहोला कल्ले जनहितार्थ
श्वेतचैत्यको यो अनुपम निर्माण !
अनौठो यसको प्रकाशपुञ्ज
आकाशको सेतो बादलसग जोडिएको छ !
हेर्दा यो श्वेतचैत्य
एक्लो चुचुरोजस्तो छ
'अमे' पहाडको हिउँ पनि
यसले बढार्न सक्छ !
दशौं चाङ अग्लो लिङ्गोजस्तै
ठडिएको यो श्वेतचैत्यले
आकाश नै छुने गर्दछ !

फर्कन्छन् जब तीर्थयात्री भिक्षुहरू
रजत–स्तम्भ तुल्य यो श्वेतचैत्य भएतिर
विश्राम गर्न आइपुग्छन् ।
अनि यहाँ पुग्ने बित्तिकै नै
स्वर्ग जाने बाटो यति नजीक हुन्छ
मानो एउटा लिङ्गोले आकाश उठाएर
अङ्कमाल गरिरहेको प्रतीत हुन्छ !

यसमा कविले श्वेतचैत्यको सन्दर्भ चीनको प्रसिद्ध बौद्ध तीर्थ स्थल भैरहेको 'अमे' नामक पहाडको हिउँचुलीसँग देखाउनुको उद्देश्य श्वेतचैत्यको महानता दर्शाउनका लागि गरिएको हो भन्ने लोककथन छ, किनभने गगनचुम्बी श्वेचतैत्यले 'अमे' पहाडको चुचुरोसँग पनि पुगेर त्यहाँको हिउँ बढार्न सक्नुभनेको चानचुने उपमा होइन ।

अन्त्यमा श्वेतचैत्यसम्बन्धी प्राचीन चिनियाँ कविहरूको उक्त केही अभिव्यक्तिवाट पनि नेपाल र चीन यी दुई देश-बीचको मैत्री र सांस्कृतिक सम्बन्ध कति गहिरिएर जरा हाल्न पुगिसकेको रहेछ भन्ने कुरो दर्शाउँछ भन्नुमा अत्युक्ति नहोला ।

阿尼哥，尼波羅國人也，其國人稱之曰八魯布。幼敏悟異凡兒，稍長，誦習佛書，期年能曉其義。同學有爲繪畫粧塑業者，讀尺寸經，阿尼哥一聞，卽能記。長善畫塑，及鑄金爲像。

中統元年，命帝師八合斯巴建黃金塔于吐蕃，尼波羅國選匠百人往成之，得八十人，求部送之人未得。阿尼哥年十七，請行，衆以其幼，難之。對曰：「年幼心不幼也。」乃遣之。帝師一見奇之，命監其役。明年，塔成，請歸，帝師勉以入朝，乃祝髮受具爲弟子，從帝師入見。帝視之久，問曰：「汝來大國，得無懼乎？」對曰：「聖人子育萬方，子至父前，何懼之有。」又問：「汝來何爲？」對曰：「臣家西域，奉命造塔吐蕃，二載而成。見彼土兵難，民不堪命，願陛下安輯之，不遠萬里，爲生靈而來耳。」又問：「汝何所能？」對曰：「臣以心爲師，頗知畫塑鑄金之藝。」帝命取明堂針灸銅像示之曰：「此（安）〔宣〕撫王（檝）〔檝〕使宋時所進，（歲）〔歲〕久闕壞，無能修完之者，汝能新之乎？」對曰：「臣雖未嘗爲此，請試之。」至元二年，新像成，關鬲脈絡皆備，金工歎其天巧，莫不愧服。凡兩京寺觀之像，多出其手。爲七寶鑌鐵法輪，車駕行幸，用以前導。原廟列聖御容，織錦爲之，圖畫弗及也。

至元十年，始授人匠總管，銀章虎符。十五年，有詔返初服，授光祿大夫、大司徒，領將作院事，寵遇賞賜，無與爲比。卒。贈太師、開府儀同三司、涼國公、上柱國，謚敏慧。


子六人，曰阿僧哥，大司徒；阿述臘，諸色人匠總管府達魯花赤。

अरनिकोको जीवनी भएको युआनवंशको इतिहास, खण्ड २०३


५४



एउटा दुर्लभ तर सुरक्षित शिलाभिलेख
५५




श्वेत चैत्यको गर्भगृहको शिरानमा रहेको
· एउटा अभिलेखको आकृति
५६




श्वेत चैत्य महाविहारका अभिलेखहरू

प्रदर्शनी कक्षमा रहेको एउटा अभिलेख
५७






-श्वेत चैत्य महाविहारको प्राचीन भवन (लाङ् उ फै तेन्) को कौसीमा रहेका अभिलेख र सप्ताक्षरी कूटाक्षर
५८




श्वेत चैत्यको वेदीमा रहेका अभिलेखहरू
५९


妙应寺白塔简介


妙应寺于元朝至元十六年（公元一二七九年）落成，原名"大圣寿万安寺"，明朝天顺元年（公元一四五七年）改称妙应寺。寺由山门、钟楼、鼓楼（已毁）天王殿、三世佛殿、七佛宝殿、塔院和配殿塔院等组成。寺内形制巨大的砖制喇嘛塔俗称白塔，是我国元代最大的喇嘛塔之一，极为雄伟，为研究元代建筑提供了宝贵的实物资料。

白塔建在一个高出寺庙的塔院中，塔的四角各建小角亭一座。塔由塔基、塔身、塔刹三部分组成，塔基高九米，塔高五十点九米，底座面积一四二二平米。坚实的台基分为三层，下层呈方形，中、上两层重叠了两个须弥座，它有力地衬托了塔的雄伟。须弥座上有廿四个砖砌半圆突起的莲瓣形覆莲座，莲座上又有五条环带，承托着高大的塔身，使塔从方形基台到圆形塔身的过渡显得自然而又富于装饰性。塔身上绕七条铁箍，塔身以上是十三天（相轮）、天盘（华盖）、塔刹等几个部分。十三天呈圆锥形，承托着一个直径九点七米的木质天盘，盘用八根铁柱斜撑，呈伞状。天盘表面伏盖着四十块内空外实的铜板瓦，天盘正中有铜质鎏金宝顶，天盘四周垂卅六挂华鬘，每挂之下吊着一个小铜铃，当微

प्रदर्शनी कक्षमा अरनिको र श्वेत चैत्यसम्बन्धी ऐतिहासिक विवरण




श्वेतचैत्यको प्राङ्गणमा सम्राट् खांगसीको शिलालेख




श्वेत चैत्यको प्राङ्गणमा सम्राट् छियनलंगको शिलालेख
६२



ग्रेटवाल (लामो एवं विशाल पर्खाल) को फेदीमुनिको ल्काउडटेरेसमा अवशेषको रूपमा रहेको प्रवेशद्वार
६३






ग्रेटवाल (लामो एवं विशाल पर्खाल) को फेदीमुनिको ल्काउडटेरेसमा अवशेषको रूपमा रहेको प्रवेशद्वारभित्रका अभिलेखहरू
६४



लुकाउ छेउ पुलनेरको अभिलेखयुक्त प्रस्तर स्तम्भ नमूनाको रूपमा प्रस्तुत

६५



लुकाउ छेउ नदीको पुल (अरनिकोको समाधिस्थल भएको इलाका)
६६

凉國敏慧公神道碑

昔者聖人範金合土飭化八材以利天下後世者夫豈一手一足之為哉必有感會契合之數焉是故羲軒不並興倕般不並世我　世祖聖德神功文武皇帝受天景命以有九有之師思闡能仁安集率土乃中統元年西召帝師八合思八俾為上士朔尓赤凹建黃金浮圖于吐蕃以天竺泥波羅國良工之萃也發　詔徵之國王奉　詔蒐羅得八十人令自推一人為行長衆莫敢當有少年獨出當之使之年曰十七矣主以其幼對曰身幼心不幼也遂使部衆以東帝師見而異之因使督役明年浮圖成自請歸養帝師竒其材勉以入見　天子且為祝髮授以祕典曰誦數千百言心印大明慧觧殊勝因以薦聞　上趣令侍

अरनिकोको समाधिस्थलको अभिलेख श्वेलौची ग्रन्थमा संकलित

謝杰題白塔詩：

誰建浮圖禮大千？
靈光遙與白雲連，
孤峰淡掃峨眉雪，
十丈高標太乙蓮。
飛錫僧歸銀漢表，
蔓瓊人墮玉山前。
化城知近華清路，
一柱長擎兜率天。

- कवि सिये चे

楊知宿白塔寺詩：

梵宇弘開壯帝都，
碧天突起玉浮圖。
夜深石鼎香煙淨，
萬里風清明月孤。


- कवि याङ् श चशु

郭正域白塔詩：


亭亭百丈玉浮圖，
鴿影飄颻不可呼。
欲轉銀輪如現在，
未知白馬肯來無？
長空日霽雲山曉，
淨土雲標水月孤。
清磬杳然人世隔，
上方花雨繞皇都。

कवि उ को चन् य्वी


श्वेत चैत्यप्रति चिनिया कविहरूका उद्‌गार



उथाइसान (पञ्चशीर्ष पर्वत) मा रहेको श्वेत चैत्य
६९




थियानमेनको पेहाइ पार्कको थुंकोमा रहेको
श्वेत चैत्य
७०



मन् = नगरभित्र पस्ने प्रवेश द्वार

युआन वंशकालीन तातू (पेकिंग) को नक्सा अरनिकोको समयको



श्वेत चैत्य महाविहार (ता सङ् सौ वान् आन् श्) को पुरानो नक्सा
७२

अरनिको चीन पुगेको समयमा त्यहाँको बौद्ध धर्म र त्यसको पृष्ठभूमि

तेह्रौं शताब्दीको उत्तरार्द्धमा तातू (पैचिंग/पेकिंग) महानगरीको मध्यभागमा नेपाली कलाकार अरनिकोले डिजाइन गरी बनाएको 'श्वेतचैत्य' चीनमा भएका सम्पूर्ण चैत्यहरूमा सबभन्दा ठूलो र सबभन्दा राम्रो मानिएको छ। यो श्वेतचैत्य चीनको युआन राज्यवंशको इतिहासको प्रतीक भएको छ तथा युआन राज्यवंश काल ताकको एउटा जीवित वास्तुकला कृति पनि भएको छ। अझ गहिरिएर विचार गर्ने हो भने यो श्वेतचैत्य बौद्ध धर्म दर्शनको प्रतिनिधित्व गर्ने स्मारक हुनुको अतिरिक्त, बौद्ध धर्मको परिप्रेक्ष्यमा चीनका विभिन्न जाति (हान र अल्पसंख्यक जातिहरू) का मानिसहरूलाई धार्मिक र सांस्कृतिक एकतामा आवद्ध गर्नका लागि त्यसबेलाका युआन वंशका संस्थापक सम्राट् कुवलाइ खानको दूरदर्शी विचार धारा र नीतिको प्रतीक पनि हो।

उक्त पृष्ठभूमिमा चीनको बौद्ध धर्मसम्बन्धी प्रासङ्गिक कुरा उल्लेख गर्नु युक्तिसंगत हुन आउँछ।

हुन त चीनमा शाक्यमुनि बुद्धकै समकालीन महान् दार्शनिक कन्फ्युसियसले चीनिया जनजीवनमा एउटा नयाँ ढाँचाको परिवर्तन ल्याइसकेका थिए। तर उनी आध्यात्मिक संसारको बारेमा मौन रहन्थे। उनी आफ्ना अनुयायीहरूलाई यही भन्थे कि- "मानिस भएर मानिसको सेवा गर्न नै जानेको छैन भने, उसले देवताहरूको सेवा गर्न के जान्न सक्ला र। यसैले आफ्नै जीवनको बारेमा थाहा पाउनु पर्ने कुरा जानिएको छैन भने, मृत्युको बारेमा के जान्न सकिएला र!" उनको तर्क यस्तै थियो। उनको यस किसिमको तर्कले चीनिया जनताको जीवन पद्धतिमा निकै प्रभाव पारे तापनि, चीनिया जनताको भित्री झुकाउमा त्यसबाट वाञ्छित रूपमा सघाउ पुऱ्याउन सकिएन। उता शाक्यमुनि बुद्धको बौद्धधर्म दर्शनले चीनिया जनताका लागि उनीहरूले चाहना गरेको आध्यात्मिक खुराक दियो। फलतः ईसाको पहिलो शताब्दीको प्रारम्भ कालमा पछिल्ला हान वंशका सम्राट् मिंग (ज्योतिर्मय) का समयमा बौद्धधर्मले औपचारिक रूपमा चीनमा प्रवेश पायो र त्यसबेलाका राजधानी लोयाङमा 'श्वेत अश्व महाविहार' (बौद्ध मूर्ति र बौद्ध ग्रन्थहरू सेतो घोडामा बोकाएर ल्याएको हुनाले यस किसिमको नामकरण भएको) नामले पहिलो बौद्ध महाविहारको निर्माण भयो।

हान राज्य वंशपछि चीन तीन राज्यमा विभक्त भयो। तर बौद्ध धर्मचाहिं आधिकारिक धर्मकै रूपमा कायम भयो। तीन राज्यको पतनपछि, जब ६ राज्यको समय आयो, त्यसवेला त बौद्ध धर्ममा दीक्षित भई स्वयं भिक्षु बन्ने सम्राट्हरू समेत भए।

ईसाको चौथो शताब्दीमा त बौद्ध आचार्य थाउग्रानको निर्देशनमा चीनमा व्यापक रूपमा बौद्ध सङ्घहरू नै बने। चीनिया भिक्षुहरूले आफ्ना उपनाममा शी (Shih) (नेपालका एकथरी बौद्ध धर्मावलम्बीहरूले 'शाक्य' लेख्ने गरे झैं) पनि जोड्न थाले। पाँचौं शताब्दीको प्रारम्भ कालतिर बौद्ध आचार्य फासियन (फाहियान) बौद्ध धर्म दर्शनका ग्रन्थहरूको खोजीमा भारत र नेपालका कपिलवस्तु र लुम्बिनीसम्म पनि पुगे। यसै शताब्दीमा बौद्ध आचार्य कुमार जीवले अनेकन बौद्ध ग्रन्थहरूको अनुवाद संस्कृतबाट चीनिया भाषामा सम्पन्न गरे। विशेषत: यिनले माध्यमिक पद्धतिका बौद्ध दर्शन ग्रन्थहरू चीनिया भाषामा उल्था गरे। पछि कपिलवस्तुका बौद्ध आचार्य च्वेसियान (बुद्ध भद्र) पनि चीन पुगे। फासियानले यिनीसित मिलेर अनेक बौद्ध ग्रन्थहरू चिनियाँ भाषामा उल्था गरे।

स्वीई राज्यवंश (सन् ५८१–६१८) र थाङ राज्य वंश (सन् ६१८–९०७) को समयमा त बौद्ध धर्म दर्शन र बौद्ध कला संस्कृतिको स्वर्णयुग नै भयो। प्रसिद्ध बौद्ध तीर्थयात्री सुयान च्वाङ (ह्युनसाङ)ले बौद्ध धर्म दर्शनका ग्रन्थहरूको अध्ययन अन्वेषण गर्ने क्रममा भारतका बौद्ध क्षेत्रहरूमा र नेपालका बौद्ध क्षेत्र कपिलवस्तु र लुम्बिनीमा धर्मयात्रा गरे। यिनको माध्यमबाट चीनले बौद्ध धर्म दर्शन र बौद्ध संस्कृति कलामा ठूलो उपलब्धि प्राप्त गऱ्यो।

अनि सातौं शताब्दीको आधाआधीतिर तिब्बतका राजा स्रंचनगाम्पोले नेपालकी राजकुमारी भृकुटी र चीनिया राजकुमारी वेन्चेन्सँग बिहे गरेको सन्दर्भ जोडिन आउँछ। दाइजोको रूपमा बौद्ध धर्म बोकेर आउने दुईजना राजकुमारीहरूको प्रभावमा तिब्बतमा बौद्ध धर्म उदायो। बौद्ध धर्मकै नाताले नेपाल र चीनको पहिलो संगम भयो।

नेपालमा त्यसताक तेस्रो शताब्दीको उत्तरार्द्धतिर नै बौद्ध धर्ममा दीक्षित (सुगत शासन पक्षपाती कहलिएका) लिच्छवि राजा वृषदेव देखा परिसकेका थिए। तदनन्तर गुँविहार, मानविहार आदि अनेक बौद्ध महाविहारहरू बनेका क्रमहरू देखापर्दछन्।

नेपालमा प्रचलित बौद्ध धर्म दर्शनले तिब्बतमा निकै प्रभाव पारिसकेको थियो। नेपालबाट पठाइएका अनेक बौद्ध ग्रन्थहरू तिब्बतका प्रसिद्ध गुम्बाहरूमा पुगेका थिए जस्तो उदाहरणार्थ शाक्या गुम्बामा सुरक्षित केही ग्रन्थहरूको सूची यस प्रकार छ–

नरेन्द्रदेव (सन् ९९७–९९९) र उदयदेव (सन् ९९८–१००४) का पालामा लेखिएका अष्ट साहस्रिका प्रज्ञापारमिता।

भास्करदेवका उत्तराधिकारी बलदेव (सन् १०५०–१०६२) का पालामा लेखिएको सद्धर्मपुण्डरीक सूत्र, शङ्करदेव (सन् १०६५–१०८२) का पालामा लेखिएको सद्धर्मपुण्डरीक सूत्र, (हेर्नुहोस् चित्र नं. ८) यो पुस्तकको प्रतिलिपि वि. सं. २०४० चैत्र महीनामा जनगणतन्त्र चीनका महामहिम राष्ट्रपति ली सियन नियनले नेपालको सद्भावनापूर्ण औपचारिक भ्रमण गर्नुभएको वेलामा नेपाल नरेश श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवका जुनाफमा चढाउनुभएको थियो।

तिब्बतका शाक्या गुम्बा र अन्य विभिन्न गुम्बाहरूमा सुरक्षित नेपालबाट पठाइएका बौद्ध ग्रन्थहरूको उपलब्धिबाट स्पष्ट हुन्छ कि त्यस समयमा नेपाल र तिब्बतको बीचमा बौद्ध धर्मको सम्बन्ध निकै विकसित भैसकेको थियो।

चीनमा तेह्रौं शताब्दीको उत्तरार्द्धमा मंगोलियाको टारबाट तल झरेका कुवलाइ खानले चीनका सोंग वंशका शासकहरूलाई पराजित गरी नयाँ युआन वंशको स्थापना गरे। तिब्बत (तुफान) पनि उनकै अधीनस्थ भयो। त्यसबेला उनले बौद्ध धर्मलाई आत्मसात् गरिसकेका थिए। यसैले उनले तिब्बतका शाक्या गुम्बाका धर्मगुरु पागसपालाई (हेर्नुहोस् चित्र नं. १८) राजगुरु बनाए। फलतः युआन वंशमा बौद्ध धर्मले राजकीय मान्यता प्राप्त गर्‍यो।

त्यस वेला चीनमा बौद्ध धर्म अन्तर्गत अनेक सम्प्रदायहरू विकसित भैसकेका थिए, जस्तो–

१) माध्यमिक शास्त्र, शत शास्त्र, द्वादश निकाय शास्त्र मान्नेहरूको माध्यमिक सम्प्रदाय (आचार्य नागार्जुनका माध्यमिक मार्ग समाउनेहरूको सम्प्रदाय)

२) सन्धिनिर्मोचन सूत्र, योगाचार्य भूमि शास्त्र र विज्ञप्तिमात्र सिद्धि शास्त्र मान्ने धर्म लक्षण सम्प्रदाय (आचार्य असङ्ग र वसुबन्धुका मार्ग समाउनेहरूको सम्प्रदाय)

३) थियन थाइ सम्प्रदाय अर्थात् सद्धर्मपुण्डरीक सूत्र मान्नेहरूको सम्प्रदाय।

४) अवतंसक सम्प्रदाय अर्थात् गण्डव्यूह सूत्र मान्नेहरूको सम्प्रदाय।

५) छान सम्प्रदाय अर्थात् ध्यानलाई विशेषता दिनेहरूको सम्प्रदाय

६) सुखावती व्यूह सूत्र मान्नेहरूको सम्प्रदाय अर्थात् अमिताभ बुद्धको सुखावती भुवनमा जान इच्छुक हुनेहरूको सम्प्रदाय

७) चतुर्वर्ग विनय मान्नेहरूको सम्प्रदाय अर्थात् शील समाधि र प्रज्ञामा जोड दिनेहरूको सम्प्रदाय

८) योग पद्धतिमा तन्त्र मन्त्र मान्नेहरूको सम्प्रदाय।

अरनिको चीनमा पुग्दा र बस्दा त्यहाँ ज्यादा प्रचलित सम्प्रदायहरू चाहिं छान सम्प्रदाय, थियनथाइ सम्प्रदाय, सुखावतीव्यूह सूत्र र अवतंसक सूत्र मान्नेहरूको सम्प्रदाय नै थिए। यी सम्प्रदायहरूमध्ये

सुखावती व्यूह सूत्र मान्नेहरूको सम्प्रदाय सुगम र सुबोध भएकोले जनतामा निकै लोकप्रिय भैसकेको विदित हुन्छ । नयां 'नमो अमितो फो' (अभिताभ बुद्धलाई नमस्कार, यहाँ अमिताभ बुद्धलाई आदि बुद्धको रूपमा लिइएको छ) अथवा 'ओमितोको' (अभिताभ बुद्ध) को नामले मन्त्र मात्र उच्चारण गरेपनि क्वानयिन (चीनियामा स्त्री रूपी अवलोकितेश्वर) ले भवसागरबाट पार गराई सुखावती भुवन (महायानी बौद्धहरूको स्वर्गभूमि) मा पुन्याइदिन्छिन् भन्ने जनभावना र विश्वास भैसकेको थियो । कलाकार अरनिकोले श्वेतचैत्य महाविहारमा पनि अमिताभ बुद्धलाई शाक्यमुनि बुद्धको दायाँतिर स्थापना गरेका छन् । (हेर्नुहोस् चित्र नं. ३४ र ७७) ।

अरनिकोको समयमा चीनमा बौद्ध धर्मावलम्बीहरूको समाजको स्तर अरूहरूको (कन्फ्युसियसका अनुयायीहरू)भन्दा उच्च भएको विदित हुन्छ । बौद्ध धर्मका विविध समारोहहरू र दान धर्मका क्रियाकलापहरू बढ्नथाले । बौद्ध सङ्घ सङ्गठन र गुठी अन्तर्गत बौद्ध विहार, बौद्ध चैत्य र बौद्ध कलाकृतिहरू समृद्ध हुनथाले । पहाड तथा वनजङ्गलका चित्रमय दृश्यहरू भएका ठाउँहरूमा पनि अनेक बौद्ध विहार र गुम्बाहरू बने । बौद्ध तीर्थस्थलहरूको आकर्षण बढ्यो । महायानी परम्पराका बौद्ध धारणी र सूत्रहरूको पठन-पाठन सर्वत्र गुञ्जियो । जन-जीवनमा साहित्य, संस्कृति, कला र वास्तुकलामा बौद्ध धर्म र दर्शनका प्रभावहरू बढ्दै गए । जातपातसम्बन्धी उच नीचका भावनाहरू हटे, सबै मानिसमा हुनुपर्ने समानताका प्रवृत्तिहरू बढे । ''जो कोही पनि 'याऊ' र 'सून' बन्न सक्छन्'' भन्ने उखान चरितार्थ हुनथाल्यो । याऊ र सून भनेका प्राचीन समयका सम्राट्हरूका नाम हुन् । विशेषतः सुखावती व्यूह सूत्र, सद्धर्मपुण्डरीक सूत्र, अवतंसक सूत्र मान्ने बौद्ध सम्प्रदायीहरूका सरल र सुबोध पद्धतिहरूले गर्दा बारम्बारको जन्म नलिईकन यही जन्ममा मानिसले बुद्धत्व प्राप्त गर्न सक्दछन् भन्ने विश्वास बढ्यो ।

यसै उक्त परिप्रेक्ष्यमा– 'च श थू यान श' (ज्ञान प्रकाशन गृह) द्वारा प्रकाशित चुङ को फो चियाऊ सियै रत्वैं' (चीनको धर्म सङ्घको सँगालो) मा तेस्रो भागमा–''चुङ नी फो चियाउ क्वान शी'' (चीन र नेपाल बीचको धार्मिक सम्वन्ध) मा उल्लिखित विवरण यहाँ प्रस्तुत गर्नु युक्तिसंगत हुनआउँछ । यथा–

''नेपालको सुवायाम्भू (स्वयम्भू) को इतिहास'' भन्ने पुस्तकमा लेखिएअनुसार काठमाडौं क्षेत्र पहिले नै नाच्चापाशा' (नागह्रद) भन्ने ठूलो ताल थियो । त्यसभित्र नागका राजा बस्दथे । पछि वन्चुसली (मञ्जुश्री) चीनबाट त्यहाँ पुगे । उनले तालको दक्षिणतिर पर्ने एउटा डाँडालाई चिरेर तालको पानी बाहिर निकालिदिए । साथै उनले यहाँ स्वयम्भू चैत्य निर्माण गरे । यसैकारणले त्यस क्षेत्रलाई निपञर (नेपाल) भन्न थालियो । यस कथाबाट चीन र नेपाल यी दुबै देशका माझमा कस्तो परम्परागत एवं हार्दिक मित्रता रहेको छ भन्ने कुरा प्रतिविम्बित हुन गएको छ ।

ईसापूर्व ५६५ मा नेपालको दक्षिण भेकमा पर्ने लोलाखथनेरको च्यापिलोवै (कपिलवस्तु) का राजकुमार शाक्यमुनिको जन्म आजको नेपालको दक्षिण भेकमा पर्ने लोमिङता (लुम्बिनी) अर्थात्

प्राचीन कालमा लुम्बिनी भन्ने ठाउँमा भएको थियो । भिक्षु भएर उनले भारतका विभिन्न क्षेत्रमा गई धर्मको प्रचार गरे, शिष्यहरू बनाए । ती शिष्यहरूले पनि उनको विचारको प्रचार गरे । त्यसपछि बौद्ध धर्मको उत्पत्ति भयो । ईसाको प्रथम शताब्दीताक उनको धार्मिक विचार चीनमा आइपुग्यो । चीनका विभिन्न जातिका जनताले व्यापक रूपमा त्यस धर्ममा विश्वास गरेपछि, बौद्धधर्म चीनमा विस्तार विस्तारै विभिन्न सम्प्रदायहरू भएको एउटा पूर्ण धर्मको रूपमा विकसित भयो । यो नै चीन र नेपाल बीचको बौद्ध धर्मको इतिहासमा सबभन्दा घनिष्ठतम सम्वन्ध भएको कारण हो ।

अनि बौद्ध धर्मको कारणले गर्दा, प्रत्येक राज्यवंशका कालमा नेपालमा गएर शाक्यमुनि बस्ने ठाउँहरूको तीर्थयात्रा गर्ने चीनियाहरू पनि थुप्रै भए । त्यसमध्ये सबभन्दा पहिलो र सबभन्दा नामीचाहि तुङ्चीन् राज्य वंश (Eastern Tsin) का फाश्येनले सन् ४०५ मा शाक्यमुनिको जन्मथलो च्यापिलोवै (कपिलवस्तु) शहर र उनको जन्म भएको ठाउँ लोमिङ ता (लुम्बिनी) पुगेर तीर्थयात्रा गरे । त्यसबेलाको अवस्था उनको नामी पुस्तक 'फाश्येनको जीवनी' मा लेखिएको छ । अनि त्यसको १० वर्षपछि, चीनिया नामी भिक्षु चर्मङले पनि च्यापिलोवै गई तीर्थयात्रा गरे ।

फाश्येनले च्यापिलोवै (कपिलवस्तु) पुगेर तीर्थयात्रा गरेकै बेला ताक. त्यहाँका एकजना बासिन्दा सङ्फोतापाथोलो (च्वेश्यान = बुद्धभद्र) चीनमा आएका थिए । उनी एकजना शाक्यमुनिकै जातिका मान्छे थिए । अन्दाज गरिए अनुसार सन् ४०६ मा छाङआन (त्यसबेलाको चीनको राजधानी, वर्तमान सियान) शहरमा पुगी उनले बौद्ध धर्म ग्रन्थ पठन पाठन गरे, त्यसपछि उनले नामी भिक्षु ह्वैयुआनको निम्तोमा लूशान पहाडमा गई छान सम्प्रदाय (महायानी बौद्धधर्म अन्तर्गतका ध्यान / योग प्रधान सम्प्रदाय) का ग्रन्थहरू चिनिया भाषामा उल्था गरे । सन् ४१८ मा उनले च्यानयुये अर्थात् नानकिंग शहर पुगी त्यहाँका ताउछाङ मन्दिरमा बसेर फाश्येनसँगै मिलेर म.खसङ्चल्वी भन्ने बौद्ध ग्रन्थ (महासांघिक विनय) ४० भाग उल्था गरे । फेरि उनैले शामन् फाये, हुईयान आदि एकसयभन्दा बढी विद्वान्हरूसित मिलेर "ताफङ क्वाङ फ ख्वायान्" नामक बौद्ध ग्रन्थ ६० भाग उल्था गरे । यी बाहेक उनले चीनमा "क्वानफ सा नवे हायचिङ" वन्जुशली फायुवान चिन् जस्ता १३ ओटा बौद्ध ग्रन्थका १२५ भाग पनि उल्था गरे । उनको यस सफलतालाई चीनिया बौद्ध धर्मावलम्बीहरूले गहिरो रूपमा सम्झिराखेका छन् ।

त्यसपछि सन् ६३३ मा महाभिक्षु श्वानच्वङ (हुयनसाँग) ले पनि लाफानिलिन् अर्थात् लोमिङ्ता (लुम्बिनी) तथा च्यापिलोवै (कपिलवस्तु) शहर अर्थात् चेपिलो फा छ्वै राज्यहरूमा गई तीर्थयात्रा गरे । त्यसबेला च्यापिलोवै शहर भत्किसकेको थियो । दरबारका जग छुचूप र ढुंगे थाम मात्र देखिन्थे । त्यहाँ महाभिक्षु श्वानच्वङले आवत जावत गरी तीर्थयात्रा गरे, साथै ता थाङ सिइची (थाङवंशकालीन पश्चिम देशको यात्रा) मा उनले सबै कुरा बेलिविस्तारसाथ उल्लेख गरे । त्यसमा भनिएअनुसार च्याटमान्डू (काठमाडौं) क्षेत्रमा धर्म धेरै विकसित थियो, जताततै देवमन्दिरहरू देखिन्थे, २००० भन्दा बढी भिक्षु र शिष्यहरू थिए, तिनीहरू तास्याउ अर छङ (बौद्ध ग्रन्थ) दुवै अध्ययन गर्दथे । त्यसबेला

नामी राजा यंशुफाम (अंशुवर्मा) गद्दीमा बस्दथे। उनी पनि बौद्धधर्म मान्दथे। (पुस्तकको छैटौं र सातौं भागमा यो कुरा उल्लेख गरिराखेको छ)।

त्यसबेला नेपालकी राजकुमारी र थाङवंशकी राजकुमारी वनछाङ दुवै नै तिब्बतका राजा सुङ चान् कानपु (स्रंचन गाम्पो) का रानी बने। त्यसबेलाको वैवाहिक सम्बन्धले चीन र नेपाल वीचको मैत्रीपूर्ण सम्बन्धलाई अझै अगाडि बढायो। यसै कारणले छाङआन श (आजभोलिको सियान) देखि ल्हासा–काठमाडौं भई भारत जाने एउटा बाटो खोलियो। भारत जानका लागि थाङ राज्य वंशका दूत लीइथ्याऊ, वाङस्याङच्छ तथा थाङ वंशका भिक्षुहरू श्वान चाउ, ताउ शी, श्वानथाई, श्वान लाऊ, ताउ फङ, मतिसंख, श्वे नहुइ आदिले अघिपछि गरी त्यो बाटो भएर यात्रा गरे। फेरि तिनीहरू सबैले नै भारत जाँदा र त्यहाँबाट फर्कदा नेपालमा शाक्यमुनिको जन्मथलो च्यापिलोवै (कपिलवस्तु) शहर पुगी तीर्थयात्रा गरे। सन् ६६४ मा चीनका सामन चीए आदि तीन सयजना मानिस सुङथाइचु सम्राट्बाट खटाइए अनुसार बौद्ध धर्म शास्त्रको अध्ययन अन्वेषणमा भारत जाँदा पनि नेपालको बाटो भई गएका थिए।

नेपाल र चीनको स्वशासित क्षेत्र तिब्बत घनिष्ठ छिमेकी भएकोले दुवैको पारस्परिक बौद्ध धर्मको सम्बन्ध पनि घनिष्ठ थियो। तिब्बती भाषाका बौद्ध धर्म ग्रन्थका केही खण्ड प्राचीन नेपालका अनुवादक-हरूले उल्था गरिदिएका हुन्। तिब्बतका चैत्य र गुम्बाका प्राचीन समयका वास्तुकलाहरू तथा बौद्ध शैली एवं नेपाली शैलीका मूर्ति आदिमा बौद्ध धर्मको संस्कृति प्रतिविम्बित भएको छ। त्यसमध्ये थुप्रै कलावस्तुहरू नेपालका कलाकारहरूले नै बनाएका हुन्।

सन् १२६० मा युआन राज्य वंशका प्रथम राज्य कालमा नेपालबाट निम्त्याइएका ८० जना कलाकारहरूले तिब्बत क्षेत्र पुगी, उनीहरूले पासपा (सम्राट् कुबलाइखानका धर्म गुरु) का लागि सुवर्ण चैत्य निर्माण गरे। ती कलाकारहरूमध्ये एकजना कलाकार आनिक (अरनिको) थिए। पासपा-लाई गुरु मानी उनी पासपासँगसँगै पैचिङ्ग (पेकिङ्ग) आए। आनिक केही समयका लागि भिक्षु पनि भए। चित्र कोर्ने र धातुका मूर्ति ढाल्ने प्रविधिमा निकै सिपालु भएकोले, युआन राज्य वंशको सरकारले उनलाई विशेष रूपमा बौद्ध मूर्ति बनाउने विभागका प्रमुख पदमा नियुक्ति गऱ्यो। मूर्ति ढाल्ने, चित्र कोर्ने, माटो र काठको मूर्ति बनाउने आदि कलामा उनको कार्यभार थियो। त्यसबेला चीनका पैचिङ (पेकिंग) को ल्याङचिङका देवमन्दिरहरूमा राखिएका मूर्तिहरू धेरैजसो त आनिकले नै बनाएका हुन्। (युआन राज्यवंशको इतिहास अन्तर्गत २०३ को भागमा यो कुरा छ)। आनिक सम्बन्धी शिलालेखमा उल्लेख गरिए अनुसार अहिलेको पेकिंगको म्याउयाङ विहारको पाइथा (श्वेतचैत्य) पनि आनिकको डिजाइन अनुसार निर्माण गरिएको हो।

सन् १३८४ मा अर्थात् मिङ राज्यवंशका प्रथम सम्राट्को सत्रौं वर्षमा सरकारी दूत सामन् चक्वाङ राजकीय प्रमाणपत्र र रंगीन (सुवर्ण) मुद्राहरू लिएर सम्बन्ध बढाउन नेपाल गएका थिए। नेपालका

राजा मातानालोम (मदन राम ?)ले पनि सुवर्ण चैत्य, बौद्धधर्म ग्रन्थ, नामी घोडा, स्थानीय वस्तुहरू चीनलाई उपहार दिन आफ्ना दूतहरू चीनमा पठाएका थिए। भिक्षु फासेन (अर्कै भिक्षु) खटाइए अनुसार दोस्रोपल्ट नेपाल गए, साथै नेपालले पनि आफ्ना दूत पठाएर खबर दिन आए । त्यसपछि दुवै देशका दूतहरू अटूट रूपमा आवत जावत गर्न थाले ।"

"युग्रान राज्यवंशको धार्मिक कलामा धेरै विशेषताहरू थिए । विशेषतः पासपा (युग्रान वंशका संस्थापक फु कुबलाइ खानका धर्म गुरु) आदिले तिब्बत (तुफान) क्षेत्रमा ल्याएर प्रचलित भएको मिच्याउले युग्रान राज्यवंशको बौद्ध मूर्तिको कला र कुँद्ने कलामा ठूलो परिवर्तन भएको थियो। नेपालका नामी कलाकार आनिक (अरनिको) चाहिं चित्र बनाउने तथा सुनको मूर्ति बनाउने काममा खूब सिपालु थिए । सन् १२६० मा धर्मगुरु (पासपा)ले तिब्बत क्षेत्रमा सुवर्ण चैत्य बनाउँदा कलाकार आनिक नेपालका कालिगडहरूको एक दल लिएर तिब्बतमा आएका थिए। उनको सीप उत्कृष्ट देखिएकोले पासपाले उनलाई त्यस कामको नाइके बनाइदिए । चैत्यको निर्माण कार्य पूरा भएपछि, आनिक भिक्षु भई पासपासँगसँगै पैचिंग (पेकिंग) आइपुगे ।

पहिले उनले मिङथाङ शालामा राखिएको चन् चियाउ (आकु पन्चर) कामका लागि बनाइएको ताँबाको मूर्ति मर्मत गर्ने अभिभारा लिए। उनको काम (सिपालु हातको कलाकारिता) देखेपछि, पैचिंगका सबै कालिगडहरूले आश्चर्यचकित भई उनको प्रशंसा गरे । सन् १२७८ अर्थात् युग्रान राजवंशको पन्ध्रौं वर्षमा उनी फेरि भिक्षुबाट गृहस्थी भए । उनलाई ता श थू (निर्माण कार्यका मन्त्री सहरको पद) को पदमा नियुक्त गरियो । तातू (पेकिंग) र शाङ तू (तोलोन) दुवै शहरका देवल र विहारहरूमा राखिएका मूर्तिहरू सबै नै उनले बनाएका हुन् जस्तो ता शङ सउ वान आन (श्वेतचैत्य महाविहार) विहारका बौद्ध मूर्तिहरू साना ठूला गरी एक सय चालीस ग्रोटा 'पिङसो सङ हानचियै अर पाइस छिङ्था' विहारका सथियेन लोकपालका मूर्तिहरू. . . . . .'आक्वा यिउततियन' का त्रिकाल बुद्धका मूर्तिहरू, पञ्चबुद्धका प्रस्तर मूर्तिहरू,मञ्जुश्री, मिलपु (चिनियाँ बोधिसत्व) का मूर्तिहरू तथा ग्रोनचुङ महारानीका आदेश अनुसार निर्मित आठ पाखुरा भएका च्यू तू मू (तारा) आदिका ढुंगा मूर्तिहरू धेरैजसो त आनिकका चेलाहरूले बनाएका हुन्।

आनिक (अरनिको) बाट बौद्ध मूर्ति बनाउने सीप सिक्ने सबभन्दा वरिष्ठ कलाकार ल्यूयुवान थिए । सन् १२७० अर्थात् युग्रान राज्यवंशको सातौं वर्षमा प्रथम सम्राट् (कुबलाइ खान) ले 'ता हू को रन् चाङ' विहारको निर्माण गर्दा बौद्ध मूर्ति बनाउन सक्ने उत्कृष्ट कालिगडहरू बोलाउन खोजे । अर्काको सिफारिशमा ल्यूयुवानले अरनिकोसित भेट गर्ने सौभाग्य पाए । उनले आनिकबाट सिथेन बौद्ध मूर्ति बनाउने सीप सिक्न थाले र पछि त उनको सीप पनि पराकाष्ठामा पुगेको थियो। पछि तातू र शाङतूका मन्दिर र विहारहरूमा राखिएका माटोका मूर्ति, सुनका मूर्तिहरू सबै नै ल्यूयुग्रानले बनाएका हुन्। अनि ती मूर्तिहरूको सीप पनि अतुलनीय खालको थियो।

पछि ल्यूयुग्रान (अरनिकोका चेला) 'चङफङ ताफु मिशु चेन छिन' पदमा पुगे। पछिका मानिसहरूले उनलाई लू चङ फङ (उपनाम) भन्न लागे।

आनिक र ल्यूयुग्रान कालभन्दा अघिका बौद्ध मूर्तिहरूलाई हान ढाँचे बौद्ध मूर्ति भन्दथे, पछिका बौद्ध मूर्तिहरूलाई फान्श ढाँचे भन्दछन्। चीनका उत्तर भेकका मन्दिर र विहारहरूमा मात्र होइन, दक्षिण भेकका हान्चाउ शहरमा त्यस्ता मूर्तिहरू देख्न पाइन्छन्, जस्तो नामी कूशा लिन येन विहार अगाडिको फैलाङ फङ्को पाखामा रहेका सयौं बौध्द मूर्तिहरू सन् १२८७ देखि १२९२ सम्ममा बनाइएका हुन्।"

अरनिकोले तातू (राजधानी पेकिंग) मा श्वेतचैत्य र श्वेतचैत्य महाविहार बनाएपछि, त्यसबेला त्यहाँ प्रचलित भैरहेको बौद्ध धर्म दर्शनमा सुनमा सुगन्ध झैं भयो। विशालकाय श्वेतचैत्यको ओजपूर्ण रूप, गुण र विशेषताले जनजीवनमा निकै ठूलो प्रभाव पाऱ्यो। चैत्य दर्शन र पूजनको ठूलो महत्त्व देखापऱ्यो। यसबाट पनि बौद्ध धर्ममा नयाँ प्रकाश ल्याइदियो, साथै बौद्ध वास्तुकला र सांस्कृतिक क्षेत्रमा नयाँ उपलब्धिहरू पनि देखा परे।

अनि, श्वेतचैत्यको पृष्ठभूमिमा नेपाली कालाकार अरनिकोले चीनमा रहँदाबस्दा त्यहाँका बन्धुजनहरूलाई नेपाल र नेपालीहरूको परिचय प्रस्तुत गरी दुई देशबीचको परम्परागत मित्रतालाई सुदृढ गरिदिए।

श्वेतचैत्य अवस्थित श्वेतचैत्य महाविहारमा लाग्ने मेला जात्रा बजार

चीनको लोकसंस्कृति ज्यादै प्राचीन मानिएको छ । त्यस देशमा समय-समयमा कैय्यन् उथल पुथलहरू भए, तैपनि त्यस देशको लोकसंस्कृतिको परम्परा ज्यादै उच्च रहिआएको छ । यसैले आज पनि त्यस देशमा चीनिया पात्रो अनुसार (चान्द्र मासको गणितको आधारमा) मध्य शरद् ऋतुको पूर्णिमाको दिन मनाइने 'चुंग छिउ चे'; नव वर्षको पहिलो महीनामा पहिलो दिन मनाइने वसन्त उत्सव (छुन्चे) ले राष्ट्रिय मान्यता र संरक्षण पाएका छन् । चीनिया पात्रो अनुसार दोस्रो महीनाको दौस्रो दिन पितृहरूको सम्झनामा मनाइने पृथ्यौंली 'छिङ मिङ' चाड, त्यस्तै पाँचौं महीनाको पाँचौं दिनमा महानाग (ड्रयागन) को डुंगा बनाई मनाइने 'त्वानयाङ' चाड पनि लोकप्रिय नै छन् । गाउँघरमा तथा विभिन्न जनजातिहरूमा प्रचलित अनेकन् मेला जात्राहरू पनि त्यहाँ लागेकै छन् ।

अब यसै परिप्रेक्ष्यमा बौद्धधर्म र संस्कृतिसँग सम्वन्धित चाडवाडहरूको पृष्ठभूमिमा श्वेतचैत्यमा लाग्ने मेला जात्राको संक्षिप्त विवरण यहाँ प्रस्तुत गर्नु युक्तिसंगत हुन आउँछ ।

आजभन्दा ७०० वर्षअघि अर्थात् तेह्रौं शताब्दीमा चीनमा युआनवंश कालमा नेपाली कलाकार अरनिकोले तातू (पेचिंग) मा बनाएको श्वेतचैत्य अवस्थित श्वेतचैत्य महाविहारमा पनि बौद्ध धर्म परम्पराका चाडबाड मेलाजात्राहरू लाग्दथे । पछि समयको दौरानमा यी चाडबाड मेलाजात्राहरू कुन वेला कसरी हराउँदै गए होलान्, त्यो चाहिं अझै खोजीको विषय भएको छ ।

तर आजसम्म पनि चीनिया परम्पराअनुसार प्रत्येक बौद्ध विहारमा (चल्तीको) चान्द्रमासको तिथिको गणनामा आधारित चीनिया पात्रोअनुसार प्रतिपदा, अष्टमी (दुईओटा), र पूर्णिमा गरी महीनाको चारदिन भव्यरूपले पूजागर्ने थितिरीति चालू नै छ । अनि चीनिया पात्रोअनुसार चौथो महीनाको आठौं दिनमा अर्थात् अष्टमी तिथिमा शाक्यमुनि बुद्ध जन्मेको पवित्र दिवसको रूपमा समारोह

गर्ने चलन पनि परम्परागत रूपमा अद्यापि कायम नै छ। चीनिया बौद्धजनहरू यस पर्वोत्सवलाई 'शयुग्रान् थौ' भन्दछन् ।

चीनिया पात्रोअनुसार बाह्रौं महीनाको आठौं दिन (अष्टमी) शाक्यमुनि बुद्धलाई क्वाँटी चढाउने 'ला पा चाउ' नामक चाडबाड मनाइन्छ। हुनत यो चीनको ज्यादै पुरानो अर्थात् प्रारम्भिक इतिहासको थालनीदेखि मनाउँदै आएको चाड हो। शुरूमा पुर्खाहरूका नाममा तथा घरका देवताहरू (मूल ढोकाका देवता, भान्सा घरका देवता, घरकै माझमा रहने देवता, इनारका देवता, गल्लीका देवता) लाई पूजा भाव गरी राम्रो बालीनाली भित्र्याई न्वागी खाने चाडबाड थियो। पछि यो पुर्खाहरूका साथसाथै शाक्यमुनि बुद्धलाई पनि क्वाँटी (विभिन्न प्रकारका अन्न र फलफूलका बीउहरू मिसाएर अघिल्लो दिन रातभरि पकाउने) चढाउने तथा इष्टमित्रहरूलाई पनि ख्वाउने बौद्ध चाडबाडमा परिणत भयो।

चीनिया पात्रोअनुसार सातौं महीनाको पूर्णिमाको दिन 'छुङ यु ग्रान' नामक बौद्ध परम्पराको चाड जात्रा धूमधामसँग मनाइने परम्परा छ। यसको थालनी तेह्रौं शताब्दीमा युग्रान वंशबाटै शुरू भएको हो भन्ने कथन पनि छ। यसदिन विशेष गरेर केटाकेटीहरू कमलका पातहरू सजाई झिलिमिली लालटिन बत्ती बालेर गीत गाउँदै रमिता गर्दछन्। यसै दिनमा बौद्ध विहार र मन्दिरहरूमा बौद्धधर्मावलम्बीहरू कागजका लामा-लामा डुंगाहरू बनाउँछन् र बेलुकातिर अगतिमा परेकाहरूलाई मुक्ति दिलाउन खातिर बौद्ध सूत्रहरू पाठ गर्दछन्। यस चाडसँग शाक्यमुनि बुद्धका एकजना शिष्य मौद्गल्यायनकी आमाले मांसाहार गर्दा भोग्नुपरेको दुःख र पछि दुःखबाट छुटकारा पाएको कथा पनि जोडिएको छ।

चीनिया पात्रोअनुसार पहिलो वर्ष (नव वर्ष) को पहिलो दिन (प्रतिपदा) मा राष्ट्रिय चाडपर्वको रूपमा 'नयाँ वर्ष' धुमधामले मनाउने चलन छ। यस चाडपर्वका अनेकन् विशेषताहरूमध्ये पछि-पछि थपिँदै गएका विशेषताहरूमा सम्राट्को करकमलबाट राजकुमार, काजी, भारादार र राजप्रासादका अन्य पदाधिकारीहरूलाई महायानी बौद्ध धर्ममा अति शुभ लक्षण मानिएको अष्टमङ्गल (श्रीवत्स, पुण्डरीक, ध्वज, कलश, चामर, मत्स्ययुग्म, छत्र र शङ्ख) अङ्कित कांचिपी भरिएको थैली उपहार दिने चलन पनि थियो। प्रत्येकले नयाँ वर्षको दिन यस किसिमको थैली छातीमा पहिरन पाएमा ठूलो सौभाग्य ठान्ने गर्दथ्यो।

शचु अर्थात् युग्रान वंशका संस्थापक सम्राट् कुबलाइ खानको चियें युग्रान नामक सालको सत्रौं वर्षमा (सन् १२८०) तातूमा (पैचिंगमा) राजधानीको नगर देवता (तू छङ ख्वाङ मियाउ) को एउटा मन्दिर पनि बनेको रहेछ। यो मन्दिर कुन कलाकारले बनाएको हो त्यसको विवरण प्राप्त छैन। हुनत यही सालमा अरनिकोले बनाएको मन्दिर (श्वेतचैत्य बाहेकको) 'चे नान् श' मन्दिरको नाम उनको समाधिस्थलको कीर्तिस्तम्भको अभिलेख (हेर्नुहोस् चित्र नं. ६७) मा उल्लिखित छ। हुनसक्छ राजधानीको नगर देवताको त्यो मन्दिर अर्कै कलाकारले बनाएको, तर यो मन्दिर श्वेतचैत्यकै हाराहारीमा दक्षिणतर्फ पर्दछ। यहाँ चीनिया पात्रोअनुसार पाँचौं महीनाको प्रतिपदादेखि दशमीसम्म ठूलो मेला बजार लाग्दो-

रहेछ । यहाँ देवतालाई चढाइने धूपवत्तीदेखि लिएर अनेकन् नक्कली र सक्कली क्यूरियो मालहरू पनि बिक्री हुँदोरहेछ । अहिलेचाहिं त्यो मन्दिर ७०० वर्षको दौरानमा नष्टभ्रष्ट भैसकेको छ, केवल त्यसको मण्डप बाँकी छ।

उक्त परिप्रेक्ष्यमा नेपाली कलाकार अरनिकोकृत श्वेतचैत्य अवस्थित श्वेतचैत्य महाविहारमा लाग्ने मेलाजात्रा बजारको बारेमा तून ली छन्द्वारा लिखित "पेचिंगका वर्षभरिका थितिरीति र चाडवाड" नामक पुस्तकमा दिइएका विवरणहरू यहाँ उल्लेख गर्नु युक्तिसंगत हुन आउँछ–

त्यसबेला युग्रान वंशमा राजधानी तातू (पेचिंग) मा शहरी इलाकाभित्र मेला बजार जात्रा लाग्ने दुई केन्द्र रहेछन्:–

(१) राजप्रासाददेखि पश्चिममा फिङ्छमनमा रहेको नेपाली कलाकार अरनिकोले बनाएको श्वेतचैत्यको हाताभित्रको श्वेतचैत्य महाविहार (महानता, पवित्रता, दीर्घायु र शान्तिको प्रतीक) मा यहाँ प्रत्येक महीनाको पाँचौं, छैटौं, पन्ध्रौं, सोह्रौं, पच्चीसौं र छब्बीसौं दिनमा विहार खुला गरिनेरहेछ। यसबेला यहाँ बुद्ध पूजा गर्न तथा श्वेतचैत्य प्रदक्षिणा गर्न हजारौं मानिसहरू आउने रहेछन् । विहारको हातामा ठूलो बजार लाग्नेरहेछ, जादू गर्ने र भाग्य बताउने ज्योतिषी र नाचगानगर्नेहरूको पनि ठूलो भेला हुनेरहेछ। बेपारमा किसिम-किसिमका सुगन्धी धूपबत्ती र ऋतु-ऋतुमा फुल्ने किसिम-किसिमका फूलहरूदेखि लिएर मोती, जेड, रेशम, लत्ताकपडा, तसवीर, कलाकृतिहरू, माछा, चरा तथा दैनिक उपभोगका खानेपिउने वस्तुहरूको पनि ठूलो बिक्री हुने गर्दोरहेछ।

(२) राजप्रासाददेखि उत्तर पश्चिममा रहेको 'हुको सु' मन्दिर (मुलुक संरक्षण गर्ने मन्दिर) मा। यहाँ प्रत्येक महीनाको सातौं, आठौं, सत्रौं, अठारौं, सत्ताइसौं र अठ्ठाइसौं दिनमा मन्दिर खुला हुँदा ठूलो मेलाजात्रा लाग्नेरहेछ। यो मन्दिर युग्रानवंश कालकै भए पनि यसको निर्माण श्वेतचैत्य (निर्माण मिति १२७१–१२७९) भन्दा पछि अर्थात् अरनिकोको मृत्यु भैसकेपछि मात्र भएको देखिन्छ। यस मन्दिरमा 'हजार बुद्धको मण्डप' थियो भन्ने कथन छ। पहिले यो युग्रान वंशकालीन (सन् १३४१–१३६७ ची छङका शासनमा) प्रधानमन्त्री तोतोको आवासीय भवन रहेछ र पछि यसलाई मन्दिरमा परिणत गरिएको रहेछ। सम्भवत: यो बौद्ध मन्दिर अरनिकोका शिष्यहरूले तथा सन्तानहरूले बनाएको हुनुपर्छ।

यी दुवै देवस्थल विहारहरूमा पहिले चीनिया पात्रोअनुसार चान्द्रमासका तिथिकै गणनामा मेला बजार, जात्राहरू हुने गर्दथे। पछि चीनमा छिङ राज्यवंशलाई खतम पारेर, सन् १९१२ मा चीनमा पहिलो गणतन्त्र स्थापना भएपछि, ग्रीगोरियन क्यालेन्डर (आजभोलिको अन्तर्राष्ट्रिय अंग्रेजी क्यालेन्डर) लाई अपनाई पश्चिमा देशको पात्रो प्रचलनमा ल्याइयो। अनि श्वेतचैत्यमा लाग्ने मेला बजार जात्राका

तिथिहरूलाई सरलीकरण गरी प्रत्येक महीनाको फलानो-फलानो दिन भनेर किटान गरिएको विदित हुन्छ।

आज समयको हेरफेरमा बदलिंदो परिस्थितिमा पेकिंगका प्राचीन मन्दिर र विहारहरूमा लाग्ने अनेकन् मेला पर्व जात्राहरू नाम मात्रका पनि भैसकेका छन् । एक त यस किसिमका मेला पर्व जात्रासँग सम्बन्धित कैय्यन् मन्दिर र विहारहरू नै नष्टभ्रष्ट भएर गैसके । मुलुकको चौतर्फी विकास गरिनलागेको वेलामा मेलापर्वजात्राहरूले पनि अर्कै रूप लिंदै गए ।

तर सातसय वर्षको दौरानमा पनि अरनिकोले बनाएको श्वेतचैत्यले भने युआन वंशको इतिहास बोकेर युआनवंशकालीन बौद्ध धर्म र संस्कृतिको प्रतिनिधित्व गरेर अद्यापि यथावत् रूपमा अडिग भएर उभिरहनुचाहिं विशेष उल्लेखनीय कुरो भैरहेको छ । श्वेतचैत्यको इतिहास पल्टाउँदै गएमा युआन वंशमा मात्र होइन,युआन वंशपछिका मिंग वंश र छिंग वंशका समयमा पनि यहाँ अनेकन् ठूलठूला धार्मिक समारोहहरू सम्पन्न भएको थाहा हुन आउँछ। यस सम्वन्धी सालमिति अङ्कित अभिलेखहरूको संक्षिप्त टिपोट 'नेपाली कलाकार अरनिकोसम्बन्धी चीनिया सालमिति अङ्कित विवरणहरू' शीर्षक लेखमा परिसकेको छ ।

सन् १९४९ अक्टोवर १ मा जन गणतन्त्र चीनको स्थापना भएपछि, सन् १९६१ मा चीनको राज्यपरिषद्ले मुलुकको ऐतिहासिक एवं सांस्कृतिक सम्पदाहरूको संरक्षणखातिर 'श्वेतचैत्य' लाई प्राथमिकता दिई पहिलो श्रेणीमा राख्यो । हाल जन गणतन्त्र चीनको सरकारले श्वेतचैत्य र श्वेतचैत्य महाविहारको जीर्णोद्धार कार्य समाप्त गरी सन् १९८० जुलाई १ तारिखदेखि सो ठाउँ सर्वसाधारणका लागि खुला गरिदिइसकेको छ । श्वेतचैत्य महाविहारका कर्मचारीहरूले मनाउने बिदामा बाहेक, अरू दिन वेहानदेखि वेलुकासम्म श्रद्धालु भक्तजनहरू, र पर्यटकहरू श्वेतचैत्य विहारका त्रिकाल बुद्धहरूको दर्शन गर्न तथा श्वेतचैत्य प्रदक्षिणा गर्न जान थालेका छन्।

जात्रामेला लाग्ने बजारको हकमा आज श्वेतचैत्य महाविहार जोडिएका दक्षिण भागमा रहेको मूल सडक (फूच्छमन, पैथा, सीस)नै झिलिमिली बजारमा परिणत भैसकेको छ । अनि परम्परागत रूपको एउटा खुला बजार (विभिन्न प्रकारका चराचुरुङ्गीहरू, रङ्गीबिरङ्गी माछाहरू र नाना किसिमका फूलका बोट विरुवाहरू मात्र बेचिने) पनि श्वेतचैत्यकै हाराहारीमा फूच्छमनमा आइतवारको दिन वेहान लाग्ने गरेको छ।

अरनिकोले टेकेका बाटोका डोबहरू

तेह्रौं शताब्दीमा (आजभन्दा ७०० वर्षअघि) कलाकार अरनिको आफ्ना सहयोगी साथीहरू समेत साथमा लिई नेपालबाट तिब्बत (तिब्बतका शाक्या गुम्बा) र तिब्बतबाट चीन (राजधानी तातू पेचिंग) जाँदा कुन-कुन बाटो गरी गए होलान् भन्ने एउटा उत्कण्ठित प्रश्न हाम्रो सामु देखा पर्न आउँछ। त्यो बेला आजका जस्ता पक्की बाटो, पक्की पुल र अनेकन् किसिमका सवारीका साधनहरू थिएनन्। अतः उनी त्यो बेला स्थलमार्गमा पैदल नै गए होलान् अथवा साधन भेटिएको ठाउँमा घोडा, खच्चर, झोपा चढी गए होलान्। अनि जहाँ-जहाँ जलमार्ग आए त्यहाँ-त्यहाँ उनी सानातिना खोला-नदीहरू जङ्घार तरेर गए होलान्, जङ्घार तर्न नसकिने ठाउँमा तुइन, फड्के, झोलुङ्गे, साँघु जे-जस्तो तेर्स्याइ-राखेका छन् अथवा तानिराखेका छन् त्यसैबाट गए होलान्, अझ भीर-पहरामा खोपिएको गोरेटो (परेङ) बाट पनि कहाली लाग्ने खोलानाला नदीहरू हुँदै हिंडेहोलान्। काठका टुनी, डुंगा र छालाका डुंगामा बसेर पनि उनले कैय्यन् खोलानाला नदीहरू तरेहोलान्। कैय्यन् डाँडाकाँडा, भीर-पाखा, खोंच, देउराली भन्ज्याङ, उकाली ओराली, हिउँका फाँट र घाटी, घाँसे मैदान, वलौटे बगर, टारभूमि भएर पनि उनी हिंडेहोलान्। तर गोरेटो र घोडेटो भई जस्तै घाम-पानी, हावा र हिउँको सामना गरी उनी हिंडेको भएता पनि काठमाडौं उपत्यका (उहिलेको नेपाल खाल्डो) बाट कुनचाहिं बाटो समाई उनी तिब्बत पुगेहोलान्, त्यस्तै तिब्बतबाट कुन बाटो गरी उनी पेकिंग पुगे होलान्, त्यसको भने कतै कुनै उल्लेख पाइएको छैन। केवल चीनिया अभिलेखहरूमा उनी नेपालबाट तिब्बत आए (सन् १२६० मा) र त्यहाँ सुवर्ण चैत्य बनाउने काम २ वर्षमा समाप्त गरी पागसपा लामाका साथमा उनी पेकिंग आइपुगे भन्ने सामान्य उल्लेखसम्म पाइन्छ। अतः प्रस्तुत लेखमा अरनिको हिंडेका बाटोका डोबहरू पहिल्याउने प्रयास भएको छ। यसमा परेका ठाउँका नाउँहरू उच्चारणभेदले फरक पनि हुनसक्छ, त्यो चाहिं क्षम्य होस्।

काठमाडौं उपत्यकाबाट तिब्बत जाने दुई ओटा प्रचलित मार्गहरू छन्–

(क) केरुङको बाटो

यो बाटो भई जाँदा बाटोमा पर्ने मुख्य-मुख्य ठाउँहरू हुन्–

(१) त्रिशूली (२) वेत्रावती (३) धुंचे (४) पाङकोटे (५) लिङलिङ (६) तिमरी (७) घाटेखोला (८) रसुवा (सिमानाको ठाउँ) (९) पेताँ (१०) केरूङ (११) झोंगा (१२) तिंग्री

(ख) कुतीको बाटो

(१) बनेपा (२) धुलिखेल (३) पाँचखाल (४) बाह्रबिसे (५) तातोपानी (६) कोदारी (सिमानाको ठाउँ) (७) खासा (८) कुती (९) तिंग्री

उक्त दुई बाटोमा जुनसुकै बाटो गरी गए पनि आखिर तिंग्रीमा पुग्नुपर्ने रहेछ, यी दुवै बाटोको संगम नै तिंग्री रहेछ । काठमाडौंबाट तिंग्रीसम्म अनेक उकाला ओराला डाँडाकाँडाहरू पर्दछन् र तिंग्री पुगेपछि समथर शुरू हुनेरहेछ र साथै तिंग्रीको सतह दक्षिणतिरका हिमालचुलीहरूको सतहमा बराबरी हुनेरहेछ। उहिलेका नेपालका बत्तीसकोठी महाजनहरू यी दुबै बाटो गरी आ-आफ्ना कोठीमा जाने गर्दा रहेछन् । एकथरी जनकथनानुसार सातौं शताब्दीमा भृकुटी आफ्नो दुलाहाको घर ल्हासातर्फ जाँदा केरूङकै बाटो भई गएको हुनसक्छ भन्ने अनुमान छ । यससम्बन्धी एउटा पत्यारिलो तर्क के हो भने यो बाटोबाट जाँदा बाटोमा अनेक प्रसिद्ध गुम्बाहरू पर्दछन् । यस किसिमका गुम्बाहरूमा बास बस्ने राम्रो व्यवस्था हुन्छ । यसैले ठूलठूला बौद्ध आचार्यहरू ल्हासा र काठमाडौं बीच ओहर-दोहर गर्दा यसै भेकमा झ्यामलातिंग गुम्बा (केरूङको), ल्हातिसम्पो गुम्बाहरूमा बास बसेका थिए भन्ने कथन छ। यस आधारमा अरनिको पनि आफ्नो दलबलसहित यही बाटो गरी (केरुङको) तिब्बत पुगेहोलान् भन्ने तर्क गर्न सकिन्छ। एकथरी अर्को तर्क चाहिं–जाने बेलामा कुतीको बाटो गरी जाने परम्परा छ, अनि फर्कंदा केरुङको बाटो गरी फर्कने परम्परा छ ।

तर नेपालीमा एउटा लोक कथन नै छ–"ल्हासा (तिब्बतको राजधानी) जानु कुतीको बाटो ।" अनि काठमाडौं उपत्यकाबाट ल्हासा जान सबभन्दा नजीक पर्ने बाटो पनि यही हो । किनभने केरूङको बाटो भई जाँदा घुमाउरो बाटो पर्दछ र यो बाटोबाट तिंग्री पुग्न कम्तीमा १५ दिन लाग्दछ, उता कुतीको बाटो भई जाँदा बाटो सोझो पर्ने रहेछ र १३ दिनमा सजिलैसँग तिंग्री पुग्नसकिने रहेछ। अतः अरनिकोले टेकेको गोरेटो यही कुतीको बाटो भई तिंग्री पुगेको अनुमान हुन्छ । यसैले पनि यो कुती जाने बाटोलाई 'अरनिको राजमार्ग' भनेर नामकरण गरिएको हुनुपर्छ । यस तथ्यलाई नक्साबाट (हेर्नुहोस् चित्र नं. २३) अझ झन् खुलस्त पारेको छ। मित्रराष्ट्र चीनको सहयोगबाट निर्मित अरनिको राजमार्गको लम्बाइ ११४ किलोमिटर छ । यो राजमार्ग काठमाडौंबाट भक्तपुर, बनेपा, धुलिखेल, पाँचखाल, दोलालघाट, बलेफी बाह्रबिसे हुँदै कोदारीको मितेरी सांगुसम्म पुग्दछ र त्यहाँ पुगेपछि चीनको स्वायत्त प्रदेश तिब्बत-को सिमाना जोडिन पुग्छ। हाल यो राजमार्ग एशियाली राजमार्गको रूट नं. ५ को एक खण्ड भैसकेको छ।

चीनिया स्रोत अनुसार कलाकार अरनिको नेपालबाट तिब्बत (थूफान) आइपुगेको उल्लेख मात्र पाइन्छ । उनी सन् १२६० मा तिब्बत आइपुगे र त्यहाँ उनले २ वर्ष काम गरी सुवर्ण चैत्य (उनले कुन ठाउँमा कस्तो सुवर्ण चैत्य बनाए त्यसको पनि विवरण पाइँदैन) बनाए । त्यसपछि चीनमा युआन

वंशको संस्थापक सम्राट् कुबलाइ खानका धर्मगुरु पागसपाले अरनिकोलाई तातू (पेकिंग) मा सँगसँगै लगे ।

उक्त परिप्रेक्ष्यमा अरनिकोको जीवनीसँग सम्बन्धित धर्मगुरु पागसपाको भूमिका अति महत्त्वपूर्ण हुन आउँछ र यसैबाट अरनिकोको जीवनीमा नयाँ प्रकाश पनि उपलब्ध हुन आउँछ।

कुतीसम्म पैदल यात्रा सम्भव हुन्छ । कुतीदेखि तिग्रीको फाँट लागेपछि घोडा चढी जानुपर्छ । नेपालीमा अर्को लोक कथन पनि छ–"तिंग्री मैदानको बास" । यसबाट तिंग्री मैदानको विशालता र यहाँ भोग्नुपर्ने कठोरता बोध हुन्छ । तिंग्रीबाट ल्हासा (तिब्बतको राजधानी) पुग्न झण्डै १५ दिनको बाटो पर्न आउँछ । अनि तिंग्री र ल्हासाको बीचमा सिगाचे (झिखाछें) नामक एक प्रमुख स्थान पर्दछ । यसै ठाउँमा तासिलुम्पो वस्ती पनि छ । तर यहाँको तासिलुम्पो गुम्बाचाहिं सन् १४४७ तिर मात्र ग्यालवा रिनपोचे जे दुन दूबद्वारा संस्थापित गुम्बा भएकोले, अरनिकोको समयमा यो गुम्बा यहाँ थिएन । अनि यसै सिगाचे (झिखाछें) देखि दक्षिण-पश्चिमतिर 'शाक्या' नामक एउटा चिटिक्क परेको सानो सुन्दर उपत्यका छ । यसै ठाउँबाट तिब्बतमा प्रचलित बौद्ध धर्म दर्शन अन्तर्गत शाक्यापा सम्प्रदायको प्रादुर्भाव भएको थियो।

अरनिकोलाई तिब्बतमा बोलाएको बेलामा त्यहाँ बौद्ध धर्मको विकास क्रममा शाक्या सम्प्रदायको परम्पराको सुदृढीकरण भैसकेको थियो । वास्तवमा यो शाक्यापा सम्प्रदाय त्यसबेला तिब्बतमा प्रचलित काग्यूपा (सिद्ध मार्पाले दीपङ्कर श्रीज्ञानद्वारा तिब्बतमा स्थापित कादम्पा सम्प्रदायका धार्मिक शिक्षाहरू पनि अपनाउने) सम्प्रदायकै एक सुधारिएको शाखा थियो । यस सम्प्रदायले मान्यता दिएका तान्त्रिक देवदेवताहरू हुन्– हेवज्र, वज्रपाणि इ. । त्यसबेलासम्म तिब्बतमा चोंखापाद्वारा प्रतिपादित सुधारिएको गेलुपा सम्प्रदायको जन्म भैसकेको थिएन।

तिब्बतको शिरानमा रहेको मंगोलिया (यस देशलाई सोग्यूल अथवा होर पनि भन्दछन्) का वीर योद्धा सर्दार चेंगीज खान (जन्म ११८२ इ.) चारैतिर दिग्विजय गर्दै तिब्बतमा आइपुग्दा त्यहाँ उनले अनेक किसिमका संहार गरे ता पनि, उनी शाक्या गुम्बाका संघराज लामा कुन गा निन्पोबाट निकै प्रभावित भए । पछि; उनले संघराज लामालाई धर्मगुरु स्थापना गरे र मंगोलियामा आउन पनि निम्त्याए । यसै बेलादेखि तिब्बतबाट मंगोलियामा बौद्ध धर्मको प्रवेश भयो । यसभन्दा अघि त्यहाँ भूतको पूजा गर्ने, भूतलाई पशुबलि चढाउने थितिरीति थियो।

पछि चेंगीज खानका नाति गोयुग र गुतानका शासनकालमा बौद्ध धर्म औपचारिक रूपमा मंगोलियामा प्रचलित भयो । त्यसबेला शाक्या गुम्बामा संघराज शाक्या पण्डित (धार्मिक नाम कुन गा ग्याल शान-आनन्दध्वज) थिए । यिनी बौद्ध धर्म दर्शनका प्रकाण्ड विद्वान् र साधक भएकोले, शाक्या गुम्बाको निकै प्रसिद्धि हुनगएको थियो । अनि मंगोल सर्दार गुतान्ले शाक्या गुम्बाका शाक्या पण्डितलाई अनेकन्

बहुमूल्य उपहारहरू पठाई मंगोलियामा आउन निमन्त्रणा पठाए । शाक्या पण्डित पनि आफ्ना दुई भतिजा पागसपा (पछि अरनिकोलाई तिब्बतमा बोलाउने तथा चीनमा लिएर जाने) र छ्यागनालाई साथमा लिई शाक्या गुम्बाबाट सन् १२४८ मा मंगोलिया पुगे ।

त्यसपछि मंगोलियाको शासन भार चेंगीज खानकै नाति मुनखे खान र उनका भाइ कुबलाइ खानका हातमा पऱ्यो ।

कुबलाइ खान सर्वशक्तिशाली भएपछि, उनले फेरि सम्पूर्ण मंगोलिया, तिब्बत र चीनमा पनि प्रभुत्व जमाउन थाले । त्यसैबेला उनले तिब्बतबाट शाक्या गुम्बाका संघराज भैसकेका पागसपा (उनै शाक्या पण्डितका भतिजा, धार्मिक नाम लोद्रो ग्याल्छन्=आर्य मतिध्वज) लाई आदरपूर्वक अनेक बहुमूल्य उपहार चढाई मंगोलिया आउन निमन्त्रणा पठाए ।

पागसपा दोस्रोपटक मंगोलिया पुगे । सम्राट् कुबलाइ खानले उनीदेखि धेरै प्रभावित भएर श्रद्धापूर्वक बौद्ध धर्मको दीक्षा ग्रहण गरे । उनले पागसपालाई अनेक बहुमूल्य उपहार प्रदान गरी आफ्ना राजगुरु बनाउनुको साथै सम्पूर्ण तिब्बतका आधिपत्य सुम्पेर पठाए । उनले राजगुरु पागसपालाई उपाधि पनि प्रदान गरे । अरनिकोको समाधि स्थलको कीर्तिस्तम्भमा अङ्कित विवरण अनुसार यस उपाधिको नाम 'शाङ श' रहेको छ (स्वर्ग, मर्त्य र पातालमा धर्मराज भन्ने अर्थ आउने) ।

अनि यो उपाधि प्रदान गरिएपछि, सम्राट् कुबलाइ खानले राजगुरु पागसपाद्वारा प्रस्तुत तिब्बतका शाक्या गुम्बामा सुधार कार्य सम्पन्न गर्ने परियोजनालाई स्वीकृति प्रदान गरे । यसकामका लागि राजगुरुले १०० जना सिपालु कलाकारहरूको सेवाका लागि नेपालमा अनुरोध गरी पठाए । यसमा ८० जना कलाकारहरूको नेतृत्व गरी नेपालबाट तिब्बतमा आउने कलाकारहरूका नाइके अरनिको कुतीको बाटो गरी तिंग्री पुगेपछि, उनी त्यतैबाट शाक्या गुम्बामा पुगेको विदित हुन्छ । र, त्यहीं नै उनले २ वर्ष लगाई एउटा सुवर्ण चैत्य बनाए । उनका साथमा आएका अरू कलाकारहरू (विभिन्न वास्तुकला र शिल्पकलामा दक्ष भएका) पनि शाक्या गुम्बालाई विस्तार गर्ने, परिष्कार गर्ने र त्यहाँ अनेकन् मूर्तिहरू बनाएर सजाउने काममा लागे (हेर्नुहोस् चित्र नं. २४–२६) ।

संघराज पागसपा अरनिकोको हातको अद्वितीय सीपबाट निकै प्रभावित भैसकेका थिए । यसैले उनले अरनिकोलाई सम्राट् कुबलाइ खानकहाँ दर्शन गराउन लाने निधो गरे । पछि शाक्या गुम्बामा ३ वर्ष बसी, संघराज पागसपा नेपाली कलाकार अरनिकोलाई साथमा लिई तिब्बतको शाक्या गुम्बाबाट मंगोलियाको लागि प्रस्थान गरे ।

त्यसताका मंगोल सर्दार चेंगीज खानका नाति कुबलाइ खानले चीनको उत्तरी भूभाग आफ्नो अधीनस्थ पारिसकेका थिए । तर तातू (महान् राजधानी = पेकिंग) को निर्माण गर्नुअघि, उनले भित्री

मंगोलियामा शानतियन नदीको उत्तरी किनारामा अवस्थित शाङतू (आजभोलिको तोलोन) लाई राजधानी वनाएका थिए । संघराज पागसपाका साथमा जाने नेपाली कलाकार अरनिको पहिले यसै ठाउँमा आइपुगेको विदित हुन्छ ।

सम्राट् कुबलाइ खानले दुईओटा राजधानी वनाएका थिए (१) शाङतू (भित्री मंगोलियामा पर्ने) (२) तातू (पेकिंग, शाङतूदेखि दक्षिणतिरको) । यी दुईको बीचमा जेहोर (वर्तमान छाङत) नामक सुन्दर उपत्यका पनि पर्दछ । सम्राट् कुबलाइ खान तातूमा ज्यादै गरमी हुँदा, तातू (पेकिंग) बाट जेहोर र शाङतूमा हावापानी फेर्न जाने गर्दथे ।

राजधानी तातू (वर्तमान पेकिंग अथवा पैंचिग) को निर्माणको प्रारम्भ सम्राट् कुबलाइ खानको 'च युआन' नामक सालको चौथो वर्ष (सन् १२६७) मा मात्र भएको हो । त्यसबेला सम्राट् कुबलाइ खानले उत्तरी चीनमा प्रभुत्व जमाइसकेको भएतापनि, दक्षिण चीनको सोङ वंशका शासकहरूलाई अधीनस्थ गरी संयुक्त चीनको श्रीगणेश गरेको चाहिं सन् १२७१ मा हो । यसैले चीनिया इतिहासकारहरूले सम्राट् कुबलाइ खानको युआन वंशलाई सन् १२७१ देखि शुरू भएको मानेका छन् । अनि तातू (पैंचिग) को फूच्छमनमा श्वेतचैत्यको निर्माण कार्यको प्रारम्भ सन् १२७१ मा भएकोले, सो समयभन्दा अधि, अरनिको शाङतूमा बसेको विदित हुन्छ । सम्भवतः अरनिको शाङतू र तातूको बीचमा कार्यवश ओहरदोहर गर्दथे अथवा कार्य निरीक्षणमा लागिरहन्थे अथवा सम्राट् कुबलाइ खान रहने ठाउँमा उनी पनि खटिइरहन्थे । शाङतूमा उनी वस्दथे भन्ने बारेको तथ्य अभिलेखहरूबाट पनि यसरी छर्लङ्ग हुन्छ, जस्तो–

(१) अरनिकोको समाधिस्थलको कीर्तिस्तम्भको अभिलेख अनुसार "एघारौं साल (सन् १२७४) मा शाङतूमा उनले (अरनिकोले) 'छि अन् युआन श' मन्दिर वनाए, साथै 'रे वाङ श मन्दिर' पनि वनाए । शाङतूको विद्यालयको स्थापना हुनेवित्तिकै दशजना महात्माहरूको मूर्ति बनाउन पनि उनलाई आदेश दिइएको थियो ।

(२) युआन वंशको इतिहास खण्ड २०३ को विवरण अनुसार

"दुईओटा चिङ (यहाँ खाइचिङ=शाँङ तू; पैंचिग=तातू) का मन्दिरहरूमा राखिएका धेरैजसो मूर्तिहरू पनि उनले (अरनिकोले) बनाएका हुन् ।"

उपरोक्त विवरणहरूबाट स्पष्ट हुन्छ कि तिब्बतको शाक्या गुम्बाबाट (र राजधानी ल्हासाबाट पनि) उहिले चीन (शाङतू र तातू) जाने बाटो सिधै उत्तरको बाटो समाई (छिङहाइ प्रान्त, कान्सु प्रान्त, निङस्याख्वै प्रान्त भएर) भित्री मंगोलिया अर्थात् त्यहाँ अवस्थित ग्रीष्मकालीन राजधानी शाङतू पुग्नेरहेछ र त्यताबाट दक्षिण तातू (राजधानी पेकिंग, होपे प्रान्त) झर्नेरहेछ । यही नै परम्परागत बाटो देखिन्छ। तिब्बतका शाक्या गुम्बाबाट अथवा ल्हासाबाट उत्तर-पूर्व हानेर (सछुवान, शेन्सी, होनान,

शान्सी, प्रान्तहरू भएर) तातू (पेकिंग) पुग्ने मार्ग परम्परागत रूपमा चालू भएको देखिंदैन । अतः नेपाली कलाकार अरनिको शाक्या गुम्बाका संघनायक लामा पागसपाको साथमा चीन जाँदा उत्तरकै बाटो गरी भित्री मंगोलिया (शाङतू) पहिले पुगेको देखिन्छ । यस प्रसङ्गमा अरनिकोकै समकालीन इटाली निवासी यात्री मार्कोपोलो पनि सन् १९७५ मा शाङतूमै सर्वप्रथम सम्राट् कुबलाइ खानको ग्रीष्म-कालीन राजप्रासादमा पुगेको रहेछ। यसबाट पनि पुष्टि हुन्छ, अरनिको पनि मार्कोपोलोभन्दा केही वर्षअघि शाङतूमा पुगी उनले सम्राट् कुबलाइ खानलाई आफ्नो देश (नेपाल) र आफ्नो हातको सीपको परिचय दिएको ।

तिब्बतबाट सिधै उत्तर चिङहाइ भएर भित्री मंगोलिया (चीनकै स्वशासित प्रदेश) पुग्ने र त्यताबाट दक्षिण झरेर राजधानी पेकिंग (होपे प्रान्त) पुग्ने परम्परागत बाटो पछिसम्म पनि चालू भएको देखिन्छ। सन् १७७९ मा शाक्या गुम्बाकै हाराहारीमा १०० किलोमिटर उत्तर पर्ने तासिलाम्पो गुम्बाका तासी पाल्दन येसे लामाले गरेको चीनको यात्रा विवरण अनुसार, उनी पनि भित्री मंगोलियाबाट जेहोर (वर्तमान छाङत) पुगेको र त्यहाँबाट दक्षिण हुँदै पेकिंग पुगेको विवरण पाइन्छ।

एउटा पुरानो पुस्तक हायन्डबुक अफ बुद्धिजम्, पृ० १०७ मा उल्लेख गरिए अनुसार चीनदेखि नेपालसम्मको सोझो दूरीको हिसाब दश हजार ली बताइएको छ। 'ली' भन्नाले चीनिया नापको नाम हो। १ ली = ०.५ किलोमिटर हुन्छ।

अरनिको र नेपाली कलाशैलीको परम्परा

नेपाली कलाकार अरनिकोसम्बन्धी अध्ययन र अन्वेषण गर्ने क्रममा 'चाउस्याङ तुल्याङ चिङ' (मूर्ति बनाउने विधि) नामक एउटा सचित्र ग्रन्थ ज्यादै उपयोगी सिद्ध हुन आएको छ। यो ग्रन्थ प्राचीन चिनियाँ लिपि र शैलीमा (अर्थात् दायाँबाट वायाँतर्फ पल्टाउँदै माथिबाट तल पढ्ने शैलीमा) लेखिएकोले यसलाई पढ्न र बुझ्नमा नेपालका विभिन्न प्राचीन शैली र लिपिमा लेखिएका अभिलेखहरूझैं नै कठिन पर्दछ। तर यो ग्रन्थ चिनियाँ मूर्तिकला र चित्रकलाको निमित्त मात्र होइन,नेपालको मूर्ति कला र चित्र कलाकै निमित्त पनि उत्तिकै महत्त्वपूर्ण ग्रन्थ भएको छ। किनभने यो पुस्तक मूर्ति बनाउने विधिको आधिकारिक लक्षण ग्रन्थ हो। अझ यसमा रञ्जना लिपिका स्वर व्यञ्जनवर्ण र रञ्जना लिपिमै लेखिएका बौद्ध धर्मसूत्र र बीजाक्षर मन्त्रहरू समेत भएकोले यो पुस्तक महायानी बौद्ध धर्म दर्शनको दिग्दर्शन गराउने ग्रन्थ पनि भएको छ। एकथरी चिनियाँ विद्वान्हरू यस पुस्तकको नाम उच्चारण भेदले 'चाम्रो स्याङ लि ग्रान् तू' (मूर्ति बनाउने नापको हिसाबशास्त्र) पनि भन्दछन् (हेर्नुहोस् चित्र नं ९४–१०७)।

यस ग्रन्थको पृष्ठ १३–१४मा अरनिको र उनका एकजना प्रमुख चेला ल्यू युग्रान सम्बन्धी उल्लेखहरू यस प्रकार छन्–

"नेपाली कलाकार अरनिको आर्यावर्तका शास्त्रीय शैलीका बौद्ध मूर्तिहरू बनाउने काममा सर्वश्रेष्ठ थिए, उनले संस्कृत भाषा जानेका थिए। उनी यहाँ सम्राट्का गुरु पाहसपाका साथमा आएका थिए र उनलाई आकुपन्चर (सियोले घोचेर औषधी गर्ने पद्धति) को प्राभ्यासका लागि विशेषरूपले बनाइएको एउटा ताँबाको मूर्ति जस्ताको तस्तै मर्मत गर्न आदेश दिइएको थियो। उनले सफलतापूर्वक मर्मत-कार्य सम्पादन गरे।

अरनिकोका लिउ चङ फङ (ल्यू युग्रान) नाम गरेका एक जना चेला थिए। यी चेला पनि आफ्ना हातको सीप र मूर्ति बनाउने कलामा समस्त चीनमा नै नामी मूर्तिकार कहलिएका थिए।

सरकारले चित्र बनाउने, मूर्ति बनाउने र ढलान (मूर्ति आदि) गर्ने कार्यमा एउटा छुट्टै आर्यावर्त-तिरका शैलीमा मूर्ति बनाउने एकाइ स्थापना गरेको थियो। अरनिकोको सीप र कला त्यसबेला पराकाष्ठामा पुगेको थियो। त्यसैबेलादेखि आर्यावर्त शैलीका मूर्तिहरू भनिन थाले।

नेपाल भन्ने देश भारतको उत्तरतिर तथा तिब्बतको पश्चिमतिर अवस्थित छ। परम्परानुसार नेपाल उत्कृष्ट कलाकारहरूका लागि प्रसिद्ध थियो। अरनिको त नेपालका एकजना सर्वश्रेष्ठ कलाकार नै थिए। यसै कारणले सम्राट्का गुरुले उनलाई सम्राट् शचु। (कुबलाइ खान) का दरबारमा सिफारिश गरे।

सम्राट् शचुले पनि उनलाई सबभन्दा पहिले आकुपन्चरको अभ्यास गराउने ताँबाको एउटा मूर्ति देखाएर भने–"हेर त, यो मूर्ति सोंगवंशी सम्राट्कहाँ दूतको रूपमा पठाइएका आन ऊका वाङ्चीले सोंग राज्यवंशी सम्राट्लाई चढाएका थिए। धेरै समय बितेपछि यो मूर्ति बिग्रिन गयो। अनि यो मूर्ति मर्मत गर्न सक्ने पनि कोही निस्केन। तिमी यो मूर्ति मर्मत गर्न सक्छौ?"

उक्त प्रश्नको जवाफ थियो, 'म सक्दो प्रयास गर्छु'। अनि सन् १२६५ मा मूर्ति जस्ताको तस्तै गरी मर्मत गरियो, मूर्तिमा भएका प्वालहरू, खँदिला अंशहरू, नसाहरू र नलीहरू कुनै पनि छुट्न पाएनन्। त्यसबेला धातु मूर्तिकारहरू साराले एक मुखले भने झैं अरनिकोको खूबीको प्रशंसा गरे। त्यसबेला अरनिकोको खूबीको प्रशंसा नगर्ने धातुका मूर्तिकारहरू कोही पनि भएन। अरनिकोका चेला लिउ चङ फङ (जसको वास्तविक नाम ल्यू युग्रान थियो, उपनाम चाहिं पिङ युग्रान) ची नामक जिल्लाका पाउती भन्ने ठाउँका निवासी थिए। उनी पनि विभिन्न कलामा निपुण थिए, विशेषतः मूर्ति बनाउने काममा उनी श्रेष्ठ गनिएका थिए। उनले नेपाली कलाकार अरनिकोबाटै शास्त्रीय पद्धतिका मूर्तिहरू बनाउने कला सिकेका थिए र उनका कलाकृतिहरू नयाँ सतहमा उठेका थिए। वास्तवमा उनी भौतिक रूपले मात्र होइन, आध्यात्मिक रूपले पनि मूर्ति बनाउन प्रवीण थिए। उनको सीप पनि अद्वितीय नै गनिएको थियो। दुईवटा राजकीय दुर्गहरूमा रहेका सबै विहारहरूमा प्रायः सबैजसो मूर्तिहरू ल्यू युग्रानकै हातका कृति थिए। कलाकारमा उनको जोडा अरू कोही निस्केन। यसैले विभिन्न उच्च ओहदा-हरूमा उनले नियुक्ति पनि पाए।"

उक्त प्रसङ्गमा अरनिकोले चीनमा नेपाली शैलीका श्वेत चैत्य बनाउनुका अतिरिक्त, उनले नेपाली परम्परा र नेपाली शैलीका कलाकृतिहरू बनाउने एउटा 'नेपाली कला स्कूल' नै स्थापना गरेको कुरो टड्कारो रूपमा देखिन आउँछ। एक त उनी १७ वर्षमा घर छोडी हिंडेका मान्छे,तिब्बतमा २ वर्ष लगाई सुवर्ण चैत्य बनाइसकेपछि पेकिंगमै घरबार गरी उहीं स्थायी भएर बसे। उनी ६२ वर्षसम्म बाँचे। उनका एकसेएक लायक ६ जना छोराहरू पनि थिए। उनीहरू पनि आफ्ना पिताजीका पुर्ख्यौली पेशामा नै लागेका थिए।

युग्रान वंशको इतिहास खण्ड २०३ मा उल्लेख भए अनुसार कालिगडहरूको विवरणमा उनका जेठा छोरा (आचङ्क) ले त सरकारी ओहदामा बाबुकै 'तास थु' (मन्त्री सरहको पद) दर्जा पाएको

उल्लेख पाइन्छ । उनका माहिला छोरा आसुला पनि कालिगडहरूको विभागमा सचिवस रहको पद 'चूसेरे च्याङ्चूङ क्वानफु तालू ह्वाच्छ' मा पुगेका उल्लेखहरू पाइन्छन् । उनका सवभन्दा सिपालु चिनियाँ शिष्य ल्यू युआनले त गुरुपरम्परा नै कायम गरेर शाङ्तू (भित्री मंगोलियामा पर्ने ठाउँ) र तातू (पैचिग) का मन्दिरहरूमा सुनका मोलम्वा गरिएका धातुमूर्तिहरू स्थापना गरेका उल्लेखहरू पाइन्छन्। त्यसवाट थाहा हुन आउँछ कि कलाकार अरनिकोले चीनमा प्रचलित नेपाली शैलीका वौद्ध मूर्तिहरूको तालमान र लक्षणशास्त्रको एउटा परम्परानै कायम गरेर गएका थिए।

उक्त परिप्रेक्ष्यमा युआन वंशकै इतिहास खण्ड २०३ मा अरनिकोको जीवनीमा दिइएको विवरणमा 'च्छछन्' भन्ने धर्मग्रन्थ पढ्दा अरनिकोलाई एकपल्ट सुनेपछि मनमा सम्झिराख्ने शक्ति थियो। ठूलो भएपछि उनी चित्र र मूर्ति वनाउन सिपालु भए। उनी धातुलाई ढालेर मूर्ति वनाउन पनि सक्थे भनेर जुन उल्लेख गरिएको पाइन्छ त्यसमा त्यो 'च्छछन्' भन्ने ग्रन्थको साधारणतः चिनियाँ भाषामा नापतौल एकाइसम्वन्धी पुस्तक भन्ने अर्थ लगाइएतापनि वास्तवमा त्यो ग्रन्थ मूर्ति निर्माण प्रविधिका तालमान र लक्षणसम्वन्धी पुस्तकनै हुनु धेरै सम्भव छ। यसवाट पनि अरनिको मूर्ति निर्माण गर्ने शास्त्रीय विधिका ज्ञाता थिए भन्ने कुरो स्पष्ट नै छ। उनले नेपालमा पढ्ने गरेको अथवा साथमा चीनमा ल्याएको पुस्तकको नाम चिनियाँमा उल्था गर्दा 'च्छछन्' भनिएको हुन पनि सक्छ।

अरनिकोको जीवनीसम्वन्धी प्रसङ्गहरूमा 'चाउ स्यांग तु ल्याङ चिङ' ग्रन्थको नामको अर्थ वाङ होङ वैं (पेकिंग स्थित दक्षिण एशिया अध्ययन संस्थानका सह प्राध्यापक) का विवरणअनुसार 'मूर्ति वनाउने सूत्र' रहेको छ। उनीद्वारा लेखिएको ('काउ सान् वाङको नीपोअर'=अग्ला पहाडहरू भएको अधिराज्य नेपाल) नामक पुस्तक (पृ. १८०) मा पनि उनले यसरी लेखेका छन्-"अरनिकोले चीनमा ३० वर्षसम्म काम गरे। उनले 'क्वाङ लू ताफू'तथा 'तास थू' जस्ता ओहदामा वसेर निर्माणकार्य र मूर्ति वनाउने कार्यको सञ्चालन गरे। स्वयं उनको नेतृत्वमा वनाइएका मूर्ति वनाउने परियोजनाहरू र विहारहरू यस प्रकार थिए-थास आन्,तास चिऊ,शच्छिअर, ताउकुङ यी आदि। प्रचलित भनाइअनुसार पैचिंग फूछङमन टोलभित्र पर्ने पाइथा विहार (श्वेतचैत्य महाविहार)को श्वेतचैत्य र शान्सी प्रान्तको उथाइशानमा रहेको वौद्ध चैत्य उनकै नेतृत्वमा वनाइएका हुन्।

यसका साथै अरनिकोले ज्योतिष शास्त्रसम्वन्धी सूक्ष्म उपकरणहरू पनि वनाए-त्यस बेला ज्योतिष शास्त्र, वास्तुशास्त्र, मूर्ति वनाउने शास्त्र आदि क्षेत्रमा उनले महत्त्वपूर्ण योगदान दिए।

अरनिकोले चीनमा हान (चिनियाँ) र तिब्वती यी दुई जातिका लागि अनेकन् कलाकारहरू पनि हुर्काए। त्यसमध्ये सवभन्दा नामी शिष्यचाहिं ल्यू युआन थिए। उनले (ल्यू युआन) बौद्ध मूर्ति बनाउने कला निकै राम्ररी जानेका थिए। त्यसबेला उनको कलालाई पनि उत्कृष्ट मानिएको थियो। प्रचलित भनाइअनुसार पेकिंगमा रहेका पाइयून क्वान, क्व ची श, साङ शान स विहार र तुङयूये गुम्वामा राखिएका बौद्ध देवदेवताका मूर्तिहरू धेरैजसो ल्यू युआनले नै बनाएका हुन्।"

अरनिकोको विषयमा अध्ययन अनुसन्धान गर्ने जापानी तत्त्वान्वेषक एम. इसिदाका टिप्पणीहरूमा पनि यस्ता उल्लेखहरू पाइन्छन्–

"हाम्रो देश (जापान) को श छिङ थाङ श ले (वाङ देन भन्ने उपनामबाट) जापानी पात्रो अनुसार मिङ च नामक ३७ सालको पहिलो महीनामा कोह्वा नामक पत्रिकाको १६४ औं अङ्क पृष्ठ १७५ मा निपोलो (नेपाल) देशका बौद्ध कलाकार आनिक (अरनिको) र उनका चेला च्यू चन फोङ (ल्यू युअ्रान): मूर्ति बनाउने तालमानको शास्त्र" भन्ने लेख छापिएको थियो। लेखकले अरनिको र उनका चेला ल्यू युअ्रानले हासिल गरेका उपलब्धिहरूको परिचय दिएका छन्।

एम० इसिदाको विचारअनुसार यो पुस्तक (चाउ स्याङ तु ल्याङ चिङ) संस्कृतमा लेखिएको छ। यसको अनुवाद पछि चिनियाँ र तिब्बती भाषामा भयो। अरनिकोले छात्रजीवनमा घोक्ने गरेको छुन चिङ यस्तै किसिमको शास्त्र हुनुपर्दछ।

यो मौलिक ग्रन्थ कलाकार अरनिकोले नेपालवाटै तिब्बत र तिब्बतबाटै पेकिंगमा साथमा ल्याएको धेरै सम्भव छ। अथवा यो पछि तिब्बतबाट चीनमा ल्याइएको पनि हुनसक्छ। जे होस्, कलाकार अरनिकोले कण्ठस्थ गरिराखेको च छुन् चिङ शास्त्र चाहिं यस्तै किसिमको शास्त्र थियो। यो बाहेक यस शास्त्रको सम्वन्धमा मेरूङले 'कोह्वा' पत्रिकामा अंक ४७०,४७२–४७४,४७६ र ४७७ मा आफ्ना विचार पोखेका छन्। जापानी पात्रो अनुसार 'चाग्रोह' नामक ५ सालमा।

(Toa Bunka- shi So ko = Studies in Cultural History of Eastern Asia, Tokyo 1973 pp 371–394)

'चुंको फु चियाऊ' (चीनको बौद्ध धर्म) को पृ० १०९ मा पनि यस किसिमको विवरण दिइएको पाइन्छ–

"आनिक (अरनिको) बाट बौद्धमूर्ति बनाउने सीप सिक्ने सबभन्दा वरिष्ठ कलाकार ल्यू युअ्रान थिए। सन् १२७० अर्थात् युअ्रान राज्यवंशको सातौं वर्षमा प्रथम सम्राट् (कुबलाइ खान) ले 'ताहू को रन् वाङ' विहार निर्माण गर्दा बौद्धमूर्ति बनाउन सक्ने उत्कृष्ट कालिगड (कलाकार) बोलाउन खोजे। अर्काको सिफारिशमा ल्यू युअ्रानले अरनिकोसित भेट गर्न पाए। उनले अरनिकोबाट 'सिथेन' बौद्ध-मूर्ति बनाउने सीप सिक्न थाले र पछि त उनको सीप पनि चरम विन्दुमा पुगेको थियो। पछि तातू (पेकिंग) र शाङ्तू (भित्री मंगोलिया) का विहारहरूमा राखिएका माटोका मूर्ति, सुनका मूर्तिहरू सबै नै ल्यू युअ्रानले बनाएका हुन्। अनि ती मूर्तिहरूको सीप पनि अतुलनीय खालको थियो।

पछि ल्यू युअ्रान 'चङ फङ ताफु मिशु चेन छिन' पदमा पुगे। पछिका मानिसहरूले उनलाई 'लू चङ फङ' भन्न लागे।

अरनिको र ल्यू युग्रानकालभन्दा अघिका बौद्धमूर्तिहरूलाई हान ढाँचे बौद्धमूर्ति भन्दथे, अनि पछिका बौद्ध मूर्तिहरू चाहिं 'फान्‌श ढाँचे' बौद्धमूर्ति भनिन लागे। चीनका उत्तरभेकमा मन्दिर र विहारहरूमा मात्र होइन, दक्षिण भेकमा हान्चाउ शहरमा पनि त्यस्ता फान्‌श ढाँचे बौद्धमूर्तिहरू देख्न पाइन्छन्। जस्तो कि नामी 'कूशा लीन येन' विहार अगाडिको फैलाइ फङको पाखामा रहेका सयौं बौद्ध मूर्तिहरू सन् १२८७ देखि १२९२ भित्र बनाइएका हुन्।"

माथि हान ढाँचे भनिएका बौद्धमूर्तिहरू त्यस बेला चीनमा प्रचलित भैरहेको चिनियाँ शैली र तालमानका बौद्धमूर्तिहरू हुन्। अनि फानश ढाँचे भनिएका बौद्धमूर्तिहरूचाहिं नेपाली कलाकार अरनिकोले प्रचलनमा ल्याएका नयाँ शैलीका हुन्।

नेपालका मध्यकालीन नेपाल (Mediaeval History of Nepal) का लेखक लिसयानो पेटेचको उल्लेखअनुसार "चीनका बौद्धमूर्ति कलाकारहरूमा अरनिकोले चलाएको परम्परा (नेपाली शैलीका मूर्तिहरू बनाउने) धेरै समयसम्म दिगो भएर रहेको थियो र आजतक पनि 'चाउ स्याङ तू ल्याङ चिङ' (The late Iconometric treatise) को परिचयात्मक भूमिकामा त्यो परम्परालाई मान्यता दिइएकै छ।" उक्त पुस्तकमा पेटेचले प्रसङ्ग निर्देश गरेअनुसार, अर्का एक जना विद्वान् पी. पेलियटले पनि अरनिकोका प्रमुख चेला ल्यू युग्रानले आफ्ना गुरु (अरनिको) बाट चलाइएको कला शैलीको परम्परालाई व्यापक रूपमा कार्यान्वित गरेको विवरण प्रस्तुत गरेका छन् (Les grands voyages maritimes Chinoas au debut du xv siecle, in T'oung Pao xxx (1933) PP 195–197)।

अरनिकोको समाधिस्थलमा रहेको कीर्तिस्तम्भमा अङ्कित अभिलेख (स्यूए लौची ग्रन्थमा संकलित प्रतिलिपि) मा पनि यस किसिमको विवरण पाइन्छ–

"अरनिको तीन वर्षको हुँदा उनका आमाबाबुले उनलाई बुद्धपूजा गर्न जाने बेलामा सँगै लैजाने गरेका थिए। एकचोटि उनले बुद्धको मन्दिर हेर्दै मनको कुरा पोखे–"अहो, यो मन्दिरको मूल खम्बा अनि यसको गजूर कसले बनाएको होला क्यारे!"

त्यस बेला अरनिकोले यसरी बोलेको सुनेपछि, ती सुन्ने मानिसहरूले आश्चर्यचकित हुँदै भने– "अहो यो केटो अहिले त यस्तो तीखो कुरा गर्छ, शायद पछि यस केटाले पनि यस्तै मन्दिरसम्बन्धी निर्माण कार्य गर्न बेर छैन। यो केटा त बूढापाकाले झैं कुरा गर्छ।"

अरनिकोले बालककालमै संस्कृत भाषा पनि पढेका थिए। उनी अक्षर पनि खूब राम्रोसँग लेख्दथे। उनले पढेको, उनले लेखेको देख्दा बूढापाकाहरू पनि ईर्ष्या गर्दथे किनभने उनीहरूले त्यो केटाले झैं पढ्न सिक्न सकेनन्।

अरनिको मूर्ति बनाउने नाप लक्षणसम्बन्धी 'च छुन चिङ' भन्ने ग्रन्थ पढेअनुसार बुझ्न पनि सक्थे। वालककालदेखि नै उनका हातवाट जे जति कामकुरा भए ती सब राम्रो नै भएका थिए। अनि ताँबाको मूर्ति मर्मत गर्ने कलाकार यिनै भए। यिनीदेखि सम्राट् (कुबलाइ खान) खूब प्रभावित भए। अनि यिनमा सम्राट्लाई ठूलो विश्वास भयो। त्यसैले सम्राट्ले आवश्यक परेका जरूरी कामहरू (निर्माणसम्बन्धी) यिनैका जिम्मा लगाइदिएका थिए।"

यहाँ 'च हुन चिङ' भन्ने मूर्तिनिर्माणका तालमानसम्बन्धी ग्रन्थ संस्कृत भाषामै लेखिएको ग्रन्थ (प्राचीन साधनमाला, निष्पन्नयोगावलि जस्ता मूर्ति निर्माणका विधि भएका ग्रन्थ) बुझिन्छ।

यसै प्रसङ्गमा अरनिकोको पालाको नेपाली वास्तुकलाशैलीको परम्परा र छापको अनुकरण हुँदै गएको एउटा ज्वलन्त उदाहरण पेकिंगकै इलाकामा ग्रेटवाल (विशाल पर्खाल) जाने बाटोमा ग्रेटवालकै फदीमा पातालिङ डाँडोको चूयोङ घाटीको फेदीमा अवस्थित एउटा अजङ्गको प्रस्तर द्वार (The Archway of Yung Tai) ले पनि प्रदर्शन गरिराखेको छ, जुन यहाँ उल्लेखनीय हुन आउँछ, (हेर्नुहोस् चित्र नं. ६३ र ६४)।

गुमौज शैलीको यो प्रस्तरद्वारको तोरणको शिरमा अङ्कित हुवहु नेपाली शैलीको पखेटे गरुड, त्यसका दायाँबायाँका नागकन्याहरू, घुँघरिएका फूलका बुट्टाहरू, हिटीमंग: (मकराकृतिहरू), हात्ती, विश्ववज्र मण्डल आदि नेपाली शैलीका प्रस्तर कलाकृतिहरू हुन् भन्ने कुरामा शङ्का गर्ने ठाउँ नै देखिंदैन। फेरि द्वारभित्रका भित्ताहरूमा पनि पञ्चवुद्ध र लोकपालहरू (चीनियाँ शैलीमिश्रित) पनि उत्तिकै उल्लेखनीय छन्। फेरि त्यहाँ सुन्दर रञ्जना लिपिमा संस्कृत भाषामा बौद्धसूत्रहरू (शीतातीपत्रानींश धारणी सूत्र) अङ्कित भएका छन्। त्यसवाट पनि नेपाली कलाशैली र परम्परा पूर्ण रूपले झल्कन्छ।

यस प्रस्तरद्वारको शिरानमा तीनवटा चैत्यहरू (श्वेतचैत्यकै लघु प्रतिकृति हुन सक्छन्) पनि थिए भन्ने उल्लेख पाइन्छ। हाल ती चैत्यहरू नष्ट भैसकेका छन्।

तीनवटा श्वेतचैत्ययुक्त यो प्रस्तरद्वारको निर्माण युग्रान वंशका अन्तिम सम्राट् शून थी को ची चङ (च चन्) नामक सालको पाँचौं वर्ष (सन् १३४५) मा भएको उल्लेख पाइन्छ। यस सालमिति-अनुसार यसको निर्माण अरनिकोको मृत्यु (सन् १३०६) पछि, अर्थात् अरनिको मृत्यु भएको ३८-३९ वर्षपछि भएको विदित हुन्छ। यसैले सम्भवत: यसको डिजाइन इस्टिमेट अरनिकोकै समयमा भएको वा थालिएको तर उनको जीवनकालमा कार्यसम्पादन हुन बाँकी भैरहेको हुनसक्छ अथवा यसको डिजाइन अरनिकोकै प्रमुख चेला ल्यू युग्रानवाट भएको हुनसक्छ अथवा उनकै (अरनिकोकै) कार्यभार सह्माल्ने छोराहरूवाट। वास्तवमा यस प्रस्तरद्वारका कलाकृतिहरूमा अरनिकोले पेकिंगमा स्थापना गरेको नेपाली परम्परा र शैली (Nepalese School of Art) का कलाकृतिका छाप परेका छन्। यस तथ्यलाई पुष्टि गर्ने तथ्यहरू परिशिष्ट (Marvelous artistry at Cloud Terrace) मा समावेश भएका छन्। तर यस प्रस्तरद्वारको अग्रभागका सिरानमा र मुनितिर कुँदिएका मूर्तिहरू आजका चीनियाँ पुरातत्त्वान्वेषकहरूका लागि अति अनौठा खालका जीवमूर्ति भैसकेका छन्। यसैले

त्यसमा उनीहरू Roc अरेबिया देशको भयानक रूपको ठूलो काल्पनिक चरो,बच्चालाई ख्वाउन निमित्त हात्ती जन्माउने चरो) आदि (fabulous beasts) अद्‌भुत जीवहरूको कल्पना गर्न पुगेका छन् । तर जुनसुकै नेपाली आँखामा चाहिं ती नेपाली शैलीका जीव मूर्तिहरू ज्यादै चिरपरिचित देखा पर्दछन् ।

अरनिकोद्वारा स्थापित नेपाली परम्परा र शैलीका अन्य नमूनाहरूचाहिं समयको दौरानमा कति खँडहरभित्र पुरिइसके होलान्, कतिचाहिं नचिनिने गरेर देखा परिरहेकै होलान्,तर आज ती सब खोजी गर्ने विषयवस्तु भैरहेका छन् ।

अन्त्यमा यसै प्रसङ्गमा पाइ सौयी (Bai Shouyi) द्वारा सम्पादित चीनियाँ इतिहासको रूपरेखा (An Outline History of China, page 325, First Edition 1982 बाट उद्‌धृत एक सम्बन्धित उल्लेख यहाँ प्रस्तुत गर्नु युक्तिसंगत हुनेछ, यथा–

"The Culture of Nepal also was introduced into China during the Yuan Dynasty. At the invitation of Kublai Khan, a great architect of Nepal named Arnico came to Dadu and was entrusted with the task of building palaces for the royal house. He sculptured many Buddhist statues in Dadu and Shangdu and repaired a bronze acupuncture statue. He was referred to as a genius. Moreover, he passed his unique skill to Liu Yuan of Baodi (located near modern Tianjin), who also became a famous sculptor."

भावार्थ- चीनमा युआन राज्यवंशमा नेपालको संस्कृति पनि भित्रचाइयो। सम्राट् कुबलाइ खानको निमन्त्रणामा नेपालका नामी वास्तुकलाविद् अरनिको तातू(वर्तमान पेकिंग)मा आइपुगे र राजप्रासादका लागि भवनहरू बनाउने कार्यभार उनैलाई सुम्पियो। उनले तातू (पेकिंग) र शाङ्तू (भित्री मंगोलियामा पर्ने ग्रीष्मकालीन राजधानी) मा अनेकन् बौद्धमूर्तिहरू निर्माण गरे र उनैले आकुपंचरको एउटा मूर्ति पनि मर्मत गरिदिए। उनी ज्यादै प्रतिभाशाली कलाकार थिए। अनि उनैले पाउती (वर्तमान थेनचिन नेर अवस्थित) का ल्यू युआनलाई आफ्नो अद्वितीय हातको सीप हस्तान्तरण गरेपछि, ल्यू युआन एक प्रसिद्ध मूर्तिकार भएर निस्के ।

अरनिकोको कुलघर र वंश

अरनिको विषयक अध्ययन-अन्वेषणको क्रममा जिज्ञासा स्वरूप एउटा प्रश्न उठ्छ—उनी नेपालका कुन ठाउँका बासिन्दा थिए भन्ने कुरो। 'स्यूये लौ ची' ग्रन्थमा उल्लिखित उनकै समाधिस्थलको कीर्ति-स्तम्भको अभिलेख अनुसार उनी आर्यावर्त नेपालका मानिस थिए। तर उनी नेपालका कुन ठाउँका मानिस थिए भन्ने कुरो त्यसमा उल्लेख भएको पाइँदैन। त्यसमा नेपालको नामसँगै आर्यावर्तको नाम उल्लेख गरिराखेको प्रसङ्ग आउँछ। सम्भवतः 'नेपाल' भनेर नाम उच्चारण गर्दा नेपाल भन्ने देश कहाँ पर्दछ भन्ने कुरो जनाउन अर्थात् नेपालको भौगोलिक स्थिति अवगत गर्दा पुरानो समयमा "जम्बूद्वीपे भरतखण्डे आर्यावर्तान्तर्गत हिमवत् पर्वतैक देशे" भनेर नाम लिने चलन अनुरूप चीनियाँ विद्वान्हरूले पनि 'नेपाल' को परिचय प्रस्तुत गर्दा नेपालसँगै आर्यावर्तको नाम उल्लेख गरेको हुनसक्छ। आजभोलि चीनियाँहरूले आर्यावर्तलाई 'इन्दु' भन्दछन् तर आजभन्दा ७०० वर्षअघि अरनिकोको समयमा 'थिग्रान चु' भन्ने गर्दारहेछन्। यस्तै रूपले आजभोलि चीनियाँहरूले 'नेपाल'लाई 'निपोर' भन्दछन्, तर अरनिकोको समयमा चाहिं 'निपोलो' भन्ने रहेछन्। चीनियाँ युग्रान वंशको इतिहास र अन्य धर्म ग्रन्थहरूमा भने अरनिकोलाई सोझै नेपालका मानिस मात्र भनिएको पाइन्छ।

पछि, बीसौं शताब्दीको पूर्वार्द्धमा 'ल नेपाल' भाग १ र २ लेख्ने सिलभान लेभी जस्ता फ्रान्सिसी विद्वान्को तर्फबाट नेपाली कलाकार अरनिकोको संक्षिप्त परिचय नेपालीहरूको समक्ष देखा पर्न आएपछि, नेपालका अन्वेषण कार्यमा लागेका विद्वान्वर्गले पनि नेपालमा अरनिकोको जन्मस्थलबारे अनेक अनुमान गर्न थाले। हिमवत्संस्कृति पत्रिकामा प्रकाशित "आनिको उनका परिवार र जन्मस्थल" शीर्षक लेखमा इतिहास शिरोमणि बाबुराम आचार्यले व्यक्त गरेका धारणा अनुसार यस किसिमको उल्लेख पाइन्छ, यथा—"अनिको (अरनिको) को जन्मस्थल कहाँ थियो ? उस समयको त के कुरा, आजसम्म पनि भक्तपुर ललितकलामा अनभिज्ञ छ। उस समयमा ललितपुर र काठमाडौं नै ललित कलाका केन्द्र थिए तर काठमाडौंलाई पाटनले उछिनेको थियो र आज पनि उछिनि नै रहेको छ। तिब्बतबाट १०० जना कलाकारको माग आउँदा अनिकोका अध्यक्षतामा ८० जना मात्र पुग्न सकेका थिए। यस कारण कलाकार-हरू ज्यादा भएका पाटनका नै, ई कलाकारहरूमध्ये धेरै हुन सम्भव हुनाले उनीहरूको अध्यक्ष भएर जाने अनिकोको जन्मस्थल पनि पाटन शहर नै हुनु ज्यादा सम्भव छ।"

पण्डितराज सोमनाथ सिग्द्यालबाट सम्पादित "सुधार कार्य विवरण, उपत्यकाञ्चल नेपाल" नामक ग्रन्थको "ललितपुरको संक्षिप्त परिचय खण्ड" मा पनि अरनिकोको विषयमा यस्तो उल्लेख पाइन्छ, यथा–"यसरी कलाकौशलको क्षेत्रमा ललितपुरका कलाकारहरूलाई सर्वश्रेष्ठ अधिकारीवर्ग भनी सबैले मानिआएका छन्। प्रमाणस्वरूप कलाविद् कलाकार श्री अरनिकोले राजा अभय मल्लको शासनकालमा ल्हासा र चीन देशमा गई आफ्नो नेपालको अनुपम कलाकृतिको देन र स्फूर्ति देखाइदिएकोले चीन देशका बादशाह कुबलाइ खाँ प्रभावित भएर ने. सं. ३९४ सालतिर यिनलाई नेपाल कलाकार मण्डलका सर्वश्रेष्ठ नायक पद घोषित गरेर व्याघ्र मुद्रित बाहुको पदकले सुसम्मानित गरे भन्ने र तत्पश्चात् २ वर्षपछि राजकीय शिल्पकला विभागका नियन्त्रक पदमा यिनी नियुक्त गरिए भन्ने पनि बयान छ। वास्तवमा अरनिकोले नेपालका कलाकारहरूको प्रतिनिधिस्वरूप चीन देशमा धेरै समय व्यतीत गरेको देखिन्छ। उनको स्वर्गवास भइसकेपछि पनि 'मिङ्ग ह्राई' भन्ने उपाधि चीन सरकारले उनलाई प्रदान गरी दिवंगत आत्मालाई पनि अमर भावले अङ्कित गरी सम्मानित गरेको देखिन्छ। यिनी सुप्रसिद्ध कलाकार यही ललितपुरका शाक्यवंशमा जन्मेका हुन् भन्ने कुरा कलाकार पत्रिकामा उल्लेख भइरहेको छ। ललितपुरका कलाकारहरू परम्परागत रूपमा चीन, ल्हासा, भूटान, सिक्किम, याङ्हार, बिकूँ, क्यरूँ आदि ठाउँ ठाउँमा गई शिल्प कलाको विकास र प्रकाश गरी आइरहेको कुरा धेरै प्रमाणित छ।"

यसै प्रसङ्गमा चीनको युआन वंशको इतिहास (२०३ खण्ड) मा नेपाली कलाकार अरनिकोको बारेमा यस्तो उल्लेख पाइन्छ–"अरनिक (अरनिको) नेपाल देशका मानिस थिए। त्यहाँ बसेका मानिसहरूलाई 'पालुपु' पनि भन्दछन्"। यही पालुपु शब्दलाई लिएर अरनिको भन्ने कलाकार नेपालकै पाल्पा गौंडाका थिए कि त भन्ने तर्क पनि उपस्थित हुन आउँछ। तर चीनको इतिहासमा नेपाललाई निपोर, निपोलो, पालपु, गोरख, निपाग्रर आदि भनेर आएका छन्। अनि अरनिको चीन पुगेको बेलामा मंगोल जातिका सरदार चेंगीज खानका नाति कुबलाइ खानले चीन देशलाई अधीनस्थ गरी नयाँ युआन राज्य वंश स्थापना गरेको देखिन्छ। त्यसपछि मंगोल जातिका मानिसहरूले नेपाल देशलाई 'पाल्पा' पनि भन्न लागे। तर यो पालपु, पाल्पा शब्दको पृष्ठभूमिमा अरनिकोलाई आजको लुम्बिनी अञ्चलको पाल्पाकै मानिस हुन सक्छ भनेर तर्क गर्ने ठाउँ हाम्रो सामुन्ने देखा पर्न आए पनि, आजभन्दा ७०० वर्ष अगाडि पाल्पामा विशालकाय चैत्य बनाउने परम्परा थियो वा थिएन तथा त्यहाँ चैत्य बनाउन सिपालु कलाकारहरू थिए वा थिएनन् भन्ने प्रश्न पनि हाम्रो सामुन्ने उभिन आउँछ। आजको पाल्पामा (सदर मुकाममा) बस्ने अधिकांश बौद्ध धर्मावलम्बी र शिल्पकलामा काम गर्ने कलाकारहरू नेवारहरू नै हुन्। यी कलाकारहरू त्यहाँ पुगेको इतिहास त्यत्ति पुरानो देखिँदैन। एक त पाल्पामा उत्तिका पुराना र बृहत् बौद्ध चैत्य र कलाकृति पनि पाइँदैनन्। यसैले तिब्बतका शाक्या गुम्बाका लामा पागसपाले सम्राट् कुबलाइ खानको अनुमति सहित त्यस समयमा केन्द्रस्थल भैरहेको नेपाल उपत्यका (काठमाडौं उपत्यका) मा शासन गर्ने शासकहरूसँग नै तिब्बतका शाक्या गुम्बालाई बौद्धकला र संस्कृतिद्वारा भव्य र उन्नत पार्नखातिर प्रवीण नेपाली कलाकारहरू पाउनका लागि अनुरोध गरिपठाएको विदित हुन्छ। यस प्रसङ्गमा तिब्बतका शाक्या गुम्बासँग जोडिएका नेपालका मूल बाटोहरूमा सबभन्दा नजीक कुतीको बाटो, त्यसपछि

केरूङको बाटो पर्दछ । पाल्पाबाट शाक्या गुम्बा निकै टाढा पर्दछ, र त्यहाँ जाने बाटो भएकै भएपनि निकै घुमाउरो र अप्ठ्यारो देखिन्छ । वास्तवमा मंगोलहरूले 'नेपाल' लाई पाल्पा, तथा नेपालका बासिन्दालाई 'पाल्पाहु' भन्ने गरेको पनि विदित हुन्छ । फेरि, अरनिकोको समाधिस्थलको कीर्तिस्तम्भको शिलालेखमा एक ठाउँमा ('स्वये लौ ची' मा संकलित) यस्तो लेखिएको पनि पाइन्छ–"उनी (अरनिको) ढलौटको मूर्ति बनाउने ठाउँमा जन्मेका थिए ।" अनि ढलौटका मूर्ति बनाउने तथा ढलान गर्ने पुरानो परम्परामा पनि ललितपुरले आज पनि प्रमुख स्थान ओगटेको छ । अतः नेपाली कलाकार अरनिकोको जन्मस्थल सम्भवतः ललितपुर नै हुन सक्छ ।

उक्त सन्दर्भमा सन् १९८१ जून ६ मा 'रेनमिन रिपाऊ' (चीनको लोकप्रिय जन दैनिक) मा नेपालको सद्भावना यात्रा गर्नुहुने चीनिया प्रधानमन्त्री चाउच यानको बारेमा एउटा गहकिलो लेख छापिएको थियो, त्यसको आंशिक रूप यस प्रकार छ–

"सिन्ह्वा न्यूज एजेन्सी (नव चीन सम्वाद समिति) । जून ५ तारिखमा प्रधानमन्त्री चाउ च यानसँग गएको निरीक्षण टोलीले आज बेहान नेपालका ख्यातिप्राप्त वास्तुकलाविद् अरनिकोको जन्मस्थल पाटन (ललितपुर) को निरीक्षण गर्‍यो ।

२००० वर्षको पुरानो इतिहास भएको प्राचीन पाटन शहर काठमाडौंदेखि दक्षिण-पूर्वतिर ४ किलोमिटर टाढा पर्दछ । युग्रान वंश कालमा चीनलाई सहयोग गर्नको लागि तिब्बतमा सुवर्ण चैत्य तथा पैचिगमा श्वेतचैत्यको निर्माण गर्ने अरनिको यसै ठाउँमा जन्मेका थिए । यहाँ अनेक ऐतिहासिक महत्त्वका ठाउँहरू छन्, चित्रमय ठाउँहरू पनि छन्, कलाकृतिहरू पनि छन् । यस पाटन शहरलाई 'खुला संग्रहालय' भन्दा रहेछन् ।"

यस विषयमा अर्को बलियो प्रमाण नभेटुन्जेलसम्म, उपरोक्त तथ्यलाई नै मान्यता दिएमा कुनै फरक पर्ला झैं लाग्दैन । अन्यथा, अरनिको एक जना नेपाली थिए, उनको जन्मथलो नेपाल थियो ।

अब अर्को प्रसङ्ग आउँछ अरनिकोको कुलको । 'स्वये लौ ची' मा भएको कीर्तिस्तम्भको अभिलेखको उतारमा नेपाली कलाकार अरनिकोलाई "नेपालका राजकुलका सन्तान" भनेर उल्लेख गरिएको छ । यसैको आधारमा अरनिको विषयक खोजीनीति गर्ने एकजना जापानी विद्वान् एम्. इसिदाले पनि "पूर्वी एशियाको सांस्कृतिक इतिहासको अध्ययन" अन्तर्गत आफ्नो शोधपूर्ण लेखको शीर्षक नै "युग्रान वंशीय कलाकार : नेपालका राजकुलका अरनिकोको जीवनी" राखेका छन् । अब यहाँ हाम्रो सामुन्ने प्रश्न उभिन आउँछ कि यसको आधार के हो त ? भन्ने । वास्तवमा नेपाली कलाकार अरनिकोको कुल राजकुल नै हो कि त ? तर आजतक नेपाली कलाको परम्परा र इतिहासबाट राजकुलका पेशेवर शिल्पकार र वास्तुकलाकारहरू भेट्टाउनु मुश्किल नै छ । प्रायः शत प्रतिशत भने झैं पेशेवर शिल्पकार तथा वास्तुकलाकार-हरू जनताकै माझमा देखिन्छन्, पाइन्छन् । तैपनि ७०० वर्ष अघिको कुरो भएकोले, अरनिको

लिच्छवि राजकुलका वंशज अथवा त्यसताकाका मल्ल राजकुलका वंशज थिए कि त भन्ने तर्क हुन आउँछ। यसै प्रसङ्गमा अर्को एउटा वलियो तर्क अरनिकोको कुल 'शाक्यवंश' हुन सक्छ भन्ने पनि हुन आउँछ। किनभने आजसम्म पनि काठमाडौं उपत्यकाका अधिकांश शिल्पकार र वास्तुकलाकारहरू शाक्यवंशकै बौद्ध धर्मावलम्बी बाँडाहरू देखा पर्दछन्। शाक्यवंश कुल हुनेहरूले २००७ सालअघि (नेपालमा प्रजातन्त्र आउनुअघि) र केही वर्षपछिसम्म पनि आआफ्नो कुल थर लेख्दा शाक्यवंश नै लेख्ने गरेका थिए। पछि मात्र 'शाक्यवंश'लाई छोट्टयाएर उनीहरूले 'शाक्य' मात्र लेख्न थालेका हुन्। कोही कोहीले त आजतक पनि शाक्यवंश नै लेख्ने गरेका छन्। 'शाक्यवंश'को सम्वन्ध राजकुमार सिद्धार्थ गौतमको राजकुलसँग (शाक्यवंशी राजा शुद्धोदनसँग) जोडिएकोले, अनि चीनियाँहरूले आजतक पनि शाक्यवंशी सिद्धार्थ राजकुमार गौतम वुद्धलाई 'शाक्यमुनि' (चीनिया उच्चारण अनुसार शाच्यामुनि) भनिने हुनाले, सम्भवतः नेपाली कलाकार अरनिकोले आफ्नो कुलथर वताउँदा आफूलाई 'शाक्यवंश' भन्न पुगेकोले चीनियाँ विद्वान्हरूवाट अथवा मंगोल जातिका प्रतिष्ठित व्यक्तिहरूवाट उनलाई 'शाक्यकुल'कै वंशज ठानेर शाक्यवंशीय राजकुलका कलाकारको रूपमा मान्यता प्रदान गरिएको हुनसक्छ। पछि यसै मान्यतालाई अन्य अन्वेषकहरूले पनि अनुसरण गर्दै गएको पनि हुनसक्छ। फेरि उनलाई राजकुलकै खान्दानी भद्र पुरुष एवं नामी कलाकार सम्झेर, हान (चीनियाँ) जाति र मंगोल जातिका घरानियाँ चेलीवेटीहरू दिइएको पनि हुनसक्छ। यसैले उनका धेरै जना श्रीमतीहरू पनि भए। यसमा धेरै सत्यता देखिन्छ। फेरि 'शाक्यवंश' भन्ने वित्तिकै नै, शाक्यवंश कुलथर हुने व्यक्ति वौद्धमार्गी हो भन्ने तथ्य छर्लङ्ग हुन्छ। अनि अरनिकोले त्यसबेला चीनमा जति पनि चैत्य, विहार, मूर्ति, कलाकृतिहरू बनाए तथा बनाउने पद्धतिहरू आफ्ना चेलाहरूलाई सिकाए ती सब वौद्ध धर्म र वौद्ध संस्कृति अन्तर्गतकै थिए।

'स्वये लौ ची' (हेर्नुहोस् चित्र नं. ६७) को अभिलेखमा तातको दशौं साल (सन् १३०६) मा पहिलो महीनामा परेको अधिक मासमा (माघतिर) साँझको समयमा अरनिकोको देहान्त भयो। एउटा उज्वल ताराको अन्त भएको प्रतीत भयो। अनि भोलिपल्ट मृत शरीरलाई खटमा राखे र सात दिनपछि उनकै देशको थितिरीति बमोजिमको मृत संस्कार पनि गराइयो भन्ने उल्लेख पाइन्छ। यसमा बौद्धमार्गी शाक्यवंशी नेवारहरूको लोकव्यवहारअनुसार सातौं दिनमा घरशुद्धि गरी चोख्याउने थिति छ। त्यसपछि आठौं दिनमा नातेदारहरू अघिल्लो दिन चोख्याउनेहरूलाई हेरविचार गर्न खानेकुरा बोकाई ख्वाउन आउँछन्। अभिलेखमा 'सातदिन' को उल्लेखले नेवार समाजमा सातौं दिनको दिन दिवंगत आत्माका लागि 'न्ह्यनूमा' राख्ने (अष्ट भैरव साधना गराई चक्र पूजा गराउने मृत्युसंस्कार कर्म) लोक विधिलाई पनि संकेत गर्दछ। सम्भवतः अरनिको यसै समाजभित्र परेको हुनसक्छ तथा उनकी जेठी स्वास्नी त्यसबेला चीनमै पुगिसकेकी हुनाले (स्यूये लौचीको अभिलेख अनुसार) आफ्नो लोग्नेको मृत्युसंस्कारका कर्मकाण्डहरू उनले आफ्नै देशको आफ्नै कुल परम्परावमोजिम सम्पन्न गराइदिएको पनि हुनसक्छ।

अब नामको बारेमा प्रसङ्ग जोडौं। 'स्वये लौ ची' मा दिइराखेको अभिलेखमा नेपालका 'आनिक' भनेर लेखिएको पाइन्छ। फेरि त्यसमा 'आनिक' नभनी ठाउँ ठाउँमा दर्जाअनुसार सम्मानवोधक 'ल्याङको' भनेर उल्लेख गरिराखेको पनि पाइन्छ। 'ल्याङको' को अर्थ हो उच्च पदाधिकारी भारादार (जस्तो

नेपालीमा सरदार, काजी, बडाकाजी भने झैं) युग्रान वंशको इतिहासमा भने 'आनिक' र 'पालपु' भनेर उल्लेख गरिएको पाइन्छ । यो 'पालपु' भन्ने नामको बारेमा अरनिकोलाई नै भनिएको हो कि अथवा अरनिकोको देश नेपाललाई भनिएको हो भन्ने बारेमा पृथक् पृथक् अनुवाद पनि देखिन्छ । 'आनिक' को परिचय नेपालमा भित्र्याइएपछि, नेपालका विद्वान्हरूले 'आनिक'लाई 'अरनिको' तथा 'पालपु' लाई 'बलवाहु' भनेर उल्लेख गर्नथाले । 'आनिक' नाम नेपालीहरूको जन जिब्रोमा खट्किने भएकोले सो नाम 'अरनिको' हुनुपर्छ भनेर सजिलो उच्चारण गरियो । पालपुलाई 'बलबाहु' भनेर अनुमान गरिएको आधार चाहिं यस प्रकार देखिन्छ । चीनियाँ भाषामा अंग्रेजी अक्षर 'बी' (B) को उच्चारण 'प' (P) हुने गर्दछ । यसैले चीनियाँमा पालपु लेखिनुपर्‍यो भने BALABU लेखिने चलन छ । पछि यही नाम नेपालीमा उच्चारण गर्दा 'बलबु' हुन आयो र यसको शुद्ध रूप 'बलबाहु' हुनु धेरै सम्भव छ भनेर 'बलबाहु' भनेर पनि लेखियो । केही वर्ष अघिसम्म पनि जनगणतन्त्र चीनको राजधानीको नाम अंग्रेजीमा Peking (पेकिंग) भनेर लेखिने चलन थियो, आजभोलि चाहिं (Beijing बैंजिग) । तर चीनियाँहरू Beijing लाई चीनियाँ उच्चारण अनुसार पैचिग उच्चारण गर्दछन्, बैंजिग होइन । यसअनुसार 'बलबाहु' भन्नुको औचित्य देखिन आउँदैन ।

'चुङवाई यू हाऊ क्वानशी स ह्वाङ ख च ल्याउ' (चीन र विदेशी मुलुकहरूको बीचमा भैरहेको मैत्री सम्बन्धको ऐतिहासिक परिशिष्ट) नामको पुस्तकमा नेपाली कलाकार अरनिकोको प्रसङ्गमा उनलाई 'आनिक मु' भन्दछन् भनी उल्लेख गरिएको पनि पाइन्छ । यसरी आनिक शब्दसँग अर्को एक अक्षर देखा पर्न आउँदा 'आनिकमु' वास्तवमा नेपालीमा चलन चल्ती भएको 'आनन्दमुनि'लाई भनिएको हो कि त भन्ने तर्क पनि देखा पर्न आउँछ । तर यसो भन्नुमा पनि सत्यता भेट्टाउन कठिन नै पर्दछ । किनभने चीनियाँमा विदेशी नाममा पनि अर्थ आउने गरेर नाम राख्ने चलन छ जस्तो संयुक्त राज्य अमेरिकालाई राम्रो देशको अर्थमा 'मैको' (मै=सुन्दर, को=देश); काठमाडौं उपत्यकाको 'स्वयम्भू' लाई 'हौ शान' (बाँदरहरूको पर्वत), 'चोभार' लाई 'इतौ खान' (एकचोटि खड्गबाट प्रहार गरिएको ठाउँ= मञ्जुश्रीको खड्गको प्रहारबाट काठमाडौं उपत्यकाको नागदहको पानी निकालिएको ठाउँ) । फेरि शब्दकै उच्चारण बिगारेर उच्चारण गर्ने विशेषता पनि चीनियाँहरूमा पाइन्छ जस्तो–काठमाडौंलाई च्यातमांतू, शर्मालाई श्याग्ररमा, नेपाललाई निफअर् अथवा निपोर ।

चीनियाँ विद्वान्हरूको धारणाअनुसार चीनियाँ भाषा (हान् भाषा)मा 'आनिक' शब्दको कुनै खास अर्थ देखिंदैन । हुन त नेपाली तरीकाले 'आनिक' भित्रका तीन अक्षरलाई एक एक गरी चीनियाँ अक्षर अनुरूप अर्थ लाउँदा 'आ' को सम्मानसूचक अर्थ, 'नि' को नेपाल भन्ने अर्थ, तथा 'क' को दाजु भन्ने अर्थ, अर्थात् 'ए नेपाली दाजु' भन्ने अर्थ हुन आउँछ । तर चीनियाँ विद्वान्हरूले यस किसिमको तथ्यलाई मान्यता दिइराखेको पाइँदैन । यसैले यो 'आनिक' भन्ने नाम नेपाली नामकै उच्चारण बिगारेर चीनियाँ जन जिब्रोको विशेषता अनुसार प्रयोगमा आएको हुनसक्छ । उनीहरूमा एक थरीको धारणाअनुसार नेपालीहरूले 'अरनिको' भन्ने गरेकोले नै 'अरनिको' को अपभ्रंशको रूपमा चीनियाँ उच्चारण 'आनिक' हुन आएको हो । यसैले अरनिकोको खास नामबारे तथ्यपूर्ण प्रमाणहरू नभेट्टुन्जेलसम्म, व्यापक रूपमा

प्रचलनमा आइरहेको 'अरनिको' नाम नै दिन प्रतिदिन नेपाली समाजमा तथा चीनियाँ समाजमा लोकप्रिय भैरहेको छ। श्री ५ को सरकारले अरनिको नामलाई नै प्रयोग गरी अरनिकोलाई नेपालको एक राष्ट्रिय विभूतिको रूपमा मान्यता दिइसकेको छ। श्री ५ को सरकारले नेपालको राजधानी र जनगणतन्त्र चीनको स्वायत्त प्रदेश तिब्बतको सीमा जोडिने ११४ किलोमिटर लामो राजमार्गको नाम नै 'अरनिको राजमार्ग' राखिसकेको छ। श्री ५ को सरकार, पर्यटन विभागबाट प्रकाशित नेपाल हिमालयको प्रस्तुतीकरण (Introducing NEPAL HIMALAYA) मा धौलागिरि हिमाल श्रेणीमा ६०३४ मिटर उचाइ भएको एउटा चित्रमय हिमशिखरको नाम नै "अरनिको चुली" रहिसकेको छ। फेरि, श्री ५ को सरकार हुलाक विभाग, फिलाटेलिक ब्यूरोले २०२६ साल वैशाख '१ गते 'अरनिको' नामबाटै हुलाक टिकट प्रचलनमा ल्याई अन्तर्राष्ट्रिय स्तरमा फिलाटेलिक जगत्मा प्रचार समेत गरिसकेको छ, (हेर्नुहोस् चित्र नं १३)। तदुपरान्त नेपालका कतिपय संघ संस्था र व्यापारिक निकायहरूले समेत 'अरनिको' नाम संबद्ध गरी कारोवार चलाएका छन्, जस्तो–अरनिको समाज (चीनमा पढेर आएका विद्यार्थीहरूको सङ्घ), अरनिको सूचना सेवा, अरनिको इंजिनियरिङ सेवा, अरनिको बाल विद्याश्रम, अरनिको सभाभवन इत्यादि, इत्यादि। उता चीनियाँ लेखक र विद्वान्हरूले र सरकारी पक्षले पनि 'अरनिको' नाम नै प्रचलनमा ल्याउन थालेका छन्, उदाहरणार्थ चीनियाँ पत्रकार हाइलानले सन् १९८१ अक्टोबर ३ मा 'चाइना डेली' नामक अंग्रेजी पत्रिकामा अरनिकोले छोडेर गएका वास्तुकला सम्बन्धी नासो (Arnico's Architectural Legacy) नामक शोधपूर्ण लेखमा शीर्षक देखि लिएर सर्वत्र 'अरनिको' नाम नै प्रयोग गरेका छन्। फेरि चीनकै अर्को मासिक प्रकाशन 'सचित्र चीन' (सन् १९८१ मार्चको अङ्क) मा नेपाली कलाकार अरनिकोले पेकिंगमा बनाएको श्वेतचैत्यको विषयमा एउटा गवेषणात्मक सचित्र लेख 'अरनिको' नामबाटै प्रकाशनमा ल्याइयो र विभिन्न भाषामा प्रकाशित हुने उक्त पत्रिकाले १५ भाषा अंग्रेजी, फ्रेन्च, रूसी, उर्दू, इटालीयन, स्पेनीस, अरबी, जापानी, रोमानियाली, हिन्दी, स्वेदिश, जर्मन, कोरियाली, स्वाहाली, र चीनियाँ) मा अन्तर्राष्ट्रिय क्षेत्रमा व्यापक प्रचार हुने गरी नेपाली कलाकार अरनिको सम्बन्धी सचित्र विवरणहरू प्रकाशमा ल्याइदियो। अतः 'अरनिको' नाम सर्वमान्य नै भैसकेको छ।


अब फेरि यस्तै प्रसङ्गमा अर्को एउटा प्रसङ्ग जोडिन आउँछ अरनिकोको जहान परिवारको 'स्वये लौ ची' मा संकलित अरनिकोको समाधिस्थलमा रहेको कीर्तिस्तम्भ (हेर्नुहोस् चित्र नं. ६५) को अभिलेखको उतार बमोजिम चीनमा नेपाली कलाकार अरनिकोको संयुक्त परिवार थियो। उनका जम्मा १० वटी स्वास्नी, अनि उनीहरूका तर्फबाट ६ जना छोरा र आठ जना छोरी भएका उल्लेखहरू पाइन्छन्। उनकी एउटी भिक्षिनी पनि थिइन् भन्ने उल्लेख गरिएको पनि पाइन्छ तर नामचाहिं दिइएको छैन। सम्भवतः नाम दिइराखेको १० जना स्वास्नीहरूकै समूहभित्र भिक्षिनीको नाम पनि सम्मिलित भएको हुनसक्छ (हेर्नुहोस् चित्र नं. १०८ र १०९)।

अरनिको चीन पुगेको बेलामा तथा स्थायी रूपले त्यहीं घरवार गरी बसेको बेलामा सामन्ती प्रथाको बोलबालामा त्यहाँका राजारजौटाहरूले, उच्च पदस्थ भारादारहरूले तथा शक्ति र पैसा हुने ठूला ठालूहरूले बहुपत्नी राख्ने चलन भएको विदित हुन्छ। यसैले, राजा अथवा सम्राट्हरूले त थुप्रै स्वास्नी


राख्ने चलन थियो नै। त्यसमा झन् मंगोल जातिका शासकहरूले त घाँसे खर्कहरूमा समेत पालघरहरू टाँगी त्यहाँ 'स्त्रीमहल' बनाएर सौख गर्ने चलन थियो। अनि चीनमा युआन वंश स्थापना गरी शासन गर्ने कुबलाइ खानले पनि आफ्नो राजमहलमा धेरैजना स्वास्नी राखेका थिए भन्ने विदित हुन्छ। यसै प्रसङ्गमा दरवारीया प्रियपात्र बन्न पुगेका नेपाली कलाकार अरनिको पनि बहुविवाहको घेरामा पर्न गएको हुन सक्छ। अथवा यो पनि हुन सम्भव छ, उनी सम्राट्का सवारीमा र बोलाहटमा कहिले उत्तर त कहिले दक्षिणका सवारी शिविरहरूमा गैरहनुपर्ने भएकोले अथवा कार्य निरीक्षणका लागि विभिन्न अञ्चल र प्रान्तमा पनि गैरहनुपर्ने भएकोले केही दिन वास बस्नुपर्ने स्थानीय केन्द्रहरूमा सुखचैन र सुविधाका लागि त्यतैका चेलीबेटीसँग लहसिनुपर्ने स्थिति आइपरेकोले पनि ठाउँठाउँमा उनका घरवार जमेको हुन सक्छ (हेर्नुहोस् चित्र नं. १०८ र १०९)।

अरनिकोको वंशतालिका अनुसार उनका ६ जना छोराहरूमध्ये ठूलो छोरा आचक एकजनाको मात्र विवाह सम्पन्न भएको, अनि उतिरबाट तीन नातिनातिनाहरू भएको उल्लेख पाइन्छ। अरनिकोका अन्य छोराहरूको विवाह भएको उल्लेख पाइँदैन। शायद, अरनिकोको परलोक हुनुअघि यी छोराहरू कमै उमेरका पनि हुनसक्छन्। फेरि उनका आठवटी छोरीहरूमा पनि चारवटीको मात्र विवाह भएको उल्लेख पाइन्छ, अरूहरूको विवाह भएको उल्लेख पाइँदैन। सम्भवतः यिनीहरूको वैवाहिक कार्य अरनिकोको मृत्युपछि नै सम्पन्न भयो होला। उनका च्यानसली नाम गरेकी एउटी छोरी भने भिक्षुणी भइन् भन्ने उल्लेख भएबाट अरनिको चीनमा बस्दाको समयमा त्यहाँको महिला समाजमा बौद्धधर्मको निकै प्रभाव परिसकेको विदित हुन्छ।

